आर्थिक सर्वेक्षण २०७८/७९

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं

प्राक्कथन

कोभिड-१९ महामारीको प्रभाव न्यून भई आर्थिक-सामाजिक जीवन क्रमशः सामान्य बन्दै गएको छ। चालु आर्थिक वर्षमा आर्थिक वृद्धिदर ५.८४ प्रतिशत हुने अनुमान रहेको छ। बेमौसमी बर्षाको कारण धानवालीमा हुन गएको क्षति एवं कोभिड-१९ को ओमिक्रोन भाइरसको प्रभावले गर्दा लक्ष्यअनुसारको आर्थिक वृद्धि दर हासिल हुन भने सकेन। यद्यपि, बाह्य क्षेत्र बाहेकका आर्थिक परिसूचकहरू सन्तोषजनक नै रहेका छन्।

अर्थतन्त्र पुनरूत्थान सँगै आन्तरिक मागको वृद्धि र बाह्य क्षेत्रको दबाबको कारण मूल्यमा चाप परेको छ। आन्तरिक माग पूर्तिका लागि आयातमा बढोत्तरी हुँदा वस्तु व्यापार घाटा बढेको छ जसका कारण चालु खाता घाटा र शोधनान्तर घाटा पनि बढेको छ। अन्तर्राष्ट्रिय रूपमा आपूर्ति श्रृङ्खलामा आएको अवरोधको असर आन्तरिक बजारमा पनि अनुभूत भएको छ। सरकारले बाह्य क्षेत्रमा परेको चाप सम्बोधन गर्न अवलम्बन गरेका नीतिहरूबाट केही हदसम्म सकारात्मक नतिजा प्राप्त हुँदै गएको छ।

विगतदेखि नै कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। उद्योग क्षेत्रको योगदान भने करिब स्थिर रहेको छ। दुई दशक अघि कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ३७.४ प्रतिशत, १७.५ प्रतिशत र ४५.१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ। यसले अर्थतन्त्रको संरचनामा परिवर्तन भई नेपालको अर्थतन्त्र क्रमशः कृषिप्रधान अर्थतन्त्रबाट सेवाप्रधान अर्थतन्त्रमा रूपान्तरण हुँदै गएको देखाउँछ। यद्यपि, कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान वृद्धि गरी उत्पादनशील रोजगारी सिर्जना गर्न थप प्रयास गर्नुपर्ने अवस्था छ।

चालु आर्थिक वर्षको फागुनसम्म सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटको कार्यान्वयनबाट हासिल भएका उपलब्धि, तथ्याङ्कको सङ्कलन र विश्लेषण गरी आर्थिक सर्वेक्षण २०७८/७९ प्रकाशन गरिएको छ। यस आर्थिक सर्वेक्षणमा समष्टिगत आर्थिक परिसूचकहरू, भौतिक पूर्वाधार तथा सामाजिक क्षेत्रका सूचकहरूको साथै प्रदेश र स्थानीय तहका आर्थिक-सामाजिक अवस्था समेतको विवेचना गरिएको छ। त्यस्तै, यस सर्वेक्षणमा दीर्घकालीन विकास लक्ष्य, आकस्मिक दायित्व, जलवायु परिवर्तन तथा निजी क्षेत्रसँग सम्बन्धित विषयलाई समेत समावेश गरिएको छ।

प्रस्तुत आर्थिक सर्वेक्षण अर्थशास्त्री, अनुसन्धानकर्ता, उद्योगपति, व्यवसायी, शिक्षक, विद्यार्थीलगायत सबै सरोकारवालाहरूलाई उपयोगी हुने विश्वास लिएको छु। अन्त्यमा, आर्थिक सर्वेक्षण २०७८/७९ तयार पार्न आवश्यक विवरण र तथ्याङ्क उपलब्ध गराउनु हुने सबै निकाय र पदाधिकारी तथा तयारीमा संलग्न हुने कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

जेठ, २०७९

जनार्दन शर्मा "प्रभाकर"
अर्थ मन्त्री

विषय सूची

प्राक्कथन

तालिका सूची

चार्ट सूची

छोटकरी रूप

कार्यकारी सारांश

१.	समग्र आर्थिक स्थिति	१
२.	सार्वजनिक वित्त	२८
३.	मूल्य	६२
४.	वित्तीय क्षेत्र	६४
५.	बाह्य क्षेत्र	८०
६.	गरिबी निवारण र रोजगारी	८५
७.	कृषि, वन तथा भूमिसुधार	९५
८.	उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति	१२१
९.	शहरी विकास, आवास तथा ऊर्जा	१३९
१०.	भौतिक पूर्वाधार, यातायात तथा सञ्चार	१४४
११.	सामाजिक क्षेत्र	१५७
१२.	भूकम्पपछिको पुनःनिर्माण	१८४
१३.	सुशासन र प्रशासन	१८७
१४.	कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रको पुनरूत्थानका प्रयासहरू	१९२
१५.	प्रादेशिक आर्थिक तथा सामाजिक स्थिति	१९६
१६.	जलवायु परिवर्तन	२२०
१७.	दीर्घकालीन विकास लक्ष्य	२२५

समष्टिगत आर्थिक परिसूचकहरू

अनुसूचीहरू

तालिका सूची

तालिका १(क)	: विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा)	२
तालिका १(ख)	: दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर (प्रतिशतमा)	३
तालिका १(ग)	: विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)	४
तालिका १(घ)	: दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति	५
तालिका १(ङ)	: विश्व व्यापारको प्रवृत्ति (वार्षिक प्रतिशत परिवर्तन)	६
तालिका १(च)	: दक्षिण एशियाली मुलुक तथा चीनको चालु खाता सन्तुलन (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	७
तालिका २(क)	: संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च विवरण (रू. करोडमा)	२९
तालिका २(ख)	: सङ्घीय सरकारको वित्तको स्थिति	३१
तालिका २(ग)	: सङ्घीय सञ्चित कोषको अवस्था (रू. करोडमा)	३२
तालिका २(घ)	: सार्वजनिक वित्तका सूचक (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	३३
तालिका २(ङ)	: सङ्घीय सरकारको चालु खर्चको कार्यात्मक संरचना (प्रतिशतमा)	३९
तालिका २(च)	: सङ्घीय सरकारको पुँजीगत खर्चको कार्यात्मक विवरण (प्रतिशतमा)	४०
तालिका २(छ)	: व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण	४६
तालिका २(ज)	: सरकारी आय सरंचना (रू.करोडमा)	४६
तालिका २(झ)	: सङ्घीय आय संरचना (रू. करोडमा)	४७
तालिका २(ञ)	: सङ्घीय सरकारी खर्चमा आय, राजस्व, अनुदान र ऋणको अनुपात	४७
तालिका २(ट)	: विगत ३ वर्षको सङ्घीय राजस्वको संरचना (कुल राजस्वको प्रतिशतमा)	४८
तालिका २(ठ)	: आन्तरिक कर राजस्व र आयातमा आधारित कर राजस्व संरचना (रू. करोडमा)	४९
तालिका २(ड)	: सङ्घीय विभाज्य कोष र सङ्घीय सञ्चित कोषमा सङ्कलन भएको राजस्व विवरण (रू. करोडमा)	४९
तालिका २(ढ)	: बाँडफाँट पछिको राजस्व विवरण (रू. करोडमा)	५०
तालिका २(ण)	: रोयल्टी सङ्कलनको विवरण (रू. करोडमा)	५०
तालिका २(त)	: भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण तथा साँवा फिर्ता र ब्याज खर्च (रू. करोडमा)	५४
तालिका २(थ)	: अन्तर सरकारी वित्त हस्तान्तरण (रू. करोडमा)	५७
तालिका २(द)	: भूकम्प पश्चातको पुनःनिर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यको खर्च र दायित्व	६०
तालिका ४(क)	: वित्तीय क्षेत्र सबलताका प्रमुख सूचकहरू	६५
तालिका ४(ख)	: विद्युतीय भुक्तानी कारोबार	६७
तालिका ४(ग)	: प्रमुख मौद्रिक योगाङ्कहरूको वार्षिक विन्दुगत परिवर्तन (प्रतिशतमा)	६८
तालिका ४(घ)	: बैकदर, पुनर्कर्जा दर र अनिवार्य नगद अनुपात (प्रतिशतमा)	६९
तालिका ४(ङ)	: ब्याजदरको प्रवृत्ति (प्रतिशतमा)	७०
तालिका ४(च)	: सहुलियतपूर्ण कर्जा (रू.करोडमा)	७३
तालिका ४(छ)	: धितोपत्र अभौतिकीकरणको अवस्था	७७
तालिका ४(ज)	: जीवन तथा निर्जीवन बीमा क्षेत्रको लगानीयोग्य साधन (रू. करोडमा)	७८
तालिका ४(झ)	: निक्षेप तथा कर्जा सुरक्षण कोषले प्रदान गरेको सुरक्षणको अवस्था	७९
तालिका ५(क)	: विप्रेषण आप्रवाहको अवस्था	८३
तालिका ५(ख)	: लाभांश भुक्तानीको अवस्था	८४

तालिका ६(क)	: श्रम स्वीकृति लिने विदेशी नागरिकको सङ्ख्या	८६
तालिका ६(ख)	: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण	८७
तालिका ६(ग)	: तराई मधेश समृद्धि कार्यक्रमको कार्यान्वयन अवस्था	८८
तालिका ६(घ)	: श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारको विवरण (सङ्ख्यामा)	८९
तालिका ६(ङ)	: देशगत वैदेशिक रोजगारीको स्थिति (सङ्ख्या)	९१
तालिका ६(च)	: वैदेशिक रोजगारीको क्रममा मृत्यु हुनेहरूको सङ्ख्या र आर्थिक सहायताको विवरण	९१
तालिका ६(छ)	: वैदेशिक रोजगारीसम्बन्धी सेवा लिनेहरूको विवरण (सङ्ख्यामा)	९२
तालिका ६(ज)	: सामाजिक सुरक्षा कोषमा आवद्ध भएका रोजगारदाता तथा योगदानकर्तासम्बन्धी विवरण	९३
तालिका ६(झ)	: योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत दावी भुक्तानीसम्बन्धी विवरण	९४
तालिका ७(क)	: न्यूनतम समर्थन मूल्य तोकिएका वस्तुहरू	९६
तालिका ७(ख)	: कृषि बालीको उत्पादन स्थिति	९९
तालिका ७(ग)	: प्रतिव्यक्ति दूध र अण्डा उपलब्धता	१०५
तालिका ७(घ)	: विगत १० आर्थिक वर्षको स्रोत बीऊ उत्पादन तथा बालीको जात उन्मोचन विवरण (सङ्ख्या)	१११
तालिका ७(ङ)	: पशुपालन र तरकारी खेती कर्जाको स्थिति	११३
तालिका ७(च)	: छिमेकी मुलुकहरूको वन क्षेत्रको स्थिति	११५
तालिका ७(छ)	: आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा वनहरूको विवरण	११६
तालिका ७(ज)	: वन्यजन्तुको सङ्ख्याको स्थिति	११६
तालिका ७(झ)	: नमूना परीक्षणको सङ्ख्या	११७
तालिका ७(ञ)	: संरक्षित क्षेत्र भ्रमण गर्ने पर्यटक सङ्ख्या र संरक्षित क्षेत्रबाट सङ्कलित राजस्व	११९
तालिका ८(क)	: उद्योग दर्ता विवरण (लगानी रू. करोडमा)	१२२
तालिका ८(ख)	: उद्योग वर्गीकरण अनुसार दर्ता र लगानी (रू.करोडमा)	१२२
तालिका ८(ग)	: वर्गीकरणका आधारमा विदेशी लगानी स्वीकृत भएका उद्योगहरूको विवरण	१२४
तालिका ८(घ)	: देशगत रूपमा विदेशी लगानी	१२५
तालिका ८(ङ)	: औद्योगिक बौद्धिक सम्पत्तिको विवरण	१२८
तालिका ८(च)	: पेट्रोलियम पदार्थको आयात एवं विक्री विवरण	१३१
तालिका ८(छ)	: क्षेत्र अनुसार प्रतिष्ठान र संलग्न जनशक्ति (सङ्ख्यामा)	१३२
तालिका ८(ज)	: प्रदेशगतरूपमा रहेका प्रतिष्ठान (सङ्ख्यामा)	१३३
तालिका ८(झ)	: प्रदेश अनुसार संलग्न जनशक्ति	१३३
तालिका ८(ञ)	: व्यवसाय शुरू गरेको वर्ष, प्रतिष्ठानहरूको सङ्ख्या र संलग्न जनशक्ति	१३४
तालिका ९(क)	: क्षेत्रगत विद्युत खपत (गिगावाट घण्टामा)	१४३
तालिका १०(क)	: संघबाट गरिएको सडक विस्तार (किलोमिटरमा)	१४४
तालिका १०(ख)	: पछिल्लो पाँच वर्षको सडक सञ्जालको स्थिति	१४५
तालिका १०(ग)	: प्रादेशिक र स्थानीय सडक सञ्जालको सडक विवरण	१४५
तालिका १०(घ)	: भौगोलिक क्षेत्र अनुसार स्थानीय सडक विस्तार (किलोमिटरमा)	१४६
तालिका १०(ङ)	: रेलमार्ग र ट्रयाक बेडको विवरण (किलोमिटर)	१४८
तालिका १०(च)	: ब्रोडब्याण्ड ईन्टरनेट सेवा पुगेको विवरण	१४९

तालिका १०(छ)	: विभिन्न जिल्लाहरूमा दर्ता भएका पत्रपत्रिकाको विवरण	१५२
तालिका १०(ज)	: भाषागत रूपमा दर्ता भएका पत्रपत्रिकाको विवरण	१५२
तालिका १०(झ)	: श्रव्य-दृष्यसम्बन्धी इजाजत सङ्ख्या	१५३
तालिका १०(ञ)	: सूचना, सञ्चार तथा प्रविधिका क्षेत्रमा उल्लेख्य प्रगति	१५४
तालिका १०(ट)	: टेलिफोन सेवा विस्तार	१५६
तालिका १०(ठ)	: डाटा/इन्टरनेट सेवा प्रयोगकर्ताको सङ्ख्या	१५६
तालिका ११(क)	: सामाजिक क्षेत्र विकासका परिसूचक	१५७
तालिका ११(ख)	: नेपालको पछिल्लो ३ दशकको मानव विकासको अवस्था	१५८
तालिका ११(ग)	: शैक्षिक सूचकमा आधारित उपलब्धिहरू	१६०
तालिका ११(घ)	: विद्यालय प्रकार अनुसारका विद्यालयको विवरण	१६१
तालिका ११(ङ)	: सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण २०७८	१६२
तालिका ११(च)	: विद्यालयगत र तहगत शिक्षकको लैङ्गिक विवरण	१६२
तालिका ११(छ)	: विद्यालय तहमा विद्यार्थी भर्नाको अवस्था	१६३
तालिका ११(ज)	: शैक्षिक वर्ष २०७८ मा तहगत विद्यार्थी भर्नाको अवस्था	१६४
तालिका ११(झ)	: तहगत विद्यार्थी भर्नादरसम्बन्धी विवरण (शैक्षिक वर्ष २०७८)	१६४
तालिका ११(ञ)	: SEE (साविक एस.एल.सी.) २०७७ परीक्षाको विवरण	१६५
तालिका ११(ट)	: माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२), २०७८	१६५
तालिका ११(ठ)	: स्वास्थ्यसम्बन्धी सूचकहरू (२०७८ फागुन)	१७०
तालिका ११(ड)	: कोभिड-१९ को परीक्षण संक्रमण र मृत्युसम्बन्धी विवरण	१७०
तालिका ११(ढ)	: स्वास्थ्य संस्था, शैय्या र जनशक्तिको विवरण	१७२
तालिका ११(ण)	: विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप (सङ्ख्यामा)	१७३
तालिका ११(त)	: विपन्न नागरिक औषधी उपचार (सङ्ख्यामा)	१७५
तालिका ११(थ)	: आधारभूत खानेपानी तथा सरसफाइको स्थिति	१७५
तालिका ११(द)	: खानेपानी तथा सरसफाइबाट लाभान्वित व्यक्ति (सङ्ख्यामा)	१७६
तालिका ११(ध)	: पुनर्स्थापना केन्द्रबाट सेवा लिनेको विवरण	१७८
तालिका ११(न)	: हराएका बालबालिकाको सङ्ख्या	१७९
तालिका ११(प)	: सडक बालबालिका उद्धार संरक्षण तथा व्यवस्थापनसम्बन्धी विवरण	१८०
तालिका ११(फ)	: बालगृहबाट उद्धार गरिएका बालबालिकाको विवरण	१८०
तालिका ११(ब)	: प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट	१८१
तालिका ११(भ)	: व्यक्तिगत घटना दर्ता गर्ने सङ्ख्या (गत वर्षहरूको तथ्याङ्क अफलाइन सहित कुल सङ्ख्या र यस वर्षको फागुन मसान्तको अनलाईन दर्ता भएको मात्र)	१८२
तालिका ११(म)	: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण	१८३
तालिका १२(क)	: निजी आवास पुनःनिर्माणको अवस्था (सङ्ख्यामा)	१८४
तालिका १२(ख)	: क्षति भएका सार्वजनिक संरचना पुनःनिर्माणको अवस्था (सङ्ख्यामा)	१८५
तालिका १३(क)	: हालसम्मको सेवागत सङ्घीय दरवन्दी विवरण	१८८
तालिका १३(ख)	: सेवाको आधारमा महिला/पुरुष निजामती कर्मचारी* विवरण	१८९

तालिका १३(ग)	: समावेशी तथा खुला विज्ञापनबाट सिफारिस भएका उम्मेदवारको अनुपात	१९०
तालिका १५(क)	: प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक	२००
तालिका १५(ख)	: प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति	२०२
तालिका १५(ग)	: आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सञ्चित कोषको अवस्था (रू. करोडमा)	२०३
तालिका १५(घ)	: प्रदेश सरकारको खर्च अवस्था (रू.करोडमा)	२०४
तालिका १५(ङ)	: स्थानीय तहको खर्च अवस्था (रू. करोडमा)	२०५
तालिका १५(च)	: प्रदेशगत रूपमा बैङ्क तथा वित्तीय संस्थाका शाखा (२०७८ फागुन मसान्त)	२०५
तालिका १५(छ)	: जीवन तथा निर्जीवन बीमकको शाखा संख्या	२०६
तालिका १५(ज)	: प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण	२०६
तालिका १५(झ)	: चालु आर्थिक वर्षमा प्रमुख खाद्यान्न बालीको प्रदेशगत उत्पादन अनुपात	२०७
तालिका १५(ञ)	: प्रदेशगत वन क्षेत्रको स्थिति	२०८
तालिका १५(ट)	: विदेशी लगानी स्वीकृति पाएका उद्योगहरूको प्रदेशगत विवरण (संख्या)	२०९
तालिका १५(ठ)	: लघु, घरेलु तथा साना उद्योगहरूको प्रदेशगत विवरण	२०९
तालिका १५(ड)	: प्रदेशगतरूपमा दर्ता भएका कम्पनीहरूको विवरण	२१०
तालिका १५(ढ)	: राष्ट्रिय प्रशारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या (प्रतिशतमा)	२१०
तालिका १५(ण)	: प्रदेशगत विद्युत उत्पादन क्षमता	२११
तालिका १५(त)	: विद्युतीकरणको अवस्था	२११
तालिका १५(थ)	: प्रादेशिक र स्थानीय सडक सञ्जालको प्रदेशगत सडकको विवरण (किलोमिटर)	२१२
तालिका १५(द)	: प्रादेशिक र स्थानीय सडक विवरण (किलोमिटर)	२१३
तालिका १५(ध)	: स्थानीय तहको केन्द्रसम्म सडक पहुँच अवस्था	२१३
तालिका १५(न)	: प्रदेशअनुसार विभिन्न तहका विद्यालयको विवरण	२१४
तालिका १५(प)	: सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात	२१४
तालिका १५(फ)	: सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण	२१५
तालिका १५(ब)	: प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण	२१६
तालिका १५(भ)	: प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर (शैक्षिक सत्र २०७८)	२१७
तालिका १५(म)	: अस्पताल सुविधा लिएको प्रदेशगत विवरण	२१८
तालिका १५(य)	: उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको विवरण	२१८
तालिका १५(र)	: ज्येष्ठ नागरिक आश्रम र आश्रितको प्रदेशगत विवरण	२१९
तालिका १५(ल)	: प्रदेशगत बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश (प्रतिशत)	२१९
तालिक १६(क)	: विश्वमा सबैभन्दा बढी हरित गृह ग्यास उत्सर्जन गर्ने देशहरू (वार्षिक ग्यास उत्सर्जन दश लाख मेट्रिक टनमा)	२२१
तालिका १७(क)	: विकासशील मुलुकमा स्तरोन्नतिको मापदण्ड र नेपालको अवस्था	२२५
तालिका १७(ख)	: दिगो विकास लक्ष्य सूचक	२२७

चार्ट सूची

चार्ट १(क) : विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा) ३
चार्ट १(ख) : नेपाल, भारत र चीनको मुद्रास्फीतिको तुलनात्मक विवरण (प्रतिशतमा) ५
चार्ट १(ग) : कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा) ८
चार्ट १(घ) : कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा) ८
चार्ट १(ङ) : उपभोगको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) ९
चार्ट १(च) : निजी, सरकारी तथा गैरनाफामूलक संस्थाको उपभोग (कुल उपभोगको प्रतिशतमा) १०
चार्ट १(छ) : आर्थिक वर्ष २०७८/७९ मा निजी क्षेत्रको उपभोग संरचना (प्रतिशतमा) १०
चार्ट १(ज) : कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) ११
चार्ट १(झ) : लगानी (कुल पुँजी निर्माण) को प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) १२
चार्ट १(ञ) : कुल स्थिर पुँजी निर्माण (स्थिर लगानी) संरचना (प्रतिशतमा) १२
चार्ट १(ट) : कुल गार्हस्थ्य बचत-लगानी अन्तर (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) १३
चार्ट १(ठ) : कुल राष्ट्रिय बचत-लगानी अन्तर (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) १४
चार्ट १(ड) : प्रचलित मूल्यमा प्रतिव्यक्ति आयको वृद्धिदर (प्रतिशतमा) १४
चार्ट १(ढ) : प्रतिव्यक्ति राष्ट्रिय खर्चयोग्य आय (अमेरिकी डलरमा) १५
चार्ट १(ण) : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (प्रतिशतमा) १६
चार्ट १(त) : कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान (प्रतिशतमा) १६
चार्ट १(थ) : कुल मूल्य अभिवृद्धिमा उद्योग क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) १७
चार्ट १(द) : कुल मूल्य अभिवृद्धिमा निर्माण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) १८
चार्ट १(ध) : कुल मूल्य अभिवृद्धिमा विद्युत, ग्यास तथा वाष्प र वातानुकुलित आपूर्ति सेवाको योगदान र वृद्धिदर (प्रतिशतमा) १९
चार्ट १(न) : कुल मूल्य अभिवृद्धिमा पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) १९
चार्ट १(प) : कुल मूल्य अभिवृद्धिमा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २०
चार्ट १(फ) : कुल मूल्य अभिवृद्धिमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २१
चार्ट १(ब) : कुल मूल्य अभिवृद्धिमा यातायात तथा भण्डारण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २२
चार्ट १(भ) : कुल मूल्य अभिवृद्धिमा वित्तीय मध्यस्थता क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २२
चार्ट १(म) : कुल मूल्य अभिवृद्धिमा घरजग्गा कारोवार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २३
चार्ट १(य) : कुल मूल्य अभिवृद्धिमा सूचना तथा सञ्चार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २३
चार्ट १(र) : कुल मूल्य अभिवृद्धिमा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २४
चार्ट १(ल) : कुल मूल्य अभिवृद्धिमा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २४
चार्ट १(व) : कुल मूल्य अभिवृद्धिमा प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २५
चार्ट १(श) : कुल मूल्य अभिवृद्धिमा शिक्षा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २६
चार्ट १(ष) : कुल मूल्य अभिवृद्धिमा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा) २६
चार्ट २(क) : तीन तहका सरकारको एकीकृत खर्चको स्थिति (प्रतिशतमा) ३०
चार्ट २(ख) : आर्थिक वर्ष २०७७/७८ को एकीकृत खर्च संरचना ३०
चार्ट २(ग) : सङ्घीय सरकारको बजेट तथा राजस्व सन्तुलन (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) ३२
चार्ट २(घ) : सङ्घीय सरकारको खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) ३४
चार्ट २(ङ) : राजस्वको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) ३५

चार्ट २(च)	: खुद सार्वजनिक ऋणको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	३५
चार्ट २(छ)	: आन्तरिक ऋण परिचालनको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	३६
चार्ट २(ज)	: ऋण सेवा खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	३६
चार्ट २(झ)	: अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	३७
चार्ट २(ञ)	: अन्तर्राष्ट्रिय विकास सहायता उपयोगको स्थिति	३७
चार्ट २(ट)	: सङ्घीय सरकारी खर्चको संरचना (कुल सङ्घीय सरकारी खर्चको प्रतिशतमा)	३८
चार्ट २(ठ)	: सङ्घीय पुँजीगत खर्चको प्रवृत्ति (प्रतिशतमा)	४१
चार्ट २(ड)	: पुँजीगत खर्चको भुक्तानी प्रवृत्ति (प्रतिशतमा)	४२
चार्ट २(ढ)	: एकीकृत पुँजीगत खर्च अवस्था	४३
चार्ट २(ण)	: बजेट विनियोजनमा पुँजीगत बजेटको अंश (प्रतिशतमा)	४३
चार्ट २(त)	: पुँजीगत बजेटमा पुँजीगत खर्चको अंश (प्रतिशतमा)	४४
चार्ट २(थ)	: कुल खर्चमा पुँजीगत खर्चको अंश (प्रतिशत)	४४
चार्ट २(द)	: वैदेशिक अनुदान तथा ऋण प्रतिबद्धता (कुल प्रतिबद्धताको प्रतिशतमा)	५१
चार्ट २(ध)	: सङ्घीय सरकारी खर्च बेहोर्ने स्रोत	५२
चार्ट २(न)	: अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको संरचना	५३
चार्ट २(प)	: विनिमय दर उतारचढावको कारण वैदेशिक ऋण दायित्वमा परेको प्रभाव (रू.करोडमा)	५५
चार्ट २(फ)	: वैदेशिक ऋण प्राप्तिको प्रवृत्ति (बजेटले लिएको लक्ष्यको प्रतिशतमा)	५६
चार्ट २(ब)	: विपतका मुख्य घटनाहरूबाट भएको अनुमानित क्षति (रू. करोडमा)	६१
चार्ट ३(क)	: समग्र तथा क्षेत्रगत उपभोक्ता मुद्रास्फिति दर (प्रतिशतमा)	६२
चार्ट ४(क)	: २०७८ पुस मसान्तमा वित्तीय प्रणालीको सम्पत्ति र दायित्वको संरचना	६४
चार्ट ४(ख)	: ब्याजदरको प्रवृत्ति (प्रतिशतमा)	७०
चार्ट ४(ग)	: बैङ्क तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन संरचना प्रतिशत (२०७८ फागुन)	७१
चार्ट ४(घ)	: बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित क्षेत्रगत कर्जा संरचना प्रतिशत (२०७८ फागुन)	७१
चार्ट ४(ङ)	: नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क (विन्दुमा)	७६
चार्ट ५(क)	: कुल व्यापारमा निर्यात/आयातको अंश (प्रतिशतमा)	८०
चार्ट ५(ख)	: बाह्य क्षेत्रका प्रमुख परिसूचकहरू (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	८१
चार्ट ५(ग)	: निर्यात र आयात एकाइ मूल्य सूचकाङ्क (प्रतिशत परिवर्तन)	८२
चार्ट ६(क)	: २०७८ असारसम्म वैदेशिक रोजगारीमा गएका कामदारको देशगत विवरण (प्रतिशतमा)	९०
चार्ट ७(क)	: चालु आर्थिक वर्षमा खाद्यान्न बालीको उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टरमा)	१००
चार्ट ७(ख)	: चालु आर्थिक वर्षमा दलहन बालीको उत्पादन संरचना	१०१
चार्ट ७(ग)	: उखुको उत्पादन र वृद्धिदर (उत्पादन लाख मेट्रिक टनमा)	१०२
चार्ट ७(घ)	: चियाको उत्पादन र वृद्धिदर (उत्पादन हजार मेट्रिक टनमा)	१०३
चार्ट ७(ङ)	: पछिल्लो ५ वर्षको माछाको उत्पादन (मे.ट. हजारमा)	१०४
चार्ट ७(च)	: पछिल्लो ५ वर्षको मासुको उत्पादन (मे.ट. हजारमा)	१०६
चार्ट ७(छ)	: पछिल्लो ५ वर्षको ऊनको उत्पादन (के.जी. हजारमा)	१०६
चार्ट ७(ज)	: पछिल्लो ५ वर्षको रासायनिक मल आयात (हजार मेट्रिक टन)	१०९
चार्ट ८(क)	: विगत १० वर्षमा वार्षिक रूपमा स्वीकृती प्राप्त उद्योगमा भएको लगानी प्रतिबद्धता (रू. करोडमा)	१२३
चार्ट ८(ख)	: वार्षिक रूपमा कुल प्रस्तावित विदेशी लगानी (रू. करोडमा)	१२४
चार्ट ८(ग)	: कम्पनी दर्ताको सङ्ख्या	१२६
चार्ट ८(घ)	: पर्यटक आगमन सङ्ख्या (हजारमा) र वृद्धिदर (प्रतिशतमा)	१३५
चार्ट ८(ङ)	: भ्रमणको उद्देश्यअनुसार पर्यटक आगमन	१३५

चार्ट ८(च)	: देशगत रूपमा पर्यटक आगमन सङ्ख्या (सन् २०२१ मा)	१३६
चार्ट १०(क)	: रेडियो नेपालको प्रशारण पहुँचको अवस्था	१५३
चार्ट ११(क)	: पछिल्लो दशकको शिक्षा क्षेत्रको वृद्धिदर र योगदान	१५९
चार्ट ११(ख)	: पछिल्लो ५ वर्षको कुल विद्यार्थी सङ्ख्या र वृद्धिदर	१६३
चार्ट ११(ग)	: कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका मध्ये बालविकास केन्द्रको अनुभव लिई आएका बालबालिकाको विवरण (प्रतिशतमा)	१६७
चार्ट ११(घ)	: पछिल्लो दशकको स्वास्थ्य तथा सामाजिक क्षेत्रको वृद्धिदर र योगदान	१६९
चार्ट ११(ङ)	: बाल हेल्पलाइन (१०९८) बाट लाभान्वित बालबालिका (सङ्ख्यामा)	१७९
चार्ट १२(क)	: सार्वजनिक संरचना पुनःनिर्माणको अवस्था*	१८६
चार्ट १५(क)	: राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)	१९६
चार्ट १५(ख)	: उपभोक्ताको मूल्यमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)	१९७
चार्ट १५(ग)	: आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना	१९७
चार्ट १५(घ)	: कृषि र उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)	१९८
चार्ट १५(ङ)	: चालु आर्थिक वर्षको प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलरमा)	१९९
चार्ट १५(च)	: प्रदेशगत राजस्व र खर्चको आकार (सम्बन्धित प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)	२०१
चार्ट १५(छ)	: स्थानीय तहको खर्च संरचना (स्थानीय तहको खर्चको प्रतिशतमा)	२०३
चार्ट १५(ज)	: स्थानीय तहको खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)	२०४
चार्ट १५(झ)	: प्रदेशगत रूपमा उद्योगमा लगानीको अवस्था (रू. करोडमा)	२०८
चार्ट १५(ञ)	: प्रदेशगत सडकको स्थिति (किलोमिटरमा)	२१२
चार्ट १६(क)	: विश्वको हरित गृह ग्यास उत्सर्जनको प्रवृत्ति (सन् १९९० देखि २०१८)	२२०
चार्ट १६(ख)	: वार्षिक बजेटमा जलवायु परिवर्तन बजेटको अनुपात (प्रतिशतमा)	२२२

छोटकरी रूप

AML	Anti Money Laundering
ARV	Anti-Retro Viral
COPOMIS	Co-oprative and Poverty Related Management Information System
COVID 19	Corona Virus Diseases of 2019
CAFS	Climate Change Adaptation for Food Security in Karnali Region
CCS	Clean Cooking Solutions
CCU	Critical Care Unit
DPR	Detailed Project Report.
EFT	Electronic Fund Transfer
EIA	Environmental Impact Assessment
EMIS	Employment Management Information System
EMI/EQI	Equated Monthly Installment/ Equated Quarterly Installment
FTTH	Fiber to the Home
GBTIMIS	Geographic Based Telecommunication Infrastructure Management Information System
GEA	Government Enterprise Audit
GFS	Government Finance Statistics
GGGI	Global Green Growth Initiatives
GIDC	Government Integrated Data Center
GNDI	Gross National Disposable Income
IFC	International Financial Cooperation
IMF	International Monetary Fund
ICU	Intensive Care Unit
ICT	Information and Communication Technology
IFAD	International Fund for Agriculture Development
MoU	Memorandum of Understanding
MFS	Mobile Financial Services
NCERT	National Cyber Emergency Response Team
NAMA	Nationally Appropriate Mitigation Actions
OAS	Office Automation System
LMBIS	Line Ministry Budgetary Information System
LEAF	Lowering Emission by Accelerating Forest Finance
LRIMS	Land Records Information Management System
PMTCT	Prevention of Mother and Child Transmission
RMIS	Revenue Management Information System
RTGS	Real Time Gross Settlement
SEE	Secondary Education Examination
SMSDC	Spectrum Management System for Developing Countries
SuTRA	Sub-National Treasury Regulatory Application
TSA	Treasury Single Account
TBM	Tunnel Boring Machine
UPU	Universal Postal Union

कार्यकारी सांराश

१. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीका कारण सन् २०२० मा प्रायः सबै मुलुकहरुको अर्थतन्त्र सहित विश्व अर्थतन्त्र सङ्कुचित हुन पुग्यो। विश्व व्यापार र आर्थिक गतिविधिमा आएको शिथिलताले रोजगारीका अवसरहरु न्यून हुन पुगे। जसका कारण कम आय वर्गका मानिसको दैनिक जीवन यापन समेत कष्टकर हुन पुग्यो। रोजगारी र आयमा आएको कमीसँगै गरिबी र असमानता पनि बढेर गयो।

२. कोभिड-१९ को उत्परिवर्तनले विश्वलाई आक्रान्त बनाइ रहेको भएतापनि यस विरुद्धको खोपको उपलब्धतासँगै आर्थिक-सामाजिक गतिविधि सामान्य बन्दै गएका छन्। आगामी दिनमा अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव कम हुँदै जाने पूर्वानुमान रहेपनि रसिया-युक्रेन युद्ध लम्बिन सक्ने, रसियामाथि थप प्रतिबन्ध लाग्न सक्ने र पेट्रोलियम पदार्थको मूल्यमा थप वृद्धि हुनसक्ने अनुमानका आधारमा सन् २०२२ मा विश्व अर्थतन्त्र ३.६ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ।

३. कोभिड-१९ महामारीको प्रभाव क्रमशः न्यून हुँदै गएको तथा उर्जा क्षेत्रको विस्तार उत्साहप्रद रहेको कारण आर्थिक वर्ष २०७८/७९ मा नेपालको अर्थतन्त्र ५.८४ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस्तो विस्तार ४.२५ प्रतिशत रहेको थियो।

४. चालु आर्थिक वर्ष २०७८/७९ मा कृषि, उद्योग र सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.३ प्रतिशत, ८.१ प्रतिशत, र ६.६ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २३.९ प्रतिशत, १४.३ प्रतिशत र ६१.८ प्रतिशत रहेको छ।

५. आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू.४८ खर्ब ५१ अर्ब ६२ करोडमा बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान छ।

६. आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर प्रदेश नं. १ मा ५.४१ प्रतिशत, मधेश प्रदेशमा ४.८२ प्रतिशत, बागमती प्रदेशमा ६.७४ प्रतिशत, गण्डकी प्रदेशमा ६.१७ प्रतिशत, लुम्बिनी प्रदेशमा ५.३६ प्रतिशत, कर्णाली प्रदेशमा ५.४७ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ४.९२ प्रतिशत हुने अनुमान रहेको छ।

७. आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश ९२.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा केही कमी भई ९०.७ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७६/७७ मा कुल लगानी २५.९ प्रतिशतले संकुचन भएकोमा पछिल्ला दुई वर्षमा यस्तो लगानी बढेको छ। आर्थिक वर्ष २०७७/७८ मा २९.३ प्रतिशतले वृद्धि भएको कुल लगानी चालु आर्थिक वर्षमा १८.१ प्रतिशतले वृद्धि भई रू. १८ खर्ब ७ अर्ब २९ करोड पुग्ने अनुमान

छ। आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल लगानीको अनुपात ३५.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपातमा वृद्धि भई ३७.३ प्रतिशत पुग्ने अनुमान छ।

८. आर्थिक वर्ष २०७८/७९ मा प्रचलित मूल्यको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १२.३ प्रतिशतले बढेर रू.१ लाख ६४ हजार ५ सय ९८ पुग्ने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो यस्तो प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रू.१ लाख ४६ हजार ५ सय २१ रहेको थियो।

९. आर्थिक वर्ष २०७८/७९ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आयको वृद्धिदर दोहोरो अंकको रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रचलित मूल्यको प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,२४६ अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो आय १०.८ प्रतिशतले बढेर १,३८१ अमेरिकी डलर पुग्ने अनुमान छ। चालु आर्थिक वर्षमा प्रतिव्यक्ति राष्ट्रिय खर्चयोग्य आय १,६८३ अमेरिकी डलर पुग्ने अनुमान छ।

१०. पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, ढुवानी खर्चमा भएको वृद्धि, खाद्य पदार्थ तथा आयातित कच्चा पदार्थ लगायत अन्य वस्तु तथा सेवाहरूमा भएको मूल्यवृद्धिका कारण मुद्रास्फीतिमा चाप परेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ५.४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ३.५ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०७८ फागुनमा उपभोक्ता मुद्रास्फीति ७.१ प्रतिशत रहेको छ। २०७७ फागुनमा यस्तो मुद्रास्फीति ३.० प्रतिशत रहेको थियो।

११. आर्थिक वर्ष २०७७/७८ मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च १४.४ प्रतिशतले बढेर रू.१३ खर्ब ६२ अर्ब १८ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल एकीकृत खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चको हिस्सा क्रमशः ५४.४ प्रतिशत, ३६.५ प्रतिशत र ९.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो हिस्सा क्रमशः ५६.० प्रतिशत, ३४.१ प्रतिशत र ९.९ प्रतिशत रहेको थियो।

१२. चालु आर्थिक वर्षको फागुनसम्म संघीय राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.६ प्रतिशतले बढेर रु. ६ अर्ब ५७ करोड पुगेको छ। संघीय खर्च १८.० प्रतिशतले वृद्धि भई रु. ६ खर्ब ७४ अर्ब ६१ करोड पुगेको छ। संघीय खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्च अनुपात क्रमश: ७९.९ प्रतिशत, ११.४ प्रतिशत र ८.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो अनुपात क्रमश: ७९.७ प्रतिशत, १४.० प्रतिशत र ६.३ प्रतिशत रहेको थियो।

१३. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघीय सरकारको बजेट घाटा रू.२१ अर्ब ३१ करोड रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो घाटा रू.२९ अर्ब २६ करोड रहेको थियो।

१४. आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारको बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ८.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो घाटा ७.१ प्रतिशत रहेको छ।

१५. आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनमा संघीय खर्चको अनुपात २८.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुपात २८.० प्रतिशत रहेको छ। यस अवधिमा कुल गार्हस्थ्य उत्पादनसँग चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तर्फको खर्चको अनुपात क्रमशः १९.८ प्रतिशत, ५.४ प्रतिशत र २.८ प्रतिशत रहेको छ।

१६. आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनमा संघीय सरकारले सङ्कलन गरेको राजस्वको अनुपात २०.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुपात २१.९ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा कर राजस्व र गैरकर राजस्वको अनुपात क्रमशः २०.४ प्रतिशत र १.५ प्रतिशत रहेको छ।

१७. २०७८ फागुनसम्म आन्तरिक ऋण रू.८ खर्ब ६३ अर्ब १९ करोड र बाह्य ऋण रू.९ खर्ब ८४ अर्ब ९९ करोड गरी संघीय सरकारको सार्वजनिक ऋण दायित्व रू. १८ खर्ब ४८ अर्ब १९ करोड पुगेको छ। २०७८ असारसम्म सार्वजनिक ऋण दायित्व रू.१७ खर्ब ३७ अर्ब ६४ करोड रहेको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म रू.८९ अर्ब ५० करोड आन्तरिक ऋण परिचालन भएको छ।

१८. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म अनुदान रू.९ अर्ब ४६ करोड र ऋण रू. १ खर्ब १६ अर्ब ६१ करोड गरी कुल रू.१ खर्ब २६ अर्ब ७ करोड वैदेशिक सहयोग प्रतिबद्धता रहेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म अनुदान र ऋण गरी रू.४७ अर्ब ९४ करोड बराबरको अन्तर्राष्ट्रिय विकास सहायता उपयोग भएको छ।

१९. वित्तीय कारोबारमा विद्युतीय भुक्तानी माध्यमको प्रयोग बढ्दै गएको छ। मर्जर तथा प्राप्तिमा प्रदान गरिएको प्रोत्साहनका कारण बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्यामा कमी आएको छ। २०७८ फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाको संख्या १२८ रहेको छ।

२०. २०७८ फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या (लघुवित्त समेत) का आधारमा प्रति शाखा जनसंख्या औसत २,५७२ पुगेको छ, २०७७ फागुनसम्म प्रति शाखा जनसंख्या औसत २,९१३ रहेको थियो। प्रदेशगत रुपमा प्रति शाखा जनसङ्ख्या कर्णाली प्रदेशमा सबैभन्दा बढी र गण्डकीमा सबैभन्दा कम रहेको छ।

२१. पछिल्ला वर्षहरुमा वित्तीय पहुँचमा सुधार हुँदै गएको छ। २०७८ फागुनसम्म ७५० स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा विस्तार भएको छ। त्यसैगरी, २०७८ फागुनमा बैङ्क तथा वित्तीय संस्थाहरुमा निक्षेप खाता ४ करोड २४ लाख ५१ हजार, कर्जा खाता १८ लाख ३७ हजार, मोबाइल बैंकिङ्ग प्रयोगकर्ता १ करोड ६८ लाख ४८ हजार र इन्टरनेट बैंकिङ्ग सेवाका

प्रयोगकर्ता १६ लाख ९ हजार रहेका छन्। चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ३५ हजार कर्जा खाता र ४६ लाख ८० हजार निक्षेप खाता थप भएका छन्।

२२. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म खुलाबजार कारोवारका विभिन्न उपकरणमार्फत रु.६० अर्ब तरलता प्रशोचन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु.३ खर्ब ३ अर्ब २९ करोड तरलता प्रशोचन भएको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म रु.५० खर्ब ७० अर्ब ७६ करोड तरलता प्रवाह भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु.२ अर्ब तरलता प्रवाह भएको थियो।

२३. २०७८ फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप ४.१ प्रतिशतले वृद्धि भई रु.४८ खर्ब ५४ अर्ब ८५ करोड पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १२.८ प्रतिशतले वृद्धि भई रु.४६ खर्ब ७ अर्ब ३० करोड पुगेको छ।

२४. निष्क्रिय कर्जामा सुधार आएको छ। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०७७ पुसमा १.८ प्रतिशत रहेकोमा २०७८ पुसमा १.३ प्रतिशत रहेको छ ।

२५. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म २४ हजार २ सय ६८ ऋणीको कुल रु.१ खर्ब ६ अर्ब ११ करोड पुनर्कर्जा स्वीकृत भएको छ। २०७८ फागुनसम्म रु.१ खर्ब ३४ अर्ब ११ करोड पुनर्कर्जा लगानीमा रहेको छ।

२६. आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म १ लाख ४४ हजार ६ सय २० ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रु.२ खर्ब १५ अर्ब ७६ करोड कर्जा लगानीमा रहेको छ।

२७. २०७७ फागुन मसान्तमा २,४५८.५ बिन्दुमा रहेको नेप्से सूचकाङ्क २०७८ फागुन मसान्तमा २,६६८.१ बिन्दु कायम भएको छ। २०७८ असार मसान्तमा नेप्से सूचकाङ्क २,८८३.४ बिन्दु पुगेको थियो। २०७८ भाद्र २ गते नेप्से सूचकाङ्क हालसम्मकै उच्च ३,१९९.० बिन्दुमा पुगेको थियो।

२८. २०७८ फागुन मसान्तमा धितोपत्र बजार पुँजीकरण गत वर्षको सोही अवधिको तुलनामा ११.७ प्रतिशतले वृद्धि भई रु.३७ खर्ब ८२ अर्ब ७९ करोड पुगेको छ। कुल गार्हस्थ्य उत्पादनसँग बजार पुँजीकरणको अनुपात ७८.० प्रतिशत रहेको छ ।

२९. २०७८ फागुनसम्म बिमा व्यवसायको कुल वित्तीय स्रोत तथा उपयोग गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ११.३ प्रतिशतले वृद्धि भई रु.६ खर्ब ४ अर्ब ३ करोड पुगेको छ। जसमध्ये जीवन बिमा व्यवसाय गर्ने बिमकको रु.५ खर्ब २१ अर्ब ६ करोड र निर्जीवन बिमा व्यवसाय गर्ने बिमकको रु.८२ अर्ब ९७ करोड रहेको छ।

३०. २०७८ असारसम्म बिमाको दायरामा आएको जनसङ्ख्या २७.० प्रतिशत रहेकोमा २०७८ फागुनसम्म यस्तो जनसङ्ख्या २९.० प्रतिशत पुगेको छ। २०७८ फागुनसम्म वैदेशिक रोजगार म्यादी जीवन बिमा समेत गरी बिमाको दायरामा आएको जनसङ्ख्या ३५.४ प्रतिशत पुगेको छ।

३१. २०७८ फागुनमा सहकारी संस्थाहरुको सङ्ख्या ३० हजार ८ सय ७९, शेयर सदस्य सङ्ख्या ७३ लाख ३७ हजार २ सय ५२ र शेयर पुँजी रु. ९४ अर्ब १२ करोड रहेको छ । सोही अवधिसम्म सहकारी क्षेत्रमा रु.४ खर्ब ७७ अर्ब ९९ करोड बचत परिचालन भई रु.४ खर्ब २६ अर्ब ३१ करोड कर्जा प्रवाह भएको छ।

३२. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल वस्तु निर्यात ८२.९ प्रतिशतले वृद्धि भई रू.१४७ अर्ब ७५ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा वस्तु निर्यात ७.८ प्रतिशतले बढेर रू.८० अर्ब ७८ करोड पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म पाम तेल, सोयाविन तेल, पिना, धागो (पोलिस्टर तथा अन्य), ऊनी गलैँचा लगायतका वस्तुको निर्यात बढेको छ भने अलैँची, चिया, जडीबुटी, तार, तामाको तार लगायतका वस्तुको निर्यात घटेको छ।

३३. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल वस्तु आयात ३८.६ प्रतिशतले बढेर रू.१३ खर्ब ८ अर्ब ७३ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो आयात २.१ प्रतिशतले बढेर रू. ९ खर्ब ४३ अर्ब ९९ करोड पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, कच्चा सोयाविन तेल, सुन लगायतका वस्तुको आयात बढेको छ भने एम.एस.बिलेट, सिमेन्ट, रासायनिक मल, दाल, मोलासिस सुगर लगायतका वस्तुको आयात घटेको छ।

३४. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल वस्तु व्यापार घाटा ३४.५ प्रतिशतले वृद्धि भई रू.११ खर्ब ६० अर्ब ९९ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो घाटा १.६ प्रतिशतले बढेर रू.८ खर्ब ६३ अर्ब २१ करोड पुगेको थियो।

३५. बढ्दो व्यापार घाटा, खुद सेवा आय र खुद ट्रान्सफरमा आएको कमी, पुँजीगत खाता र वैदशिक ऋण तथा अनुदान आप्रवाहमा आएको कमीका कारण आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म शोधनान्तर स्थिति रु.२ खर्ब ५८ अर्ब ६४ करोडले घाटामा रहेको छ। यस अवधिमा चालु खाता रु.४ खर्ब ६२ अर्ब ९३ करोडले घाटामा रहेको छ।

३६. २०७८ फागुनसम्म वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको सङ्ख्या ५६ लाख ६२ हजार २ सय २६ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म वैदेशिक रोजगारीमा जान थप नयाँ तथा पुनःश्रम स्वीकृति लिनेको सङ्ख्या ४ लाख १२ हजार ७ सय ८७ रहेको छ।

३७. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विप्रेषण आप्रवाह १.७ प्रतिशतले सङ्कुचन भई रु.६ खर्ब ३१ अर्ब १९ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा विप्रेषण आप्रवाह रु.६ खर्ब ४२ अर्ब ३३ करोड रहेको थियो।

३८. २०७८ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रु.१३ खर्ब ९९ अर्ब ३ करोड रहेकोमा २०७८ फागुन मसान्तमा रु.११ खर्ब ७१ अर्ब कायम भएको छ। यस्तो सञ्चिति ७.४ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

३९. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म खुद प्रत्यक्ष वैदेशिक लगानी ६०.० प्रतिशतले वृद्धि भई रु.१६ अर्ब ३० करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रु.१० अर्ब १८ करोड रहेको थियो।

४०. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ७ लाख ८ हजार २ सय ८७ सूचीकृत बेरोजगारमध्ये ७१ हजार ३ सय २४ जनाले रोजगारी प्राप्त गरेका छन्। आर्थिक वर्ष २०७७/७८ मा ७ लाख ५२ हजार ४ सय ५० सूचीकृत बेरोजगारमध्ये १ लाख ८१ हजार ५ सय ७७ ले रोजगारी प्राप्त गरेका थिए।

४१. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित विभिन्न रोजगार लक्षित कार्यक्रमबाट २०७८ फागुनसम्म ४ लाख ४३ हजार ४ सय ६७ व्यक्तिले आंशिक र ४८ हजार ७ सय ८१ व्यक्तिले पूर्ण रोजगारी प्राप्त गरेका छन्।

४२. सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन सामाजिक सुरक्षा सूचना प्रणाली तयार गरी कार्यान्वयनमा ल्याईएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १६ हजार ८ सय ८७ रोजगारदाता र ३ लाख २० हजार ७ सय ४४ श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध भएका छन्। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कोषमा रु.७ अर्ब ४९ करोड ५५ लाख ५२ हजार ७ सय ४४ रकम थप भई हालसम्म कोषमा रु.१४ अर्ब ३८ करोड २ लाख २१ हजार ४ सय १५ रकम जम्मा भएको छ।

४३. २०७८ फागुनसम्ममा पशुपन्छी तथा मत्स्य बिमातर्फ बिमा प्रिमियममा ८०.० प्रतिशत अनुदान बापत २४ करोड भुक्तानी गरी रु.३९ अर्ब रकम बराबरको पशुपन्छी तथा मत्स्य वस्तुको सुरक्षण गरिएको छ।

४४. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म दूध १७ लाख ३९ हजार मेट्रिक टन र मासु ३ लाख ८१ हजार मेट्रिक टन उत्पादन भएको छ। आर्थिक वर्ष २०७८/७९ फागुनसम्म १ अर्ब ८ करोड ३२ लाख गोटा अण्डा उत्पादन भएको छ।

४५. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघ अन्तर्गत सञ्चालित सतह सिंचाइ र भूमिगत सिंचाइ कार्यक्रमबाट क्रमशः २,८९५ हेक्टर र ११० हेक्टर गरी कूल ३,००५ हेक्टर सिंचित

क्षेत्र थप भई २०७८ फागुनसम्म १५ लाख १२ हजार ४ सय ३२ हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको छ। २०७८ असारसम्म जम्मा १५ लाख ९ हजार ४ सय २७ हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको थियो।

४६. कूल भू-भागको ४०.४ प्रतिशत वन र ४.४ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल वन क्षेत्र ४४.८ प्रतिशत पुगेको छ। नेपालको भू-धरातलीय आधारमा सबैभन्दा बढी वन क्षेत्र मध्य-पहाडमा छ भने सबैभन्दा कम तराईमा रहेको छ।

४७. आर्थिक वर्ष २०७८ फागुनसम्म बाँकी रहेका २२१ स्थानीय तहको भू-उपयोग नक्सा/डाटा तयार भई सबै स्थानीय तहलाई नक्सा/डाटा हस्तान्तरण गरिएको छ।

४८. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म रु.२ खर्ब २८ अर्ब लगानी स्वीकृत भएको छ। २०७८ फागुनसम्म लगानी बोर्ड मार्फत रु.१० खर्ब ८९ अर्ब १२ करोड ८९ लाख र उद्योग विभाग मार्फत रु.३ खर्ब ९६ अर्ब ५३ करोड लगानी स्वीकृत भएको छ।

४९. २०७८ फागुनसम्म दर्ता भएका कम्पनीको सङ्ख्या २ लाख ८३ हजार ३ सय ५८ रहेको छ। प्रदेशगत रुपमा बागमती प्रदेशमा सबैभन्दा बढी ७०.७ प्रतिशत कम्पनी दर्ता भएका छन् भने सबैभन्दा कम कर्णाली प्रदेशमा १.२ प्रतिशत कम्पनी दर्ता भएका छन्।

५०. २०७८ फागुनसम्म राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २१ हजार ३ सय ३९ मेट्रिक टन र सार्क खाद्य सुरक्षा बैंङ्कमा ८ हजार मेट्रिक टन खाद्यान्न मौज्दात रहेको छ।

५१. सन् २०२० मा २ लाख ३० हजार ८५ पर्यटक नेपाल भित्रिएकोमा सन् २०२१ मा यस्तो सङ्ख्या ३४.३ प्रतिशतले घटेर १ लाख ५० हजार ९ सय ६२ रहेको छ। सन् २०२१ मा नेपाल भ्रमणमा आएका विदेशी पर्यटकबाट रु.१३ अर्ब ५० करोड ११ लाख विदेशी मुद्रा आर्जन भएको छ।

५२. २०७८ फागुनसम्म वैकल्पिक उर्जा सहित ९४.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। २०७८ फागुनसम्म कुल जडित विद्युत क्षमता २०७८ असारको तुलनामा ३०.९ प्रतिशतले वृद्धि भई २,२०५ मेगावाट पुगेको छ। २०७८ असारसम्म कुल जडित विद्युत क्षमता १,६८५ मेगावट रहेको थियो। प्रतिव्यक्ति विद्युत खपत २७० किलोवाट घण्टा पुगेको छ।

५३. २०७८ फागुनसम्म १६ हजार ९ सय ३९ किलोमिटर कालोपत्रे, ८ हजार १ सय ११ किलोमिटर खण्डास्मित र ८ हजार ८ सय २१ किलोमिटर कच्ची सडक गरी राष्ट्रियस्तरका सडकको लम्बाई ३३ हजार ८ सय ७१ किलोमिटर पुगेको छ। २०७८ फागुनसम्म प्रादेशिक तथा स्थानीय स्तरका कच्ची, खण्डस्मित र कालोपत्रे गरी ६४ हजार ६ सय १७ किलोमिटर सडक सञ्जाल पुगेको छ। २०७८ फागुनसम्म ७३२ स्थानीय तह राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन्।

५४. जयनगर-जनकपुर-कुर्था-विजलपुरा-बर्दिबास तथा बथनाहा-विराटनगर रेलमार्गको नेपाल तर्फको ७९ कि.मि. मध्ये २०७८ असारसम्म ५६ किलोमिटर रेलमार्ग निर्माण सम्पन्न भएको छ। चालु आर्थिक वर्षमा जयनगर-कुर्था खण्डमा रेल सेवा सञ्चालनमा आएको छ।

५५. सूचना तथा सञ्चारको पहुँचमा निरन्तर वृद्धि हुँदै गएको छ। २०७८ फागुनसम्म ७३८ स्थानीय तहका कार्यालय, ६,१९० वडा कार्यालय, ५१९६ माध्यमिक विद्यालय र ४,१४७ स्वास्थ्य केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेट जडान कार्य सम्पन्न भएको छ।

५६. २०७८ फागुनसम्म टेलिफोन घनत्व १३९.८६ प्रतिशत र ईन्टरनेट ग्राहक घनत्व ११६.९ प्रतिशत पुगेको छ। २०७७ फागुनसम्म यस्तो घनत्व क्रमशः १३०.३ प्रतिशत र ८२.८ प्रतिशत रहेको थियो।

५७. शैक्षिक सत्र २०७८ मा प्राथमिक तह (कक्षा १-५), आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) भर्नादर क्रमशः ९६.९ प्रतिशत, ९५.१ प्रतिशत र ५४.३ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०७८ मा कक्षा १ मा खुद प्रवेश दर (भर्ना हुने उमेर ५ वर्ष पुरा भएका) ९६.३ प्रतिशत रहेको छ। त्यसैगरी, कक्षा ८ सम्मको टिकाउ दर ८५.१ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ६६.१ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ३३.१ प्रतिशत रहेको छ ।

५८. आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सरकारी, निजी र सामुदायिक स्वास्थ्य संस्थाबाट अन्तरङ्गमा १० लाख ९२ हजार ९ सय ६९, बहिरङ्गमा १ करोड ९२ लाख ४० हजार ७ सय २२ र आकस्मिक कक्षमा २२ लाख ९७ हजार ४ सय २० बिरामीलाई सेवा प्रवाह भएको छ।

५९. २०७८ फागुनसम्म कोभिड-१९ विरुद्धको पहिलो मात्रा खोप लगाउनेको सङ्ख्या १ करोड ८६ लाख २४ हजार १ सय ४६, दोस्रो मात्रा/पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या १ करोड ८५ लाख २ हजार १ सय १९ र अतिरिक्त खोप लगाउनेको सङ्ख्या १७ लाख ५ सय ८० पुगेको छ।

६०. २०७८ फागुनसम्म आधारभूत खानेपानीको पहुँच पुगेको जनसङ्ख्या ९३.४ प्रतिशत र उच्च तथा मध्यमस्तरको गुणस्तरीय खानेपानी सेवाको पहुँच पुगेको जनसङ्ख्या २४.८ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म थप ४२ हजार ८ सय ५७ जनसङ्ख्या आधारभूत खानेपानीको सुविधाबाट लाभान्वित भएका छन्।

६१. २०७८ फागुनसम्म २८ लाखभन्दा बढी लाभग्राहीहरु सामाजिक सुरक्षाको अनलाइन प्रणालीमा आबद्ध भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग भएका व्यक्ति, लोपोन्मुख जाति, बालबालिका समेत गरी जम्मा ३४ लाख ५० हजार ८ सय ९

लाभग्राहीलाई रु.४६ अर्ब ४२ करोड ३५ लाख ४० हजार ३ सय १० सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

६२. अन्तमा, कोभिड-१९ को असर क्रमशः न्यून भएसँगै आर्थिक गतिविधि विस्तार हुँदै गएको छ। संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्चमा बढोत्तरी भएको छ। समष्टिगत माग बढेसँगै वस्तु आयातमा निरन्तर वृद्धि हुँदै गएको छ। आयातमा उल्लेख्य वृद्धि भएको कारण शोधानान्तर स्थिति र चालु खाता दुबै उच्च घाटामा रहेका छन्। विदेशी विनिमय सञ्चिति घटेको छ। फलस्वरूप, बाह्य क्षेत्रमा दबाब सिर्जना भएको छ। रसिया र युक्रेन बीचको युद्धका कारण विश्वबजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढ्दै गएको कारण उपभोक्ता मुद्रास्फीतिमा थप चाप परेको छ।

६३. कोभिड-१९ पश्चात अर्थतन्त्रलाई पूर्वरुपमा पुनरुत्थान गर्न लगानीयोग्य पूँजीको सहज उपलब्धता सुनिश्चित गर्नु, उपभोक्ता मुद्रास्फीतिलाई वाञ्छित सीमामा राख्नु, बढ्दो चालु खाता घाटालाई नियन्त्रण गरी शोधनान्तर स्थितिमा सुधार गर्नु तथा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्नु आवश्यक छ। वित्तीय क्षेत्रको सबलीकरण र सुदृढीकरण मार्फत वित्तीय स्थायित्व हासिल गर्ने र अर्थतन्त्रको आन्तरिक तथा वाह्य स्थायित्व कायम गर्ने तर्फ आर्थिक नीति निर्देशित हुनुपर्ने देखिन्छ।

१. समग्र आर्थिक स्थिति

विश्व अर्थतन्त्र

१.१ विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले मानव जनजीवन र आर्थिक गतिविधिमा प्रतिकुल प्रभाव पारेको छ। फलस्वरूप, सन् २०२० मा प्रायशः विकसित देखि न्यून आय भएका सबै मुलुकहरूको अर्थतन्त्रसहित विश्व अर्थतन्त्र सङ्कुचित हुन पुग्यो। विश्व व्यापार र आर्थिक गतिविधिमा आएको शिथिलताले रोजगारीका अवसरहरू न्यून हुन पुगे। जसका कारण कम आय वर्गका मानिसको दैनिक जीवन यापन समेत थप कष्टकर हुन पुग्यो। रोजगारी र आयमा आएको कमीसँगै गरिबी र असमानता पनि बढेर गयो।

१.२ कोभिड भाइरसमा भएको उत्परिवर्तनले विश्वलाई आक्रान्त बनाइ रहेको भएतापनि कोभिड-१९ विरुद्धको खोपको उपलब्धतासँगै यसको जोखिम न्यून हुँदै मानिसको जीवनयापन सामान्य बन्दै गएको छ। तथापि, रुस र युक्रेनबीचको युद्धका कारण विश्वव्यापी रूपमा आपुर्ती श्रृङ्खलामा आएको अवरोधले ईन्धन तथा खाद्यान्न लगायतका वस्तुहरूको मूल्य वृद्धि हुँदा कोभिड-१९ महामारीपछिको अर्थतन्त्रको पुनरूत्थान थप चुनौतीपूर्ण हुन गएको छ। उल्लेखित कारणले विश्व आर्थिक गतिविधिमा सुस्तता आई सन् २०२२ मा विश्व अर्थतन्त्रको विस्तार दर न्यून हुने देखिन्छ।

१.३ कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका लागि गरिएको खर्च र स्वास्थ्य पूर्वाधार निर्माण तथा आर्थिक पुनरूत्थानका कार्यक्रमबाट अधिकांश मुलुकमा वित्तीय दबाब सिर्जना हुन पुगेको छ। आर्थिक गतिविधिलाई सामान्यीकरण गरी मानव जीवनलाई सहज बनाउनका लागि प्रदान गरिएको राहत, अनुदान र कर छुट सुविधा तथा स्वास्थ्य प्रणाली सुधारका लागि बढाइएको सार्वजनिक खर्चका कारण बजेट घाटा (Fiscal Deficit) बढ्न गई सार्वजनिक ऋणमा थप चाप पर्न गएको छ। यसबाट सार्वजनिक लगानीको प्राथमिकता समेत परिवर्तन हुन पुगेको छ।

विश्व आर्थिक वृद्धिदर

१.४ आगामी दिनमा मानव स्वास्थ्य एवं अर्थतन्त्रमा कोभिड-१९ को प्रभाव न्यून हुँदै जाने पूर्वानुमान रहेपनि रसिया-युक्रेन युद्ध लम्बिन सक्ने, रसियामाथि थप प्रतिबन्ध लाग्न सक्ने र पेट्रोलियम पदार्थको मूल्यमा थप वृद्धि हुनसक्ने अनुमानका आधारमा सन् २०२२ मा विश्व अर्थतन्त्र ३.६ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ। सन् २०२० मा विश्व आर्थिक वृद्धि ३.१ प्रतिशतले ऋणात्मक रहेकोमा कोभिड-१९ ले अर्थतन्त्रमा पारेको असर न्यूनीकरण गर्दै आर्थिक पुनरूत्थानलाई सघाउन विश्वव्यापी रूपमा अधिकांश मुलुकहरूले अवलम्वन गरेको लचिलो नीतिगत व्यवस्थाहरूसँगै कोभिड-१९ विरुद्ध खोपको उपलब्धता र

समष्टिगत मागमा वृद्धि लगायतका कारण सन् २०२१ मा विश्व अर्थतन्त्र ६.१ प्रतिशतले विस्तार भएको थियो।

तालिका १(क): विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा)

अर्थतन्त्र	२०१७	२०१८	२०१९	२०२०	२०२१	२०२२*
विश्व अर्थतन्त्र	३.७	३.६	२.९	-३.१	६.१	३.६
विकसित अर्थतन्त्र	२.५	२.३	१.७	-४.५	५.२	३.३
उदीयमान तथा विकासशील अर्थतन्त्र	४.७	४.६	३.७	-२.०	६.८	३.८
उदीयमान तथा विकासशील एशिया	६.६	६.४	५.३	-०.८	७.३	५.४
मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक	१.८	२.०	१.७	-३.३	५.८	५.०
उदीयमान तथा विकासशील युरोप	४.१	३.४	२.५	-१.८	६.७	-२.९
यूरोपियन युनियनका मुलुक	३.०	२.२	२.०	-५.९	५.४	२.९
न्यून आय भएका विकासशील अर्थतन्त्र	४.९	५.१	५.३	०.२	४.०	४.६

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२२ *प्रक्षेपण

१.५ सन् २०२१ मा ५.४ प्रतिशतले विस्तार भएको युरोपियन युनियनका मुलुकको अर्थतन्त्र सन् २०२२ मा २.५ प्रतिशत विन्दुले घटेर २.९ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण रहेको छ। विकसित अर्थतन्त्र ३.३ प्रतिशतले विस्तार हुने प्रक्षेपण रहेको छ। यसैगरी, सन् २०२१ मा उदीयमान तथा विकासशील अर्थतन्त्र पछि सबैभन्दा उच्च दरमा विस्तार भएको उदीयमान तथा विकासशील युरोपको अर्थतन्त्र सन् २०२२ मा २.९ प्रतिशतले संकुचन हुने अनुमान रहेको छ। खासगरी रसियाको आर्थिक वृद्धि ८.५ प्रतिशतले घट्ने प्रक्षेपण रहेको छ। विकसित अर्थतन्त्र, उदीयमान तथा विकासशील अर्थतन्त्र, उदीयमान तथा विकासशील एशिया, मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुक, उदीयमान र विकासशील यूरोप एवं यूरोपियन यूनियनका मुलुकहरूको आर्थिक वृद्धि सन् २०२१ को तुलनामा सन् २०२२ मा न्यून हुने तर न्यून आय भएका विकासशील अर्थतन्त्रको आर्थिक वृद्धि ०.६ प्रतिशत विन्दुले बढ्ने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ।

१.६ पछिल्लो ५ वर्षमा विश्व अर्थतन्त्रको औसत वृद्धिदर २.६ प्रतिशत र विकसित अर्थतन्त्रको १.४ प्रतिशत रहेको छ। सन् २०२३ मा विश्वका विभिन्न देशहरूको आर्थिक वृद्धिदर मिश्रित रहने प्रक्षेपण रहेको छ। तथापि, सन् २०२३ मा विकसित अर्थतन्त्र बाहेक अन्य अर्थतन्त्रको वृद्धिदर अघिल्लो वर्षको तुलनामा उच्च रहने अनुमान रहेको छ ।

चार्ट १(क): विश्व आर्थिक वृद्धिदर (प्रतिशतमा)



स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२२

१.७ सन् २०२२ मा दक्षिण एशियाली मुलुकहरूको आर्थिक वृद्धिमा सामान्य उतारचढाव हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ। बंगलादेश, भुटान र नेपालको आर्थिक वृद्धिदर बढ्ने र भारत, माल्दिभ्स, श्रीलङ्का र पाकिस्तानको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण रहेको छ। सन् २०२१ मा २.७ प्रतिशतले विस्तार भएको नेपालको अर्थतन्त्र सन् २०२२ मा ४.१ ले वृद्धि हुने प्रक्षेपण रहेको छ। यसैगरी भारतीय अर्थतन्त्रको वृद्धिदर सन् २०२२ मा ८.२ प्रतिशत हुने प्रक्षेपण रहेको छ। सन् २०२२ को मार्चमा देखिएको कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमण नियन्त्रणका लागि केही ठूला औद्योगिक शहरमा गरिएको बन्दाबन्दीको कारण चीनको आर्थिक वृद्धि दर घट्ने प्रक्षेपण रहेको छ।

तालिका १(ख): दक्षिण एशियाली मुलुक तथा चीनको आर्थिक वृद्धिदर (प्रतिशतमा)

मुलुक	२०१७	२०१८	२०१९	२०२०	२०२१	२०२२*
बंगलादेश	७.३	७.९	८.२	३.५	५	६.४
भुटान	६.३	३.८	४.४	-२.४	-३.७	४.४
भारत	६.८	६.५	३.७	-६.६	८.९	८.२
माल्दिभ्स	७.२	८.१	६.९	-३३.५	३३.४	६.१
नेपाल	९	७.६	६.७	-२.१	२.७	४.१
श्रीलङ्का	३.६	३.३	२.३	-३.६	३.६	२.६
पाकिस्तान	४.६	६.१	३.१	-१.०	५.६	४.०
अफगानिस्तान	२.६	१.२	३.९	-२.४	४.०	
चीन	६.९	६.८	६.०	२.२	८.१	४.४

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२२ नोट: अफगानिस्तानको सन् २०२२ को IMF ले प्रक्षेपण नगरेको।
* प्रक्षेपण

मूल्य स्थिति

१.८ रसिया-युक्रेन युद्धका कारण पेट्रोलियम पदार्थ र खाद्य वस्तुको मूल्यमा भएको वृद्धिले विश्व मुद्रास्फीति बढेको छ। सन् २०२२ मा मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू बाहेक अन्य अर्थतन्त्रको मुद्रास्फीति बढ्ने प्रक्षेपण रहेको छ। सन् २०२१ मा ३.१ प्रतिशतले बढेको विकसित मुलुकको मुद्रास्फीति सन् २०२२ मा २.६ प्रतिशत विन्दुले बढेर ५.७ प्रतिशत हुने प्रक्षेपण रहेको छ।

१.९ रसिया-युक्रेन युद्धको सबैभन्दा बढी प्रभाव उदीयमान तथा विकासशील युरोपमा परेको छ। यी मुलुकहरूको मुद्रास्फीति सन् २०२१ मा ९.५ प्रतिशतमा रहेकोमा सन् २०२२ मा उच्च वृद्धि भई २७.१ प्रतिशत हुने प्रक्षेपण रहेको छ। रसिया-युक्रेन युद्ध लम्बिने, रसियामाथिको आर्थिक प्रतिबन्ध कायम रहने, ऊर्जा र वस्तुको मूल्यमा निरन्तर वृद्धि हुने र चीनको शुन्य कोभिड रणनीतिका कारण आपूर्ति श्रृङ्खला खलबलिने कारण विश्व मुद्रास्फीतिमा थप दबाब सिर्जना हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ।

तालिका १(ग): विश्वको मुद्रास्फीति (उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

अर्थतन्त्र	२०१७	२०१८	२०१९	२०२०	२०२१	२०२२*
विकसित अर्थतन्त्र	१.७	२.०	१.४	०.७	३.१	५.७
उदीयमान तथा विकासशील अर्थतन्त्र	४.४	४.९	५.१	५.२	५.९	८.७
उदीयमान तथा विकासशील एसिया	२.४	२.७	३.३	३.१	२.२	३.५
उदीयमान तथा विकासशील युरोप	५.६	६.४	६.६	५.३	९.५	२७.१
मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू	७.०	११.१	८.२	११.२	१४.६	१३.४
न्यून आय भएका विकासशील अर्थतन्त्र	९.२	८.८	८.३	११.४	१३.३	१३.९

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२२ * प्रक्षेपण

१.१० सन् २०२२ मा दक्षिण एशियाली मुलुकमध्ये श्रीलंकाको मुद्रास्फीति सबैभन्दा बढी र माल्दिभ्सको सबैभन्दा कम हुने प्रक्षेपण रहेको छ। सन् २०२१ मा ६.० प्रतिशत रहेको श्रीलंकाको मुद्रास्फीति सन् २०२२ मा १७.६ प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ। भुटान बाहेक अन्य दक्षिण एशियाली मुलुकहरूको मुद्रास्फीति सन् २०२२ मा बढ्ने प्रक्षेपण रहेको छ। नेपालको मुद्रास्फीति सन् २०२१ मा ३.६ प्रतिशत रहेकोमा सन् २०२२ मा २.२ प्रतिशत विन्दुले बढेर ५.८ प्रतिशत पुग्ने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ। सन् २०२१ मा १.० प्रतिशतभन्दा कम रहेको चीनको मुद्रास्फीति सन् २०२२ मा २.१ प्रतिशत पुग्ने प्रक्षेपण रहेको छ।

तालिका १(घ): दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति

(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)

मुलुक	२०१७	२०१८	२०१९	२०२०	२०२१	२०२२*
बङ्गलादेश	५.४	५.८	५.५	५.६	५.६	६.०
भुटान	४.३	३.७	२.८	४.२	८.१	७.९
भारत	३.६	३.४	४.८	६.२	५.५	६.१
माल्दिभ्स	२.३	१.४	१.३	-१.६	०.२	२.३
नेपाल	४.५	४.१	४.६	६.१	३.६	५.८
श्रीलंका	६.६	४.३	४.३	४.६	६.०	१७.६
अफगानिस्तान	५.०	०.६	२.३	५.६	#	#
पाकिस्तान	४.१	३.९	६.७	१०.७	८.९	११.२
चीन	१.६	२.१	२.९	२.४	०.९	२.१

स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२२ *प्रक्षेपण

#IMF ले प्रक्षेपण नगरेको

१.११ नेपालको सन् २०१६ देखि २०२१ सम्मको औसत मुद्रास्फीति ५.५ प्रतिशत रहेको छ। यस अवधिमा चीन र भारतको औसत मुद्रास्फीति क्रमशः २.० प्रतिशत र ४.७ प्रतिशत रहेको छ। सन् २०२२ मा नेपाल, भारत र चीनको मुद्रास्फीति क्रमशः ५.८ प्रतिशत, ६.१ प्रतिशत र २.१ प्रतिशत रहने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषको रहेको छ।

चार्ट १(ख): नेपाल, भारत र चीनको मुद्रास्फीतिको तुलनात्मक विवरण (प्रतिशतमा)



स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२२

विश्व व्यापार

१.१२ सन् २०२० मा कोभिड-१९ का कारण विश्व व्यापार ८.० प्रतिशतले घटेकोमा कोभिड-१९ विरुद्धको खोपको उपलब्धता सहज भएसँगै सन् २०२१ मा १०.१ प्रतिशतले वृद्धि भएको छ। रसिया-युक्रेन युद्ध र रसियामाथिको आर्थिक प्रतिबन्ध लगायतका कारणहरूले गर्दा सन् २०२२ मा विश्व व्यापारको वृद्धि ५.० प्रतिशतमा सीमित हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले

गरेको छ। सन् २०२२ मा विकसित र उदीयमान तथा विकासशील अर्थतन्त्रको निकासी र पैंठारीमा उच्च संकुचन हुने प्रक्षेपण रहेको छ। सन् २०२१ मा ८.६ प्रतिशतले वृद्धि भएको विकसित अर्थतन्त्रको निकासी ३.५ प्रतिशत विन्दुले घटेर सन् २०२२ मा ५.० प्रतिशत रहने प्रक्षेपण रहेको छ। यसैगरी, उदीयमान तथा विकासशील अर्थतन्त्रको निकासी सन् २०२१ मा १२.३ प्रतिशतले वृद्धि भएकोमा सन् २०२२ मा यस्तो वृद्धिदर ४.१ प्रतिशतमा सीमित हुने प्रक्षेपण रहेको छ।

तालिका १(ङ): विश्व व्यापारको प्रवृत्ति (वार्षिक प्रतिशत परिवर्तन)

विवरण	२०१७	२०१८	२०१९	२०२०	२०२१	२०२२*
विश्व व्यापार	५.६	४.०	०.९	-७.९	१०.१	५.०
निकासी						
विकसित अर्थतन्त्र	४.९	३.६	१.३	-९.१	८.६	५.०
उदीयमान तथा विकासशील अर्थतन्त्र	६.५	४.१	०.४	-४.८	१२.३	४.१
पैंठारी						
विकसित अर्थतन्त्र	४.८	३.८	२.१	-८.७	९.५	६.१
उदीयमान तथा विकासशील अर्थतन्त्र	७.५	५.१	-१.१	-७.९	११.८	३.९

स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२२ * प्रक्षेपण

चालु खाता सन्तुलन

१.१३ सन् २०२१ र सन् २०२२ मा दक्षिण एसियाका सबै देशको चालु खाता घाटामा रहेका छन्। सन् २०२२ मा बंगलादेशको चालु खाता घाटा कुल गार्हस्थ्य उत्पादनको ३.२ प्रतिशत हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ । यसैगरी, भुटानको १०.६ प्रतिशत, भारतको ३.१ प्रतिशत, माल्दिभ्सको २४.२ प्रतिशत, नेपालको ११.४ प्रतिशत, श्रीलंकाको ७.१ प्रतिशत र पाकिस्तानको ५.३ प्रतिशत चालु खाता घाटा हुने प्रक्षेपण रहेको छ। यो अवधिमा चीनको चालु खाता १.१ प्रतिशतले बचतमा रहने अनुमान रहेको छ। विगत ८ वर्षको औसत चालु खाता घाटा भुटानको सबैभन्दा बढी र बंगलादेशको सबैभन्दा कम रहेको छ।

तालिका १(च): दक्षिण एशियाली मुलुक तथा चीनको चालु खाता सन्तुलन (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

मुलुक	२०१७	२०१८	२०१९	२०२०	२०२१	२०२२*
बंगलादेश	-०.५	-३.५	-१.५	-१.७	-१.३	-३.२
भुटान	-२३.६	-१८.४	-२०.५	-१२.४	-११.८	-१०.६
भारत	-१.८	-२.१	-०.९	०.९	-१.६	-३.१
माल्दिभ्स	-२१.६	-२८.४	-२६.६	-३५.५	-१५.६	-२४.२
नेपाल	-०.३	-७.१	-६.९	-१.०	-८.२	-११.४
श्रीलङ्का	-२.६	-३.२	-२.२	-१.३	-४.३	-७.१
पाकिस्तान	-३.६	-५.४	-४.२	-१.५	-०.६	-५.३
अफगानिस्तान	७.६	१२.२	११.७	११.२		
चीन	१.५	०.२	०.७	१.७	१.८	१.१

स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, अप्रिल, २०२२ * प्रक्षेपण

राष्ट्रिय अर्थतन्त्र

आर्थिक वृद्धि

१.१४ विगत दुई वर्षदेखि कोभिड-१९ महामारीबाट प्रभावित अर्थतन्त्र सामान्यीकरणको दिशामा अगाडि बढेको छ। औद्योगिक उत्पादन, व्यापार व्यवसाय लगायत समग्र आर्थिक क्रियाकलापहरू क्रमशः लयमा फर्कदै छन्। आन्तरिक मागका साथै वस्तु निकासी र पैठारी दुबैमा उच्चदरको वृद्धि भएको छ। तथापि, असोज महिनामा प्रतिस्थापन विधेयक पारित हुनु, कार्तिक महिनाको बेमौसमी वर्षाले धानबालीमा क्षति पुग्नु, पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुनु, वित्तीय क्षेत्रमा तरलताको चाप पर्नु र विदेशी मुद्रा सञ्चिति कम हुँदै जानुले अर्थतन्त्र थप चुनौतीपूर्ण हुँदै गएको छ। बाह्य क्षेत्रमा देखिएको प्रतिकुल अवस्थाका बावजुद उद्योग र सेवा क्षेत्रको विस्तार सन्तोषजनक रहने अनुमान छ ।

१.१५ कोभिड-१९ महामारीको प्रभाव क्रमशः न्यून हुँदै आर्थिक-सामाजिक गतिविधि सामान्य हुँदै गएको तथा ऊर्जा क्षेत्रको विस्तार उत्साहप्रद रहेको कारण आर्थिक वर्ष २०७८/७९ मा नेपालको अर्थतन्त्र ५.८४ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। साथै, आधारभुत मूल्यमा नेपालको आर्थिक वृद्धि ५.४९ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०७६/७७ मा आर्थिक वृद्धि २.३७ प्रतिशतले ऋणात्मक रहेकोमा गत आर्थिक वर्षमा यस्तो वृद्धि ४.२५ प्रतिशत रहेको थियो।

१.१६ आर्थिक वर्ष २०७८/७९ मा कृषि र गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः २.३० प्रतिशत र ६.८८ प्रतिशतले बढ्ने अनुमान छ। गत आर्थिक वर्षमा कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि २.८५ प्रतिशतले वृद्धि भएको थियो भने गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.२५ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७८/७९ मा धान उत्पादनमा ८.७ प्रतिशतले कमि

आएता पनि मत्स्यपालनको कुल मूल्य अभिवृद्धिदर बढेकोले कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान रहेको छ। गैरकृषि क्षेत्रतर्फ विद्युत तथा ग्यास, आवास तथा भोजन, निर्माण, उद्योग, खानी र स्वास्थ्य क्षेत्र लगायत अधिकांश क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर गत आर्थिक वर्षको तुलनामा बढी रहने अनुमान छ।

चार्ट १(ग): कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग,२०७९ * अनुमानित

१.१७ कुल मूल्य अभिवृद्धिमा गैरकृषि क्षेत्रको योगदान बढ्दै गएको छ भने कृषि क्षेत्रको योगदान घट्दै गएको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ७६.१ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो योगदान क्रमशः २४.९ प्रतिशत र ७५.१ प्रतिशत रहेको थियो। विगत दश वर्षको कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको औसत योगदान २७.१ प्रतिशत रहेको छ।

चार्ट १(घ): कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

उपभोग

१.१८ आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा उपभोगको अंश ९२.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा केही कमी भई ९०.७ प्रतिशत रहने अनुमान छ। पछिल्लो दशकमा उपभोग र कुल गार्हस्थ्य उत्पादनको औसत अनुपात ९०.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा ७.७ प्रतिशतले बढेको उपभोग चालु आर्थिक वर्षमा भने ११.५ प्रतिशतले बढेको छ ।

चार्ट १(ङ): उपभोगको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ *अनुमानित

१.१९ आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा सरकारी क्षेत्र, निजी क्षेत्र र गैर नाफामूलक संस्थाको उपभोगको अनुपात क्रमशः ८.२ प्रतिशत, ८०.८ प्रतिशत र १.७ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुपात क्रमशः ८.४ प्रतिशत, ८२.२ प्रतिशत र १.७ प्रतिशत रहेको थियो।विगत दश वर्षको यस्तो औसत अनुपात क्रमशः ८.३ प्रतिशत, ८०.७ प्रतिशत र १.६ प्रतिशत रहेको छ ।

१.२० आर्थिक वर्ष २०७८/७९ मा कुल उपभोगमा सरकारी र निजी क्षेत्रको उपभोगको अंश क्रमशः ९.०८ प्रतिशत र ८९.०२ प्रतिशत रहने अनुमान छ भने गैर-नाफामूलक संस्थाको उपभोगको अंश १.८९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो अंश क्रमशः ९.१० प्रतिशत, ८९.०३ प्रतिशत र १.८७ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा कुल उपभोगमा सरकारी र निजी क्षेत्रको उपभोगको औसत अंश ९.१४ प्रतिशत र ८९.१४ प्रतिशत रहेको छ।

चार्ट १(च): निजी, सरकारी तथा गैरनाफामूलक संस्थाको उपभोग (कुल उपभोगको प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ *अनुमानित

१.२१ कुल निजी उपभोगमा खाद्यान्न उपभोगको अंश अझै पनि बढी छ। निजी उपभोगमा गैर-खाद्यवस्तुको अंश दोब्बर भन्दा बढी रहेको छ। विगत दश वर्षमा कुल निजी उपभोगमा खाद्यान्न, गैर खाद्यान्न र सेवा उपभोगको औसत अंश क्रमशः ४८.८६ प्रतिशत, १८.३७ प्रतिशत र ३२.७७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल निजी उपभोगमा खाद्यवस्तु, गैर-खाद्यवस्तु र सेवाको अंश क्रमशः ४९.०५ प्रतिशत, १८.५९ प्रतिशत र ३२.३६ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो अंश ४९.३६ प्रतिशत, १८.७६ प्रतिशत र ३१.८८ प्रतिशत रहेको थियो।

चार्ट १(छ): आर्थिक वर्ष २०७८/७९ मा निजी क्षेत्रको उपभोग संरचना* (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

बचत

१.२२ आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचतको अनुपात ७.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपातमा १.६ प्रतिशत विन्दुले वृद्धि भई ९.३ प्रतिशत हुने अनुमान छ। विगत दश वर्षको कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचतको अनुपात औसत ९.५ प्रतिशत रहेको छ ।

चार्ट १(ज): कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.२३ आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल राष्ट्रिय बचतको अनुपात ३२.० प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुपात ३३.३ प्रतिशत रहेको थियो। पछिल्लो दश वर्षमा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचत र कुल राष्ट्रिय बचतको औसत अनुपात क्रमशः ९.५ प्रतिशत र ३६.८ प्रतिशत रहेको छ। खासगरी आर्थिक वर्ष २०७५/७६ पछि कुल राष्ट्रिय बचत घट्दो प्रवृत्तिमा रहेकोले कोभिड-१९ पूर्वको अवस्थामा पुग्न अझै केही समय लाग्ने देखिन्छ ।

लगानी

१.२४ आर्थिक वर्ष २०७६/७७ मा कुल लगानी २५.९ प्रतिशतले संकुचन भएकोमा पछिल्ला दुई वर्षमा यस्तो लगानी बढेको छ । आर्थिक वर्ष २०७७/७८ मा २९.३ प्रतिशतले वृद्धि भएको यस्तो लगानी चालु आर्थिक वर्षमा १८.१ प्रतिशतले वृद्धि भई रू. १८ खर्ब ७ अर्ब २९ करोड पुग्ने अनुमान छ। कोभिड-१९ महामारीको संक्रमण घट्दै गई आर्थिक गतिविधि सामान्य हुँदै गएकोले सार्वजनिक एवं निजी क्षेत्रको खर्चमा बढोत्तरी हुने अपेक्षा रहेकोमा बैङ्क

तथा वित्तीय बजारमा देखिएको तरलताको चाप र न्यून पुँजीगत खर्चका कारण चालु आर्थिक वर्षमा कुल लगानीको वृद्धि सामान्य हुने अनुमान रहेको छ ।

चार्ट १(झ): लगानी (कुल पुँजी निर्माण) को प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.२५ आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल लगानीको अनुपात ३५.८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपातमा वृद्धि भई ३७.३ प्रतिशत पुग्ने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल स्थिर पुँजी निर्माणको अनुपात आर्थिक वर्ष २०७६/७७ को २९.९ प्रतिशतबाट घटेर २९.४ प्रतिशत रहने अनुमान छ। विगत दश वर्षको कुल गार्हस्थ्य उत्पादनसँग कुल लगानी र स्थिर पुँजी निर्माणको औसत अनुपात क्रमशः ३४.२ प्रतिशत र २९.३ प्रतिशत रहेको छ।

चार्ट १(ञ): कुल स्थिर पुँजी निर्माण (स्थिर लगानी) संरचना (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.२६ आर्थिक वर्ष २०७८/७९ मा कुल स्थिर पुँजी निर्माण गत आर्थिक वर्षको तुलनामा ११.६ प्रतिशतले वृद्धि भई रू. १४ खर्ब २५ अर्ब ७ करोड रहने अनुमान छ जसमध्ये सरकारी र

निजी क्षेत्रको कुल स्थिर पुँजी निर्माण १.८ प्रतिशत र १६.० प्रतिशतले बढेको छ भने सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थानको कुल स्थिर पुँजी निर्माण ४.४ प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्र, सरकारी क्षेत्र र सरकारी स्वामित्वका सार्वजनिक संस्थानको अंश क्रमशः ७४.७ प्रतिशत, १९.३ प्रतिशत र ६.० प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो अंश क्रमशः ७१.८ प्रतिशत, २१.२ प्रतिशत र ७.० प्रतिशत रहेको थियो। पछिल्लो दश वर्षको कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्र, सरकारी क्षेत्र र सार्वजनिक संस्थानको औसत अंश ७१.६ प्रतिशत, १९.१ प्रतिशत र ९.३ प्रतिशत रहेको छ।

बचत र लगानीको अन्तर

१.२७ आर्थिक वर्ष २०७७/७८ मा बचत र लगानीको अन्तर २८.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अन्तरमा सीमान्त कमी भई २८.० प्रतिशत रहने अनुमान छ। गत वर्षको तुलनामा चालु आर्थिक वर्षमा कुल लगानी भन्दा कुल गार्हस्थ्य बचत बढी दरमा वृद्धि भएकोले बचत र लगानी अन्तरमा केही कम भएको हो।

चार्ट १(ट): कुल गार्हस्थ्य बचत-लगानी अन्तर (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.२८ आर्थिक वर्ष २०७७/७८ मा कुल राष्ट्रिय बचत र कुल गार्हस्थ्य उत्पादनको अनुपात ३३.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो अनुपातमा केही कमी आई ३२.० प्रतिशत रहने अनुमान छ।

१.२९ कोभिड-१९ को कारण उल्लेख्य रूपमा घटेको पर्यटक आगमन सन् २०२२ को शुरूवातदेखि नै बढदै गएकोले भ्रमण आय बढ्न थालेको छ। वैदेशिक रोजगारमा जाने नेपाली कामदारको संख्या बढ्दै गएपनि सो को प्रभाव विप्रेषण आप्रवाहमा देखिएको छैन। आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनसँग स्रोत अन्तर (राष्ट्रिय बचत र लगानी अन्तर)

को अनुपात २.५ प्रतिशतले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षमा यस्तो अन्तर ५.३ प्रतिशतले ऋणात्मक हुने अनुमान रहेको छ।

चार्ट १(ठ): कुल राष्ट्रिय बचत-लगानी अन्तर (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

प्रतिव्यक्ति आय

१.३० प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर कोभिड पूर्वको अवस्थामा पुगेको छ। आर्थिक वर्ष २०७६/७७ मा ०.२ प्रतिशतले घटेको प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) पछिल्ला दुई वर्षमा भने क्रमशः ८.९ प्रतिशत र १२.३ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) १२.३ प्रतिशतले बढेर रू.१ लाख ६४ हजार ५ सय ९८ रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो आय रू. १ लाख ४६ हजार ५ सय २१ रहेको थियो। पछिल्लो दश वर्षको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनको औसत वृद्धि ९.७ प्रतिशत रहेको छ।

चार्ट १(ड): प्रचलित मूल्यमा प्रतिव्यक्ति आयको वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.३१ आर्थिक वर्ष २०७८/७९ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) ४.८ प्रतिशतले वृद्धि भई रू. ८५ हजार ५ सय ५ पुग्ने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो आय ३.२ प्रतिशतले वृद्धि भई रू. ८१ हजार ५ सय ७३ रहेको थियो। विगत दश वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (स्थिर मूल्यमा) को औसत वृद्धिदर ३.५ प्रतिशत रहेको छ।

चार्ट १(ढ): प्रतिव्यक्ति राष्ट्रिय खर्चयोग्य आय (अमेरिकी डलरमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.३२ आर्थिक वर्ष २०७८/७९ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय दोहोरो अंकले बढेको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय (प्रचलित मूल्यमा) अमेरिकी डलर १ हजार २ सय ४६ रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो आय १०.८ प्रतिशतले बढेर अमेरिकी डलर १ हजार ३ सय ८१ रहने अनुमान छ। चालु आर्थिक वर्षमा प्रतिव्यक्ति राष्ट्रिय खर्चयोग्य आय अमेरिकी डलर १ हजार ६ सय ८३ पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो आय अमेरिकी डलर १ हजार ५ सय ५७ रहेको थियो।

कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचना

१.३३ आर्थिक वर्ष २०७८/७९ मा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.४ प्रतिशत, १०.३ प्रतिशत र ५.९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो वृद्धिदर क्रमशः ३.० प्रतिशत, ४.४ प्रतिशत र ४.२ प्रतिशत रहेको थियो। पछिल्लो दशकमा प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको औसत वृद्धिदर क्रमशः २.८ प्रतिशत, ५.३ प्रतिशत र ४.७ प्रतिशत रहेको छ। भूकम्पपछिका ६ वर्षको औसत वृद्धिदर भने पछिल्लो दश वर्षको तुलनामा बढी रहेको छ।

चार्ट १(ण): कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.३४ कुल गार्हस्थ्य उत्पादनको संरचनामा क्रमिक रूपमा परिवर्तन हुँदै गएको छ। प्राथमिक क्षेत्रको योगदान हरेक वर्ष घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा आधारभूत मूल्यको कुल गार्हस्थ्य उत्पादन (कुल मूल्य अभिवृद्धि) मा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः २५.५ प्रतिशत, १३.१ प्रतिशत र ६१.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो योगदान क्रमशः २४.५ प्रतिशत, १३.७ प्रतिशत र ६१.८ प्रतिशत रहने अनुमान छ। गत वर्षको तुलनामा चालु आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान घटेको छ भने द्वितीयक र सेवा क्षेत्रको योगदान बढेको छ।

चार्ट १(त): कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि

प्राथमिक क्षेत्र

१.३५ आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्र (कृषि, वन तथा मत्स्यपालन) को योगदान २३.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान २४.९ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको कुल मूल्य अभिवृद्धि २.३० प्रतिशतले वृद्धि हुने अनुमान छ। बेमौसमी वर्षा र यसबाट आएको बाढी पहिरोले धानको उत्पादनमा कमी आएको भएतापनि मत्स्यपालनका लागि सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरूको प्रभावकारिताका कारण आर्थिक वर्ष २०७८/७९ मा यस क्षेत्रको वृद्धि सामान्य रहने अनुमान छ।

१.३६ आर्थिक वर्ष २०७७/७८ मा खानी तथा उत्खनन् क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ७.५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ८.१५ प्रतिशत रहने अनुमान छ। कोभिडको प्रभाव कम हुँदै गएसँगै निर्माणका काममा आएको तीव्रताका कारण यस क्षेत्रमा सकारात्मक प्रभाव परेको छ। फलस्वरूप, आर्थिक वर्ष २०७८/७९ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.६ प्रतिशत रहने अनुमान छ।

द्वितीयक क्षेत्र

१.३७ कोभिड-१९ महामारीका कारण आर्थिक वर्ष २०७६/७७ मा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि घटेको भएतापनि त्यसपछिका आर्थिक वर्षमा भने बढ्ने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धि ६.१४ प्रतिशतले बढ्ने अनुमान छ। पछिल्लो १० वर्षमा उद्योग क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर वार्षिक औसत ३.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल मूल्य अभिवृद्धिमा उत्पादनमूलक उद्योगको योगदान ५.४५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो योगदानमा सीमान्त वृद्धि भई ५.६५ प्रतिशत पुग्ने अनुमान छ।

चार्ट १(थ): कुल मूल्य अभिवृद्धिमा उद्योग क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.३८ निर्माणाधीन तथा नयाँ परियोजनाका लागि आवश्यक सामाग्रीहरूको आयात बढेको र स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमा समेत उल्लेख्य वृद्धि भएकोले चालु आर्थिक वर्षमा निर्माण क्षेत्रको विस्तार उच्च रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा निर्माण क्षेत्र ५.१९ प्रतिशतले विस्तार भएकोमा आर्थिक वर्ष २०७८/७९ मा यस क्षेत्रको विस्तार ९.५१ प्रतिशतले हुने अनुमान छ। यसैगरी, आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा निर्माण क्षेत्रको योगदान ६.१७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो योगदान ५.१९ प्रतिशत रहेको थियो। निर्माण क्षेत्रमा विक्रम सम्वत् २०७२ को भूकम्पको भन्दा कोभिड-१९ महामारीको प्रभाव बढी परेको छ।

चार्ट १(द): कुल मूल्य अभिवृद्धिमा निर्माण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.३९ आर्थिक वर्ष २०७७/७८ मा विद्युत, ग्यास तथा वाष्प र वातानुकूलित आपूर्ति सेवाको कुल मूल्य अभिवृद्धि २.५७ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो वृद्धि ३६.६७ प्रतिशत रहने अनुमान छ। माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्पन्न भई गत आर्थिक वर्षबाट विद्युत उत्पादन शुरू भएकोले यस क्षेत्रको वृद्धिदर उच्च रहने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.३७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस क्षेत्रको योगदान १.१४ प्रतिशत रहेको थियो।

चार्ट १(ध): कुल मूल्य अभिवृद्धिमा विद्युत, ग्यास तथा वाष्प र वातानुकुलित आपूर्ति सेवाको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.४० पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर घट्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि १.४९ प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो वृद्धिमा केही कमी आई ०.७२ प्रतिशत हुने अनुमान छ। आर्थिक वर्ष २०७८/७९ मा कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.५१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान ०.५६ प्रतिशत रहेको थियो।

चार्ट १(न): कुल मूल्य अभिवृद्धिमा पानी आपूर्ति, ढल व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

सेवा क्षेत्र

१.४१ कोभिड-१९ महामारीबाट अति प्रभावित थोक तथा खुद्रा व्यापार क्षेत्रले चालु आर्थिक वर्षमा गति लिएको छ। आर्थिक वर्ष २०७७/७८ मा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि ५.७४ प्रतिशतले विस्तार भएकोमा आर्थिक वर्ष २०७८/७९ मा ९.१२ प्रतिशतले विस्तार हुने अनुमान छ। आर्थिक वर्ष २०७६/७७ मा भने यस्तो विस्तार ११.७९ प्रतिशतले घटेको थियो। कोभिड-१९ को संक्रमण नियन्त्रण तथा रोकथामका लागि चालिएका कदमहरूका कारण खल्बलिएको आपूर्ति श्रृङ्खलामा सुधार भई आर्थिक गतिविधिहरू नियमितरूपमा सञ्चालन भएकोले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको छ।

चार्ट १(प): कुल मूल्य अभिवृद्धिमा थोक, खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.४२ आर्थिक वर्ष २०७८/७९ मा कुल मूल्य अभिवृद्धिमा थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा क्षेत्रको योगदान १६.४० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान १५.९६ प्रतिशत रहेको थियो। पछिल्लो दश वर्षमा यस क्षेत्रको औसत वृद्धिदर ५.० प्रतिशत तथा कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको औसत योगदान १५.५६ प्रतिशत रहेको छ।

१.४३ चालु आर्थिक वर्षको शुरूदेखि नै आर्थिक क्रियाकलापहरू सामान्य भएसँगै आवास तथा भोजन सेवा क्षेत्रमा उल्लेख्य सुधार हुन गएको छ। आर्थिक वर्ष २०७६/७७ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि उच्च दरले घटेकोमा त्यसपछिका आर्थिक वर्षमा भने सुधार भएको छ। आर्थिक वर्ष २०७७/७८ मा आवास तथा भोजन सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि १०.७३

प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ११.४२ प्रतिशतले बढ्ने अनुमान छ। आर्थिक वर्षको मध्यतिर फैलिएको कोभिडको नयाँ प्रारूप ओमिक्रोनको प्रभाव न्यून रहेका कारण यो क्षेत्रको विस्तारले गति लिएको छ ।

चार्ट १(फ): कुल मूल्य अभिवृद्धिमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.४४ आर्थिक वर्ष २०७७/७८ मा कुल मूल्य अभिवृद्धिमा आवास तथा भोजन सेवा क्षेत्रको योगदान १.६० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो योगदान १.६५ प्रतिशत पुग्ने अनुमान छ। विगत दश वर्षको यस क्षेत्रको औसत योगदान १.९३ प्रतिशत र वृद्धिदर २.६७ रहेको छ।

१.४५ कोभिड-१९ विरुद्धको खोप लगाउने जनसङ्ख्या बढ्दै गएसँगै मानिसको आवतजावत र मालवस्तुको ढुवानी सेवा सहज हुँदै गएपनि यातायात तथा भण्डारण क्षेत्रको मूल्य अभिवृद्धि गत वर्षको तुलनामा सामान्य नै रहने अनुमान छ। आर्थिक वर्ष २०७६/७७ मा यातायात तथा भण्डारण क्षेत्रको कुल मूल्य अभिवृद्धि ११.७९ प्रतिशतले घटेकोमा पछिल्ला दुई आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि क्रमशः ४.४३ प्रतिशत र ४.५४ प्रतिशतले बढ्ने अनुमान छ।

१.४६ आर्थिक वर्ष २०७७/७८ मा कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ५.३६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा भने यस्तो योगदान ५.९८ प्रतिशत हुने अनुमान छ। विगत दश वर्षको कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको औसत योगदान ६.०९ प्रतिशत छ भने कुल मूल्य अभिवृद्धिको औसत वृद्धिदर ४.२८ प्रतिशत छ।

चार्ट १(ब): कुल मूल्य अभिवृद्धिमा यातायात तथा भण्डारण क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.४७ बैङ्क तथा वित्तीय क्षेत्रको कारोबारमा वृद्धि हुँदै गएको कारण चालु आर्थिक वर्षमा वित्तीय मध्यस्थता क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर बढ्ने देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ४.०५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो वृद्धिदर ६.०६ प्रतिशत हुने अनुमान छ। यसैगरी, आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ७.०१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो योगदानमा केही कमी आई ६.८६ प्रतिशत हुने अनुमान छ। विगत दश वर्षको यस क्षेत्रको औसत योगदान ५.८६ प्रतिशत र वृद्धिदर ५.९६ प्रतिशत रहेको छ।

चार्ट १(भ): कुल मूल्य अभिवृद्धिमा वित्तीय मध्यस्थता क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.४८ पछिल्लो समयमा घर जग्गा कारोवारमा वृद्धि भएको छ। जग्गा र घरको खरिद बिक्री सेवा र भाडा सेवा क्रियाकलापहरू बढ्दै गएकाले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि बढ्ने देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा घरजग्गा कारोबार क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.८२ प्रतिशतले बढ्ने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो वृद्धिदर २.२५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ९.०९ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ८.७६ प्रतिशत रहने अनुमान छ। विगत दश वर्षको यस क्षेत्रको औसत योगदान ९.०९ प्रतिशत र औसत वृद्धिदर २.२९ प्रतिशत रहेको छ।

चार्ट १(म): कुल मूल्य अभिवृद्धिमा घरजग्गा कारोबार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.४९ आर्थिक वर्ष २०७७/७८ मा सूचना तथा सञ्चार क्षेत्रको कुल मूल्य अभिवृद्धि १.७७ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.५८ प्रतिशत रहने अनुमान छ। कोभिड-१९ महामारीका कारण अधिकांश सेवा तथा सुविधा भर्चुअल माध्यमबाट प्रवाह हुन थालेसँगै ईन्टरनेट प्रयोगकर्ताको संख्या बढ्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान २.२२ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यसको योगदान २.०९ प्रतिशत रहने अनुमान छ।

चार्ट १(य): कुल मूल्य अभिवृद्धिमा सूचना तथा सञ्चार क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.५० आर्थिक वर्ष २०७७/७८ मा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको कुल मूल्य अभिवृद्धि २.३७ प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.७८ प्रतिशत रहने अनुमान छ। यसैगरी, आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान १.०१ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यसको योगदान ०.९९ प्रतिशत रहने अनुमान छ। विगत दश वर्षको यस क्षेत्रको औसत योगदान ०.९८ प्रतिशत र वृद्धिदर ४.७८ रहेको छ।

चार्ट १(र): कुल मूल्य अभिवृद्धिमा पेशागत वैज्ञानिक तथा प्राविधिक क्षेत्रको योगदान र वृद्धिदर

(प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.५१ आर्थिक वर्ष २०७७/७८ मा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको कुल मूल्य अभिवृद्धि २.३० प्रतिशतले वृद्धि भएकोमा चालु आर्थिक वर्षमा पनि यस्तो वृद्धिदर ४.४० प्रतिशत हुने अनुमान छ। कोभिड-१९ को असरबाट यो क्षेत्र कमै प्रभावित भएको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.८० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यसको योगदान ०.७८ प्रतिशत हुने अनुमान छ। विगत दश वर्षको यस क्षेत्रको औसत योगदान ०.६६ प्रतिशत र औसत वृद्धिदर १०.३८ रहेको छ ।

चार्ट १(ल): कुल मूल्य अभिवृद्धिमा प्रशासनिक तथा सहयोगी सेवाका क्षेत्रको योगदान र वृद्धिदर

(प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.५२ चालु आर्थिक वर्षमा सङ्घीय सरकारको रक्षा खर्च र तीन तहको सरकारको प्रशासनिक खर्च बढेको कारण प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर तुलनात्मकरूपमा बढ्ने देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा सार्वजनिक प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धि ३.३८ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०७८/७९ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि ४.०५ प्रतिशतले वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ७.८५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान ७.७३ प्रतिशत रहने अनुमान छ। विगत दश वर्षको यस क्षेत्रको औसत योगदान ६.५७ प्रतिशत र औसत वृद्धिदर ५.१७ प्रतिशत रहेको छ।

चार्ट १(ख): कुल मूल्य अभिवृद्धिमा प्रशासन, रक्षा र अनिवार्य सामाजिक सुरक्षा क्षेत्रको योगदान र वृद्धिदर



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.५३ विगत वर्षहरूको तुलनामा विद्यार्थी संख्या बढ्न नसकेकोले चालु आर्थिक वर्षको यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा सामान्य वृद्धि हुने देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा शिक्षा क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ४.०८ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ३.९२ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ८.१० प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा पनि यस्तो योगदान ८.१० प्रतिशत नै रहने अनुमान छ। विगत दश वर्षको यस क्षेत्रको औसत योगदान ७.२१ प्रतिशत र औसत वृद्धिदर ५.३६ प्रतिशत रहेको छ ।

चार्ट १(श): कुल मूल्य अभिवृद्धिमा शिक्षा क्षेत्रको योगदान र वृद्धिदर (प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.५४ स्वास्थ्य सेवाको पहुँच विस्तार, स्वास्थ्यसम्बन्धी चेतना अभिवृद्धि तथा निजी स्वास्थ्य संस्थाको आयमा भएको वृद्धिका साथै कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार र स्वास्थ्य पूर्वाधार निर्माणमा खर्च बढेको कारण मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव परेको छ। आर्थिक वर्ष २०७८/७९ मा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको कुल मूल्य अभिवृद्धिको वृद्धिदर ६.९१ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्ष यस्तो वृद्धिदर ६.६० प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान १.७८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा सीमान्त वृद्धि भई यस्तो योगदान १.७९ प्रतिशत रहने अनुमान छ। विगत दश वर्षको कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको औसत योगदान १.५२ प्रतिशत र औसत वृद्धिदर ५.९२ प्रतिशत रहेको छ ।

चार्ट १(ष): कुल मूल्य अभिवृद्धिमा मानव स्वास्थ्य तथा सामाजिक कार्य क्षेत्रको योगदान र वृद्धिदर
(प्रतिशतमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७९ * अनुमानित

१.५५ अन्य सेवाका क्षेत्र (कला, मनोरञ्जन, तथा अन्य रोजगारदाता घरपरिवारका क्रियाकलाप र आफ्नो उपयोगको लागि घरपरिवारको वस्तु तथा सेवा उत्पादनका क्रियाकलापहरू) को कुल मूल्य अभिवृद्धिको वृद्धिदर आर्थिक वर्ष २०७७/७८ मा ३.३८ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो वृद्धिदर ३.७९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ को कुल मूल्य अभिवृद्धिमा यस क्षेत्रको योगदान ०.६३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा केही कमी आई ०.६१ प्रतिशत रहने अनुमान छ। विगत दश वर्षको यस क्षेत्रको औसत योगदान ०.५५ प्रतिशत र औसत वृद्धिदर ४.४६ प्रतिशत रहेको छ ।

२. सार्वजनिक वित्त

२.१ कोभिड-१९ को प्रभाव क्रमशः न्यून हुन गएसँगै सार्वजनिक वित्तका परिसूचकहरू सकारात्मक बन्दै गएका छन्। कुल सङ्घीय खर्चको तुलनामा पुँजीगत खर्च न्यून रहेको छ। यद्यपि, सङ्घीयता लागू भएपश्चात एकीकृत खर्च र कुल गार्हस्थ्य उत्पादन दुबैमा पुँजीगत खर्चको अनुपात बढ्दै गएको छ। तीनै तहको सरकारको पुँजीगत खर्च गर्ने क्षमताको साथै खर्चको गुणस्तरियता तथा प्रभावकारितामा समेत अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

२.२ कुल राजस्व परिचालनमा पैठारीमा आधारित कर राजस्वको हिस्सा उच्च रहेको कारण आन्तरिक राजस्वको हिस्सालाई बढाउँदै राजस्व परिचालनलाई दिगो बनाउने चुनौती रहेको छ। कोभिड-१९ को कारण पछिल्ला दुई आर्थिक वर्षमा राजस्व परिचालनमा दबाव सिर्जना भएकोले सार्वजनिक ऋण दायित्व बढ्दै गएको छ।

२.३ बजेट व्यवस्थापनका लागि विकास गरिएको मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), खर्च व्यवस्थापनका लागि विकास गरिएको कम्प्युटरमा आधारित सरकारी लेखा प्रणाली (CGAS) तथा भुक्तानी व्यवस्थापनको लागि विकास गरिएको एकल खाता कोष (TSA) बीच अन्तर-आबद्धता गर्ने कार्य सम्पन्न भएको छ। वित्तीय प्रतिवेदन प्रणालीलाई अन्तर्राष्ट्रिय मानदण्ड अनुकुल बनाउन नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित अनलाइन पोर्टल सञ्चालनमा ल्याइएको छ। GFS 2014 बमोजिम अन्तर्राष्ट्रिय मानदण्ड अनुकुल खाता सूची परिमार्जन भई लागू भएको छ। सुधारका प्रयासहरूबाट सार्वजनिक वित्त व्यवस्थापन सबल र सुदृढ बन्दै गएको छ।

२.४ स्थानीय तहमा प्रयोग भइरहेको सूत्र (SuTRA) प्रणालीलाई राष्ट्रिय भुक्तानी इन्टरफेस (Interface) मा आबद्ध गरी स्थानीय तहको भुक्तानी विद्युतीय कोष हस्तान्तरण मार्फत गर्ने कार्य शुरू भएको छ। यसबाट सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्न तथा वित्तीय अनुशासन कायम गर्न सहयोग पुग्ने देखिन्छ।

संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च

२.५ आर्थिक वर्ष २०७७/७८ मा संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च आर्थिक वर्ष २०७६/७७ को रू.११ खर्ब ९१ अर्ब ६ करोडको तुलनामा १४.४ प्रतिशतले बढेर रू.१३ खर्ब ६२ अर्ब १८ करोड पुगेको छ। एकीकृत खर्चमध्ये खुद चालु खर्च (अनुदान हस्तान्तरण बाहेक) रू.७ खर्ब ४१ अर्ब ७१ करोड, पुँजीगत खर्च रू.४ खर्ब ९७ अर्ब १९ करोड र वित्तीय व्यवस्था रू.१ खर्ब २३ अर्ब २९ करोड रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा तीन तहको एकीकृत खर्च ०.०५ प्रतिशतले सङ्कुचन भएको थियो।

तालिका २ (क) : संघ, प्रदेश र स्थानीय तहको एकीकृत खर्च विवरण (रू. करोडमा)

आर्थिक वर्ष	खर्च विवरण	संघ	प्रदेश	स्थानीय तह	एकीकृत खर्च
२०७५/७६	खुद चालु खर्च	३९५२३.५२	३४९३.९२	२४३६३.५७	६७३८१.०२
	अनुदान हस्तान्तरण	३२११८.२४	१६१५.५०	०.००	३३७३३.७४
	पुँजीगत खर्च	२४१५६.२५	६०९९.५६	६२७७.७३	३६५३३.५४
	वित्तीय व्यवस्था	१५२४७.६७	०.००	०.००	१५२४७.६७
	जम्मा (अनुदान हस्तान्तरण सहित)	**१११०४५.६८**	**११२०८.९९**	**३०६४१.३०**	**-**
	जम्मा (अनुदान हस्तान्तरण बाहेक)	**७८९२७.४४**	**९५९३.४९**	**३०६४१.३०**	**१११९१६२.२३**
२०७६/७७	खुद चालु खर्च	४३११४.९९	४३५९.२२	१९२७१.९५	६६७४६.१६
	अनुदान हस्तान्तरण	३५२९९.९०	२३२०.६५	४.३७	३७६२४.९२
	पुँजीगत खर्च	१८९०८.४७	८९३१.५५	१२७१५.५४	४०५५५.५६
	वित्तीय व्यवस्था	११७९०.०४	०.००	१४.०९	११८०४.१३
	जम्मा (अनुदान हस्तान्तरण सहित)	**१०९११३.४१**	**१५६११.४२**	**३२००५.९५**	**-**
	जम्मा (अनुदान हस्तान्तरण बाहेक)	**७३८१३.५१**	**१३२९०.७७**	**३२००१.५८**	**१११९१०५.८६**
२०७७/७८	खुद चालु खर्च	४५१६७.०६	५५१८.९४	२३४८५.०२	७४१७१.०२
	अनुदान हस्तान्तरण	३९४५४.६७	२०१८.७६	२.२९	४१४७५.७२
	पुँजीगत खर्च	२२८८३.६१	११२०५.१६	१५६२९.९९	४९७१८.७६
	वित्तीय व्यवस्था	१२१६२.२६	१४०.००	२६.३३	१२३२८.५९
	जम्मा (अनुदान हस्तान्तरण सहित)	**११९६६७.६०**	**१८८८२.८६**	**३९१४३.६३**	**-**
	जम्मा (अनुदान हस्तान्तरण बाहेक)	**८०२१२.९३**	**१६८६४.१०**	**३९१४१.३४**	**१३६२१८.३७**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

२.६ पछिल्ला ३ वर्षमा तीन तहका सरकारको एकीकृत खर्चमा सङ्घीय खर्चको अनुपात क्रमशः घट्दै गएको छ भने प्रदेश र स्थानीय तहको खर्च अनुपात क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा एकीकृत खर्चमा सङ्घीय सरकारको खर्च ५८.९ प्रतिशत, प्रदेश सरकारको खर्च १२.४ प्रतिशत र स्थानीय तहको खर्च २८.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो खर्च क्रमशः ६२.० प्रतिशत, ११.२ प्रतिशत र २६.९ प्रतिशत रहेको थियो।

चार्ट २ (क): तीन तहका सरकारको एकीकृत खर्चको स्थिति (प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

२.७ आर्थिक वर्ष २०७७/७८ मा कुल एकीकृत खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको हिस्सा क्रमशः ५४.५ प्रतिशत, ३६.५ प्रतिशत र ९.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो खर्च क्रमशः ५६.० प्रतिशत, ३४.१ प्रतिशत र ९.९ प्रतिशत रहेको थियो।

चार्ट २ (ख): आर्थिक वर्ष २०७७/७८ को एकीकृत खर्च संरचना



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

सरकारी वित्तको तुलनात्मक स्थिति

२.८ चालु आर्थिक वर्षमा सङ्घीय चालु खर्च र वित्तीय व्यवस्थातर्फको खर्च वृद्धि भएको छ। २०७८ असोजमा प्रतिस्थापन विधेयक सङ्घीय संसदबाट स्वीकृत भई बजेट प्राप्ति ढिला भएका कारण पुँजीगत खर्च भने केही सङ्कुचन भएको छ।

२.९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.० प्रतिशतले वृद्धि भई रू.६ खर्ब ७४ अर्ब ६१ करोड पुगेको छ। सङ्घीय आय २०.४ प्रतिशतले वृद्धि भई रू.६ खर्ब ५३ अर्ब ३० करोड पुगेको छ। यस अवधिमा सङ्घीय सरकारको पुँजीगत खर्चमा कमी आएको तथा सङ्घीय आयमा वृद्धि हुँदा बजेट घाटा न्यून भई रू.२१ अर्ब ३१ करोड रहेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म बजेट घाटा रू.२९ अर्ब २७ करोड रहेको थियो।

२.१० आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय सरकारको राजस्व बचत गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३४.८६ प्रतिशतले वृद्धि भई रू.६२ अर्ब पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्ममा यस्तो बचत रू.४५ अर्ब ९८ करोड रहेको थियो।

तालिका २ (ख): सङ्घीय सरकारको वित्तको स्थिति

विवरण	फागुनसम्मको				
	रू. करोडमा			प्रतिशत परिवर्तन	
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७७/७८	२०७८/७९
कुल सरकारी खर्च	६१०६८.०७	५७१८७.८३	६७४६१.११	-६.३५	१७.९६
चालु खर्च	४५०७८.१८	४५५९९.९३	५३८५६.९६	१.१६	१८.११
पुँजीगत खर्च	९६४७.८९	७९८८.५२	७७१४.८३	-१७.२०	-३.४३
वित्तीय व्यवस्था	६३४२.००	३५९९.३८	५८८९.३१	-४३.२५	६३.६२
सङ्घीय राजस्व	४७९७०.७९	५०१९७.५२	६००५७.०८	४.६४	१९.६४
वैदेशिक अनुदान	१०४९.२४	७४७.८३	१३८८.३३	-२८.७३	८५.६५
आन्तरिक ऋण लगानीको साँवा फिर्ता	६४.८३	४३.०५	७९.७५	-३३.६०	८५.२४
नगद मौज्दात र बेरुजु	३५३७.६१	३२७२.६२	३८०४.६१	-७.४९	१६.२६
सङ्घीय आय	५२६२२.४७	५४२६१.०२	६५३२९.७७	३.११	२०.४०
बजेट घाटा/बचत	-८४४५.६०	-२९२६.८१	-२१३१.३४	-६५.३५	-२७.१८
राजस्व बचत	२८९२.६१	४५९७.५९	६२००.१२	५८.९४	३४.८६

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

सङ्घीय सञ्चित कोष

२.११ आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारको सञ्चित कोष रू.१ खर्ब ४ अर्ब ३४ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा सङ्घीय सञ्चित कोष रू.७ अर्ब ४४ करोडले घाटामा रहेको थियो।

२.१२ आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सञ्चित कोषमा प्राप्त भएको रकम आर्थिक वर्ष २०७६/७७ को तुलनामा २०.१ प्रतिशतले बढेर रू.१३ खर्ब १ अर्ब १ करोड पुगेको छ।

तालिका २(ग): सङ्घीय सञ्चित कोषको अवस्था (रू. करोडमा)

विवरण	२०७६/७७	२०७७/७८
सङ्घीय प्राप्ति	**१०८३६४.७४**	**१३०१०१.२७**
सङ्घीय राजस्व	७०५४९.८२	८२४९४.६४
वैदेशिक अनुदान	१९१९.१८	३५४४.७६
बेरुजु र नगद मौज्दात	४७५६.५८	४०४३.३०
आन्तरिक ऋण लगानीको साँवा फिर्ता	०.००	३२२.३५
आन्तरिक ऋण प्राप्ति	१९४९०.२८	२२२७७.८७
वैदेशिक ऋण प्राप्ति	११६४८.८८	१७४१८.३५
सङ्घीय खर्च	**१०९१०८.५१**	**११९६६७.६०**
चालु खर्च	७८४१४.८९	८४६२१.७३
पुँजीगत खर्च	१८९०८.४७	२२८८३.६१
वित्तीय व्यवस्थापन	११७८५.१५	१२१६२.२६
सङ्घीय सञ्चित कोषको अवस्था बचत(-)/न्यून(+)	**७४३.७७**	**-१०४३३.६८**

स्रोतः आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को नेपाल सरकारको आय र व्ययको वार्षिक विवरण, महालेखा नियन्त्रक कार्यालय, २०७७/२०७८

सार्वजनिक वित्तको आकार र प्रवृत्ति

२.१३ आर्थिक वर्ष २०७६/७७ मा सङ्घीय सरकारको बजेट घाटा कुल गार्हस्थ्य उत्पादनको ८.१७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो घाटा ७.०५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारको राजस्व सन्तुलन कुल गार्हस्थ्य उत्पादनको ०.५० प्रतिशतले ऋणात्मक रहेको छ। विगत ५ आर्थिक वर्षमध्ये पछिल्ला २ आर्थिक वर्ष राजस्व सङ्कलनमा कोभिड-१९ को प्रभाव परेको कारण राजस्व सन्तुलन ऋणात्मक रहेको छ।

चार्ट २ (ग): सङ्घीय सरकारको बजेट तथा राजस्व सन्तुलन (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०७८

२.१४ आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारको कुल आय १५.८ प्रतिशतले वृद्धि भई रू.८ खर्ब ९५ अर्ब ३९ करोड रहेको छ। यस अवधिमा कुल सङ्घीय सरकारी खर्च ९.७ प्रतिशतले वृद्धि भई रू.११ खर्ब ९६ अर्ब ७८ करोड रहेको छ।

तालिका २(घ): सार्वजनिक वित्तका सूचक (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

परिसूचकहरू	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८
सङ्घीय खर्च	२३.०१	२७.२१	३१.४६	२८.७८	२८.०६	२७.९८
चालु खर्च	१४.२४	१६.८५	२०.१७	१८.५७	२०.१६	१९.७९
पुँजीगत खर्च	४.७३	६.७८	७.८३	६.२६	४.८६	५.३५
वित्तीय व्यवस्था	४.०५	३.५७	३.४६	३.९५	३.०३	२.८४
कुल राजस्व *	१८.४८	१९.८०	२१.०३	२१.५०	२०.४१	२१.८८
कर	१६.१५	१८.००	१९.०८	१९.१४	१८.००	२०.३४
गैरकर	२.३३	१.८०	१.९५	२.३६	२.४१	१.५४
सङ्घीय राजस्व				१८.९५	१८.१२	१९.२९
कर				१६.६७	१५.७७	१७.७९
गैरकर				२.२८	२.३५	१.४९
सङ्घीय राजस्व र अनुदान	१९.८५	२०.९५	२२.१९	१९.९८	१९.८४	२०.८६
सङ्घीय आय	२०.३७	२१.०४	२२.२९	२०.०६	१९.८९	२०.९३
सङ्घीय बजेट घाटा	२.६४	६.१७	९.१८	८.७२	८.१७	७.०५
सङ्घीय राजस्व बचत	४.२४	२.९४	०.८६	०.३९	-२.०४	-०.५०
तिर्न बाँकी सार्वजनिक ऋण	२४.०७	२२.६७	२६.५४	२७.१६	३६.८६	४०.६२
ऋण सेवा खर्च (ब्याज र साँवा)	२.९४	२.३२	२.०८	१.९५	२.१५	२.२२

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८ * सङ्घीय सञ्चित कोष र विभाज्य कोषमा सङ्कलन भएको राजस्व

२.१५ आर्थिक वर्ष २०७६/७७ मा सङ्घीय सरकारको बजेट घाटा रू.३ खर्ब १७ अर्ब ८० करोड रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो घाटा ५.२ प्रतिशतले सङ्कुचन भई रू.३ खर्ब १ अर्ब ३८ करोड रहेको छ।

२.१६ आर्थिक वर्ष २०७६/७७ मा कुल गार्हस्थ्य उत्पादनमा सङ्घीय खर्च २८.०६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो खर्च २७.९८ प्रतिशत रहेको छ। यस अवधिमा कुल गार्हस्थ्य उत्पादनसँग चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात क्रमशः १९.७९ प्रतिशत, ५.३५ प्रतिशत र २.८४ प्रतिशत रहेको छ।

चार्ट २ (घ): सङ्घीय सरकारको खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

२.१७ आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा सङ्घीय सरकारले सङ्कलन गरेको राजस्वको अनुपात २१.८८ प्रतिशत रहेकोमा सङ्घीय सरकारले उपयोग गर्ने राजस्वको अनुपात १९.२९ प्रतिशत रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने राजस्व कुल गार्हस्थ्य उत्पादनको २.५९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो राजस्व कुल गार्हस्थ्य उत्पादनको २.२९ प्रतिशत रहेको थियो।

२.१८ कुल राजस्व सङ्कलनमध्ये कर राजस्वको हिस्सा उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा कर राजस्व र गैरकर राजस्वको अनुपात क्रमशः २०.३४ प्रतिशत र १.५४ प्रतिशत रहेको छ।

चार्ट २(ङ) : राजस्वको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७७

२.१९ २०७८ असारसम्म सार्वजनिक ऋण दायित्व कुल गार्हस्थ्य उत्पादनको ४०.६ प्रतिशत रहेकोमा २०७८ फागुनसम्म यस्तो ऋण दायित्व कुल गार्हस्थ्य उत्पादनको ३८.१ प्रतिशत रहेको छ। बाह्य र आन्तरिक ऋण दायित्व कुल गार्हस्थ्य उत्पादनको क्रमश: २०.३ प्रतिशत र १७.८ प्रतिशत रहेको छ।

चार्ट २ (च): खुद सार्वजनिक ऋणको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८ * फागुनसम्म

२.२० पछिल्ला वर्षहरूमा सरकारको आन्तरिक ऋण परिचालन वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा आन्तरिक ऋण परिचालन कुल गार्हस्थ्य उत्पादनको ५.२४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म यस्तो अनुपात १.८४ प्रतिशत रहेको छ। आर्थिक

वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय सरकारले रू.८९ अर्ब ५० करोड आन्तरिक ऋण परिचालन गरेको छ।

चार्ट २(छ) : आन्तरिक ऋण परिचालनको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोत: सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०७८ * फागुनसम्म

२.२१ पछिल्ला ३ वर्षमा सरकारको ऋण सेवा खर्च कुल गार्हस्थ्य उत्पादनको अनुपातमा क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल ऋण सेवा खर्च (ऋणको साँवा तथा ब्याज भुक्तानी) कुल गार्हस्थ्य उत्पादनको २.१५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो खर्च कुल गार्हस्थ्य उत्पादनको २.२२ प्रतिशत पुगेको छ। यस अवधिमा साँवा र ब्याज खर्च कुल गार्हस्थ्य उत्पादनको क्रमशः १.४१ प्रतिशत र ०.८१ प्रतिशत रहेको छ।

चार्ट २(ज) : ऋण सेवा खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

२.२२ अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालनमा अनुदानको अंश न्यून रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन कुल गार्हस्थ्य उत्पादनको ३.६९

प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा वैदेशिक ऋण र अनुदानको अनुपात क्रमशः ३.१ प्रतिशत र ०.६ प्रतिशत रहेको छ।

चार्ट २(झ) : अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०७८

२.२३ अन्तर्राष्ट्रिय विकास सहायता उपयोगमा समेत वैदेशिक ऋणको हिस्सा उच्च रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा अन्तर्राष्ट्रिय विकास सहायता उपयोग कुल गार्हस्थ्य उत्पादनको ४.९० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुपात ३.५९ प्रतिशत रहेको थियो।

चार्ट २(ञ) : अन्तर्राष्ट्रिय विकास सहायता उपयोगको स्थिति



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

सङ्घीय सरकारी खर्चको संरचना

२.२४ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १८.० प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ७४ अर्ब ६१ करोड रहेको छ। कुल खर्च मध्ये चालु खर्च रू.५ खर्ब ३८ अर्ब ९७ करोड, पुँजीगत खर्च रू.७७ अर्ब १५ करोड र वित्तीय व्यवस्था तर्फ रू.५८ अर्ब ८९ करोड रहेको छ। यस अवधिमा चालु खर्च र वित्तीय व्यवस्थातर्फ क्रमशः १८.१ प्रतिशत र ६३.६ प्रतिशतले वृद्धि भएको छ भने पुँजीगत खर्च ३.४ प्रतिशतले घटेको छ।

२.२५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय खर्चमा चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको अनुपात क्रमशः ७९.९ प्रतिशत, ११.४ प्रतिशत र ८.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो अनुपात क्रमशः ७९.७ प्रतिशत, १४.० प्रतिशत र ६.३ प्रतिशत रहेको थियो।

चार्ट २ (ट) :सङ्घीय सरकारी खर्चको संरचना (कुल सङ्घीय सरकारी खर्चको प्रतिशतमा)



स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८ *फागुनसम्म

२.२६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सार्वजनिक संस्थानमा ऋण तथा शेयर लगानी र वैदेशिक शेयर लगानी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.८ प्रतिशतले वृद्धि भई रू.१५ अर्ब ९८ करोड पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो लगानी रू.१५ अर्ब ८५ करोड रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा यस्तो लगानी रू. ६१ अर्ब ३९ करोड रहेको थियो।

२.२७ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय खर्चमा शेयर तथा ऋण लगानीको अनुपात २.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म यस्तो अनुपात २.८ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा यस्तो अनुपात ५.१ प्रतिशत रहेको थियो।

२.२८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म आन्तरिक एवं वैदेशिक ऋणको साँवा भुक्तानी आर्थिक वर्ष २०७७/७८ को सोही अवधिको तुलनामा ११३.१ प्रतिशतले वृद्धि भई रू.४२ अर्ब ९१ करोड रहेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म यस्तो भुक्तानी ३७.९ प्रतिशतले कमी भई रू.२० अर्ब १४ करोड रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा यस्तो भुक्तानी ४.७ प्रतिशतले वृद्धि भई रू.६० अर्ब २३ करोड रहेको थियो।

कार्यात्मक वर्गीकरणअनुसारको चालु खर्च विवरण

२.२९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय सरकारको चालु खर्च आर्थिक वर्ष २०७७/७८ को सोही अवधिको तुलनामा १८.१ प्रतिशतले वृद्धि भई रू.५ खर्ब ३८ अर्ब ५७ करोड रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो खर्च रू.४ खर्ब ५६ अर्ब रहेको थियो।

२.३० आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारको कुल चालु खर्च (अनुदान हस्तान्तरण सहित) ७.९ प्रतिशतले वृद्धि भई रू.८ खर्ब ४६ अर्ब २२ करोड पुगेको थियो। सोही अवधिमा सङ्घीय सरकारको खुद चालु खर्च (अनुदान हस्तान्तरण बाहेक) ४.८ प्रतिशतले वृद्धि भई रू.४ खर्ब ५१ अर्ब ६७ करोड रहेको थियो। आर्थिक वर्ष २०७७७/७८ मा कुल सङ्घीय चालु खर्चमा प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको अनुदानको अंश ४६.६ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७६/७७ मा यस्तो अंश ४५.० प्रतिशत रहेको थियो।

तालिका २ (ङ) : सङ्घीय सरकारको चालु खर्चको कार्यात्मक संरचना (प्रतिशतमा)

विवरण	आर्थिक वर्ष					फागुनसम्म	
	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७७/७८	२०७८/७९
सामान्य सार्वजनिक सेवा	२५.१७	४८.२२	६०.७३	५८.३७	५७.४४	५६.३७	५३.४२
रक्षा	६.८५	५.४७	५.६०	५.५०	५.१८	६.१५	५.६५
सार्वजनिक शान्ति सुरक्षा	९.९६	६.८०	५.८७	५.९१	५.५९	६.६६	६.८४
आर्थिक मामिला	१९.७२	२१.१०	१५.८०	११.२१	७.२३	६.५३	५.५७
वातावरण संरक्षण	०.५७	०.३७	०.३४	०.१८	०.१२	०.०६	०.०७
आवास तथा सामुदायिक सुविधा	०.९५	१.१४	०.७८	०.५८	०.३९	०.४८	०.२०
स्वास्थ्य	७.५८	४.१७	४.४२	४.१७	४.९२	४.३९	५.०७
मनोरञ्जन, संस्कृति तथा धर्म	०.९७	०.६७	०.३०	०.५५	०.३७	०.४८	०.३५
शिक्षा	२०.८९	६.४२	०.३६	५.०१	४.३५	४.९९	५.४४
सामाजिक सुरक्षा	७.३३	५.६४	५.७९	८.५२	१४.४२	१३.९०	१७.३८
जम्मा	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

नोट: वित्तीय सङ्घीयता लागू भए पश्चात धेरै कार्यक्रमहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण भई गएकाले आर्थिक वर्ष २०७४/७५ अघिका तथ्याङ्कहरू त्यसपछिका वर्षसँग प्रत्यक्ष तुलनायोग्य छैनन्।

२.३१ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म चालु खर्च मध्ये सामान्य सार्वजनिक सेवा शीर्षकमा भएको खर्चको अनुपात सबैभन्दा उच्च ५३.४२ प्रतिशत र वातावरण संरक्षण शीर्षकमा भएको खर्चको अनुपात सबैभन्दा न्यून ०.०७ प्रतिशत रहेको छ।

२.३२ चालु आर्थिक वर्षको फागुनसम्म सामान्य सार्वजनिक सेवा अन्तर्गतको विभिन्न तहका सरकारहरू बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण उपशीर्षकको खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.३ प्रतिशतले वृद्धि भई रू.२ खर्ब ३४ अर्ब ४३ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो खर्च १२.६ प्रतिशतले बढेर रू.३ खर्ब ९५ अर्ब ४५ करोड रहेको थियो।

कार्यात्मक वर्गीकरणअनुसारको पुँजीगत खर्च विवरण

२.३३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय सरकारको पुँजीगत खर्चमा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.४ प्रतिशतले सङ्कुचन आई रू.७७ अर्ब १५ करोड रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो खर्च रू.७९ अर्ब ८९ करोड रहेको थियो। चालु आर्थिक वर्षको बजेट प्रतिस्थापन विधेयकमार्फत २०७८ असोजमा मात्र पारित भएको हुँदा खर्च प्रक्रिया केही ढिला हुन गएको र सोको असर पुँजीगत खर्चमा समेत परेको छ।

२.३४ आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारको पुँजीगत खर्च २१.० प्रतिशतले बढेर रू.२ खर्ब २८ अर्ब ८४ करोड पुगेको थियो। सो अवधिमा कुल पुँजीगत खर्चमध्ये आर्थिक मामिला शीर्षकमा भएको खर्च मात्र ५७.३ प्रतिशत रहेको थियो।

तालिका २(च): सङ्घीय सरकारको पुँजीगत खर्चको कार्यात्मक विवरण (प्रतिशतमा)

विवरण	आर्थिक वर्ष					फागुनसम्म	
	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७७/७८	२०७८/७९
सामान्य सार्वजनिक सेवा	२.३७	१.८९	४.४४	२.५५	१४.३१	१५.४४	९.२५
रक्षा	३.६३	३.६५	५.००	३.५३	३.५५	३.३९	२.३९
सार्वजनिक शान्ति सुरक्षा	२.५५	२.४१	३.४०	२.९१	४.२७	३.०२	५.७३
आर्थिक मामिला	७०.१९	७१.२३	६७.९२	६७.५५	५७.२८	५९.३९	५९.६४
वातावरण संरक्षण	१.३५	२.७५	३.४१	३.७२	१.९०	१.५०	१.९६
आवास तथा सामुदायिक सुविधा	१६.०३	१५.१४	१२.२६	१४.३८	१४.६५	१४.८५	१४.६७
स्वास्थ्य	२.९०	२.५३	२.५१	३.९५	३.४६	२.१६	६.२०
मनोरञ्जन,संस्कृति तथा धर्म	०.७०	०.२२	०.९२	१.३२	०.४०	०.०९	०.०९
शिक्षा	०.११	०.०९	०.०७	०.०८	०.१५	०.१४	०.०४
सामाजिक सुरक्षा	०.१७	०.१०	०.०६	०.०२	०.०४	०.०२	०.०२
जम्मा	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**	**१००.००**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

नोट: वित्तीय सङ्घीयता लागू भए पश्चात धेरै कार्यक्रमहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण भई गएकाले आर्थिक वर्ष २०७४/७५ अघिका तथ्याङ्कहरू त्यसपछिका वर्षसँग प्रत्यक्ष तुलनायोग्य छैनन्।

२.३५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मको सङ्घीय पुँजीगत खर्चमध्ये आर्थिक मामिला शीर्षकमा भएको खर्च सबैभन्दा बढी ५९.६४ प्रतिशत छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस शीर्षकमा भएको खर्च ५९.३९ प्रतिशत रहेको थियो।

२.३६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मको सङ्घीय पुँजीगत खर्चमध्ये सामाजिक सुरक्षा शीर्षक अन्तर्गत भएको खर्च सबैभन्दा कम ०.०२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा पनि यस शीर्षकमा भएको खर्च ०.०२ प्रतिशत रहेको थियो।

पुँजीगत खर्चको स्थिति विश्लेषण

२.३७ कोभिड-१९ को कारण पछिल्ला २ आर्थिक वर्षमा विनियोजित पुँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन नसकी पुँजीगत खर्च न्यून रहन गयो। आर्थिक वर्ष २०७६/७७ मा विनियोजित पुँजीगत बजेटको ४६.२ प्रतिशत मात्र खर्च भएकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो खर्च बढेर ६४.८ प्रतिशत पुगेको थियो।

२.३८ वित्तीय सङ्घीयताको कार्यान्वयनसँगै वित्तीय हस्तान्तरण मार्फत प्रदेश र स्थानीय तहमा समेत पुँजीगत खर्च हुने भएकोले सङ्घीय बजेटमा पुँजीगत बजेटको हिस्सा वित्तीय सङ्घीयता कार्यान्वयन हुनु पूर्वको तुलनामा न्यून रहेको छ। सङ्घीय सरकारको कुल बजेटमा पुँजीगत बजेटको हिस्सा करिब एक चौथाइ रहँदै आएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल सङ्घीय बजेटमा पुँजीगत बजेटको हिस्सा आर्थिक वर्ष २०७६/७७ को २६.७ प्रतिशतबाट २.८ प्रतिशत विन्दुले कमी भई २३.९ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा यस्तो हिस्सा २३.२ प्रतिशत रहेको छ।

चार्ट २(ठ): सङ्घीय पुँजीगत खर्चको प्रवृत्ति (प्रतिशतमा)



स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०७८ * फागुनसम्मको।

२.३९ पुँजीगत खर्चको प्रवृत्तिको आधारमा विश्लेषण गर्दा आर्थिक वर्षको अन्त्यतिर मात्र पुँजीगत खर्चको भुक्तानी अधिकेन्द्रित भएको देखिन्छ। विकास आयोजना सम्वद्ध निर्माणका कार्य अगाडि नै सम्पन्न भएपनि असार महिनामा गएर भुक्तानी गर्ने प्रवृत्ति बढ्दो देखिन्छ। यसबाट आर्थिक वर्षको अन्त्यतिर सङ्घीय सञ्चित कोषमा बढी दबाब सिर्जना हुने गरेको छ। फलस्वरूप, सङ्घीय सरकारले आन्तरिक ऋणको ठूलो हिस्सा हरेक आर्थिक वर्षको अन्त्यतिर परिचालन गरेको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा कुल पुँजीगत खर्चको ३७.५ प्रतिशत असार महिनामा भुक्तानी भएको थियो।

चार्ट २ (ङ): पुँजीगत खर्चको भुक्तानी प्रवृत्ति (प्रतिशतमा)

	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९
साउन	०.०४	०.१३	०.५१	०.३२	०.०६	१.२१
भदौ	०.९२	१.४५	१.८७	२.४०	१.५८	२.१७
असोज	४.१५	४.१७	६.९७	७.००	४.९४	१५.९२
कार्तिक	२.००	२.२३	३.००	३.४२	६.२९	७.६५
मंसिर	३.८५	३.८१	३.८३	६.८४	२.८४	९.८७
पौष	५.९२	६.०८	६.७९	१३.२२	६.५०	२९.०४
माघ	८.११	६.५६	६.२७	७.४७	५.३३	१२.९४
फागुन	७.५८	१०.३४	८.१३	१०.३६	७.३६	२१.२०
चैत्र	६.८५	९.२१	७.९४	४.५४	११.३५	
वैशाख	७.९५	५.९५	८.०२	४.७९	८.७६	
जेठ	१०.२९	१०.०१	९.३६	६.३१	७.५२	
असार	४२.३४	४०.०५	३७.३०	३३.३३	३७.४७	
जम्मा	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

२.४० वित्तीय सङ्घीयता लागू भएसँगै सङ्घीय सरकारको पुँजीगत खर्च तुलनात्मक रूपमा न्यून देखिएपनि तीन तहको एकीकृत पुँजीगत खर्च क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ को एकीकृत खर्चमा पुँजीगत खर्चको अंश ३४.१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा ३६.५ प्रतिशत पुगेको छ।

२.४१ पछिल्लो ३ वर्षको खर्चको आधारमा कुल एकीकृत खर्चमा प्रदेश र स्थानीय तहबाट भएको पुँजीगत खर्चको हिस्सा बढ्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ को एकीकृत खर्चमा संघ, प्रदेश र स्थानीय तहबाट भएको पुँजीगत खर्चको हिस्सा क्रमशः १६.८ प्रतिशत, ८.२ प्रतिशत र ११.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो हिस्सा क्रमशः १५.९ प्रतिशत, ७.५ प्रतिशत र १०.७ प्रतिशत रहेको थियो।

२.४२ कुल गार्हस्थ्य उत्पादनमा एकीकृत पुँजीगत खर्चको अनुपात बढ्दै गएको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो अनुपात १०.४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा ११.६ प्रतिशत पुगेको छ।

चार्ट २(ढ): एकीकृत पुँजीगत खर्च अवस्था



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

२.४३ तीन तहका सरकारको एकीकृत बजेटमा पुँजीगत बजेटको हिस्सा ४० प्रतिशत भन्दा बढी रहेको छ। तुलनात्मक रूपमा प्रदेशमा पुँजीगत बजेटको हिस्सा उच्च र संघमा न्यून रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा संघ, प्रदेश र स्थानीय तहको बजेटमा पुँजीगत बजेटको हिस्सा क्रमशः २३.९ प्रतिशत, ५३.० प्रतिशत र ४५.८ प्रतिशत रहेको छ।

चार्ट २ (ण): बजेट विनियोजनमा पुँजीगत बजेटको अंश (प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

नोटः यहाँ समावेश गरिएको एकीकृत बजेट तीन तहका सरकारको खुद बजेट हो जसमा तीन तहमा भएको वित्तीय हस्तान्तरणको रकमलाई तीन तहका सरकारको कुल बजेटको रकमबाट घटाएर राखिएको छ। आर्थिक वर्ष २०७६/७७ मा वित्तीय हस्तान्तरणको रकम रू.३ खर्ब ९६ अर्ब ४६ करोड रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो रकम रू.४ खर्ब २९ अर्ब ६६ करोड पुगेको छ।

२.४४ कोभिड-१९ को कारण पछिल्लो दुई आर्थिक वर्षमा तीन तहका सरकारको पुँजीगत बजेटको ठूलो हिस्सा खर्च हुन सकेन। फलस्वरूप, आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा यस्तो खर्च क्रमशः ५२.६ प्रतिशत र ६५.७ प्रतिशत रहेको छ। तुलनात्मक रूपमा आर्थिक वर्ष २०७७/७८ मा पुँजीगत बजेटमा पुँजीगत खर्चको हिस्सा प्रदेशमा उच्च र स्थानीय तहमा न्यून रहेको छ।

चार्ट २ (त): पुँजीगत बजेटमा पुँजीगत खर्चको अंश (प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

२.४५ आर्थिक वर्ष २०७६/७७ को तुलनामा आर्थिक वर्ष २०७७/७८ मा तीन तहको कुल खर्च (वित्तीय हस्तान्तरणसहित) मा पुँजीगत खर्चको हिस्सा बढेको छ। आर्थिक वर्ष २०७६/७७ मा कुल सङ्घीय खर्चमा पुँजीगत खर्चको हिस्सा १७.३ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा १९.१ प्रतिशत पुगेको छ। त्यसैगरी, सो अवधिमा कुल प्रादेशिक खर्चमा प्रादेशिक पुँजीगत खर्चको अंश ५७.२ प्रतिशतबाट बढेर ५९.३ प्रतिशत पुगेको छ। साथै, स्थानीय तहको कुल खर्चमा पुँजीगत खर्चको अंश आर्थिक वर्ष २०७६/७७ मा ३९.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा सीमान्त वृद्धि भई ३९.९ प्रतिशत पुगेको छ।

चार्ट २ (थ): कुल खर्चमा पुँजीगत खर्चको अंश (प्रतिशत)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

नोटः यहाँ समावेश गरिएको कुल खर्चमा पुँजीगत खर्चको अनुपात तीन तहका सरकारको आ-आफ्नो वित्तीय हस्तान्तरणसहितको कुल खर्चलाई आधार मानी गणना गरिएको छ।

२.४६ पुँजीगत खर्चको परिमाणमा क्रमशः वृद्धि हुँदै जानु सकारात्मक रहेपनि खर्चको गुणस्तर र प्रभावकारिता बढ्न सकेको छैन। विकास निर्माणका कार्यमा विनियोजित पुँजीगत बजेट खर्च हुन नसक्नु तर बजेट खर्च गर्न सहज हुने अन्य शीर्षकमा रकमान्तर र स्रोतान्तर गर्ने/गराउने प्रवृत्तिले खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने दिशामा चुनौती थपिएको छ।

२.४७ हाल प्रचलनमा रहेको खर्चको कार्यात्मक वर्गीकरणमा समय सान्दर्भिक सुधार गर्नु आवश्यक रहेको छ। पुँजी निर्माणमा सहयोग नगर्ने क्रियाकलापलाई समेत पुँजीगत खर्चमा राखिएको र चालु खर्चमा समेत पुँजी निर्माणमा सहयोगी क्रियाकलापलाई समावेश गरिएको हुँदा यसबाट वास्तविक पुँजीगत खर्च यकिन गर्न कठिनाइ रहेको छ। अतः क्रियाकलाप सूची (Chart of Activities) को आधारमा सरकारी खर्चको वर्गीकरण गरी भौतिक तथा मानव पुँजी निर्माणमा सहयोग गर्ने क्रियाकलापलाई पुँजीगत खर्चमा राख्नुपर्ने आवश्यकता रहेको छ।

करको दायरा विस्तार

२.४८ करको आधार तथा दायरामा क्रमशः विस्तार हुँदै गएको छ। व्यावसायिक, व्यक्तिगत र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर समेत गरी २०७८ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरूको सङ्ख्या ४० लाख ६६ हजार १ सय ३१ रहेकोमा २०७८ फागुनसम्म यस्तो सङ्ख्यामा १३.७ प्रतिशतले वृद्धि भई ४६ लाख २४ हजार ४ सय ६१ पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्म थप स्थायी लेखा नम्बर लिनेको सङ्ख्या ५ लाख ५८ हजार ३ सय ३० रहेको छ। २०७७ असारसम्म स्थायी लेखा नम्बर लिने करदाताहरूको सङ्ख्या ३३ लाख ३७ हजार ४ सय ९२ रहेको थियो।

२.४९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म २३ हजार ३ सय ६२ नयाँ करदाताहरू थप भई मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या ३ लाख १४ हजार ७६ पुगेको छ। २०७८ फागुनसम्म अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १६ हजार ५ सय ६० पुगेको छ।

तालिका २(छ) : व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण

दर्ताको प्रकार	२०७६ असारसम्म	२०७७ असारसम्म	२०७८ असारसम्म	आर्थिक वर्ष २०७८/७९ फागुनसम्म थप	२०७८ फागुनसम्म
जम्मा स्थायी लेखा नम्बर	२१७१५२४	३३३७४९२	४०६६१३१	५५८३३०	४६२४४६१
व्यावसायिक स्थायी लेखा नम्बर	११७७९०७	१३५८९३४	१५८०३८०	१७२२९४	१७५२६७४
व्यक्तिगत स्थायी लेखा नम्बर	९९२८८०	१९७३४५२	२४७५७५३	३८०८३६	२८५६५८९
करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर	७३७	५१०६	९९९८	५२००	१५१९८
मूल्य अभिवृद्धि कर	२१४१०९	२५५९६३	२९०७१४	२३३६२	३१४०७६
अन्तःशुल्क	७८८०७	९४२९२	१०४१८२	१२३७८	११६५६०

स्रोत: अर्थ मन्त्रालय, २०७८

सरकारी आय तथा राजस्व संरचना (बाँडफाँट अघिको)

२.५० आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल सरकारी आय आर्थिक वर्ष २०७७/७८ को सोही अवधिको तुलनामा २०.० प्रतिशतले वृद्धि भई रू.७ खर्ब ३४ अर्ब १७ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो आय ३.१ प्रतिशतले बढेर रू. ६ खर्ब ११ अर्ब ८४ करोड रहेको थियो।

तालिका २(ज) : सरकारी आय संरचना (रू.करोडमा)

आर्थिक वर्ष	फागुनसम्म			प्रतिशत परिवर्तन	
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७७/७८	२०७८/७९
कर राजस्व	४९७५४.४४	५२७६६.९२	६२७९०.४७	६.१	१९.०
गैरकर राजस्व	४९२४.९४	४३५३.४२	५४३३.३४	-११.६	२४.८
कुल राजस्व	**५४६७९.३८**	**५७१२०.३४**	**६८२२३.८१**	**४.५**	**१९.४**
वैदेशिक अनुदान प्राप्ति	१०४९.२४	७४७.८३	१३८८.३३	-२८.७	८५.६
आन्तरिक ऋण लगानीको साँवा फिर्ता	६४.८३	४३.०५	०.००	-३३.६	-१००.०
नगद मौज्दात र बेरुजु	३५३७.६१	३२७२.६२	३८०४.६१	-७.५	१६.३
कुल सरकारी आय	**५९३३१.०६**	**६११८३.८४**	**७३४१६.७५**	**३.१**	**२०.०**

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०७८

२.५१ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.४ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो वृद्धि ४.५ प्रतिशत रहेको थियो।

सङ्घीय आय तथा राजस्व (बाँडफाँट पछिको)

२.५२ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय आय गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २०.३ प्रतिशतले बढेर रू. ६ खर्ब २५ अर्ब ५० करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म यस्तो आय ३.१ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय राजस्व गत वर्षको सोही अवधिको तुलनामा १९.६ प्रतिशतले बढेर रू.६ खर्ब ६ करोड पुगेको छ।

तालिका २(झ): सङ्घीय आय संरचना (रू. करोडमा)

विवरण	फागुनसम्म			प्रतिशत परिवर्तन	
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७७/७८	२०७८/७९
कर राजस्व	४३२९४.२०	४६००७.२५	५४८११.४३	६.३	१९.१
गैरकर राजस्व	४६७६.५८	४१९०.२७	५२४५.६६	-१०.४	२५.२
कुल सङ्घीय राजस्व	**४७९७०.७९**	**५०१९७.५२**	**६००५७.०८**	**४.६**	**१९.६**
वैदेशिक अनुदान प्राप्ति	१०४९.२४	७४७.८३	१३८८.३३	-२८.७	८५.६
आन्तरिक ऋण लगानीको साँवा फिर्ता	६४.८३	४३.०५	०.००	-३३.६	-
नगद मौज्दात र बेरुजु	३५३७.६१	३२७२.६२	३८०४.६१	-७.५	१६.३
कुल सङ्घीय आय	**५२६२२.४७**	**५४२६१.०२**	**६५२५०.०२**	**३.१**	**२०.३**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

२.५३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मको कुल सङ्घीय खर्चमा कुल सङ्घीय आयको अनुपात ९६.७ प्रतिशत र सङ्घीय राजस्वको अनुपात ८९.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो अनुपात क्रमशः ९४.९ प्रतिशत र ८७.८ प्रतिशत थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मको कुल सङ्घीय खर्चमा वैदेशिक ऋण प्राप्तिको अनुपात ९.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो अनुपात १४.९ प्रतिशत थियो।

तालिका २(ञ) : सङ्घीय सरकारी खर्चमा आय, राजस्व, अनुदान र ऋणको अनुपात

विवरण	फागुनसम्म					
	रू. करोडमा			कुल सरकारी खर्चको प्रतिशतमा		
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७६/७७	२०७७/७८	२०७८/७९
सङ्घीय आय	५२६२२.४७	५४२६१.०२	६५२५०.०२	८६.२	९४.९	९६.७
सङ्घीय राजस्व	४७९७०.७९	५०१९७.५२	६००५७.०८	७८.६	८७.८	८९.०
वैदेशिक अनुदान प्राप्ति	१०४९.२४	७४७.८३	१३८८.३३	१.७	१.३	२.१
आन्तरिक ऋण परिचालन	०.४०	११२५१.५३	८९५०.००	०.०	१९.७	१३.३
वैदेशिक ऋण प्राप्ति	६२०७.५६	८५०१.७९	६५२१.४२	१०.२	१४.९	९.७
सङ्घीय सरकारी खर्च	**६१०६८.०७**	**५७१८७.८३**	**६७४६१.११**	**१००.०**	**१००.०**	**१००.०**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

नोट: फागुनसम्मको सरकारी आय/ राजस्वमा रोयल्टी बाँडफाँट समावेश गरिएको छैन।

२.५४ कुल राजस्व परिचालनमा मूल्य अभिवृद्धि करको हिस्सा उच्च रहेपनि सङ्घीय राजस्वमध्ये आयकरको हिस्सा उच्च रहेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय राजस्व संरचनामा मूल्य अभिवृद्धि करको अनुपात २३.७ प्रतिशत रहेको छ भने आयकर र भन्सार महसुलको अनुपात क्रमशः २४.८ प्रतिशत र २२.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म यस्तो अनुपात क्रमशः २४.४ प्रतिशत, २५.३ प्रतिशत र २२.५ प्रतिशत थियो।

तालिका २ (ट): विगत ३ वर्षको सङ्घीय राजस्वको संरचना (कुल राजस्वको प्रतिशतमा)

राजस्वको विवरण	फागुनसम्म					
	रू. करोडमा			सङ्घीय राजस्वको प्रतिशतमा		
	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७६/७७	२०७७/७८	२०७८/७९
मूल्य अभिवृद्धि कर	११६४६.६८	१२२५५.६१	१४२४९.२८	२४.३	२४.४	२३.७
अन्तःशुल्क	६५०९.१५	७०४८.७२	८९००.२६	१३.६	१४.०	१४.८
आयकर	१३६१९.३८	१२७०२.८८	१४९२२.४३	२८.४	२५.३	२४.८
भन्सार महसुल	१०१३७.३१	११२७५.४२	१३७५६.०८	२१.१	२२.५	२२.९
गैरकर	४६७६.५८	४१९०.२७	५२४५.६६	९.७	८.३	८.७
अन्य	१३८१.६९	२७२४.६२	२९८३.३६	२.९	५.४	५.०
सङ्घीय राजस्व	**४७९७०.७९**	**५०१९७.५२**	**६००५७.०८**	**१००.०**	**१००.०**	**१००.०**

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०७८

आन्तरिक र आयातमा आधारित कर राजस्वको संरचना

२.५५ चालु आर्थिक वर्षमा समष्टिगत मागमा भएको वृद्धिसँगै पैठारीमा वृद्धि हुँदा त्यसको प्रभाव राजस्व सङ्कलनमा समेत देखिएको छ। आयातमा आधारित कर राजस्वको वृद्धिदर आन्तरिक कर राजस्वको वृद्धिदरभन्दा उच्च रहेको कारण समग्रमा आयातमा आधारित कर राजस्वको हिस्सा बढेको छ।

२.५६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कर राजस्वमा पैठारीमा आधारित कर राजस्व र आन्तरिकतर्फको कर राजस्वको अंश क्रमशः ५४.३ प्रतिशत र ४५.७ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमशः ४९.३ प्रतिशत र ५०.७ प्रतिशत रहेको थियो।

२.५७ आर्थिक वर्ष २०७७/७८ मा कुल कर राजस्व परिचालनमा आयातमा आधारित करको अंश ४८.१ प्रतिशत र आन्तरिकतर्फको करको अंश ५१.९ प्रतिशत रहेको थियो।

तालिका २(ठ): आन्तरिक कर राजस्व र आयातमा आधारित कर राजस्व संरचना (रू. करोडमा)

विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
कर राजस्व	**६५९४९.१५**	**७३८६०.४०**	**७०००५.५५**	**८७०१०.६६**	**६२७९०.४७**
आयातमा आधारित कर	**३१०३९.९३**	**३५५२८.५७**	**२९९३८.२४**	**४१८८०.४०**	**३४०७०.३०**
भन्सार महशुल (निकासी कर बाहेक)	१३७६८.२८	१५५१२.८४	१३७८७.८०	२०११०.२९	१६६४९.७९
मूल्य अभिवृद्धि कर (पैठारी)	१३०६४.४६	१५२०५.६६	१२५८०.६८	१६५४८.४०	१३२९१.६५
अन्तः शुल्क (पैठारी)	४२०७.१९	४८१०.०७	३५६९.७६	५२२१.७१	४१२८.८६
कुल कर राजस्वमा आयातमा आधारित करको हिस्सा (प्रतिशतमा)	**४७.१**	**४८.१**	**४२.८**	**४८.१**	**५४.३**
आन्तरिक कर राजस्व	**३४९०९.२२**	**३८३३१.८३**	**४००६७.३१**	**४५१३०.२७**	**२८७२०.१७**
आयकर	१५९८८.७८	१९४४१.९८	२१९७४.५५	२२८३६.७१	१४९२२.४३
मूल्य अभिवृद्धि कर	७६१६.५२	८८०६.४७	९८२०.९७	११६५३.५१	७०६२.७५
अन्तः शुल्क	६०५०.७३	७३७५.२८	६८२३.०१	८५५९.३५	६६४५.३३
निकासीमा लाग्ने कर	१०.२५	२३.७६	११.२४	२८.७१	३६.२६
अन्य कर	५२४२.९४	२६८४.३४	१४३७.५५	२०५१.९९	५३.४०
कर राजस्वमा आन्तरिकतर्फको कर राजस्वको हिस्सा (प्रतिशतमा)	**५२.९**	**५१.९**	**५७.२**	**५१.९**	**४५.७**

स्रोत: महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कका आधारमा गणना गरिएको। *फागुनसम्मको

राजस्व बाँडफाँटको स्थिति

२.५८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय विभाज्य तथा सञ्चित कोषमा दाखिला भएको कुल राजस्व रू.६ खर्ब ८२ अर्ब २४ करोड रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.४ प्रतिशतले बढी हो।

तालिका २(ड): सङ्घीय विभाज्य कोष र सङ्घीय सञ्चित कोषमा सङ्कलन भएको राजस्व विवरण (रू. करोडमा)

सङ्घीय विभाज्य/सञ्चित कोषमा दाखिला भएको राजस्व	२०७५/७६	२०७६/७७	२०७७/७८	फागुनसम्म	
				२०७७/७८	२०७८/७९
कुल राजस्व	**८२९६३.३७**	**७९३७४.६७**	**९३५८८.७९**	**५७१२०.३४**	**६८२२३.८१**
कर राजस्व	७३८६०.४०	७०००५.५५	८७०१०.६६	५२७६६.९२	६२७९०.४७
गैरकर राजस्व	९१०२.९७	९३६९.१२	६५७८.१३	४३५३.४२	५४३३.३४
बाँडफाँट नहुने राजस्व	**५०९०७.३०**	**५००२८.२२**	**५६७८८.२७**	**३४४२४.९६**	**४१४३९.३३**
कर राजस्व	४२३४९.१०	४१११७.२२	५०६६०.६६	३०२३४.६९	३६१९३.६७
गैरकर राजस्व	८५५८.२०	८९११.००	६१२७.६१	४१९०.२७	५२४५.६६
बाँडफाँट हुने राजस्व	**३१९३२.१६**	**२९३४६.४४**	**३६८००.५३**	**२२६९५.३८**	**२६७८४.४८**
मूल्य अभिवृद्धि कर	२४०१२.१०	२२३९०.३४	२८१९१.४५	१७४९६.२१	२०३५०.३९
अन्तःशुल्क (आयातबाहेक)	७३७५.३०	६४९७.९८	८१५८.५५	५०३६.०१	६२४६.४०
रोयल्टी	५४४.७६	४५८.१२	४५०.५२	१६३.१६	१८७.६९
सङ्घीय सञ्चितकोषमा दाखिला भएको अन्य राजस्व	**१२३.९०**	**०.००**	**०.००**	**०.००**	**०.००**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

२.५९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय सञ्चित कोषमा जम्मा भएको तर बाँडफाँट नहुने राजस्व रू.४ खर्ब १४ अर्ब ३९ करोड रहेको छ। यस अवधिमा मूल्य अभिवृद्धि कर, अन्त:शुल्क (आयातबाहेक) र बाँडफाँट हुने रोयल्टी सहित तीन तहका सरकारमा बाँडफाँट हुने राजस्व रू.२ खर्ब ६७ अर्ब ८४ करोड रहेको छ।

तालिका २(ढ) : बाँडफाँट पछिको राजस्व विवरण (रू. करोडमा)

विवरण	२०७५/७६	२०७६/७७	२०७७/७८	फागुनसम्म	
				२०७७/७८	२०७८/७९
संघ	**७३१३६.६१**	**७०४७९.११**	**८२४९४.६४**	**५०१९७.५२**	**६००५७.०८**
कर राजस्व	६४३२०.६३	६१३३९.०५	७६१०५.६६३	४६००७.२५	५४८११.४३
गैरकर राजस्व	८८१५.९८	९१४०.०६	६३८८.९८	४१९०.२७	५२४५.६६
प्रदेश र स्थानीय तह	**९७०२.९१**	**८८९५.५६**	**११०९४.१५**	**६७५९.६७**	**७९७९.०४**
कर राजस्व	९४१५.९३	८६६६.५	१०९०५.००	६७५९.६७	७९७९.०४
गैरकर राजस्व (रोयल्टी)	२८६.९९	२२९.०६	१८९.१५	०.००	०.००
सङ्घीय सञ्चित कोषमा दाखिला भएको अन्य रकम	**१२३.८६**	**०.००**	**०.००**	**०.००**	**०.००**
बाँडफाँट हुने रोयल्टी	**०.००**	**०.००**	**०.००**	**१६३.१६**	**१८७.६९**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

२.६० आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय सरकारले उपयोग गर्ने राजस्व रू.६ खर्ब ६ करोड रहेको छ। त्यसैगरी, मूल्य अभिवृद्धि कर र अन्त:शुल्क (आयातबाहेक) को बाँडफाँटबाट प्रदेश र स्थानीय तहलाई प्राप्त हुने राजस्व रू.७९ अर्ब ७९ करोड रहेको छ। साथै, यस अवधिमा तीन तहमा बाँडफाँट हुने रोयल्टी रू.१ अर्ब ८८ करोड रहेको छ।

तालिका २(ण) : रोयल्टी सङ्कलनको विवरण (रू. करोडमा)

रोयल्टीको शिर्षक	२०७५/७६	२०७६/७७	२०७७/७८	फागुनसम्म	
				२०७७/७८	२०७८/७९
पर्वतारोहण	५८.२८	४४.८२	५६.००	११.१३	४.७५
विद्युत	०.००	२८७.९५	२८२.६९	६३.६५	६०.५७
वन	१७०.६८	३४.५९	१७.२९	८४.६१	२७.१८
खानी तथा खनिज	७७.१६	८५.०१	९३.८१	०.६०	९४.६८
पानी तथा अन्य प्राकृतिक स्रोत	३२६.६६	५.७५	०.७३	३.१८	०.५०
जम्मा रोयल्टी	**६३२.७८**	**४५८.१२**	**४५०.५२**	**१६३.१६**	**१८७.६९**

स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७८

२.६१ चालु आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विभिन्न शीर्षकमा सङ्कलित कुल रोयल्टी (बाँडफाँट हुने) रू.१ अर्ब ८८ करोड रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो सङ्कलन रू. १ अर्ब ६३ करोड रहेको थियो।

अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धता

२.६२ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म अनुदान रू.९ अर्ब ४६ करोड र ऋण रू. १ खर्ब १६ अर्ब ६१ करोड गरी कुल रू.१ खर्ब २६ अर्ब ७ करोड वैदेशिक सहयोग प्रतिबद्धता रहेको छ। यस अवधिको वैदेशिक सहयोग प्रतिबद्धता मध्ये अनुदान र ऋणको अनुपात क्रमशः ७.५ प्रतिशत र ९२.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो अनुपात क्रमशः ९.७ प्रतिशत र ९०.३ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा रू.१ खर्ब ८७ अर्ब ४४ करोड बराबरको वैदेशिक सहयोग प्रतिबद्धता रहेको थियो।

२.६३ आर्थिक वर्ष २०७७/७८ मा अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धता रू.२ खर्ब २५ अर्ब ३७ करोड रहेको थियो। यस्तो प्रतिबद्धतामध्ये अनुदान र ऋणको अनुपात क्रमशः १२.१ प्रतिशत र ८७.९ प्रतिशत रहेको थियो।

२.६४ पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय विकास सहायता प्रतिबद्धतामा अनुदानको हिस्सा घट्दै गएको छ। विकास सहायतामा द्विपक्षीय सहायताको हिस्सा बढ्दै जानु र नेपालको ऋण उपयोग क्षमतामा वृद्धि हुँदै गएको कारण अनुदान घट्दै गएको छ।

चार्ट २(द) :वैदेशिक अनुदान तथा ऋण प्रतिबद्धता (कुल प्रतिबद्धताको प्रतिशतमा)



स्रोत: अर्थ मन्त्रालय, २०७८ *फागुनसम्म

अन्तर्राष्ट्रिय विकास सहायता उपयोग

२.६५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म अनुदान र ऋण गरी रू.४७ अर्ब ९९ करोड बराबरको अन्तर्राष्ट्रिय विकास सहायता उपयोग भएको छ। जसमध्ये अनुदान र ऋणको अंश

क्रमश: १९.० प्रतिशत र ८१.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा कुल रू.६० अर्ब ९ करोड बराबरको विकास सहायता उपयोग भएको थियो।

२.६६ आर्थिक वर्ष २०७७/७७८ मा अनुदान र ऋण गरी रू.२ खर्ब ९ अर्ब ४३ करोड बराबरको विकास सहायता उपयोग भएको थियो। सो अवधिमा कुल विकास सहायता उपयोगमा अनुदान र ऋणको अनुपात क्रमश: १७.४ प्रतिशत र ८२.६ प्रतिशत रहेको थियो।

२.६७ पछिल्ला ५ वर्षको खर्च स्रोतको आधारमा कुल सरकारी खर्च बेहोर्ने स्रोतमा आन्तरिक स्रोतको हिस्सा ८० प्रतिशत भन्दा बढी रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारको खर्चमध्ये ८२.५ प्रतिशत आन्तरिक स्रोत र १७.५ प्रतिशत बाह्य स्रोतको हिस्सा रहेको थियो।

चार्ट २(ध) : सङ्घीय सरकारी खर्च बेहोर्ने स्रोत



स्रोत:महालेखा नियन्त्रक कार्यालय, २०७७ * फागुनसम्मको

२.६८ कुल गार्हस्थ्य उत्पादनमा बाह्य स्रोत उपयोगको अनुपात आर्थिक वर्ष २०७६/७७ को ३.६ प्रतिशतबाट बढेर आर्थिक वर्ष २०७७/७८ मा ४.९ प्रतिशत पुगेको छ। पछिल्लो ५ वर्षमा यस्तो अनुपात वार्षिक औसत ३.९ प्रतिशत रहेको छ।

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

२.६९ पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन बढ्दै गएकोमा गत आर्थिक वर्षमा यस्तो परिचालन घटेको छ। आर्थिक वर्ष २०७७/७८ मा अनुदान रू.२६ अर्ब ७९ करोड र ऋण रू.१ खर्ब ३० अर्ब ८७ करोड गरी रू.१ खर्ब ५७ अर्ब ६६ करोड बराबरको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन भएको छ। यस्तो परिचालन आर्थिक वर्ष २०७६/७७ को रू.१ खर्ब ९२ अर्ब २२ करोडको तुलनामा १८.० प्रतिशतले न्यून रहेको छ।

चार्ट २ (न): अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको संरचना



स्रोतः महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०७८ * फागुनसम्म

२.७० आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ऋण रू.६५ अर्ब २२ करोड र अनुदान रू.१३ अर्ब ८८ करोड गरी रू. ७९ अर्ब १० करोड अन्तर्राष्ट्रिय विकास सहायता परिचालन भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.५ प्रतिशतले न्यून हो। यस अवधिको कुल सहायता परिचालन मध्ये ऋण र अनुदानको अंश क्रमशः ८२.४ प्रतिशत र १७.६ प्रतिशत रहेको छ।

सार्वजनिक ऋण

२.७१ २०७८ फागुनसम्म आन्तरिक ऋण रू.८ खर्ब ६३ अर्ब १९ करोड र बाह्य ऋण रू.९ खर्ब ८४ अर्ब ९९ करोड गरी सङ्घीय सरकारको सार्वजनिक ऋण दायित्व रू. १८ खर्ब ४८ अर्ब १९ करोड पुगेको छ। २०७८ असारसम्म सार्वजनिक ऋण दायित्व रू.१७ खर्ब ३७ अर्ब ६४ करोड रहेको थियो।

२.७२ पछिल्ला वर्षहरूमा सार्वजनिक ऋण दायित्वमा आन्तरिक ऋणको हिस्सा बढ्दै गएको छ। २०७८ फागुनसम्मको सार्वजनिक ऋण दायित्वमा आन्तरिक र बाह्य ऋणको अनुपात क्रमशः ४६.७ प्रतिशत र ५३.३ प्रतिशत रहेको छ। २०७७ फागुनसम्म यस्तो अनुपात क्रमशः ४४.८ प्रतिशत र ५५.२ प्रतिशत रहेको थियो। २०७८ असारसम्मको सार्वजनिक ऋण दायित्वमा आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४६.२ प्रतिशत र ५३.८ प्रतिशत रहेको थियो।

२.७३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म आन्तरिक ऋण तर्फ रू.२९ अर्ब २५ करोड र बाह्य ऋण तर्फ रू.१३ अर्ब ६६ करोड गरी कुल रू.४२ अर्ब ९१ करोड साँवा भुक्तानी

भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो भुक्तानी रू.२० अर्ब १४ करोड रहेको थियो।

२.७४ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म आन्तरिक ऋण तर्फ रू.१९ अर्ब ५१ करोड र बाह्य ऋण तर्फ रू.४ अर्ब ५ करोड गरी रू.२३ अर्ब ५५ करोड बराबर ब्याज भुक्तानी भएको छ। गत आर्थिक वर्षको फागुनसम्म यस्तो भुक्तानी रू.१८ अर्ब ८३ करोड थियो।

तालिका २(त): भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण तथा साँवा फिर्ता र ब्याज खर्च (रू. करोडमा)

विवरण	आर्थिक वर्ष				फागुनसम्म	
	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७७/७८	२०७८/७९
भुक्तानी गर्न बाँकी ऋणको विवरण						
खुद वैदेशिक ऋण	५२६१५.४	५९४९२.६	८१९६६.७	९३४६९.५	८८५४७.८	९८४९९.१
खुद आन्तरिक ऋण	३९११६.२	४५३२३.१	६१३७३.६	८०२९४.२	७१७५०.४	८६३१९.५
खुद सार्वजनिक ऋण #	**९१७३१.६**	**१०४८१५.७**	**१४३३४०.३**	**१७३७६३.७**	**१६०२९८.२**	**१८४८१८.६**
साँवा फिर्ताको खर्चको विवरण						
वैदेशिक ऋण	१८५८.९	२००३.९	२३५६.०	२३२६.९	११९१.६	१३६६.६
आन्तरिक ऋण	३७०८.५	३४३१.३	३३९७.७	३६९०.१	८२२.४	२९२४.७
जम्मा साँवा फिर्ता खर्च	**५५६७.४**	**५४३५.२**	**५७५३.७**	**६०१७.०**	**२०१४.०**	**४२९१.२**
ब्याज खर्चको विवरण						
वैदेशिक ऋण	३८६.०	४५०.५	५२३.८	६२७.५	३३२.२	४०४.६
आन्तरिक ऋण	१२३८.७	१६२०.९	२०८२.३	२८५६.८	१५५०.९	१९५०.७
जम्मा ब्याज खर्च	**१६२४.७**	**२०७१.५**	**२६०६.०**	**३४८४.३**	**१८८३.१**	**२३५५.३**
ऋण सेवा खर्च (साँवा र ब्याज)	**७१९२.१**	**७५०६.७**	**८३५९.८**	**९५०१.२**	**३८९७.२**	**६६४६.५**
सङ्घीय खर्चमा ऋण भुक्तानी खर्च (प्रतिशतमा)	**६.६१**	**६.७६**	**७.६६**	**७.९४**	**६.८१**	**९.८५**

स्रोत: महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्क, २०७७

खुद सार्वजनिक ऋण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कमा आधारित भएको हुँदा नेपाल राष्ट्र बैङ्क र महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कसँग केही फरक पर्न सक्नेछ।

२.७५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म साँवा र ब्याज गरी ऋण सेवा खर्च रू. ६६ अर्ब ४७ करोड रहेको छ। यस अवधिको कुल सङ्घीय खर्चमा ऋण सेवा खर्चको अनुपात ९.८५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो अनुपात ६.८१ प्रतिशत रहेको थियो।

चार्ट २(प): विनिमय दर उतारचढावको कारण वैदेशिक ऋण दायित्वमा परेको प्रभाव (रू.करोडमा)



स्रोत: महालेखा नियन्त्रक कार्यालय, २०७७

२.७६ सरकारले वैदेशिक ऋण फरक फरक मुद्रामा लिने भएकोले ती मुद्राको विनिमय दरमा हुने परिवर्तनले वैदेशिक ऋण दायित्वमा पनि घटबढ हुने गरेको छ। २०७६ असारमसान्तको तुलनामा २०७७ असारमसान्तमा विनिमय दर औसतमा ९.६९ प्रतिशतले बढेको कारण आर्थिक वर्ष २०७६/७७ मा रू.७५अर्ब २८ करोड बराबरको वैदेशिक विनिमय घाटा (Foreign Exchange Loss) भएको थियो। आर्थिक वर्ष २०७७/७८ मा यस्तो घाटा रू.७ अर्ब ४३ करोड रहेको थियो। यद्यपि चालु आर्थिक वर्षको फागुनसम्म भने रू.१ अर्ब १८ करोड बराबरको वैदेशिक विनिमय नाफा (Foreign Exchange Gain) भएको छ।

२.७७ वैदेशिक विनिमय दरमा आउने उतारचढावको कारण पछिल्ला ५ आर्थिक वर्षमध्ये ३ आर्थिक वर्षमा वैदेशिक ऋण दायित्व बढ्न गएको छ। तसर्थ, विनिमय दरको जोखिम कम गर्न हेजिङ्ग लगायतका विधि अवलम्बन गर्नुपर्ने देखिन्छ।

वैदेशिक ऋणको लक्ष्य र प्राप्ति बीचको अन्तर विश्लेषण

२.७८ सङ्घीय सरकारले वार्षिक बजेटमा उल्लेख गरेको वैदेशिक ऋण प्राप्ति हरेक आर्थिक वर्षमा लक्ष्य भन्दा न्यून रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा लक्ष्यको तुलनामा वैदेशिक ऋण ४३.७ प्रतिशत मात्र प्राप्त भएको छ। पछिल्लो ५ आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७६/७७ मा सबैभन्दा धेरै ५७.९० प्रतिशत र आर्थिक वर्ष २०७३/७४ मा सबैभन्दा कम २९.६४ प्रतिशत वैदेशिक ऋण प्राप्त भएको छ।

२.७९ वैदेशिक ऋणको लक्ष्य निर्धारण वस्तुनिष्ठ हुन नसक्नु र अधिकांश खर्च आर्थिक वर्षको अन्त्यमा हुँदा खर्चको शोधभर्ना सोही आर्थिक वर्षमा हुन नसक्नुले वैदेशिक ऋण प्राप्ति लक्ष्यको तुलनामा न्यून रहेको छ। त्यसैगरी, ऋण उपयोग क्षमता सुदृढ भइनसकेको र आयोजना तयारी परीक्षण (Project Readiness Filter) पूर्ण नहुँदै कार्यान्वयनमा जानु लगायतका कारण समेत वैदेशिक ऋण प्राप्ति कमजोर रहेको छ। ऋण सम्झौताबमोजिम वैदेशिक ऋण

उपयोगलाई प्रभावकारी बनाउन सकेमा ऋणको लक्ष्य र प्राप्ति बीच देखिएको अन्तर न्यूनीकरण गर्न सहयोग पुग्ने देखिन्छ।

चार्ट २(फ): वैदेशिक ऋण प्राप्तिको प्रवृत्ति (बजेटले लिएको लक्ष्यको प्रतिशतमा)



स्रोतः अर्थ मन्त्रालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०७८

अन्तर-सरकारी वित्त हस्तान्तरण

वित्त हस्तान्तरण

२.८० आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान गरी कुल रू.२ खर्ब ३३ अर्ब ८७ करोड हस्तान्तरण भएको छ।

२.८१ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहलाई रू.७९ अर्ब ७९ करोड राजस्व बाँडफाँट भएको छ।

२.८२ आर्थिक वर्ष २०७७/७८ मा सङ्घीय सरकारबाट प्रदेश तथा स्थानीय तहमा अनुदान, राजस्व बाँडफाँट र रोयल्टी बाँडफाँट समेतबाट रू.५ खर्ब २७ अर्ब ८४ करोड वित्तीय हस्तान्तरण भएको थियो। यस्तो हस्तान्तरणमध्ये प्रदेश तथा स्थानीय तहले क्रमशः ३१.९ प्रतिशत र ६८.९ प्रतिशत प्राप्त गरेका थिए।

तालिका २(थ) : अन्तर सरकारी वित्त हस्तान्तरण (रू. करोडमा)

विवरण	२०७६/७७		२०७७/७८		२०७८/७९*	
	प्रदेश	स्थानीय तह	प्रदेश	स्थानीय तह	प्रदेश	स्थानीय तह
अनुदान	**१०७४०.९१**	**२५०५८.१२**	**१०८३०.३२**	**३०८०२.८२**	**५६६१.३३**	**१७७२५.१८**
वित्तीय समानीकरण अनुदान	५५२९.८६	८९९६.५२	५५१९.५०	९६२२.४६	३७१०.८१	६१६४.६८
सशर्त अनुदान	४३९३.१९	१५१००.५५	४४८०.९५	१९१०५.७८	१६४९.९३	१०९८७.९२
समपुरक अनुदान	४२२.८४	४८४.३४	४४०.५८	१२०८.१६	२१४.७१	२६७.८८
विशेष अनुदान	३९५.०२	४७६.७१	३८९.२९	८६६.४३	८५.८८	३०४.७०
राजस्व बाँडफाँट	**४४५५.२१**	**४४५५.२१**	**५५७५.५७**	**५५७५.५७**	**३९८९.५२**	**३९८९.५२**
मूल्य अभिवृद्धि कर	३३५८.५५	३३५८.५५	४२२८.७२	४२२८.७२	३०५२.५६	३०५२.५६
अन्तशुल्क (आ.)	९७५.००	९७५.००	१२२३.७८	१२२३.७८	९३६.९६	९३६.९६
रोयल्टी बाँडफाँट	१२१.६६	१२१.६६	१२३.०७	१२३.०७	-	-
जम्मा	**१५१९६.१२**	**२९५१३.३३**	**१६४०५.८९**	**३६३७८.३९**	**९६५०.८५**	**२१७१४.७०**

स्रोतः महालेखा नियन्त्रकको कार्यालय, २०७८ * फागुनसम्मको

नोट: निकासा भएको रकमलाई हस्तान्तरण मानिएको।

सार्वजनिक संस्थान

२.८३ २०७८ फागुनसम्म नेपाल सरकारको पूर्ण तथा अधिकांश स्वामित्व भएका सार्वजनिक संस्थानको सङ्ख्या ४४ रहेको छ। २०७८ असारसम्म सार्वजनिक संस्थानहरूमा नेपाल सरकारको शेयर लगानी रू. ३ खर्ब १४ अर्ब ६५ करोड ७ लाख र ऋण लगानी रू. २ खर्व ५२ अर्ब ६३ करोड ७९ लाख गरी कुल रू. ५ खर्व ६७ अर्ब २८ करोड ८६ लाख रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा शेयर र ऋण लगानी गत आर्थिक वर्षको तुलनामा क्रमशः ९.०० प्रतिशत र ९.४२ प्रतिशतले वृद्धि भएको छ।

२.८४ आर्थिक वर्ष २०७७/७८ मा सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरूमध्ये २२ नाफामा र १९ नोक्सानीमा सञ्चालित छन्। नाफामा सञ्चालन भएका संस्थानहरूबाट आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकारले रू. ६ अर्ब ७२ करोड १४ लाख लाभांश प्राप्त गरेको छ। आर्थिक वर्ष २०७६/७७ को लाभांश रू. १४ अर्ब ९ करोड ९५ लाखको तुलनामा आर्थिक वर्ष २०७७/७८ मा लाभांश ५२.३३ प्रतिशतले घट्न गएको छ।

२.८५ आर्थिक वर्ष २०७७/७८ मा सार्वजनिक संस्थानको कुल सञ्चालन आयमा १.५१ प्रतिशतले वृद्धि भई रू. ४ खर्ब ३५ अर्ब १७ करोड ३९ लाख पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को कुल गार्हस्थ्य उत्पादन र कुल सञ्चालन आयको अनुपात १०.१७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा सार्वजनिक संस्थानबाट रू. १४ अर्ब ८२ करोड ९ लाख आयकर प्राप्त/सङ्कलन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा सङ्कलन भएको सङ्घीय सरकारको कुल आयकरमा सार्वजनिक संस्थानबाट सङ्कलित आयकरको योगदान ६.४९

प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो योगदान ८.८२ प्रतिशत रहेको थियो।

२.८६ आर्थिक वर्ष २०७६/७७ सम्म सार्वजनिक संस्थानको कोषमा व्यवस्था नभएको दायित्व रू. ५७ अर्ब ७० करोड ९३ लाख रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो दायित्व रू. ५९ अर्ब ३९ करोड १९ लाख रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा कोषमा व्यवस्था नभएको दायित्व गत वर्षको तुलनामा २.९२ प्रतिशतले बढेको छ। आर्थिक वर्ष २०७७/७८ मा सार्वजनिक संस्थानमा २८ हजार २ जना कर्मचारी कार्यरत रहेका छन् भने आर्थिक वर्ष २०७६/७७ मा कार्यरत कर्मचारीको सङ्ख्या २८ हजार ३ सय ६४ रहेको थियो।

२.८७ आर्थिक वर्ष २०७७/७८ मा नाफामा सञ्चालित संस्थानहरूको कुल नाफा रू. ३२ अर्ब १९ करोड ३६ लाख रहेको छ भने नोक्सानीमा रहेका संस्थानहरूको कुल नोक्सान रू. ५ अर्ब ८३ करोड ४८ लाख रहेको छ। फलस्वरूप, आर्थिक वर्ष २०७७/७८ मा एकीकृत खुद नाफा रू. २६ अर्ब ३५ करोड ८८ लाख रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो खुद नाफा रू. ४८ अर्ब २९ करोड ८२ लाख रहेको थियो।

आकस्मिक दायित्व

२.८८ प्राकृतिक प्रकोप, दैवी प्रकोप लगायतका विपतका घटनाहरू एवं वाह्य तथा आन्तरिक अनिश्चितताका कारणहरूबाट सिर्जित दायित्व, अदालतको फैसलाबाट सिर्जना हुन सक्ने थप व्ययभार, नेपाल सरकारबाट जमानत दिएको ऋणबाट सिर्जना हुन सक्ने थप दायित्व, नेपाली मुद्राको अवमूल्यनबाट भविष्यमा थपिने वाह्य ऋणको भार लगायतका कारणहरूबाट सरकारमाथि आर्थिक भार बढ्दै गएको छ।

२.८९ नेपाल कमजोर भौगर्भिक तथा भू-धरातलीय बनोट, मौसमी विषमता तथा जलवायू परिवर्तन, दोहोरिने बहु-प्रकोपका घटनाहरू, अव्यवस्थित पूर्वाधार विकास एवं जोखिमको पुर्वानुमान नगरी सञ्चालन हुने विकास निर्माणका कारण विपद्को जोखिम उच्च भएको मुलुकहरू मध्येमा पर्दछ। सन् २०२१ को जर्मन वाचको Long Term Climate Risk Index (CRI), का अनुसार विषम मौसमी घटनाहरू (Extreme Weather events) को असरसम्बन्धी सूचकमा नेपाल १० औ स्थानमा रहेको छ। साथै, नेपाल भुकम्पीय जोखिमको हिसावले एघारौ स्थानमा तथा बाढी पहिरोको दृष्टिकोणबाट तीसौं अति जोखिमयुक्त मुलुकको सूचिमा रहेको छ।

२.९० सन् २०१२ देखि २०२० सम्म नेपाल सरकारले विपद्सम्बन्धी कार्यका लागि रू. ४ खर्ब ५१ अर्ब ४५ करोड खर्च भएको थियो। यसको आधारमा वार्षिक बजेटको १ देखि ३ प्रतिशतसम्म सरकारको अनिवार्य दायित्वको रूपमा खर्च हुने देखिन्छ।

२.९१ विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा न्यून लगानी, बीमा कार्यक्रमको न्यून प्रभावकारिता, खोज तथा उद्धार कार्यमा ढिलासुस्ति, उच्च जोखिमका क्षेत्रहरूको पहिचान एवं विश्लेषण र बस्ती स्थानान्तरण जस्ता पक्षहरूमा प्रभावकारी रूपमा कार्यक्रमहरू सञ्चालन गर्न सकिएको छैन।

२.९२ नेपालमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६ को अधीनमा रही विपद् जोखिमका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीति, २०७८ कार्यान्वयनमा आएको छ। उक्त रणनीतिले जोखिमको विश्लेषण गर्ने, जोखिमको नक्साङ्कन गर्ने र तीन तहका सरकारहरूमा विपद् सूचना प्रणालीको स्थापना गर्ने, विपद् न्यूनीकरणका लागि क्षमता विकास गर्ने, विपद्बाट सिर्जित जोखिम न्यूनीकरणका लागि वित्तीय उपकरणहरूको व्यवस्था गर्दै आकस्मिक कोषको सबै तहका सरकार मार्फत प्रभावकारी उपयोग गर्ने व्यवस्था गरेको छ।

२.९३ बैङ्क तथा वित्तीय संस्थाले कर्जा लगानीको जोखिम न्यूनीकरण गर्न वातावरणीय तथा सामाजिक जोखिम सम्बन्धमा कार्यविधि बनाई लागू गर्नुपर्ने, ऊर्जा र कृषि बचत पत्र जारी गर्ने व्यवस्था रहेको छ। बीमा समितिबाट सम्पूर्ण सरकारी सम्पत्ति तथा विकास आयोजना समेतको बीमा गर्ने कार्यलाई प्रोत्साहन गरिएको छ।

२.९४ वैदेशिक ऋणको साँवा तथा व्याज भुक्तानी गर्दा विनिमय दरको फरकका कारण आर्थिक वर्ष २०७७/७८ मा रू. ७ अर्ब ४२ करोड ९६ लाख दायित्व थप भएको थियो।

२.९५ नेपाल सरकारको जमानतमा कर्मचारी सञ्चयकोषले नेपाल वायुसेवा निगमलाई दिएको ऋणको साँवा र ब्याज २०७८ आश्विन मसान्तसम्म रू. २६ अर्ब ५० करोड ४९ लाख पुगेको छ। यसैगरी नागरिक लगानी कोषमा जमानत बसी निगमलाई दिएको ऋणको २०७८ चैत्रसम्मको साँवा र ब्याज रू. १७ अर्ब ७८ करोड ६३ लाख पुगेको छ।

२.९६ आर्थिक वर्ष २०७८/७९ मा बेमौसमी वर्षाको कारणले कृषिबालीमा पुगेको क्षतिको राहत स्वरूप करिव रू.१ अर्ब वितरण गरिएको छ।

२.९७ भूकम्प पछिको पुनःनिर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यको लागि रू. ४ खर्ब ६९ अर्ब ९३ करोड ५३ लाख बजेट आवश्यकता रहेकोमा आर्थिक वर्ष २०७७/७८ सम्म ३ खर्ब ७१ अर्ब ५३ करोड ६७ लाख खर्च भएको छ। आगामी आर्थिक वर्षमा भूकम्प पश्चातको पुनःनिर्माण अन्तर्गत विद्यालय र विश्वविद्यालय, स्वास्थ्य संस्थाहरू, सरकारी भवन र पूरातात्विक सम्पदाहरूको पुनःनिर्माण गर्ने बाँकी कार्यको लागि रू. ४८ अर्ब ७ करोड ८७ लाख खर्च हुने अनुमान रहेको छ।

तालिका २(द): भूकम्प पश्चातको पुनःनिर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्यको खर्च र दायित्व

(रकम रू. लाखमा)

क्षेत्रगत	कुल आवश्यकता	आर्थिक वर्ष २०७७/७८ सम्मको खर्च	आर्थिक वर्ष २०७८/७९ मा विनियोजित	आर्थिक वर्ष २०७८/७९ मा आवश्य पर्ने थप बजेट	बाँकी आवश्यकता
निजी आवास अनुदान	२३१५५३७	२२२३२७९	११६८१	८०५७७	०
एकीकृत वस्ति, वस्ती संरक्षण, वस्ति स्थानान्तरण	१४६२०	१०४७४	४१४६	०	०
विद्यालय भवन, विश्वविद्यालय एवं आङ्गिक क्याम्पसको पुनःनिर्माण	११०१६५२	७३७२२६	१३२२०९	१३३८३	२१८८३४
स्वास्थ्य संस्थाहरूको पुनःनिर्माण	१५६३९१	२५३५१	५९८०६	३९७८०	३१४५४
सरकारी भवन एवं सुरक्षा निकाय भवन	४०९३१०	२९०२३१	३८५८०	०	८०४९९
पूरातात्विक सम्पदा, गुम्बा, शहरी सम्पदा	५००२६८	२४०१८०	७८६४२	३१४४६	१५००००
सडक, खानेपानी तथा स्थानीय पुर्वाधार	१६९८४९	१६३५५०	३७९९	२५००	०
सिँचाइ, पहिरो, कृषि, आय आर्जन	१७५३१	१७५३१	०	०	०
भूकम्प स्मृति स्मारक पार्क निर्माण हस्तान्तरण	१२५६	६३	११९३	०	०
EHRP (PMU)- NRA	१२९३९	७४८२	५४५७	०	०
जम्मा	**४६९९३५३**	**३७१५३६७**	**३३५५१३**	**१६७६८६**	**४८०७८७**

स्रोत: राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, वार्षिक प्रतिवेदन (पेज नं २०६)

२.९८ आर्थिक वर्ष २०७५/७६ मा मुलुकभर आगलागी र डढेलोबाट रू. ४ अर्ब ९८ करोड १३ लाख र बाढी, पहिरो र अतिवृष्टिबाट रू.१ अर्ब ५१ करोड ७ लाखको क्षति भएको अनुमान छ। त्यसपछिका वर्षहरूमा यस्ता घटनाहरूबाट भएको क्षतिमा क्रमशः कमि हुँदै गएको देखिन्छ। तथापि, आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म यस्ता घटनाहरूबाट भएको क्षति अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४० प्रतिशतले बढेको अनुमान छ।

चार्ट २(ब): विपतका मुख्य घटनाहरूबाट भएको अनुमानित क्षति (रू. करोडमा)



स्रोत: राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रको पोर्टल, गृह मन्त्रालय, २०७८

२.९९ नेपाल सरकारले निर्माणसम्बन्धी ठेक्कामा बीमाको सुनिश्चितता, कृषि तथा पशुपंक्षी बीमाको प्रिमियममा ८० प्रतिशत अनुदान र सहुलियतपूर्ण कर्जामा ८५ प्रतिशत ऋण रकमको बीमाको दायित्व ग्रहण गरेको छ।

२.१०० सरकारको स्रोतबाट मात्र बढ्दो विपद्का घटनाहरूबाट सिर्जित दायित्व पूरा गर्न कठिन हुने भएकोले विपद जोखिम व्यवस्थापन पूर्वाधार संयन्त्रको विकास र सम्भाव्य लगानीका औजारहरूको प्रयोगलाई बढावा दिँदै जोखिम व्यवस्थापन (Contingent Liability) को बढ्दो भार कम गर्नु अपरिहार्य रहेको छ।

३. मूल्य

३.१ कोभिड-१९ नियन्त्रण हुँदै जाँदा समष्टिगत मागमा भएको वृद्धिले मुद्रास्फीतिमा चाप परेकोमा रुस युक्रेन युद्धका कारण अन्तर्राष्ट्रिय आपूर्ति श्रृङ्खलामा सिर्जित अवरोधले अधिकांश मुलुकहरूमा मुद्रास्फीति मुख्य चुनौतीको रूपमा देखा परेको छ। पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि, ढुवानी खर्चमा भएको वृद्धि, खाद्य पदार्थ तथा आयातित कच्चा पदार्थ लगायत अन्य वस्तु तथा सेवाहरूमा भएको मूल्य वृद्धिका कारण नेपालमा पनि मुद्रास्फीतिमा चाप परेको छ।

उपभोक्ता मूल्य स्थिति

३.२ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म औसत उपभोक्ता मुद्रास्फीति ५.४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो मुद्रास्फीति ३.५ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०७८ फागुनमा उपभोक्ता मुद्रास्फीति ७.१ प्रतिशत रहेको छ। २०७७ फागुनमा यस्तो मुद्रास्फीति ३.० प्रतिशत रहेको थियो।

३.३ २०७८ फागुनमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ७.५ प्रतिशत रहेको छ। २०७७ फागुनमा यस्तो मुद्रास्फीति ३.८ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत घ्यू तथा तेल, तरकारी, दुग्ध पदार्थ तथा अण्डा र दाल तथा गेडागुडीको मूल्य दोहोरो अङ्कले वृद्धि भएको छ।

चार्ट ३(क): समग्र तथा क्षेत्रगत उपभोक्ता मुद्रास्फिति दर (प्रतिशतमा)



स्रोतः नेपाल राष्ट्र बैङ्क, २०७८

*२०७८ फागुनसम्म

३.४ २०७८ फागुनमा वार्षिक विन्दुगत आधारमा गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.८ प्रतिशत रहेको छ। २०७७ फागुनमा यस्तो मुद्रास्फीति २.४ प्रतिशत रहेको थियो। गैर खाद्य तथा सेवा समूह अन्तर्गत यातायात सेवाको मूल्य दोहोरो अङ्कले वृद्धि भएको छ।

३.५ २०७८ फागुनमा काठमाडौं उपत्यकामा ६.३ प्रतिशत, तराईमा ७.४ प्रतिशत, पहाडमा ७.७ प्रतिशत र हिमालमा ७.६ प्रतिशत मुद्रास्फीति रहेको छ। २०७७ फागुनमा यी क्षेत्रहरूमा क्रमशः २.५ प्रतिशत, ३.३ प्रतिशत, ३.४ प्रतिशत र १.३ प्रतिशत मुद्रास्फीति रहेको थियो।

थोक मूल्य, राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

३.६ २०७८ फागुनमा वार्षिक विन्दुगत थोक मुद्रास्फीति १३.१ प्रतिशत रहेको छ। २०७७ फागुनमा यस्तो मुद्रास्फीति ६.३ प्रतिशत रहेको थियो। २०७८ फागुनमा थोक मूल्य अन्तर्गत प्राथमिक वस्तुहरूको मूल्य १३.७ प्रतिशत र उत्पादित वस्तुहरूको मूल्य १२.० प्रतिशतले वृद्धि भएको छ भने ईन्धन तथा ऊर्जाको मूल्य १८.६ प्रतिशतले बढेको छ। २०७७ फागुनमा प्राथमिक वस्तुहरूको मूल्य ५.६ प्रतिशत र उत्पादित वस्तुहरूको मूल्य ८.० प्रतिशतले वृद्धि भएको थियो। सो अवधिमा ईन्धन तथा ऊर्जाको मूल्य १.५ प्रतिशतले घटेको थियो।

३.७ २०७८ फागुनमा वार्षिक विन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ७.३ प्रतिशतले बढेको छ। २०७७ फागुनमा यस्तो सूचकाङ्क १.९ प्रतिशतले बढेको थियो। २०७८ फागुनमा वार्षिक विन्दुगत तलब सूचकाङ्क ९.४ प्रतिशत र ज्यालादर सूचकाङ्क ६.६ प्रतिशतले बढेको छ।

पेट्रोलियम पदार्थको मूल्य

३.८ स्वदेशी बजारमा २०७८ असार मसान्तमा प्रतिलिटर रू.१२८।- रहेको पेट्रोलको खुद्रा मूल्य २०७८ फागुन मसान्तसम्म १७.२ प्रतिशतले वृद्धि भई प्रतिलिटर रू.१५०।- कायम भएको छ। यसैगरी, २०७८ असार मसान्तमा प्रतिलिटर रू.१११।- रहेको डिजेलको खुद्रा मूल्य २०७८ फागुन मसान्तसम्म १९.८ प्रतिशतले वृद्धि भई प्रतिलिटर रू.१३३।- पुगेको छ।

४. वित्तीय क्षेत्र

४.१ पछिल्ला वर्षहरूमा वित्तीय पहुँचमा सुधार हुँदै गएको छ। वित्तीय कारोबारमा विद्युतीय भुक्तानी माध्यमको प्रयोग बढ्दै गएको छ। कोभिड-१९ पश्चात अर्थतन्त्र पुनरूत्थानको प्रक्रियाले गति लिएसँगै समष्टिगत मागमा भएको वृद्धिले बैंकिङ्ग प्रणालीको तरलतामा दबाब देखिएको छ। फलस्वरूप, ब्याजदर केही बढेको छ। बैंकिङ्ग प्रणालीमा कर्जाको वृद्धिदर निक्षेपको वृद्धिदर भन्दा उच्च रहेको छ। नेप्से परिसूचक र बजार पुँजीकरण गत आर्थिक वर्षको भन्दा केही घटेको छ।

वित्तीय संरचना

४.२ २०७८ फागुन मसान्तमा २७ वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ६६ लघुवित्त वित्तीय संस्था र एक पूर्वाधार विकास बैङ्क गरी कुल १२८ बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा रहेका छन्। मर्जर तथा प्राप्तिमा प्रदान गरिएको प्रोत्साहनका कारण बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्यामा कमी आएको छ। यसैगरी, वित्तीय प्रणालीमा ३९ बीमा कम्पनी, २ पुनर्बीमा कम्पनी, ३० हजार बढी सहकारी संस्था, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, निक्षेप तथा कर्जा सुरक्षण कोष, सामाजिक सुरक्षा कोष र हुलाक बचत बैङ्क समेत सञ्चालनमा रहेका छन्।

४.३ नेपालको वित्तीय प्रणालीको सम्पत्ति दायित्व संरचनामा बैंकिङ्ग क्षेत्रको हिस्सा उच्च रहँदै आएको छ। २०७८ पुस मसान्तमा वित्तीय क्षेत्रको कुल सम्पत्ति तथा दायित्व संरचनामा बैङ्क तथा वित्तीय संस्थाको अंश ८७.२ प्रतिशत रहेको छ।

चार्ट ४ (क): २०७८ पुस मसान्तमा वित्तीय प्रणालीको सम्पत्ति र दायित्वको संरचना
(अंश प्रतिशतमा)



स्रोतः नेपाल राष्ट्र बैङ्क, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, बीमा समिति र केन्द्रीय धनादेश कार्यालय, २०७८

४.४ वित्तीय क्षेत्र अन्तर्गत नेपाल राष्ट्र बैङ्कको अंश १६.३ प्रतिशत र वाणिज्य बैङ्कको अंश ५८.९ प्रतिशत रहेको छ। बैंकिङ्ग तथा बीमा क्षेत्र र सम्झौतित बचत परिचालन गर्ने संस्थाहरूको कुल सम्पत्ति तथा दायित्व कुल गार्हस्थ्य उत्पादनको १९९.० प्रतिशत रहेको छ।

वित्तीय स्थायित्व

४.५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म वित्तीय स्थायित्वका सूचकहरू समग्रमा सन्तोषजनक नै रहेका छन्। यस अवधिमा निष्क्रिय कर्जामा सुधार आएको छ। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जाको औसत अनुपात २०७७ पुसमा १.८ प्रतिशत रहेकोमा २०७८ पुसमा १.३ प्रतिशत रहेको छ ।

४.६ २०७८ फागुन मसान्तमा बैङ्क तथा वित्तीय संस्थाको कुल निक्षेपमा तरल सम्पत्तिको अंश २३.४ प्रतिशत, नगद तथा बैङ्क मौज्दातको अंश ७.० प्रतिशत र कुल निक्षेप तथा कर्जाको अंश ९०.५ प्रतिशत रहेको छ। जोखिम भारित सम्पत्तिको तुलनामा प्राथमिक पुँजी र कुल पुँजीको अनुपात क्रमशः १०.५ प्रतिशत र १३.४ प्रतिशत रहेको छ।

तालिका ४(क): वित्तीय क्षेत्र सबलताका प्रमुख सूचकहरू

सूचकहरू	२०७४ असार	२०७५ असार	२०७६ असार	२०७७ असार	२०७८ असार	२०७८ फागुन
प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात	१४.१	१३.९	१२.८	१२.०	११.१	१०.५
पुँजीकोष/जोखिम भारित सम्पत्ति अनुपात	१५.४	१५.२	१४.३	१४.२	१४.२	१३.४
कुल कर्जा/कुल निक्षेप तथा प्राथमिक पुँजी अनुपात	७९.२	७६.८	७५.२	६९.६	७६.३	९०.५#
निष्क्रिय कर्जा अनुपात	१.८	१.६	१.५	१.९	१.५	१.३@
वाणिज्य बैङ्क	१.५	१.४	१.४	१.८	१.४	१.२
विकास बैङ्क	१.४	१.१	०.९	१.५	१.३	१.४
वित्त कम्पनी	१३.४	१०.८	८.८	६.२	६.२	७.१
कुल तरल सम्पत्ति/कुल निक्षेप अनुपात	२६.७	२५.९	२५.१	२७.९	२६.२	२३.४
नगद तथा बैङ्क मौज्दात/कुल निक्षेप अनुपात	१५.६	१३.२	११.६	१२.२	९.४	७.०

स्रोतः नेपाल राष्ट्र बैङ्क २०७८ #कुल कर्जा/कुल निक्षेप अनुपात @ पुस मसान्त

४.७ बैङ्क तथा वित्तीय संस्थाहरू गाभ्ने/गाभिने वा प्राप्ति हुने प्रक्रिया जारी रहेको छ। बैङ्क तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति हुनेसम्बन्धी प्रक्रिया शुरू भएपश्चात् २०७८ फागुन मसान्तसम्म कुल २३९ बैङ्क तथा वित्तीय संस्था यस प्रक्रियामा सामेल भएका छन्। सोमध्ये १७७ संस्थाको इजाजत खारेज भई ६२ संस्था कायम भएका छन् ।

वित्तीय प्रगाढता एवं पहुँच

४.८ अर्थतन्त्रमा वित्तीय प्रगाढता निरन्तर बढ्दै गएको छ। विस्तृत मुद्राप्रदाय, निजी क्षेत्रतर्फ प्रवाहित कर्जा तथा कुल निक्षेपको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात क्रमिक रूपमा बढेको छ। कोभिड-१९ को प्रभाव न्यून भएसँगै आर्थिक वर्ष २०७७/७८ मा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामा उल्लेख्य वृद्धि भएकोमा आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म यस्तो अनुपात १३.९ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनसँग विस्तृत मुद्राप्रदायको अनुपात १२०.५ प्रतिशत, निजी क्षेत्रतर्फ प्रवाहित कर्जाको अनुपात ९६.८ प्रतिशत र कुल निक्षेपको अनुपात १०९.० प्रतिशत रहेको छ।

४.९ बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्जाल विस्तार भएको कारण वित्तीय पहुँच वृद्धि हुँदै गएको छ। शाखा विस्तारसँगै बैंकिङ्ग कारोबार गर्ने जनसङ्ख्या उल्लेख्य बढेको छ। २०७८ फागुनमा बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेप खाता ४ करोड २४ लाख ५१ हजार, कर्जा खाता १८ लाख ३७ हजार, मोबाइल बैंकिङ्ग प्रयोगकर्ता १ करोड ६८ लाख ४८ हजार र इन्टरनेट बैंकिङ्ग सेवाका प्रयोगकर्ता १६ लाख ९ हजार रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ३५ हजार कर्जा खाता र ४६ लाख ८० हजार निक्षेप खाता थप भएका छन्।

४.१० २०७८ फागुनमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या (लघुवित्त समेत) का आधारमा प्रति शाखा औसत २ हजार ५ सय ७२ जनसङ्ख्यामा सेवा पुगेको छ, यस्तो औसत २०७७ फागुनमा २ हजार ९ सय १३ रहेको थियो। प्रदेशगत रूपमा प्रति शाखा जनसङ्ख्या कर्णाली प्रदेशमा सबैभन्दा बढी र गण्डकीमा सबैभन्दा कम रहेको छ।

विद्युतीय भुक्तानी कारोबार

४.११ विद्युतीय भुक्तानी पूर्वाधारमा निरन्तर भएको विकास, विद्युतीय कारोबारका लागि गरिएको प्रोत्साहन र विद्युतीय उपकरणमा सर्वसाधारणको पहुँचका कारण विद्युतीय भुक्तानी कारोबार उल्लेख्य रूपमा बढेको छ।

४.१२ २०७८ फागुनसम्म विद्युतीय कारोबारमा सहजताको लागि बैङ्क तथा वित्तीय संस्थाहरूबाहेक १० भुक्तानी प्रणाली सञ्चालक र २७ भुक्तानी सेवा प्रदायक संस्थाहरू सञ्चालनमा रहेका छन्।

तालिका ४(ख): विद्युतीय भुक्तानी कारोबार

विवरण	कारोबार सङ्ख्या			कारोबार रकम (रू. दश लाखमा)		
	असार २०७७	असार २०७८	फागुन २०७८	असार २०७७	असार २०७८	फागुन २०७८
आर.एस.जि.टि.	३७२९७	५९६५५	६०५७३	१५६७९५९	३५०२०५७	३६९२९८३
एटिएम	६३०२८४६	६९१९१९९	८५७२६२०	५४७६३	६४३८९	६९६१६
इसिसि	१२६०१६९	१४४०४७२	१२०१३६३	७९२००७	९८७७८८	६९८३४९
आइपिएस	५९६५३८	११६४४८१	९२५२०२	२२३६५१	२९९०५९	१६५३४०
कनेक्ट आइपिएस	६९६४४७	३२०४८४५	३३३९५५४	५१३०६	२३७७५८	२७३८५८
डेविट कार्ड	३३१६५५४	७४६५४३९	९३१९८८४	२५८९४	६६४१७	७२५९९
क्रेडिट कार्ड	११९६१०	१२४२४३	१९५८७८	५८४	८५९	११४८
प्रिपेड कार्ड	५२४९	१७२३१	४५६५१	३६	७३	३०२
इन्टरनेट बैकिङ्ग	६५३४५९	३२९५२३	२७३६९९	१९०४८	१३८३२	१३७३९
मोवाइल बैकिङ्ग	५८१७६८१	१३७००९९३	१५५५९९७०	१८८३९	७३७२९	१०७११९
शाखारहित बैकिङ्ग	८३२४९	५९७८३	६७३११	१३३८	१३०९	१४६९
वालेट	१०१७९५५७	१२५१५९०४	१४०३३४९०	१०२२२	१२७९०	१६५९९
#क्युमा.आर. आधारित	-	८५५५६६	२३०७९०४	-	३६५१	७७६२
#पिओएस	-	६३५५९९	९२४४७६	-	२६६५	४०८३
#ई कमर्स**	-	५२११५	६२८१७	-	२९६	३४८

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०७८

२०७७ साउनदेखि तथ्याङ्क सङ्कलन गर्न शुरू गरिएको

**कार्डको प्रयोग गरी अनलाइनमार्फत भएको भुक्तानी कारोबार

मौद्रिक क्षेत्र

मौद्रिक नीतिको लक्ष्य र स्थिति

४.१३ आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिले वार्षिक औसत मुद्रास्फीति ६.५ प्रतिशतभित्र सीमित राख्ने लक्ष्य लिएकोमा फागुनसम्म औसत मुद्रास्फीति ५.४ प्रतिशत रहेको छ। कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने लक्ष्य रहेकोमा २०७८ फागुनमा ६.७ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति रहेको छ।

४.१४ आर्थिक वर्ष २०७८/७९ मा विस्तृत मुद्राप्रदायको विस्तार १८ प्रतिशत हुने प्रक्षेपण रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो विस्तार ३.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ११.४ प्रतिशतले बढेको थियो। वार्षिक विन्दुगत आधारमा २०७८ फागुन मसान्तमा विस्तृत मुद्राप्रदाय १२.७ प्रतिशतले बढेको छ।

४.१५ आर्थिक वर्ष २०७८/७९ को फागुनमा सङ्कुचित मुद्राप्रदाय १०.७ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय २.७ प्रतिशतले बढेको थियो। वार्षिक

विन्दुगत आधारमा २०७८ फागुन मसान्तमा सङ्कुचित मुद्राप्रदाय ६.६ प्रतिशतले बढेको छ।

४.१६ आर्थिक वर्ष २०७८/७९ मा निजी क्षेत्रतर्फको कर्जाको वृद्धि १९.० प्रतिशत हुने प्रक्षेपण रहेकोमा २०७८ फागुनसम्म यस्तो कर्जाको वृद्धिदर १३.९ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म यस्तो वृद्धिदर १७.५ प्रतिशत रहेको थियो। वार्षिक विन्दुगत आधारमा २०७८ फागुन मसान्तमा यस्तो कर्जा २२.५ प्रतिशतले बढेको छ।

तालिका ४(ग) : प्रमुख मौद्रिक योगाङ्कहरूको वार्षिक विन्दुगत परिवर्तन (प्रतिशतमा)

शिर्षक	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७७	२०७८
				फागुन	फागुन
चलन चल्तीमा रहेको मुद्रा	१.७	१५.९	१६.६	१९.५	०.९
सञ्चित मुद्रा	-१.५	२६.७	५.२	१३.६	०.६
चल्ती निक्षेप	१९.७	२०.६	३०.५	२७.०	१५.३
आवधिक निक्षेप	२२.४	२५.१	१७.६	१९.०	३०.६
बचत तथा कल निक्षेप	१३.०	१०.६	२६.६	२७.४	-५.२
कुल आन्तरिक कर्जा	२१.४	१३.६	२६.८	२२.०	२४.३
निजी क्षेत्रतर्फको कर्जा	१९.१	१२.६	२६.३	१८.९	२२.५
सङ्कुचित मुद्राप्रदाय	८.६	१७.८	२२.६	२२.४	६.६
विस्तृत मुद्राप्रदाय	१५.८	१८.१	२१.८	२२.६	१२.७

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०७८

४.१७ आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिले ब्याजदर करिडोरअन्तर्गत नीतिगत दर (Policy Rate) लाई विद्यमान ३ प्रतिशतबाट ३.५ प्रतिशत र निक्षेप सङ्कलन दरलाई १ प्रतिशतबाट २ प्रतिशत कायम गरेको थियो। मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाबाट करिडोरको माथिल्लो सीमाको रूपमा स्थायी तरलता सुविधा दर ७.० प्रतिशत, नीतिगत दरको रूपमा रिपो दर ५.५ प्रतिशत र तल्लो सीमाको निक्षेप सङ्कलन दर ४.० प्रतिशत कायम भएको छ। त्यसैगरी, पुनर्कर्जासम्बन्धी व्यवस्थामा परिमार्जन भई नेपाल राष्ट्र बैङ्कले प्रदान गर्ने पुनर्कर्जा सुविधामा बैङ्क तथा वित्तीय संस्थाले सम्बन्धित ग्राहकबाट लिन पाउने अधिकतम ब्याजदर ७ प्रतिशत रहेको छ।

तालिका ४(घ) : बैकदर, पुनर्कर्जा दर र अनिवार्य नगद अनुपात (प्रतिशतमा)

उपकरण	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९ *
बैङ्कदर	७.०	६.५	५.०	५.०	७.०
पुनर्कर्जा दर					
विशेष पुनर्कर्जा	१.०	१.०	१.०	१.०	१.०
साधारण पुनर्कर्जा	४.०	४.०	३.०	३.०	३.०
लघु, घरेलु तथा साना उद्यम	-	-	-	२.०	२.०
निर्यातकर्जा#	०.२५	०.२५	०.२५	०.२५	०.७५
अनिवार्य नगद अनुपात					
वाणिज्य बैङ्क	६.०	४.०	३.०	३.०	३.०
विकास बैङ्क	५.०	४.०	३.०	३.०	३.०
वित्त कम्पनी	४.०	४.०	३.०	३.०	३.०
स्थायी तरलता सुविधा दर	७.०	६.५	५.०	५.०	७.०

स्रोतः नेपाल राष्ट्र बैङ्क #विदेशी मुद्रामा #LIBOR मा जोड्ने। २०७८/७९ को फागुनमा

One Year Benchmark Interest rate मा जोड्ने *फागुन

४.१८ कोभिड-१९ को असर कम हुँदै गएसँगै अर्थतन्त्रले गति लिएकोले आयात विस्तार उल्लेख्य भएको छ। यद्यपि विदेशी विनिमय आर्जनको प्रमुख स्रोतको रूपमा रहेको विप्रेषण आप्रवाहमा कमी भई बाह्य क्षेत्रमा केही दबाब सिर्जना भएको छ। उक्त अवस्थालाई दृष्टिगत गरी आयात प्रतितपत्र खोल्दा तोकिएका वस्तुहरूमा ५० देखि १०० प्रतिशतसम्म नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरिएको छ। साथै, गैरआवासीय नेपालीलाई नेपालमा निक्षेप खाता खोल्न थप सहज बनाइएको छ।

४.१९ आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्म खुलाबजार कारोवारका विभिन्न उपकरणमार्फत रू.६० अर्ब तरलता प्रशोचन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू.३ खर्ब ३ अर्ब २९ करोड तरलता प्रशोचन भएको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुन महिनासम्ममा सोझै खरिद बोलकबोलमार्फत रू.५५ अर्ब ९२ करोड, रिपोमार्फत रू.३ खर्ब ९३ अर्ब ३७ करोड र स्थायी तरलता सुविधामार्फत रू.४६ खर्ब २१ अर्ब ४८ करोड गरी कुल रू.५० खर्ब ७० अर्ब ७६ करोड तरलता प्रवाह भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रू.२ अर्ब तरलता प्रवाह भएको थियो।

ब्याजदर स्थिति

४.२० बैंकिङ्ग प्रणालीको तरलतामा चाप परेका कारण आर्थिक वर्ष २०७८/७९ मा अल्पकालीन ब्याजदरमा वृद्धि भएको छ। २०७७ फागुनमा ९१—दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २.०३ प्रतिशत रहेकोमा २०७८ फागुनमा ६.८२ प्रतिशत पुगेको छ । वाणिज्य

बैङ्कहरूबीचको अन्तर—बैङ्क कारोबारको भारित औसत ब्याजदर २०७७ फागुनको १.२६ प्रतिशतको तुलनामा २०७८ फागुनमा ६.५६ प्रतिशत कायम भएको छ।

तालिका ४(ङ) : ब्याजदरको प्रवृत्ति (प्रतिशतमा)

शिर्षक	२०७४	२०७५	२०७६	२०७७	२०७८	२०७८*
भारित औसत निक्षेपदर	६.१५	६.४९	६.६०	६.०१	४.६५	६.९३
भारित औसत कर्जादर	११.३३	१२.४७	१२.१३	१०.११	८.४६	१०.६०
आधार दर	९.८९	१०.४७	९.५७	८.५०	६.६६	८.९८
अन्तरबैंक दर	०.६४	२.९६	४.५२	०.३५	४.१२	६.५६

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०७८ *फागुन

चार्ट ४(ख) : ब्याजदरको प्रवृत्ति (प्रतिशतमा)



स्रोतः नेपाल राष्ट्र बैङ्क, फागुन २०७८ * फागुन

४.२१ २०७८ फागुनमा वाणिज्य बैङ्कहरूले निक्षेपमा प्रदान गर्ने भारित औसत ब्याजदर ६.९३ प्रतिशत तथा कर्जामा लिने भारित औसत ब्याजदर १०.६० प्रतिशत रहेको छ। २०७७ फागुनमा यस्तो ब्याजदर क्रमशः ४.७६ प्रतिशत र ८.७३ प्रतिशत रहेको थियो। २०७७ फागुनमा वाणिज्य बैङ्कको औसत आधार दर ६.८४ प्रतिशत रहेकोमा २०७८ फागुनमा ८.९८ प्रतिशत रहेको छ।

निक्षेप परिचालन र कर्जा प्रवाह

४.२२ २०७८ फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप ४.१ प्रतिशतले वृद्धि भई रू.४८ खर्ब ५४ अर्ब ८५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ११.० प्रतिशत रहेको थियो।

४.२३ २०७८ फागुनसम्म बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १२.८ प्रतिशतले वृद्धि भई रू.४६ खर्ब ७ अर्ब ३० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जाको वृद्धिदर १७.४ प्रतिशत रहेको थियो ।

४.२४ २०७८ फागुनसम्म कुल निक्षेपमा मुद्दती निक्षेप ५५.५ प्रतिशत, बचत निक्षेप २९.१ प्रतिशत, चल्ती निक्षेप ८.४ प्रतिशत र अन्य निक्षेपको अंश ६.९ प्रतिशत रहेको छ ।

चार्ट ४(ग): बैङ्क तथा वित्तीय संस्थाहरूको निक्षेप परिचालन संरचना प्रतिशत (२०७८ फागुन)



स्रोत: नेपाल राष्ट्र बैङ्क, २०७८

४.२५ २०७८ फागुनसम्म लगानीमा रहेको कर्जामध्ये थोक तथा खुद्रा व्यापारको अंश २०.४ प्रतिशत, उपभोग्य कर्जाको अंश १७.७ प्रतिशत, औद्योगिक उत्पादनको अंश १५.० प्रतिशत, सेवा उद्योगको अंश ८.३ प्रतिशत, कृषिको अंश ८.० प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवाको अंश ५.९ प्रतिशत र निर्माणको अंश ४.४ प्रतिशत रहेको छ।

चार्ट ४(घ): बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाहित क्षेत्रगत कर्जा संरचना प्रतिशत (२०७८ फागुन)



स्रोत: नेपाल राष्ट्र बैङ्क, २०७८

पुनर्कर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

४.२६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म २४ हजार २ सय ६८ ऋणीको कुल रू.१ खर्ब ६ अर्ब ११ करोड पुनर्कर्जा स्वीकृत भएको छ। २०७८ फागुन मसान्तसम्म रू.१ खर्ब ३४ अर्ब ११ करोड पुनर्कर्जा लगानीमा रहेको छ।

४.२७ आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म १ लाख ४४ हजार ६२० ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रू.२ खर्ब १५ अर्ब ७६ करोड कर्जा लगानीमा रहेको छ। सो मध्ये २०७८ फागुन मसान्तसम्म वाणिज्य बैङ्कहरूको १ लाख २३ हजार ८७ ऋणीहरूलाई प्रवाह भएको रू.१ खर्ब ८६ अर्ब ८८ करोड सहुलियतपूर्ण कर्जा लगानीमा रहेको छ। त्यसैगरी विकास बैङ्कहरूको १९ हजार ६ सय ६७ ऋणीहरूलाई रू.२५ अर्ब ९४ करोड, वित्त कम्पनीहरूको १७५९ ऋणीहरूलाई रू.२ अर्ब ८६ करोड र लघुवित्त वित्तीय संस्थाहरूको १०७ ऋणीहरूलाई रू.८ करोड ७६ लाख सहुलियतपूर्ण कर्जा लगानीमा रहेको छ।

४.२८ २०७८ फागुन मसान्तसम्म प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छीतर्फ रू.१ खर्ब ३७ अर्ब ७९ करोड कर्जा लगानीमा रहेको छ भने व्यावसायिक कृषि तथा पशुपन्छी, धितोसहितको र महिला उद्यमशीलतातर्फको कर्जा उल्लेख्य रूपमा बढेको छ।

४.२९ कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला, उद्यम क्षेत्रमा कार्यरत श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीमा सहयोगका लागि कार्यान्वयनमा ल्याइएको व्यावसायिक निरन्तरता कर्जा २०७८ फागुन मसान्तसम्म रू.१ अर्ब १० करोड स्वीकृत भएको छ।

तालिका ४(च) : सहुलियतपूर्ण कर्जा (रू.करोडमा)

कर्जा प्रकार	ऋणी सङ्ख्या			लगानीमा रहेको कर्जा		
	२०७७	२०७८	२०७८	२०७७	२०७८	२०७८
	असार	असार	फागुन	असार	असार	फागुन
व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा	२४७६३	४६०५७	५९५६०	५४११.४	१०६९७.८	१३७७९.०
शिक्षित युवा स्वरोजगार कर्जा	६५	१४०	१५३	३.५	६.४	५.९
विदेशवाट फर्केका युवा परियोजना कर्जा	२२१	८३९	९५९	१५.२	५९.८	६१.८
महिला उद्यमशील कर्जा	६६८२	५५५५१	८२१९७	४३५.४	५०९८.४	७४१७.३
दलित समुदाय व्यवसाय विकास कर्जा	३५१	९६५	११०९	१८.५	५७.३	६१.७
उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा	८४	१११	१४२	२.०	२.५	३.५
भूकम्प पीडितहरूको निजी आवास निर्माण कर्जा	२२१	२३१	२१६	५.५	४.९	३.८
कपडा उद्योग सञ्चालन	६१	२१०	२५७	६४.८	२१६.२	२४२.२
सिटिईभिटीबाट मान्यता प्राप्त सदस्यबाट लिइने तालिम	-	२	२	-	-	-
युवा स्वरोजगार कर्जा	-	३	२५	-	०.१	०.८
जम्मा	३२४४८	१०४१०९	१४४६२०	५९५६.३	१६१४३.६	२१५७६.३

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०७८

४.३० लघु, घरेलु तथा साना उद्यम लगायतका प्रत्यक्ष रोजगारी सिर्जना गर्ने उत्पादनशील क्षेत्रलाई प्राथमिकतामा राखी कर्जा विस्तार हुँदै आएको छ। वाणिज्य बैङ्कहरूले आफ्नो कुल कर्जा लगानीको न्यूनतम १५.० प्रतिशत कृषि, ऊर्जा र लघु, घरेलु, साना तथा मझौला उद्यमका क्षेत्रमा रू.१ करोड भन्दा कम रकमको कर्जा प्रवाह गर्नुपर्ने व्यवस्थाबमोजिम २०७८ पुससम्ममा यस्तो कर्जा अनुपात ११.५ प्रतिशत रहेको छ।

४.३१ कोभिड-१९ को कारण पर्यटन क्षेत्रमा रोजगारी गुमाएका व्यक्ति स्वरोजगार हुनेगरी व्यवसाय सञ्चालन गर्न प्रवाह हुने रू.१५ लाखसम्मको कर्जा, ऋणी स्वयम् रोजगार हुने उद्देश्यले सवारी साधन खरिद गर्न प्रवाह हुने रू.२५ लाखसम्मको कर्जा, महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रू.२० लाखसम्मको कर्जा र वास्तविक कृषि व्यवसायीलाई कृषि व्यवसाय सञ्चालन गर्न परियोजनाको

धितोमा प्रवाह हुने रू.२० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था गरिएको छ।

४.३२ नेपाल राष्ट्र बैङ्क र अन्तर्राष्ट्रिय वित्त निगम (IFC) बीच नेपालको वित्तीय क्षेत्रमा व्यक्तिगत क्षमता, व्यवहार, शैली र योग्यता मापनमा आधारित रही सम्भावित ऋणीको मूल्याङ्कन गर्ने विधि (Psychometric Scoring Solution) को परीक्षणका लागि सम्झौता भएको छ। लघुवित्त सेवा प्रदान गर्ने वित्तीय संस्थाबाट यस्तो परीक्षण शुरू गर्ने व्यवस्था गरिएको छ।

नियामकीय व्यवस्था

४.३३ बैङ्क तथा वित्तीय संस्थाहरू कोभिड–१९ पछि पनि पुँजीगत हिसाबले सबल रहुन् भन्ने अभिप्रायले इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०७७/७८ को खुद वितरणयोग्य मुनाफाको बढीमा ३० प्रतिशतसम्म मात्र नगद लाभांश घोषणा तथा वितरण गर्न पाउने व्यवस्था गरिएको छ।

४.३४ कोभिड–१९ महामारीको कारणले बैंकिङ सम्पत्तिको गुणस्तरमा परेको प्रभावलाई दृष्टिगत गरी समग्र वित्तीय स्थायित्व प्रवर्धन गर्न असल वर्गमा वर्गीकरण भएका कर्जाको हकमा इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थाले आर्थिक वर्ष २०७७/७८ को वार्षिक वित्तीय विवरण तयार गर्दा साधारण कर्जा नोक्सानी व्यवस्था एक प्रतिशतको अतिरिक्त ०.३ प्रतिशत थप गरी कुल १.३ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ।

४.३५ मार्जिन प्रकृतिको सेयर धितो कर्जाको एकल ग्राहक कर्जा सीमा एउटा इजाजतपत्र प्राप्त संस्थाबाट अधिकतम रू.४ करोड र सबै इजाजतपत्रप्राप्त संस्थाबाट अधिकतम रू.१२ करोड कायम भएको छ।

४.३६ बैङ्क तथा वित्तीय संस्थाको तरलतासम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले कर्जा निक्षेपको अनुपात (Credit to Deposit Ratio) २०७९ असारमा ९० प्रतिशत रहनु पर्ने गरी सीमा तोकिएको छ।

४.३७ ट्रष्ट रिसिप्ट कर्जा, बिल्स डिस्काउन्टिङ वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा अधिकतम ९० दिनसम्मको अवधिका लागि मात्र कर्जा प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ। आवधिक प्रकृतिका कर्जामा परिवर्तनीय तथा स्थिर ब्याजदरको व्यवस्था गरिएको छ।

४.३८ इजाजतपत्रप्राप्त बैङ्क तथा वित्तीय संस्थाका लागि Financial Literacy Framework जारी भएको सन्दर्भमा इजाजतपत्रप्राप्त संस्थाका गतिविधि सोही ढाँचाअनुरूप नियमित र व्यवस्थित बनाउने उद्देश्यले "वित्तीय साक्षरता मार्गदर्शन, २०७८" जारी भएको छ।

४.३९ ब्याज पुँजीकरणका लागि नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरिसकेका विद्युत् परियोजनाको Required Commercial Operation Date परिवर्तन भएमा परिवर्तित अवधिसम्मको ब्याज पुँजीकरण गर्न स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिएको छ।

४.४० राष्ट्रिय महत्त्वका आविष्कार केन्द्र तथा मानव सेवा जस्ता परोपकारी कार्य गर्ने संस्थालाई प्रदान गरेको रकम एवं महामारीको विषम परिस्थितिलाई दृष्टिगत गरी बैङ्क तथा वित्तीय संस्थाले अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्टेटर, जीवन रक्षक भ्याक्सिन, औषधि आदिको सहज आपूर्तिको लागि गरेको खर्चलाई बैङ्क तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व खर्च जनाउन सक्ने व्यवस्था गरिएको छ।

४.४१ सर्वसाधारणमा सेयर बिक्री गरी धितोपत्र विनिमय बजारमा सूचीकृत भइसकेको सङ्गठित संस्थाको सेयर तथा डिबेञ्चरमा बैङ्क तथा वित्तीय संस्थाले एक वर्षभन्दा बढी अवधिको लागि मात्र लगानी गर्नुपर्ने र कुनै पनि किसिमको प्रबन्धबाट सङ्गठित संस्थाको सेयरमा अल्पकालीन लगानी गर्न नपाउने व्यवस्था गरिएको छ। बैङ्क तथा वित्तीय संस्थाले खरिद गरेको एक वर्ष व्यतीत भएका लगानीमध्येबाट प्रत्येक वर्ष प्राथमिक पुँजीको एक प्रतिशत रकमसम्मको लगानी मात्र बिक्री गर्न सक्ने व्यवस्था गरिएको छ।

४.४२ दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि, २०७६ (प्रथम संशोधन २०७८) जारी भएको छ, जसबाट Real Time Gross Settlement (RTGS) प्रणालीमा आबद्ध बैङ्क तथा वित्तीय संस्थालाई तरलता सुविधा प्राप्त गर्ने व्यवस्था थप सरलीकृत हुन गई ठूलो मूल्यका भुक्तानी कारोबार राफसाफमा सहज अवस्था बनेको छ।

पुँजीबजार

४.४३ २०७७ फागुन मसान्तमा २,४५८.५ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७८ फागुन मसान्तमा २६६८.१ विन्दु कायम भएको छ। २०७८ असार मसान्तमा नेप्से सूचकाङ्क २८८३.४ विन्दु पुगेको थियो। २०७८ भाद्र २ गते नेप्से सूचकाङ्क ३१९९.० विन्दुमा पुगेको थियो जुन हालसम्मकै उच्च हो।

४.४४ २०७८ फागुनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत शेयरको चुक्ता मूल्य रू.६ खर्ब ५१ अर्ब २१ करोड पुगेको छ । २०७७ फागुनसम्म यस्तो मूल्य रू.५ खर्ब ५१ अर्ब ६८ करोड रहेको थियो ।

४.४५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म प्राथमिक बजार मार्फत रू.२१ अर्ब ४५ करोड बराबरको पुँजी परिचालन भएको छ। यस अवधिमा साधारण शेयरको प्राथमिक निष्काशन मार्फत रू.२ अर्ब ८४ करोड, हकप्रद शेयर निष्काशन मार्फत रू.३ अर्ब ११ करोड, ऋणपत्र मार्फत रू.१२ अर्ब र म्युचुअल फन्ड मार्फत रू.३ अर्ब ५० करोड पुँजी परिचालन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा प्राथमिक बजार मार्फत रू.४६ अर्ब ९७ करोड पुँजी परिचालन भएको थियो।

४.४६ २०७७ फागुन मसान्तमा नेपाल स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीको सङ्ख्या २१७ रहेकोमा २०७८ फागुन मसान्तमा २२८ पुगेको छ ।

चार्ट ४(ङ) : नेप्से सूचकाङ्क र नेप्से फ्लोट सूचकाङ्क (विन्दुमा)



स्रोतः नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, २०७८ *फागुन

४.४७ २०७८ फागुन मसान्तमा धितोपत्र बजार पुँजीकरण २०७७ फागुन मसान्तको तुलनामा ११.७ प्रतिशतले वृद्धि भई रू.३७ खर्ब ८२ अर्ब ७९ करोड पुगेको छ । कुल गार्हस्थ्य उत्पादनसँग बजार पुँजीकरणको अनुपात ७८.० प्रतिशत रहेको छ ।

४.४८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म धितोपत्र कारोबार रकम रू.१० खर्ब ५३ अर्ब ९८ करोड रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा धितोपत्र कारोबार रकम रू.७ खर्ब १६ अर्ब ९३ करोड रहेको थियो ।

४.४९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म धितोपत्र निक्षेप तथा राफसाफको सेवा प्रदान गरिरहेको सिडिएससीमा दर्ता भएका कम्पनीको सङ्ख्या २१७ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सिडिएससीमा दर्ता भएका निक्षेप सदस्यहरूको सङ्ख्या ८२ पुगेको छ र निक्षेप सदस्यहरूले ७७ जिल्लाबाट नै निक्षेप सेवा उपलब्ध गराउँदै आएका छन्।

४.५० २०७८ फागुन मसान्तसम्म अभौतिकृत धितोपत्रको सङ्ख्या ८ अर्ब ३९ करोड ८ लाख पुगेको छ। २०७७ फागुन मसान्तमा यस्तो सङ्ख्या ६ अर्ब २६ करोड २४ लाख रहेको थियो।

४.५१ प्राथमिक निष्काशनमा हितग्राही खाता अनिवार्य गरेसँगै हितग्राही खाता खोल्नेको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएको छ। २०७८ फागुनसम्म हितग्राही खाताको सङ्ख्या ५० लाख ९६ हजार पुगेको छ । २०७७ फागुन मसान्तमा यस्तो सङ्ख्या ३१ लाख ९४ हजार रहेको थियो।

तालिका ४ (छ) : धितोपत्र अभौतिकीकरणको अवस्था

विवरण	२०७५/७६	२०७६/७७	२०७७/७८	पहिलो आठ महिना	
				२०७७/७८	२०७८/७९
दर्ता कम्पनीको सङ्ख्या	१९८	१९८	२०७	२०७	२१७
निक्षेप सदस्यको सङ्ख्या	७२	७६	७८	७७	८२
हितग्राही खाताको सङ्ख्या (हजारमा)	१५७०.५	१७५३.०	३७८९.०	३१९३.७	५०९६.०
अभौतिकृत धितोपत्रको सङ्ख्या (करोडमा)	४२०.३	५०७.०	७०१.६	६२६.२	८३९.१

स्रोतः सिडिएस एण्ड क्लियरीङ्ग लि., २०७८

बीमा

४.५२ २०७८ फागुनसम्म जीवन बीमा कम्पनी १९, निर्जीवन बीमा कम्पनी २० र पुनर्बीमा कम्पनी २ गरी जम्मा बीमा कम्पनीको सङ्ख्या ४१ रहेको छ ।

४.५३ २०७८ फागुनसम्म बीमा व्यवसायको कुल वित्तीय स्रोत तथा उपयोग रू.६ खर्ब ४ अर्ब ३ करोड रहेको छ । यस मध्ये जीवन बीमा व्यवसाय गर्ने बीमकको रू.५ खर्ब २१ अर्ब ६ करोड र निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको रू.८२ अर्ब ९७ करोड रहेको छ। यस्तो वित्तीय स्रोत तथा उपयोग गत वर्षको सोही अवधिको तुलनामा ११.३ प्रतिशतले बढी हो ।

४.५४ बीमा कम्पनीले आर्जन गर्ने बीमा शुल्क तीव्र रूपले वृद्धि हुँदै गएको देखिन्छ। आर्थिक वर्ष २०७०/७१ मा बीमा शुल्क रू. ३० अर्ब ४३ करोड रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा रू. १ खर्ब ५२ अर्ब ६५ करोड रहेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म जीवन र निर्जीवन गरी जम्मा बीमा शुल्क रू. १ खर्ब १७ अर्ब ५० करोड सङ्कलन भएको छ।

४.५५ जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको लगानी योग्य रकम क्रमशः वृद्धि हुँदै गएको छ। आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तमा यस्तो रकम रू.६ खर्ब ८२ अर्ब ४८ करोड पुगेको छ। जसमा जीवन र निर्जीवन बीमाको अंश क्रमशः ८४.७ प्रतिशत र १५.३ प्रतिशत रहेको छ ।

तालिका ४ (ज) : जीवन तथा निर्जीवन बीमा क्षेत्रको लगानीयोग्य साधन (रू. करोडमा)

आर्थिक वर्ष	बीमा		जम्मा
	जीवन	निर्जीवन	
२०७३/७४	१३८८३.९	२२४२.५	१६१२६.४
२०७४/७५	१७७८१.५	२७४५.०	२०५२६.५
२०७५/७६	२२५१७.९	३६६७.८	२६१८५.७
२०७६/७७	२८४६७.५	५८४४.१	३४३११.६
२०७७/७८	३४३३७.६	६३३९.४	४०६७७.०
२०७८/७९*	५७८३२.४	१०४१५.५	६८२४७.९

स्रोतः बीमा समिति, २०७८ *फागुनसम्म

४.५६ २०७८ असारसम्म बीमाको दायरामा आएको जनसङ्ख्या २७ प्रतिशत रहेकोमा २०७८ फागुनसम्म यस्तो जनसङ्ख्या २९ प्रतिशत पुगेको छ। वैदेशिक रोजगार म्यादी जीवन बीमा समेत गणना गर्दा २०७८ फागुनसम्म बीमाको दायरामा आएको जनसङ्ख्या ३५.४ प्रतिशत पुगेको छ।

४.५७ जीवन बीमातर्फ २,२९२ र निर्जीवन बीमातर्फ १,०३७ गरी २०७८ फागुनसम्म बीमकको शाखा सङ्ख्या कुल ३,३२९ रहेको छ।

४.५८ २०६९ सालदेखि कृषि बीमा कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ। आर्थिक वर्ष २०७१/७२ देखि कृषि बीमा अन्तर्गत पशुपन्छी बीमालाई पनि समावेश गरिएको छ। कृषि तथा पशुपन्छी बीमा शुल्कको ७५.० प्रतिशत अनुदान दिने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७८/७९ देखि ८०.० प्रतिशत अनुदान दिने व्यवस्था छ।

४.५९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सरकारले १९ अर्ब २ करोड ७५ लाख २३ हजार बीमाङ्क रकमको रू. ८४ करोड ८९ लाख ९ हजार बीमाशुल्क मध्ये अनुदान रकम ६० करोड ५० लाख ५१ हजार रहेको छ। उक्त अनुदान रकम मध्ये दाबी भुक्तानी रकम रू.१३ करोड ३५ लाख १७ हजार रहेको छ।

गैर-बैङ्क वित्तीय संस्थाहरू

४.६० २०७८ पुससम्म कर्मचारी सञ्चय कोषको सम्पति तथा दायित्व रू.४ खर्ब ५४ अर्ब ३४ करोड पुगेको छ। यस अवधिमा सञ्चयकर्ताहरूको सञ्चित रकम रू.४ खर्ब ८ अर्ब ४५ करोड रहेको छ।

४.६१ २०७८ पुससम्म नागरिक लगानी कोषको सम्पत्ति तथा दायित्व रू.१ खर्ब ९५ अर्ब ५५ करोड पुगेको छ। विभिन्न क्षेत्रमा गरी कोषको रू.१ खर्ब ८३ अर्ब ९१ करोड कर्जा लगानीमा रहेको छ।

४.६२ २०७८ फागुनसम्म हुलाक बचत बैङ्कको कुल निक्षेप रू.१ अर्ब ६१ करोड ६५ लाख रहेको छ भने कर्जा लगानी रू. ३८ करोड ७१ लाख भएको छ। यो बैङ्कमा कुल बचत खाता सङ्ख्या ५८ हजार ४ सय ५३ पुगेको छ।

४.६३ २०७८ असारसम्म रू.१ खर्ब २५ अर्ब १५ करोड कर्जा सुरक्षण रहेकोमा २०७८ पुससम्म रू.१ खर्ब ६१ अर्ब ७१ करोड कर्जा सुरक्षण भएको छ। विभिन्न ६३ बैङ्क तथा वित्तीय संस्थाको रू.८ खर्ब ६४ अर्ब ४८ करोड निक्षेप सुरक्षण भएको छ।

तालिका ४ (झ) : निक्षेप तथा कर्जा सुरक्षण कोषले प्रदान गरेको सुरक्षणको अवस्था

विवरण	२०७७ असार	२०७७ पुस	२०७८ असार	२०७८ पुस
कर्जा सुरक्षण रकम (रू. करोडमा)	६२१४.५	७५४४.७	१२५१५.४	१६१७१.४
निक्षेप सुरक्षण रकम (रू. करोडमा)	६८९४८.९	७५७५८.७	८११६१.६	८६४४७.९
सुरक्षण गरिएका कर्जा निक्षेप/ प्रदान गर्ने बैङ्क तथा वित्तीय संस्थाको सङ्ख्या	७३	६८	६६	६३
निक्षेप खाता सङ्ख्या	२६०२६४४२	२७३९७३०८	३०१०७२४४	३२९११०१३

स्रोतः निक्षेप तथा कर्जा सुरक्षण कोष, २०७८

४.६४ कर्जा सूचना केन्द्रले २०७८ चैतसम्म बैक तथा वितीय संस्थाहरूका १२ लाख ७८ हजार ६२० जना र लघुवित वितीय संस्थाहरूका ४२ लाख ६८ हजार ७२८ जना ऋणीहरूको सूचना सङ्कलन गरेको छ। २०७८ चैतसम्म विभिन्न बैङ्क तथा वित्तीय संस्थाका जम्मा २४ हजार ५९४ ऋणी कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा राखिएका छन्। सो अवधिमा ९८३४ ऋणी कालो सूचीमा समावेश भएका छन् भने २२२७ ऋणी कालो सूचीबाट बाहिरिएका छन्।

सहकारी संस्था

४.६५ २०७८ फागुनमा सहकारी संस्थाहरूको सङ्ख्या ३० हजार ८ सय ७९, शेयर सदस्य सङ्ख्या ७३ लाख ३७ हजार २ सय ५२ र शेयर पुँजी रू. ९४ अर्ब १२ करोड रहेको छ । सोही अवधिमा सहकारी क्षेत्रमा रू. ४ खर्ब ७७ अर्ब ९९ करोड बचत परिचालन भई रू. ४ खर्ब २६ अर्ब ३१ करोड कर्जा प्रवाह भएको छ।

४.६६ आर्थिक वर्ष २०७७/७८ मा सहकारी क्षेत्रमा ८८ हजार ३ सय ९ प्रत्यक्ष रोजगारी सिर्जना भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म ९१ हजार ३ सय १ प्रत्यक्ष रोजगारी सिर्जना भएको छ।

४.६७ सहकारी गतिविधिलाई विश्वसनीय र पारदर्शी तुल्याउन एवं एकीकृत तथ्याङ्ककको लागि विकास गरिएको अनलाइन प्रविधिमा आधारित सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (Co-operative and Poverty-related Management Information System- COPOMIS) मा ८ हजार ७ सय ६५ सहकारी संस्थाहरूलाई आबद्ध गरिएको छ।

५. बाह्य क्षेत्र

५.१ आर्थिक वर्ष २०७८/७९ को शुरूदेखि नै बाह्य क्षेत्रमा दबाब पर्दै गएको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ तथा खाद्यान्नको मूल्य वृद्धिका साथै उपभोग्य तथा निर्माणजन्य सामाग्रीको उच्च आयात, पर्यटन आय र बिप्रेषण आप्रवाहमा सङ्कुचन लगायतका कारण पछिल्लो समयमा समग्र शोधनान्तर स्थिति उच्च घाटामा रहेको छ र अघिल्ला वर्षहरूको तुलनामा यस्तो घाटा फराकिलो हुँदै गएको छ। पछिल्लो समय विदेशी मुद्रा सञ्चिति समेत घटेको छ।

वैदेशिक व्यापार

५.२ कोभिड-१९ को सङ्क्रमण क्रमशः कम भएपश्चात् वैदेशिक व्यापारको वृद्धिदर उच्च देखिएको छ। आर्थिक वर्ष २०७७/७८ मा निर्यात ४४.४ प्रतिशत र आयात २८.७ प्रतिशतले वृद्धि भएको थियो।

५.३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल वस्तु व्यापारमा निर्यात अंश १०.१ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७७/७८ फागुनसम्म यस्तो अंश ७.९ प्रतिशत रहेको थियो।

चार्ट ५(क): कुल व्यापारमा निर्यात/आयातको अंश (प्रतिशतमा)



स्रोत: नेपाल राष्ट्र बैङ्क ,२०७८

५.४ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल वस्तु निर्यात ८२.९ प्रतिशतले वृद्धि भई रू.१४७ अर्ब ७५ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा वस्तु

निर्यात ७.८ प्रतिशतले बढेर रू.८० अर्ब ७८ करोड पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म भारततर्फ १०४.२ प्रतिशत र अन्य मुलुकतर्फ २९.१ प्रतिशतले निर्यात बढेको छ भने चीनतर्फ ११.० प्रतिशतले घटेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा भारततर्फ ११.३ प्रतिशत र अन्य मुलुकतर्फ २.० प्रतिशतले निर्यात बढेको थियो भने चीनतर्फको निर्यात ४३.७ प्रतिशतले घटेको थियो।

५.५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म पाम तेल, सोयाविन तेल, पिना, धागो (पोलिस्टर तथा अन्य), ऊनी गलैँचा लगायतका वस्तुको निर्यात बढेको छ भने अलैँची, चिया, जडीबुटी, तार, तामाको तार लगायतका वस्तुको निर्यात घटेको छ।

५.६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल वस्तु आयात ३८.६ प्रतिशतले बढेर रू.१३ खर्ब ८ अर्ब ७३ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो आयात २.१ प्रतिशतले बढेर रू. ९ खर्ब ४३ अर्ब ९९ करोड पुगेको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म भारतबाट भएको आयात २८.१ प्रतिशत, चीनबाट भएको आयात ३६.७ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ७५.४ प्रतिशतले वृद्धि भएको छ ।

५.७ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म पेट्रोलियम पदार्थ, औषधी, कच्चा पाम तेल, कच्चा सोयाविन तेल, सुन लगायतका वस्तुको आयात बढेको छ भने एम.एस.बिलेट, सिमेन्ट, रासायनिक मल, दाल, मोलासिस सुगर लगायतका वस्तुको आयात घटेको छ।

५.८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल वैदेशिक व्यापार ४२.१ प्रतिशतले बढेर रू.१४ खर्ब ५६ अर्ब ४८ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा कुल व्यापार २.६ प्रतिशतले बढेर रू.१० खर्ब २४ अर्ब ७७ करोड पुगेको थियो।

चार्ट ५(ख): बाह्य क्षेत्रका प्रमुख परिसूचकहरू (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोत: नेपाल राष्ट्र बैङ्क, २०७८

निर्यात-आयात मूल्य सूचकाङ्क

५.९ वार्षिक विन्दुगत आधारमा २०७८ फागुनमा निर्यात एकाइ मूल्य सूचकाङ्क ११.३ प्रतिशतले बढेको छ भने आयात एकाइ मूल्य सूचकाङ्क १३.८ प्रतिशतले बढेको छ। २०७८ फागुन महिनामा वार्षिक विन्दुगत आधारमा व्यापारको शर्त २.२ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष सोही अवधिमा व्यापारको शर्त १.२ प्रतिशतले घटेको थियो ।

चार्ट ५(ग): निर्यात र आयात एकाइ मूल्य सूचकाङ्क (प्रतिशत परिवर्तन)



स्रोत: नेपाल राष्ट्र बैङ्क, २०७८

व्यापार सन्तुलन, शोधनान्तर र विप्रेषण

५.१० आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल वस्तु व्यापार घाटा ३४.५ प्रतिशतले वृद्धि भई रू.११ खर्ब ६० अर्ब ९९ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो घाटा १.६ प्रतिशतले बढेर रू.८ खर्ब ६३ अर्ब २१ करोड पुगेको थियो।

५.११ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म शोधनान्तर स्थिति रू.२ खर्ब ५८ अर्ब ६४ करोडले घाटामा रहेको छ। बढ्दो व्यापार घाटा, खुद सेवा आय र खुद ट्रान्सफरमा आएको कमी, पुँजीगत खाता र वैदेशिक ऋण तथा अनुदान आप्रवाहमा आएको कमी लगायतका कारण शोधनान्तर स्थिति उच्च घाटामा रहेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा शोधनान्तर स्थिति रू.६८ अर्ब १ करोडले बचतमा रहेको थियो।

५.१२ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म रू.१ खर्ब ५१ अर्ब ४२ करोडले घाटामा रहेको चालु खाता आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म रू.४ खर्ब ६२ अर्ब ९३ करोडले घाटामा रहेको छ।

५.१३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विप्रेषण आप्रवाह १.७ प्रतिशतले सङ्कुचन भई रू.६ खर्ब ३१ अर्ब १९ करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा विप्रेषण आप्रवाह रू.६ खर्ब ४२ अर्ब ३३ करोड रहेको थियो।

५.१४ आर्थिक वर्ष २०७६/७७ मा विप्रेषण आप्रवाह कुल गार्हस्थ्य उत्पादनको २२.५० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा २२.४७ प्रतिशत रहेको थियो।

तालिका ५(क): विप्रेषण आप्रवाहको अवस्था

विवरण	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
विप्रेषण आप्रवाह (रू.अर्ब)	६९५.५	७५५.१	८७९.४	८७५.०	९६१.१	६३१.२
प्रतिशत परिवर्तन	४.६	८.६	१६.५	-०.५	९.८	-१.७
विप्रेषणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात	२२.६	२१.८	२२.८	२२.५	२२.५	-
चालु खाता प्राप्तिमा विप्रेषण आप्रवाहको अंश	६०.६	६२.४	६३.७	६६.३	७०.६	६५.६
चालु ट्रान्सफर आयमा विप्रेषण आप्रवाहको अंश	८१.३	८६.७	८७.४	८८.६	८९.२	८९.०

स्रोत: नेपाल राष्ट्र बैङ्क, २०७८ *फागुनसम्म

विदेशी विनिमय सञ्चिति

५.१५ २०७८ असार मसान्तमा कुल विदेशी विनिमय सञ्चिति रू.१३ खर्ब ९९ अर्ब ३ करोड रहेकोमा २०७८ फागुन मसान्तमा रू.११ खर्ब ७१ अर्ब पुगेको छ। विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा अमेरिकी डलरमा ११ अर्ब ७५ करोड रहेकोमा २०७८ फागुन मसान्तमा ९ अर्ब ५८ करोड पुगेको छ।

५.१६ २०७८ फागुन मसान्तमा कायम रहेको कुल विदेशी विनिमय सञ्चितिमा नेपाल राष्ट्र बैङ्कमा रहेको सञ्चितिको अंश ८६.९ प्रतिशत रहेको छ। कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २४.२ प्रतिशत रहेको छ।

५.१७ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ७.४ महिनाको वस्तु आयात र ६.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

प्रत्यक्ष वैदेशिक लगानी

५.१८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म खुद प्रत्यक्ष वैदेशिक लगानी ६०.० प्रतिशतले वृद्धि भई रू. १६ अर्ब ३० करोड पुगेको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा खुद प्रत्यक्ष वैदेशिक लगानी रू.१० अर्ब १८ करोड रहेको थियो।

५.१९ २०७७ असार मसान्तमा प्रत्यक्ष वैदेशिक लगानी दायित्व रू.१ खर्ब ९८ अर्ब ५२ करोड रहेकोमा २०७८ असार मसान्तमा यस्तो दायित्व रू. २ खर्ब १८ अर्ब ३ करोड कायम भएको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म वैदेशिक लगानी बापत रू. ८ अर्ब ६८ करोड लाभांश भुक्तानीको लागि स्वीकृति प्रदान गरिएको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा यस्तो स्वीकृति रू.२५ अर्ब ३५ करोड रहेको थियो।

तालिका ५(ख) :लाभांश भुक्तानीको अवस्था

भुक्तानी	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
लाभांश भुक्तानी स्वीकृति (रू. अर्बमा)	१७.२४	३९.५३	२७.७८	१२.९०	२६.०८	८.६८
चालु खाता भुक्तानीमा लाभांशको अंश	१.५	२.७	१.७	१.०	१.५	१.०

स्रोत: नेपाल राष्ट्र बैङ्क ,२०७८ *फागुनसम्मको

विनिमय दर

५.२० २०७८ असार मसान्तको तुलनामा २०७८ फागुन मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.६३ प्रतिशतले अवमूल्यन भएको छ। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा नेपाली रुपैयाँ ३.६२ प्रतिशतले अधिमूल्यन भएको थियो। २०७८ फागुन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रू.१२२.२५ रहेको छ। २०७७ फागुन मसान्तमा उक्त विनिमय दर रू.११६.१६ रहेको थियो।

६. गरिबी निवारण र रोजगारी

गरिबी निवारण

६.१ मुलुकको दिगो, समावेशी आर्थिक विकास तथा दिगोपनाको दीर्घकालीन सोच हासिल गर्न नागरिकलाई गरिबीको चक्रबाट मुक्त गराउन आवश्यक छ। गरिबी निवारण गर्दै समतामूलक समाज निर्माण गर्ने दीर्घकालीन सोचअनुरूप आर्थिक असमानता न्यूनीकरण गर्ने राष्ट्रिय लक्ष्य तय गरिएको छ। तीनै तहको सरकारका साथै निजी, सहकारी र गैरसरकारी क्षेत्रको समन्वय र सहकार्यबाट गरिबी निवारणको राष्ट्रिय लक्ष्य प्राप्त गर्ने गरी राष्ट्रिय विकास रणनीति अवलम्वन गरिएको छ। गरिबीको फैलावट, विषमता र गहनतालाई विश्लेषण गरी लक्षित कार्यक्रम सञ्चालनमा प्रभावकारिता ल्याउन गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालनमा छ।

६.२ आर्थिक वर्ष २०७७/७८ बाट संकलित २३ जिल्लाका २१४ स्थानीय तहको तथ्याङ्क प्रशोधन गरी २ लाख २७ हजार गरिब घरपरिवार पहिचान गरिएको छ। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १५ जिल्लाका १८३ स्थानीय तहका ११ लाख ५० हजार तथ्याङ्क प्रशोधन कार्य शुरु भएको छ। यसबाट सम्बन्धित जिल्लामा गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने आधार तय भएको छ।

६.३ सामाजिक आर्थिक क्षेत्रमा विनियोजन हुनुपर्ने बजेट कोरोना रोकथाम तथा नियन्त्रणका लागि खर्च गर्नु पर्दा यस क्षेत्रको बजेट कम हुन गई समग्र विकास प्रभावित हुन पुगेको छ जसले गर्दा पन्ध्रौं योजनाको अन्त्यसम्ममा निरपेक्ष गरिबीलाई ९.५ प्रतिशत र बहुआयामिक गरिबी ११.५ प्रतिशतमा झार्ने लक्ष्य हासिल गर्नु थप चुनौतीपूर्ण बनेको छ।

६.४ स्वास्थ्य र शिक्षा क्षेत्रमा कुल लगानी विस्तार हुँदै गएको छ। फलस्वरूप, पोषण, बालमृत्युदर विद्यालय शिक्षासम्बन्धी सामाजिक क्षेत्रका सूचकहरूमा निरन्तर सुधार भएको छ। गरिब विपन्न र भूकम्प प्रभावित परिवार लक्षित आवास कार्यक्रमको प्रभावकारिता, फुस्को छानोलाई जस्तापाताले विस्थापित गर्ने अभियानको सफलता तथा स्वच्छ ऊर्जा र पिउने पानीको पहुँचमा विस्तार भएको छ। उसले गरिबी निवारण गर्न उल्लेख्य योगदान गरेको छ।

६.५ संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको सन् २०२० को प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकाङ्क अघिल्लो वर्ष ०.५७९ को तुलनामा सुधार भई ०.६०२ पुगेको छ।

श्रम र रोजगार

६.६ सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने दीर्घकालीन सोचअनुरूप स्थानीय तहमा रहेका बेरोजगारलाई सूचीकृत गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्न सबै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।

६.७ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ मा संशोधन भएको छ जसअनुसार श्रमिकको काम बापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दररेटको ८० प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुने व्यवस्था गरिएको छ।

६.८ बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम चालु आर्थिक वर्षमा ५० स्थानीय तहलाई बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने लक्ष्य रहेकोमा चालु आर्थिक वर्षको फागुनसम्म ३८ स्थानीय तहलाई बालश्रम मुक्त घोषणा गरिएको छ।

६.९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ६८६ गैर नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरिएको र ६०६ गैर नेपाली नागरिकको श्रम स्वीकृति नवीकरण गरिएको छ। गत आर्थिक वर्षमा १,०९० गैर नेपाली नागरिकलाई श्रम स्वीकृति प्रदान गरिएको र १३०० गैर नेपाली नागरिकको श्रम स्वीकृति नवीकरण गरिएको थियो।

तालिका ६(क): श्रम स्वीकृति लिने विदेशी नागरिकको सङ्ख्या

श्रम स्वीकृतिको विवरण	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
नयाँ श्रम स्वीकृति	१२४५	१६०८	१११९	११२६	१०९०	६८६
श्रम स्वीकृति नवीकरण	५७१	९६२	८६२	९६०	१३००	६०६

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७८ *फागुनसम्मको।

६.१० आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १,६२२ श्रम प्रतिष्ठानको निरीक्षण गरिएको छ। यस अवधिमा ६२ श्रम प्रतिष्ठानलाई श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र प्रदान गरिएको र २८७ इजाजतपत्रको नवीकरण गरिएको छ। चालु आर्थिक वर्षको फागुनसम्ममा १,६२२ श्रम प्रतिष्ठानको न्यूनतम पारिश्रमिक कार्यान्वयनको अनुगमन गरिएको छ।

६.११ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म ४१० वटा (औद्योगिक/व्यवसायिक) श्रम विवाद समाधान गरिएको छ।

गरिबी निवारण र रोजगारी लक्षित कार्यक्रम

६.१२ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ७ लाख ८ हजार २ सय ८७ सूचीकृत बेरोजगारमध्ये ७१ हजार ३ सय २४ जनाले रोजगारी प्राप्त गरेका छन्। आर्थिक वर्ष २०७७/७८ मा ७ लाख ५२ हजार ४ सय ५० सूचीकृत बेरोजगारमध्ये १ लाख ८१ हजार ५ सय ७७ ले रोजगारी प्राप्त गरेका थिए। आर्थिक वर्ष २०७७/७८ मा ७५३ स्थानीय तह मध्ये ७०८ स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको थियो। औषत दिनको हिसाबले बढी मात्रामा रोजगारी प्रदान गर्ने प्रदेशहरूमा क्रमशः कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश, प्रदेश नं. १, लुम्बिनी प्रदेश, गण्डकी प्रदेश, बागमती प्रदेश र मधेश प्रदेश रहेका थिए।

६.१३ रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) को अभिलेखअनुसार २०७८ फागुनसम्म रोजगार संयोजक ६९९ र प्राविधिक सहायक ६७३ गरी जम्मा १,३७२ जना रोजगार सेवा केन्द्रमा कार्यरत छन्।

६.१४ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारमध्ये चालु आर्थिक वर्षमा रोजगारी उपलब्ध गराउन प्रस्ताव गरिएको २ लाख व्यक्तिको २०७८ साल माघ १६ देखि २०७९ असार मसान्तसम्मका लागि काममा खटिएको १०० दिनको लागि सामुहिक दुर्घटना बीमा गरिएको छ।

तालिका ६(ख): प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण

प्रदेश	स्थानीय तह	कार्यक्रम सञ्चालन गरेका स्थानीय तह	सञ्चालन नगरेका स्थानीय तह	आयोजना सङ्ख्या	रोजगारीमा संलग्न व्यक्तिको सङ्ख्या	रोजगार औसत दिन	जम्मा रोजगार दिन
प्रदेश नं. १	१३७	१३५	२	२९४८	२९१५२	७५	२१९०६०६
मधेश	१३६	१११	२५	१४९८	१६७९३	६२	१०४९०९७
बागमती	११९	११२	७	२६५८	२६१९९	७२	१८९०१९१
गण्डकी	८५	८१	४	१६१४	१४२७४	७३	१०४५०७५
लुम्बिनी	१०९	१०७	२	२७७२	२७८६४	७४	२०६३१९६
कर्णाली	७९	७६	३	२०७९	२९४८२	८८	२५९३८८५
सुदूरपश्चिम	८८	८६	२	२६५०	३७८१३	७७	२९२२३४१
जम्मा	**७५३**	**७०८**	**४५**	**१६२१९**	**१८१५७७**	**७६**	**१३७५४३९१**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७८

६.१५ चालु आर्थिक वर्षको फागुनसम्म ६,६३० व्यक्तिलाई व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान मार्फत सीपमूलक तालिम प्रदान गरिएको छ।

६.१६ रूपान्तरणकारी आयोजनाको रूपमा कार्यान्वयनमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित विभिन्न रोजगार लक्षित कार्यक्रमबाट २०७८ फागुनसम्म ३०

हजार ४८ व्यक्तिले आंशिक रोजगारी र ११ हजार ४ सय २० व्यक्तिले पूर्ण रोजगारी प्राप्त गरेका छन्। सो कार्यक्रमबाट आर्थिक वर्ष २०७७/७८ मा ३ लाख ८३ हजार ३८ व्यक्तिले आंशिक रोजगारी र २३ हजार ५ सय ७२ व्यक्तिले पूर्ण रोजगारी प्राप्त गरेका थिए। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित विभिन्न रोजगार लक्षित कार्यक्रमबाट हालसम्म ८ लाख ५६ हजार ५ सय ५३ जनाले आंशिक रोजगारी प्राप्त गरेका छन् भने ८३ हजार ७ सय ७३ जनाले पूर्ण रोजगारी प्राप्त गरेका छन्।

६.१७ तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत चालु आ.व ०७८/७९ को लागि विनियोजित रू.१ अर्ब ५१ करोड वित्तीय हस्तान्तरण मार्फत ५१८ आयोजना/कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका छन्।

तालिका ६(ग): तराई मधेश समृद्धि कार्यक्रमको कार्यान्वयन अवस्था

कार्यक्रम कार्यान्वयनका क्षेत्रहरू	इकाई	२०७५/७६		२०७६/७७		२०७७/७८		शुरुदेखि आ.व २०७७/७८ सम्मको	
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
सामुहिक आवास भवन	घर	५२८	४५०	७५०	६३०	३८५	३६४	१६६३	१४४४
साना सडक स्तरोन्नति	कि.मी	६०	४४	९.३	८.३६	२४.७	२३	९४	७५.३६
सामुदायिक पूर्वाधार	वटा/ तल्ला	१८७	१८१	२८४	२५९	२५९	२३७	७३०	६७७
कृषि विकास	वटा	२२	२०	२६	२२	२०	१८	६८	६०
खानेपानी तथा सरसफाइ	वटा	१३	१०	३	३	१३	११	२९	२४
सिँचाइ तथा नदी नियन्त्रण	कि.मी	२.४	२	२४	२२	४.५	४.२	३०.९	२८.२
ऊर्जा	वटा	२	२	२	२	०	०	४	४
विपद जोखिम न्यूनीकरण	वटा	१	१	१	१	५	५	७	७
पारम्पारिक पेशा प्रवर्द्धन एवं आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम	वटा	०	०	०	०	१०३	६१	१०३	६१

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

६.१८ चालु आर्थिक वर्षको फागुनसम्म ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) लागू भएका १६ जिल्लाहरूमा सञ्चालित मर्यादित रोजगारी सहितको सीपमूलक तालिम कार्यक्रमबाट १० हजार युवा लाभान्वित भएका छन्। तालिम पश्चात् ३ महिनामा गरिने आय र रोजगारी प्रमाणिकरणबाट त्यसरी प्रशिक्षण लिएकाहरूमध्ये ८० प्रतिशत युवा स्वदेशमै रोजगार/स्वरोजगार रहेको पाइएको छ। आयोजनाबाट २०७८ फागुनसम्म १९ हजार ५ सय युवाले प्रशिक्षण लिएकोमा १६ हजार युवा रोजगार/स्वरोजगार भएका छन्।

६.१९ चालु आर्थिक वर्षभित्र थप ५ हजार व्यक्तिलाई वित्तीय शिक्षा तथा व्यवसायिक साक्षरता तालिम प्रदान गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा आयोजनाबाट हालसम्म यस्तो प्रशिक्षण लिने व्यक्तिको सङ्ख्या ७ हजार ५ सय रहेको थियो। आयोजनाबाट हालसम्म यस्तो प्रशिक्षण लिने व्यक्तिको सङ्ख्या ३० हजार पुगेको छ।

६.२० चालु आर्थिक वर्षको फागुनसम्म सामूहिक लगानीको माध्यमबाट आपूर्ति श्रृङ्खलामा आबद्ध १६ जिल्लाका २ हजार ४ सय कृषक घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्। आर्थिक वर्ष २०७७/७८ मा आयोजनाबाट लाभान्वित जनसङ्ख्या ४ हजार ४ सय रहेको थियो। आयोजनाबाट २०७८ फागुनसम्म कुल ११ हजार कृषक घरधुरी लाभान्वित भएका छन्।

वैदेशिक रोजगार

६.२१ २०७८ फागुनसम्म वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या ५६ लाख ६५ हजार २ सय २६ पुगेको छ जसमध्ये पुरुषको सङ्ख्या ५३ लाख ४८ हजार ८ सय १४ रहेको छ भने महिलाको सङ्ख्या ३ लाख १६ हजार ४ सय १२ रहेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म थप ४ लाख १२ हजार ७ सय ८७ जनाले वैदेशिक रोजगारीमा जान नयाँ तथा पुनः श्रम स्वीकृति लिएका छन्।

तालिका ६(घ): श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारको विवरण (सङ्ख्यामा)

देश	२०७८ असारसम्म			आर्थिक वर्ष २०७८/७९ को पहिलो ८ महिना			२०७८ फागुनसम्म		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
कतार	१२०१००३	१८९७९	१२१९९८२	५५४१६	२६०९	५८०२५	१२५६४१९	२१५८८	१२७८००७
मलेसिया	१२३१२७३	२७४५४	१२५८७२७	१५४	७	१६१	१२३१४२७	२७४६१	१२५८८८८
साउदी अरब	९४०९५५	७७१९	९४८६७४	१००१९५	११८	१००३१३	१०४११५०	७८३७	१०४८९८७
युएई	५७५६९८	६३००३	६३८७०१	२८४६२	८४१०	३६८७२	६०४१६०	७१४१३	६७५५७३
कुवेत	१०६७७८	४२४०३	१४९१८१	६७९०	१२२१	८०११	११३५६८	४३६२४	१५७१९२
बहराईन	५३३७२	४७४७	५८११९	४७२१	३४१	५०६२	५८०९३	५०८८	६३१८१
ओमान	३२५६५	५८२१	३८३८६	२१५८	३९८	२५५६	३४७२३	६२१९	४०९४२
द. कोरिया (अन्य)	३६७४४	२०३२	३८७७६	७८	१	७९	३६८२२	२०३३	३८८५५
द. कोरिया (ईपिएस)	५५७४०	३४१७	५९१५७	३३८	६४	४०२	५६०७८	३४८१	५९५५९
लेबनान	१२१८	११५४१	१२७५९	२	१	३	१२२०	११५४२	१२७६२
ईजरायल	२२९२	४४२२	६७१४	१०२	१९७	२९९	२३९४	४६१९	७०१३
अफगानिस्तान	१४३५३	५६	१४४०९	१२५	०	१२५	१४४७८	५६	१४५३४
जापान	१८९१०	११८१	२००९१	८०	१५	९५	१८९९०	११९६	२०१८६
अन्य	६९३०९७	९५६६६	७८८७६३	१८६१९५	१४५८९	२००७८४	८७९२९२	११०२५५	९८९५४७
जम्मा	**४९६३९९८**	**२८८४४१**	**५२५२४३९**	**३८४८१६**	**२७९७१**	**४१२७८७**	**५३४८८१४**	**३१६४१२**	**५६५२२६**

स्रोतः वैदेशिक रोजगार विभाग, २०७८

६.२२ वैदेशिक रोजगारीमा गएका नेपाली आप्रवासी कामदार र तिनका परिवारलाई लक्षित गरी विभिन्न कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएको छ। यसबाट चालु आर्थिक वर्षको फागुनसम्म ५८ महिला र १ हजार ४ सय ६४ पुरुष गरी जम्मा १ हजार ५ सय २२ कामदार तथा तिनका परिवार लाभान्वित भएका छन्।

६.२३ वैदेशिक रोजगारीको प्रमुख गन्तव्यको रूपमा रहेका मलेशिया, कतार, साउदी अरब र यूएईमा मात्र वैदेशिक रोजगारीमा गएका नेपालीमध्ये करिब ९० प्रतिशत कामदार कार्यरत छन्।

चार्ट ६(क): २०७८ असारसम्म वैदेशिक रोजगारीमा गएका कामदारको देशगत विवरण (प्रतिशतमा)



स्रोतः वैदेशिक रोजगार विभाग, २०७८

६.२४ २०७८ फागुनसम्म ८७८ म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा श्रमिक पठाउने इजाजत पत्र प्राप्त गरेका छन्। सरकारले वैदेशिक रोजगारीको लागि संस्थागत रूपमा ११० र व्यक्तिगत रूपमा १७८ देशलाई खुला गरेको छ।

तालिका ६(ङ): देशगत वैदेशिक रोजगारीको स्थिति (सङ्ख्या)

देश	पुरुष	महिला	जम्मा
कतार	५५४१६	२६०९	५८०२५
मलेसिया	१५४	७	१६१
साउदी अरब	१००१९५	११८	१००३१३
यूएई	२८४६२	८४१०	३६८७२
कुवेत	६७९०	१२२१	८०११
बहराइन	४७२१	३४१	५०६२
ओमान	२१५८	३९८	२५५६
द. कोरिया (अन्य)	७८	१	७९
द. कोरिया (ईपिएस)	३३८	६४	४०२
लेबनान	२	१	३
इजरायल	१०२	१९७	२९९
अफगानिस्तान	१२५	०	१२५
जापान	८०	१५	९५
अन्य	१०३४०	४७५९	१५०९९
जम्मा	२०८९६१	१८१४१	२२७१०२

स्रोतः वैदेशिक रोजगार विभाग, २०७८

६.२५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म वैदेशिक रोजगारीको सिलसिलामा १,१३८ पुरूष र ३३ महिला गरी १,१७१ नेपाली नागरिकको मृत्यु भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म मृतक परिवारलाई क्षतिपूर्ति बापत रू. ५७ करोड ९६ लाख प्रदान गरिएको छ। वैदेशिक रोजगारीको क्रममा मृत्यु हुने कामदारको नजिकको हकदारलाई वैदेशिक रोजगार बोर्डले आर्थिक सहायता स्वरूप रू. ७ लाख उपलब्ध गराउँदै आएको छ। विदेशमा अलपत्र परेका ४६ जना श्रमिकलाई कल्याणकारी कोषको रकमको उपयोग गरी उद्धार गरिएको छ।

तालिका ६(च): वैदेशिक रोजगारीको क्रममा मृत्यु हुनेहरूको सङ्ख्या र आर्थिक सहायताको विवरण

आर्थिक वर्ष	पुरुष	महिला	कुल	आर्थिक सहायता रकम रू. करोडमा
२०७०/७१	८५३	२४	८७७	१२.०६
२०७१/७२	१०००	६	१००६	२१.७४
२०७२/७३	७९२	२४	८१६	२२.१६
२०७३/७४	७३८	१८	७५६	२२.६३
२०७४/७५	८०१	२०	८२१	४५.६५
२०७५/७६	७३१	२३	७५४	५०.०२
२०७६/७७	६४५	१६	६६१	४१.५४
२०७७/७८	१२१३	२९	१२४२	७३.७७
२०७८/७९*	११३८	३३	११७१	५७.९६
कुल जम्मा	**७९११**	**१९३**	**८१०४**	**३४७.५३**

स्रोतः वैदेशिक रोजगार बोर्डको सचिवालय, २०७८ *फागुनसम्म

६.२६ वैदेशिक रोजगारमा संलग्न नेपाली श्रमिक तथा निजका परिवारलाई वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने उद्धार, राहत, क्षतिपूर्ति लगायतका कल्याणकारी सेवाहरू अनलाईन मार्फत उपलब्ध गराउन "वैदेशिक रोजगार कल्याणकारी व्यवस्थापन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि,२०७८" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

६.२७ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूलाई आवश्यक परामर्श प्रदान गर्न विभिन्न जिल्लामा रहेका आप्रवासी स्रोत केन्द्रहरू तथा केन्द्रमा रहेको राष्ट्रिय आप्रवासी स्रोत केन्द्रको व्यवस्थापनका लागि "आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७८" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

६.२८ स्थानीय तहको व्यवस्थापन तथा कार्यान्वयनमा सञ्चालन हुने सुरक्षित आप्रवासन परियोजना (तेस्रो चरण) ३९ जिल्लामा विस्तार भएको छ। उक्त कार्यक्रमबाट चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ५३ हजार ९३ व्यक्तिले सेवा प्राप्त गरेका छन्। साथै, कार्यक्रमबाट मनोसामाजिक परामर्श सेवा प्राप्त गर्ने व्यक्ति ३,६३० रहेका छन्।

तालिका ६ (छ): वैदेशिक रोजगारीसम्बन्धी सेवा लिनेहरूको विवरण (सङ्ख्यामा)

आर्थिक वर्ष	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
आप्रवासी स्रोत केन्द्रमा सेवालिन आएका सेवाग्राही	११८१८१	११३७६६	८७३७७	७८९३६	१०८८०३	१३२३१५
कानुनी सहायता तथा परामर्श	२०९१	२९०५	३३९८	३६४१	५३९३	३४३३
सीप विकास	३०६१	१२६३	१२२९	१०७१	९५०	५३२
मनोसामाजिक परामर्श सेवा	२८०५	३३०४	२११७	१५६७६	२३७४५	३६३०
वितीय साक्षरता	१५७१	१७८०	७१७	३१८०	१३९४९	१३१८३
कुल	**१२७७०९**	**१२३०१८**	**९४४५५**	**१०२०६४**	**१०५३३२**	**१५३०९३**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७८* फागुनसम्म

६.२९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म वैदेशिक रोजगारसम्बन्धी विभिन्न विषयका संस्थागत ५६८ र व्यक्तिगत ४०० गरी ९६८ उजुरी दर्ता भएका छन्। सो बापतको क्षतिपूर्ति दावी रकम रू.३४ करोड ७० लाख ४५ हजार १ सय ६० रहेको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा

६.३० श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्दै योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्न योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको छ। सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन सामाजिक सुरक्षा सूचना प्रणाली (SOSYS) सफ्टवयेर तयार गरी कार्यान्वयनमा ल्याइएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १६ हजार ८ सय ८७ रोजगारदाता र ३ लाख २० हजार ७ सय ४४ श्रमिक सामाजिक सुरक्षा कोषमा आबद्ध भएका छन्।सङ्ख्याको हिसाबले बागमती प्रदेशमा सबैभन्दा बढी र कर्णाली प्रदेशमा सबैभन्दा न्यून रोजगारदाता तथा योगदानकर्ता सूचीकृत भएका छन्।

तालिका ६ (ज): सामाजिक सुरक्षा कोषमा आबद्ध भएका रोजगारदाता तथा योगदानकर्तासम्बन्धी विवरण

विवरण/प्रदेश	प्रदेश नं. १	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
सूचीकृत रोजगारदाता								
२०७५/७६	२०७	१९९	२४७४	१४०	१६२	२९	५०	३२६१
२०७६/७७	१५८४	२९८	५९७७	४३६	७२८	९५	८४	९२०२
२०७७/७८	६९	१२९	१६९४	१०४	३८८	५१	७३	२५०८
२०७८/७९*	१३५	१३४	१३००	९६	१६६	४९	३६	१९१६
कुल जम्मा	**१९९५**	**७६०**	**११४४५**	**७७६**	**१४४४**	**२२४**	**२४३**	**१६८८७**
सूचीकृत योगदानकर्ता								
२०७५/७६	१०४६	१९७७	१९७५०	६९३	७९०	७४	०	२४३३०
२०७६/७७	१५४५०	९५५२	९६९५९	५५३३	४३९०	२४६	५९२	१३२७२२
२०७७/७८	१२३४५	५३४६	८७५४३	५२८७	५१४०	४८८	५१९	११६६६८
२०७८/७९*	३५४८	१७४९	३८२४०	१४५९	१६९२	२०६	१३०	४७०२४
कुल जम्मा	**३२३८९**	**१८६२४**	**२४२४९२**	**१२९७२**	**१२०१२**	**१०१४**	**१२४१**	**३२०७४४**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,२०७८ *फागुनसम्मको

सामाजिक सुरक्षा कोषमा योगदान

६.३१ योगदानमा आधारित सामाजिक सुरक्षा योजनाअनुसार मासिक पारिश्रमिक भुक्तानी गर्दा आधारभूत पारिश्रमिकको ३१ प्रतिशत मध्ये रोजगारदाताको तर्फबाट २० प्रतिशत र श्रमिकको तर्फबाट ११ प्रतिशत योगदान गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कोषमा रू.७ अर्ब ४९ करोड ५५ लाख ५२ हजार ७ सय ४४ रकम सङ्कलन भएको छ।२०७८ फागुनसम्म कोषमा रू.१४ अर्ब ३८ करोड २ लाख २१ हजार ४ सय १५ रकम सङ्कलन भएको छ।

६.३२ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत विभिन्न कल्याणकारी योजना मार्फत दावी भुक्तानी हुने गरेको छ। यस अन्तर्गत औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्धावस्था सुरक्षा योजना रहेका छन्। आर्थिक वर्ष २०७८/७९ फागुनसम्म २४ हजार २ सय १८ योगदानकर्ताको रू. ८९ करोड ६१ लाख ९७ हजार १ सय ८४ दाबी भुक्तानी भएको छ।

तालिका ६ (झ): योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत दावी भुक्तानीसम्बन्धी विवरण

(रकम रु लाखमा)

आ.व	औषधि, उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना		दुर्घटना तथा अशक्तता सुरक्षा योजना		आश्रित परिवार सुरक्षा योजना		वृद्धावस्था सुरक्षा योजना		कुल	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
२०७६/७७	३१५	४४.४६	२४	१.६८	६३	८.४७	१७	५.१६	४१९	०.६०
२०७७/७८	३४९६	३९७.७८	११५	२७.८४	४०५	४२.८१	११७४	८९६.६१	५१९०	१३.६५
२०७८/७९*	९५७३	१०९०.३५	३५३	११५.६४	१९०७	१९२.५३	१२३८५	७५६३.४६	२४२१८	८९.६२
जम्मा कुल	**१३३८४**	**१५३२.५९**	**४९२**	**१४५.१६**	**२३७५**	**२४३.८०**	**१३५७६**	**८४६५.२३**	**२९८२७**	**१०३.८७**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, *फागुनसम्मको

७. कृषि, वन तथा भूमिसुधार

७.१ कृषिलाई उत्थानशील अर्थतन्त्रको प्रमुख आधारको रूपमा विकास गर्न भू-उपयोग नीतिको कार्यान्वयन र वैज्ञानिक भूमिसुधारबाट उपलब्ध कृषियोग्य जमिनको अधिकतम उपयोग गर्ने नीति लिइएको छ। आधुनिक, विविधतायुक्त र व्यावसायिक कृषि प्रणालीबाट उत्पादन र उत्पादकत्व वृद्धि, खाद्य सुरक्षा र रोजगारी सिर्जना गर्ने कार्यक्रमहरू कार्यान्वयन भइरहेका छन्। राष्ट्रको पुनर्संरचनाबमोजिम संघ, प्रदेश तथा स्थानीय तहको एकल अधिकार तथा साझा अधिकार क्षेत्रमा कृषि समेटिएकोले कृषि प्रणालीमा रहेका कृषि तथा पशुपन्छी क्षेत्रको विकासका लागि तीनै तहबीच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा कार्यक्रम सञ्चालन भइरहेको छ। यसका लागि सङ्घीय, प्रादेशिक र स्थानीय तहमा संरचनाहरू स्थापना भई तीनै तहबाट कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

७.२ पशुपालन क्षेत्रको समग्र विकासका लागि कृषि विकास रणनीति तथा राष्ट्रिय कृषि नीति २०६१, पन्छीपालन नीति २०६८, खर्क नीति २०६८, कृषि व्यवसाय प्रवर्द्धन नीति २०६३, कृषि जैविक विविधता नीति २०६३, एक स्वास्थ्य रणनीति २०७६, राष्ट्रिय दुग्ध विकास नीति २०७८, राष्ट्रिय पशु प्रजनन नीति २०७८, राष्ट्रिय पशु स्वास्थ्य नीति २०७८ कार्यान्वयनमा छन्।

७.३ सरकारदेखि सरकारसम्म (G to G) विधिबाट भारत सरकारसँग आगामी ५ वर्षका लागि वार्षिक करिब १ लाख ५० हजार मे.टन देखि २ लाख १० हजार मे.टन सम्म मल आपूर्तिका लागि २०७८ फागुन १६ गते (MoU) मा हस्ताक्षर भएको छ।

७.४ सामुदायिक वन उपभोक्ता समूह मार्फत वन क्षेत्रको प्रभावकारी व्यवस्थापनबाट वन संरक्षणमा टेवा पुगेको छ भने गरिबीको रेखामुनि रहेका समुदायको जीविकोपार्जनमा सुधार भएको छ। वन क्षेत्रको विस्तारसँगै यसबाट प्राप्त हुने वनपैदावार, जडिबुटी लगायतका वस्तुको आपूर्ति एवं वनको बहुउपयोगमा वृद्धि भएको छ। साथै, वनबाट प्राप्त हुने जडिबुटी र वनपैदावार बिक्रीबाट आयआर्जनमा समेत बढोत्तरी आएको छ।

७.५ जग्गा प्रशासनसम्बन्धी कार्यलाई चुस्त, दुरुस्त र सहज बनाउने उद्देश्यले मालपोत कार्यालयमा विद्युतीय भू-अभिलेख सूचना एवं व्यवस्थापन प्रणाली (LRIMS) लागू गरिएको छ। भू-अभिलेख व्यवस्थापन सूचना प्रणाली र सेवा प्रवाहसम्बन्धी अनलाइन प्रणालीबीच अन्तर आबद्धता कायम गरी भूमि प्रशासनसँग सम्बन्धित सेवा प्रवाहलाई छरितो, पारदर्शी र सरल बनाउँदै लगिएको छ।

कृषि

७.६ कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि, वन र मत्स्यपालन) को योगदान क्रमशः घट्दै गएको छ। आर्थिक वर्ष २०७८/७९ मा यस क्षेत्रको योगदान २३.९ प्रतिशत रहने अनुमान

छ। नेपाल श्रमशक्ति सर्वेक्षणअनुसार कृषि क्षेत्रमा आबद्ध जनसङ्ख्या सन् २००८ मा ७३.९ प्रतिशत रहेकोमा सन् २०१८ मा ६०.४ प्रतिशत रहेको छ।

७.७ उच्च पहाडी जिल्लाहरू मुस्ताङ्ग र मनाङ्गमा स्याउको क्षेत्र विस्तार, उत्पादन र उत्पादकत्व वृद्धि गर्न उच्च घनत्व (High Density Planting) को बगैंचा स्थापनाका लागि उत्पादकहरूलाई प्राविधिक मापदण्ड उपलब्ध गराइएको छ। जुम्लामा स्याउको क्षेत्र विस्तार, उत्पादन र उत्पादकत्व वृद्धि गर्न स्याउको उच्च घनत्व (High Density Planting) को बगैचा स्थापनाका लागि "जुम्ला जिल्लामा स्याउ बगैंचा स्थापना तथा सञ्चालन मापदण्ड" समेत लागू गरिएको छ।

न्यूनतम समर्थन मूल्य

७.८ कृषि व्यवसाय प्रति आम नागरिकको आकर्षण बढाउन कृषकलाई उत्पादन लागतको आधारमा कृषि उपजको उचित मूल्य प्राप्त गर्ने सुनिश्चितता गरिएको छ। कृषि क्षेत्रमा बिचौलियाको प्रभाव निरुत्साहित गर्ने उद्देश्यले प्रमुख खाद्यान्न बालीमध्ये धान, गहुँ र उखुको न्यूनतम समर्थन मूल्य तोकिँदै आएको छ।

तालिका ७(क): न्यूनतम समर्थन मूल्य तोकिएका वस्तुहरू

बाली	मूल्य प्रति इकाइ	न्यूनतम समर्थन मूल्य			
		२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९
उखु	रुपैया प्रति क्वीन्टल	५३६.५६	५३६.५६	५४४.३३	५९०.००
मोटा धान	रुपैया प्रति क्वीन्टल	२३३१.२२	२५३२.८०	२७३५.००	२७५२.००
मध्यम धान	रुपैया प्रति क्वीन्टल	२४६०.५७	२६७३.१६	२८८५.००	२९०२.००
गहुँ	रुपैया प्रति क्वीन्टल	-	३०१५.००	३१११.००	३१६५.००

स्रोतः उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७८

७.९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म समर्थन मूल्यबमोजिम मोटा र मध्यम गरी कुल ८ हजार १ सय ९१.२५ मेट्रिक टन धान किसानसँग सम्झौता भई खरिद गरिएको छ।

७.१० आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म विभिन्न ८ जिल्लाका उखु कृषकलाई प्रति क्वीन्टल रू. ७० का दरले रू. ७८ करोड ९ लाख ६१ हजार रुपैया अनुदान उपलब्ध गराइएको छ। आर्थिक वर्ष २०७७/७८ मा रू. ९७ करोड १८ लाख २३ हजार १९० रुपैयाँ अनुदान उपलब्ध गराइएको थियो।

कृषि बीमा

७.११ २०७८ फागुनसम्ममा पशुपन्छी तथा मत्स्य बीमातर्फ बीमा प्रिमियममा ८० प्रतिशत अनुदान बापत २४ करोड भुक्तानी गरी रू. ३९ अर्ब रकम बराबरको पशुपन्छी तथा मत्स्य वस्तुको सुरक्षण गरिएको छ। यस वर्ष बाली बीमा तर्फ रकम भुक्तानी भएको छैन।

७.१२ आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म कृषि तथा पशुपन्छी बीमा अन्तर्गत कुल रू.४३ अर्ब ३० करोड बीमा गरिएको थियो। यसको बीमा शुल्क बापत रू.१ अर्ब ९३ करोड रहेको थियो। प्रिमियमको ७५ प्रतिशत अनुदान तर्फ आर्थिक वर्ष २०७७/७८ मा बाली बीमा तर्फ रू. ११ करोड ५३ लाख ८९ हजार ४९ र पशुपन्छी तथा मत्स्य बीमातर्फ रू. १ अर्ब ३३ करोड ९५ लाख ९ हजार ६१५ गरी जम्मा रू. १ अर्ब ४५ करोड ४८ लाख ९८ हजार ६६४ भुक्तानी गरिएको थियो। बाली तथा पशुपन्छी बीमा अन्तर्गत बाली बीमामा अपेक्षाकृत प्रगति नभए पनि पशुपन्छी बीमामा उल्लेख्य प्रगति भएको देखिन्छ।

कृषि क्षेत्रका कार्यक्रमहरू

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

७.१३ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा ५८ परियोजना कार्यान्वयन एकाइ मार्फत ७७ जिल्लामा १७७ जोन र १६ सुपर जोन सञ्चालनमा रहेका छन्।

७.१४ आर्थिक वर्ष २०७७/७८ देखि पकेट विकास कार्यक्रम स्थानीय तह र ब्लक विकास कार्यक्रम प्रदेश सरकार अन्तर्गत सञ्चालनमा रहेका छन्। चालु आर्थिक वर्ष २०७८/७९ मा पकेट ३,२६४ र ब्लक ९९९ वटा कार्यान्वयनमा रहेका छन् ।

७.१५ आर्थिक वर्ष २०७८/८९ को फागुनसम्म कृषि यान्त्रिकिकरण प्रवर्द्धनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुपर जोन तथा जोनहरूमा ५७५ कष्टम हायरिङ्ग सेन्टर स्थापना गरिएको छ जसबाट कृषि कर्ममा लाग्ने लागत न्यूनीकरण, श्रमिकको अभाव पूर्ति, लैङ्गिक मैत्री र युवाहरूलाई कृषि पेशातर्फ आकर्षित गर्न उत्प्रेरित गरेको छ। यस अवधिमा पोष्ट हार्भेष्ट सेन्टर ३६८ पुगेको छ जसबाट उत्पादक कृषकको हित अनुकुल मूल्य श्रृङ्खला कायम गर्न सहयोग पुगेको छ।

७.१६ परियोजना अन्तर्गत २०७८ को फागुनसम्म १ हजार ५ सय १४ साना सिँचाइ निर्माण सम्पन्न भई कुल ३ हजार २८ हेक्टर भूमिमा सिँचाइ सुविधा पुगेको छ भने १० वटा सौर्य सिँचाइबाट २५.१९ हेक्टरमा थप सिँचाइ सेवा पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल ३ हजार १ सय ५३ वटा साना सिँचाइ निर्माण भई ६ हजार १ सय ४ हेक्टरमा सिँचाइ सुविधा पुगेको थियो भने ७ वटा सौर्य सिँचाइबाट २९ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको थियो। परियोजनाको शुरुदेखि हालसम्म ७ हजार ९ सय ७८ साना सिँचाइ

निर्माण भई कुल १२ हजार ४ सय ४ हेक्टर मा सिँचाइ सुविधा पुगेको छ। त्यसैगरी सौर्य सिँचाइ ७९ स्थानमा निर्माण भई ३ सय ४ हेक्टरमा सिँचाइ सेवा पुगेको छ।

७.१७ कृषि आधुनिकीकरण परियोजना अन्तर्गत हालसम्म २ हजार ३ सय ७९ हेक्टर मत्स्य पोखरी निर्माण भएको छ। हाईटेक फलफूल नर्सरीको सङ्ख्या २६ पुगेको छ भने सेमी हाईटेक ग्रिनहाउसको सङ्ख्या ९५ पुगेको छ। हाईटेक फलफूल नर्सरी र सेमी हाईटेक ग्रीन हाउसबाट स्वच्छ र रोगमुक्त बिरुवा उत्पादनमा सहयोग पुग्नुको साथै नवीनतम प्रविधिको बढ्दो प्रयोगले कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि भएको छ।

७.१८ २०७८ को फागुनसम्म कृषि प्रसार कार्यक्रमलाई कृषकसम्म पुऱ्याउन र कृषि स्नातकलाई व्यावहारिक ज्ञान दिन ४ सय ४२ कृषि स्नातक इन्टर्न परियोजना अन्तर्गतका जोन र सुपर जोनमा परिचालन गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल २७८ जना कृषि इन्टर्न परिचालन गरिएको थियो। परियोजनाको शुरुदेखि हालसम्म कुल १,३९१ इन्टर्नलाई परियोजना अन्तर्गतका जोन र सुपर जोनमा परिचालन गरिएको छ।

चक्लाबन्दी खेती

७.१९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म जमिनको चक्लाबन्दीलाई प्रोत्साहन गरी करार तथा व्यावसायिक खेती, सहकारी खेती र सामुहिक खेती गर्न थप ५५० हेक्टर जमीनमा चक्लाबन्दी खेती गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल २,११५ हेक्टरमा चक्लाबन्दी खेती गरिएको थियो। परियोजनाको शुरूदेखि हालसम्म चक्लाबन्दी मार्फत ३,०६५ हेक्टरमा सामूहिक खेतीको शुरूवात भएको छ।

कृषि क्षेत्रको उत्पादन स्थिति

७.२० कृषि बालीको उत्पादनमा खाद्यान्न बालीको हिस्सा उच्च रहँदै आएको छ। चालु आर्थिक वर्षको कुल कृषि उत्पादनको परिमाणमा खाद्यान्न बालीको अंश ४४.३ प्रतिशत, तरकारीको १७.१ प्रतिशत, नगदेबालीको १५.३ प्रतिशत, औद्योगिक बालीको १३.२ प्रतिशत, फलफूल बालीको ५.८ प्रतिशत, र अन्यको ४.३ प्रतिशत रहने अनुमान छ। यस अवधिमा मह, मसलाबाली, फलफूल, तरकारी, नगदेबाली, र दलहनबालीको उत्पादन बढेको छ भने खाद्यान्नबाली र औद्योगिकबालीको उत्पादन घटेको छ। कृषि बालीमा तरकारी बालीको उत्पादकत्व उच्च रहेको छ भने खाद्यान्न बालीको उत्पादकत्व सबैभन्दा न्यून रहेको छ। मह उत्पादनमा समेत उच्च वृद्धिदर देखिएको छ।

तालिका ७(ख): कृषि बालीको उत्पादन स्थिति

बालीको नाम	२०७८/७९*			प्रतिशत परिवर्तन		
	क्षेत्रफल हेक्टर	उत्पादन मेट्रिक टन	उत्पादकत्व मेट्रिक टन प्रति हेक्टर	क्षेत्रफल हेक्टर	उत्पादन मेट्रिक टन	उत्पादकत्व मेट्रिक टन प्रति हेक्टर
खाद्यान्न बाली	३४८६२४९	१०७७२४९८	३.१	०.६	-३.१	-३.७
नगदे बाली	४५७८९८	३७३१५२४	८.१	०.०	३.३	३.३
औद्योगिक बाली	९०८१७	३१९८७६६	३५.२	-१.२	-०.६	०.५
दलहन बाली	३३४५५०	४०८३७१	१.२	-०.५	२.८	३.४
मसला बाली	७६३८२	६२६७२२	८.२	४.५	७.०	२.४
फलफूल	१२९५३२	१४१६७५०	१०.९	०.१	४.१	४.०
तरकारी	२८१७३५	४१५३१५७	१४.७	-०.८	४.०	४.९
मह (घार)	२४८९९५	५१६८	०.०	१.८	२७.२	२५.०

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८ *अनुमानित

द्रष्टव्यः खाद्यान्न बालीमा धान, गहुँ, मकै, कोदो, जौ र फापर समावेश गरिएको छ। नगदे बालीमा आलु र तेलहनलाई समावेश गरिएको छ। औद्योगिक बालीमा उखु, जुट, चिया, कफी र कपासलाई समावेश गरिएको छ भने दलहन बालीमा मसुरो, चना, अरहर, मास, भटमास, ग्रास पी, गहत र अन्य दलहनबाली समावेश गरिएको छ। मसला बालीमा अलैंची, अदुवा, लसुन, बेसार र खुर्सानी समावेश गरिएको छ।

खाद्यान्न बाली उत्पादन स्थिति

७.२१ आर्थिक वर्ष २०७८/७९ मा खाद्यान्न बाली लगाइएको क्षेत्रफल अघिल्लो आर्थिक वर्षको तुलनामा ०.६ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्षमा भएको बेमौसमी वर्षाको कारण धान बालीको उत्पादन ८.७ प्रतिशत र उत्पादकत्व ९.० प्रतिशतले सङ्कुचन भएको अनुमान छ। धानबालीको उत्पादन घटेकोले समग्र खाद्यान्न उत्पादन र उत्पादकत्वमा क्रमश ३.१ र ३.७ प्रतिशतले सङ्कुचन हुने अनुमान छ। त्यसैगरी औद्योगिक बालीको उत्पादन ०.६ प्रतिशतले कमी आउने अनुमान छ।

७.२२ चालु आर्थिक वर्षमा मह, मसला बाली, फलफूल, तरकारी, नगदे बाली र दलहन बालीको उत्पादनमा क्रमशः २७.२ प्रतिशत, ७.० प्रतिशत, ४.१ प्रतिशत, ४.० प्रतिशत ३.३ प्रतिशत र २.८ प्रतिशतले वृद्धि हुने अनुमान छ।

चार्ट ७(क): चालु आर्थिक वर्षमा खाद्यान्न बालीको उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टरमा)



स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८ * अनुमानित

७.२३ आर्थिक वर्ष २०७८/७९ मा धानबाली लगाइएको क्षेत्रफल ०.२ प्रतिशतले वृद्धि हुने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा धानबाली लगाइएको क्षेत्रफल १.० प्रतिशतले, उत्पादन १.२८ प्रतिशतले र उत्पादकत्व ०.४ प्रतिशतले वृद्धि भएको थियो।

७.२४ आर्थिक वर्ष २०७८/७९ मा ९ लाख ८५ हजार ५ सय ६५ हेक्टर जमिनमा मकैबाली लगाइएको छ। यस वर्ष मकैबाली लगाइएको क्षेत्रफल ०.६ प्रतिशतले वृद्धि भएको छ। मकैको उत्पादन र उत्पादकत्व क्रमशः ३.६ प्रतिशत र ३.० प्रतिशतले वृद्धि भएको अनुमान छ।

७.२५ आर्थिक वर्ष २०७८/७९ मा ७ लाख १६ हजार ९ सय ७८ हेक्टर जमिनमा गहुँबाली लगाइएको छ। यस वर्ष गहुँबालीको उत्पादकत्व ०.८ प्रतिशतले वृद्धि हुने अनुमान छ।

७.२६ आर्थिक वर्ष २०७८/७९ मा कोदो, फापर र जौको उत्पादन अवस्था सामान्य वृद्धि हुने अनुमान छ।

दलहन बाली

७.२७ आर्थिक वर्ष २०७८/७९ मा मसुरो, चना, अरहर, गहत, मास, भटमास लगायतका दलहन बाली लगाइएको क्षेत्रफल गत आर्थिक वर्षको तुलनामा ०.५ प्रतिशतले सङ्कुचन आएको छ भने उत्पादन एवं उत्पादकत्व सामान्य वृद्धि हुने अनुमान छ।

चार्ट ७(ख): चालु आर्थिक वर्षमा दलहन बालीको उत्पादन संरचना



स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८
द्रष्टव्यः अन्य अन्तर्गत मस्याङ, गहत, सिमी दाल लगायतका दलहन बाली समावेश गरिएको छ।

७.२८ आर्थिक वर्ष २०७८/७९ मा दलहन बालीको उत्पादकत्व ३.४ प्रतिशतले वृद्धि भई कुल उत्पादन ४ लाख ८ हजार ३ सय ७१ मेट्रिक टन हुने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो उत्पादन ०.५ प्रतिशतले सङ्कुचन हुँदा ३ लाख ९७ हजार १ सय ४३ मेट्रिक टन रहेको थियो।

७.२९ आर्थिक वर्ष २०७८/७९ मा दलहन बालीको कुल उत्पादनमा मसुरो बालीको हिस्सा ६२.० प्रतिशत हुने अनुमान छ। यस अवधिमा मसुरो बालीको उत्पादन र उत्पादकत्व क्रमशः २.५ प्रतिशत र ४.६ प्रतिशतले वृद्धि हुने अनुमान छ। यस अवधिमा भटमास र मासको उत्पादन क्रमशः १४.७ प्रतिशत र २०.७ प्रतिशतले बढेको अनुमान छ। चालु आर्थिक वर्षमा दलहन बाली मध्ये सबैभन्दा बढी उत्पादकत्व भटमासको १.४ मेट्रिक टन प्रति हेक्टर रहेको छ भने समग्रमा दलहन बालीको उत्पादकत्व ३.४ प्रतिशतले वृद्धि हुने अनुमान छ।

नगदे बाली

७.३० चालु आर्थिक वर्षमा २०७८/७९ मा नगदेबाली अन्तर्गत आलुको उत्पादन आर्थिक वर्ष २०७७/७८ को तुलनामा ३.९ प्रतिशतले बढेर ३४ लाख ५४ हजार मेट्रिक टन हुने अनुमान छ भने तेलहन बालीको उत्पादन ३.४ प्रतिशतले घटेर २ लाख ७७ हजार मेट्रिक टन हुने अनुमान छ। यस अवधिमा आलु र तेलहनको उत्पादकत्व प्रति हेक्टर क्रमशः १७.६ मेट्रिक टन र १.१ मेट्रिक टन रहने अनुमान छ।

तरकारी बाली

७.३१ आर्थिक वर्ष २०७८/७९ मा तरकारीको उत्पादन आर्थिक वर्ष २०७७/७८ को तुलनामा ४.० प्रतिशतले वृद्धि भई ४१ लाख ५३ हजार मेट्रिक टन रहने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो उत्पादन ०.८ प्रतिशतले कमी आएको थियो।

फलफूल

७.३२ आर्थिक वर्ष २०७८/७९ मा फलफूलको उत्पादन अघिल्लो आर्थिक वर्षको तुलनामा ४.१ प्रतिशतले वृद्धि भई १४ लाख १६ हजार मेट्रिक टन पुग्ने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो उत्पादन ८.९ प्रतिशतले बढेको थियो।

औद्योगिक बाली

७.३३ आर्थिक वर्ष २०७८/७९ मा उखु र जुट बाहेकका औद्योगिक बाली लगाइएको क्षेत्रफल र उत्पादन बढ्ने अनुमान छ। चालु आर्थिक वर्षमा कपासको उत्पादन १७.० प्रतिशतले वृद्धि भएको अनुमान छ। यस वर्ष चिया, कपास, कफी र जुटको उत्पादकत्व क्रमशः १२.१ प्रतिशत, ७.२ प्रतिशत, ३३.३ प्रतिशत र ०.८ प्रतिशतले वृद्धि हुने अनुमान छ। कफी फुल फुल्ने बेलामा राम्रो वर्षा भएको र क्षेत्र विस्तार समेत भएका कारण चालु आर्थिक वर्षमा कफी उत्पादनमा करिब ६० प्रतिशतले वृद्धि हुने अनुमान छ ।

चार्ट ७(ग): उखुको उत्पादन र वृद्धिदर (उत्पादन लाख मेट्रिक टनमा)



स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८

७.३४ चालु आर्थिक वर्ष २०७८/७९ मा औद्योगिक बाली मध्ये उखुको उत्पादकत्व सबैभन्दा बढी ५०.५ मेट्रिक टन प्रति हेक्टर रहेको छ भने क्षेत्रफल र उत्पादनमा भने सामान्य कमी आउने अनुमान छ। गत आर्थिक वर्ष २०७७/७८ मा पनि क्षेत्रफल र उत्पादन ६ प्रतिशतले कमी आएको थियो।

चार्ट ७(घ): चियाको उत्पादन र वृद्धिदर (उत्पादन हजार मेट्रिक टनमा)



स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८

७.३५ चियाको बगैंचा व्यवस्थापन र चिया बगानको क्षेत्र विस्तार भएका कारण चालु आर्थिक वर्ष २०७८/७९ मा चियाको उत्पादनमा करिब १९.० प्रतिशतले वृद्धि भई २८ हजार २ सय मेट्रिक टन हुने अनुमान छ । आर्थिक वर्ष २०७७/७८ मा चियाको उत्पादनमा करिब २.० प्रतिशतले सङ्कचन हुँदा उत्पादन २३ हजार ८ सय मेट्रिक टन भएको थियो ।

मसला बाली उत्पादन स्थिति

७.३६ आर्थिक वर्ष २०७८/७९ मा अलैंची, अदुवा, लसुन, बेसार, खुर्सानी लगायतका मसला बालीको उत्पादन वृद्धिदर ८.२ प्रतिशत रहने अनुमान छ। यस वर्ष मसला बाली लगाएको क्षेत्रफल, उत्पादन र उत्पादकत्व समेत वृद्धि भई कुल उत्पादन ६ लाख २६ हजार ७ सय मेट्रिक टन रहने अनुमान छ। गत आर्थिक वर्ष २०७७/७८ मा यस्तो उत्पादन ५ लाख ८५ हजार ४ सय मेट्रिक टन रहेको थियो।

माछाको उत्पादन

७.३७ पछिल्ला वर्षहरूमा व्यावसायिक माछापालन प्रति कृषकको आकर्षण बढेको कारण माछाको उत्पादनमा वृद्धि हुँदै गएको छ। मत्स्यपालनमा संलग्न कृषकहरूलाई विभिन्न प्रकारका मत्स्यबीजहरू (ह्याचलिङ्ग, फ्राई तथा फिंगरलिंग) उत्पादन गरी वितरण भएको छ। साथै, माछा पालनसम्बन्धी तालिमहरू सञ्चालन गरी प्राविधिक सेवा प्रदान गरिँदै आएको छ।

७.३८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म माछाको उत्पादन ६९ हजार ७ सय मेट्रिक टन रहेकोमा चालु आर्थिक वर्षको अन्त्यसम्ममा माछाको उत्पादन १ लाख १७ हजार मेट्रिक

टन पुग्ने अनुमान छ। आर्थिक वर्ष २०७७/७८ मा माछाको उत्पादन १ लाख ४ हजार ६ सय मेट्रिक टन रहेको थियो।

चार्ट ७ (ङ): पछिल्लो ५ वर्षको माछाको उत्पादन (मे.ट. हजारमा)



स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय,२०७८ * अनुमानित

पशुपन्छीजन्य उत्पादन स्थिति

७.३९ पछिल्ला वर्षहरूमा रैथाने पशुको तुलनामा उन्नत नश्ल र बढी उत्पादन क्षमताका गाई भैंसीको सङ्ख्यामा वृद्धि भई दूध उत्पादनमा उल्लेखनीय वृद्धि भएको छ। बाख्रा र बङ्गुरको सङ्ख्यामा पनि वृद्धि भएको छ। व्यावसायिक बाख्रापालनमा युवाको बढ्दो आकर्षण, बोयर लगायतका उन्नत जातको बाख्रा आयात तथा स्थानीय जातको बाख्राको नश्ल सुधारबाट बाख्राको सङ्ख्यामा वृद्धि भएको छ। त्यस्तै चालु आर्थिक वर्षमा सुँगुर/बङ्गुरको सङ्ख्यामा करिब ४.६ प्रतिशतले वृद्धि हुने अनुमान छ। कुल बङ्गुर मध्ये करिब १९ प्रतिशत उन्नत जातका बङ्गुरहरू रहेका छन्।

७.४० कोभिड-१९ को कारण पशुपन्छी व्यवसायमा प्रतिकुल प्रभाव परेको छ। आर्थिक वर्ष २०७७/७८ मा कुखुराको उत्पादन सङ्ख्यामा ११.१ प्रतिशतले सङ्कुचन आएको छ। भैंसी र भेडाको सङ्ख्या समेत घटेको छ। यद्यपि बाख्राको सङ्ख्या ४.९ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७६/७७ मा भैंसी बाहेक सबै पशुपन्छीहरूको सङ्ख्यामा वृद्धि भएकोमा सबै भन्दा बढी कुखुरामा ९.१ प्रतिशत र बाख्रामा ४.३ प्रतिशतले वृद्धि भएको थियो ।

दूधको उत्पादन

७.४१ कृषि विकास रणनीति (२०१५-३५) ले दुग्ध क्षेत्रलाई दोस्रो महत्त्वपूर्ण मूल्य श्रृङ्खलाको वस्तुको रूपमा पहिचान गरेको छ। पन्ध्रौं पञ्चवर्षीय योजनाको अन्तिम वर्ष २०८०/८१ सम्ममा प्रति दुधालु पशुको उत्पादकत्व १,०४५ लिटर प्रति वेतबाट १,४८७ लिटर प्रति

वेत र वार्षिक उत्पादन २,०९२ मे.ट. बाट २,७११ लाख मे.ट. पुऱ्याउने लक्ष्य राखिएको छ।

७.४२ विगत तीन दशकदेखि उन्नत नश्लको प्रयोग गरी सञ्चालन गरिएका प्राकृतिक तथा कृत्रिम गर्भाधान कार्यक्रमको प्रभावले उन्नत नश्लको गाई र भैंसीको सङ्ख्यामा उल्लेख्य वृद्धि भई दूध उत्पादन तथा उत्पादकत्वमा क्रमशः वृद्धि हुँदै गएको छ।

तालिका ७(ग): प्रतिव्यक्ति दूध र अण्डा उपलब्धता

आर्थिक वर्ष	दूध	प्रति व्यक्ति दूधको उपलब्धता	फुल (अण्डा)	प्रति व्यक्ति अण्डाको उपलब्धता
	(हजार मेट्रिक टन)	किलोग्राममा	करोडमा	
२०७१/७२	१७२५	६२	८९.९५	३२
२०७२/७३	१८५४	६५	१२०.८१	४३
२०७३/७४	१९११	६७	१३५.२३	४७
२०७४/७५	२०८५	७२	१५१.२३	५२
२०७५/७६	२१६८	७४	१५४.९७	५३
२०७६/७७	२३०१	७९	१६२.००	५५
२०७७/७८	२४८०	८५	१४९.३६	५१

स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्कबाट गणना गरिएको।

७.४३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म दूधको उत्पादन १७ लाख ३९ हजार मेट्रिक टन पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा त्यस्तो उत्पादन २४ लाख ८० हजार मेट्रिक टन रहेको थियो।

७.४४ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म १ अर्ब ८ करोड ३२ लाख गोटा अण्डा उत्पादन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा बर्डफ्लु लगायतका कारण अण्डाको उत्पादन ७.८ प्रतिशतले सङ्कुचन हुँदा उत्पादन १ अर्ब ४९ करोड ३६ लाख गोटा पुगेको थियो।

मासु उत्पादन

७.४५ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म मासुको उत्पादन ३ लाख ८१ हजार मेट्रिक टन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा मासुको उत्पादनमा ५.७ प्रतिशतले सङ्कुचन आई कुल ५ लाख २० हजार ७ सय मेट्रिक टन रहेको थियो। आर्थिक वर्ष २०७६/७७ मा नश्ल सुधार, कृत्रिम गर्भाधान र व्यवसायिक पशुपन्छी पालन कार्यक्रमको प्रभावकारिता अभिवृद्धि भई मासुको उत्पादन ५४.६ प्रतिशतले वृद्धि भएको थियो।

चार्ट ७(च): पछिल्लो ५ वर्षको मासुको उत्पादन (मे.ट. हजारमा)



स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८

द्रष्टव्य: खुद मासु उत्पादनमा राँगो, भैंडा, खसि, बोका, सुँगुर/बँगुर, कुखुरा र हाँसको मासुको उत्पादनलाई समावेश गरिएको छ।

ऊन उत्पादन

७.४६ भेडाको सङ्ख्या र ऊन उत्पादन क्रमशः घट्दो अवस्थामा रहेको देखिन्छ। नेपालमा बरुवाल जातका भेडाको बाहुल्यता छ। यसको उत्पादकत्व उन्नत भेडाको भन्दा तुलनात्मक रूपले कम हुँदा ऊन उत्पादन पनि कम देखिएको छ।

चार्ट ७ (छ): पछिल्लो ५ वर्षको ऊनको उत्पादन (कि.जी. हजारमा)



स्रोत: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८

७.४७ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ऊनको उत्पादन ३ लाख ९५ हजार किलो ग्राम भएको छ। आर्थिक वर्ष २०७६/७७ मा ऊनको उत्पादन ५ लाख ९२ हजार ७ सय

किलोग्राम भएकोमा आर्थिक वर्ष २०७७/७८ मा यस्तो उत्पादन १.४७ प्रतिशतले सङ्कुचन भई ५ लाख ८४ हजार किलोग्राम उत्पादन भएको थियो।

सिँचाइ

७.४८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघ अन्तर्गत सञ्चालित कार्यक्रमबाट सतह सिँचाइ २,८९५ हेक्टर तथा भूमिगत सिँचाइ ११० हेक्टर गरी कुल ३,००५ हेक्टर सिञ्चित क्षेत्र थप भई २०७८ फागुनसम्म १५ लाख १२ हजार ४ सय ३२ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। २०७८ असारसम्म कुल १५ लाख ९ हजार ४ सय २७ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको थियो।

७.४९ जलउत्पन्न प्रकोप नियन्त्रणको लागि आर्थिक वर्ष २०७७/७८ मा ७७ कि.मि. तटबन्ध निर्माण भई ८५३ हेक्टर जग्गा उकास गरिएको थियो भने आर्थिक वर्ष २०७८/७९ को प्रथम आठ महिना सम्ममा ३१.६७ कि.मि. तटबन्ध निर्माण तथा ५३ हेक्टर जग्गा उकास भएको छ। हालसम्म कुल १,२४१ कि.मि. तटबन्ध निर्माण र १२ हजार ५८ हेक्टर जग्गा उकास गरिएको छ।

७.५० कृषियोग्य जमिनमा सिँचाइ सुविधाको विस्तारबाट कृषि उत्पादनमा वृद्धि ल्याउन हाल संघ अन्तर्गत १६ वटा सिँचाइ आयोजना सञ्चालनमा छन्।

मञ्जुषा बक्स ८(क): राष्ट्रिय गौरवका सिँचाइ आयोजनाको उपलब्धि

१. **सिक्टा सिँचाइ आयोजना :** आर्थिक वर्ष २०७१/७२ मा सम्पन्न हुने लक्ष्य राखिएको यस आयोजनाको म्याद थप गरी आर्थिक वर्ष २०७८/७९ पुऱ्याइएको छ। आर्थिक वर्ष २०७८/७९ सम्मको भौतिक प्रगति ६९ प्रतिशत रहेको छ। यस आयोजना अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म पश्चिम मूल नहरको समस्याग्रस्त खण्डको ४ कि.मि. मा विभिन्न स्थानमा आकस्मिक मर्मत सम्भार गरी पानी सञ्चालन गर्ने कार्य भइरहेको छ। पूर्वी मूल नहरको बाँकी ३७ कि.मि. मध्ये १० कि.मि. माटोको कार्य सम्पन्न भएको छ भने ५ कि.मि. लाईनिंग तथा १६ ओटा संरचना निर्माण सम्पन्न भएको छ। ६ ओटा शाखा नहरको निर्माण कार्य भइरहेको छ। यस आयोजनाबाट ४२ हजार ७ सय ६६ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ।

२. **रानी जमरा कुलेरिया सिँचाइ आयोजना:** आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य लिइएको यस आयोजनाले कैलाली जिल्लाको २० हजार ३ सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको छ। २०७८ असारसम्म ५२ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। चालु आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म इन्टेकको निर्माण कार्य सम्पन्न भएको छ। पावर हाउस निर्माण कार्य ९३ प्रतिशत सम्पन्न भएको छ। आयोजना अन्तर्गतको लम्की विस्तार नहरको (१४.६५ कि.मि.) कार्य मध्ये ६.६ कि.मि. माटोको कार्य, ६ कि.मि. लाईनिङ्ग तथा ५९ संरचना निर्माण सम्पन्न भएको छ। त्यस्तै यस आयोजनाको आधुनिकीकरण कार्यतर्फ २१ संरचनाहरूको निर्माण सम्पन्न भइसकेको छ भने पथरैया नदीमा १.६ कि.मी. सिञ्चित क्षेत्र बचावट कार्य सम्पन्न भएको छ।

३. **<u>भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाः</u>** आर्थिक वर्ष २०७९/८० मा सम्पन गर्ने लक्ष्य लिइएको यस आयोजनाले बांके र बर्दिया जिल्लाको करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिंचाइ जल उपलब्ध गराउने र ४६.८ मेगावाट जलविद्युत उत्पादन गराउने लक्ष्य राखेको छ। २०७८ असारसम्म यस आयोजनाको ४८ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म यस आयोजना अन्तर्गत डिएस स्टिलिंग बेसिन (D/S Stilling Basin) को जग खन्ने, आर. सि. सि. ढलान गर्ने कार्य, सेटलिङ्ग बेसिन (Settling Basin) को लागि जग खन्ने, प्लम कङ्क्रिटिङ्ग तथा आर. सि. सि. ढलान गर्ने कार्यहरू सुचारु रहेका छन्। बाँध निर्माण क्षेत्र चिप्लेमा पथान्तरण सडक (Diversion Road) सम्पन्न भएको तथा खोल्सी पथान्तरण (Drain Diversion) को कार्य सुचारु रहेको, पावरहाउस निर्माण स्थानमा जग खन्ने, स्लोप स्टाविलाईजेसन (Slope Stabilization) गर्ने कार्य भइरहेको छ। हाइड्रोमेकानिकल कार्यको सम्झौता भई कार्य शुरु भइसकेको र ईलेक्ट्रोमेकानिकल कार्यको बोलपत्र आव्हान भइसकेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म यस आयोजनाको कुल भौतिक प्रगति ५६ प्रतिशत रहेको छ।

४. **महाकाली सिंचाइ आयोजना (तेस्रो चरण):** आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको आर्थिक वर्ष २०७७/७८ सम्मको भौतिक प्रगति १२.८२ प्रतिशत रहेको थियो। २०७८/७९ को फागुनसम्म यस आयोजना अन्तर्गत १२.६ कि.मि. मुल नहर तथा १५ ओटा नहर संरचनाको निर्माण कार्य सम्पन्न भएको छ।

५. **सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाः** आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको आर्थिक वर्ष २०७७/७८ सम्मको भौतिक प्रगति ३.५ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म यस आयोजनाले ५.४ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ। यस आयोजनाको रामेछाप जिल्ला अन्तर्गत अधिग्रहण गर्नुपर्ने जग्गाको मूल्य निर्धारण भई मुआव्जा पाउने नामावलीसम्बन्धी सूचना प्रकाशन भएको, सुरुङ निर्माण अन्तर्गत TBM Inlet Portal, Segment plant, Crushing plant, TBM Platform, Batching Plant निर्माण कार्य तथा TBM Re-engineering कार्य अन्तिम चरणमा पुगेको छ। साथै, हेडवर्क्स निर्माण कार्य, वातावरणीय व्यवस्थापन योजनासम्बन्धी कार्य र नदी नियन्त्रण कार्यको लागत अनुमान तयार गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

६. **बबई सिंचाइ आयोजनाः** आर्थिक वर्ष २०८२/८३ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको आ.व. २०७७/७८ सम्मको भौतिक प्रगतिः ५६.३८ प्रतिशत रहेको छ। आयोजना अन्तर्गत हेडवर्क्सको कार्य सम्पन्न भएको छ। आयोजनाको मूल नहर ७९.९ कि.मि र शाखा/उपशाखा नहर २२२.०८ कि.मि. निर्माण कार्य सम्पन्न भएको छ।

मौसम पूर्वानुमान

७.५१ आर्थिक वर्ष २०७७/७८ मा विपद्बाट हुनसक्ने जनधन तथा पूर्वाधारहरूमा हुने क्षतिको जोखिमलाई न्यून गर्नका ३२ स्थानमा स्वचालित जलमापन केन्द्र तथा ३६ स्थानमा स्वचालित मौसम मापनकेन्द्रको अपग्रेडिङ तथा स्थापना गर्ने कार्य सम्पन्न भएको छ ।

७.५२ कुल १३३ वटा मौसम मापन केन्द्र तथा १२२ वटा जल मापन केन्द्र स्तरोन्नति गरी स्वचालित केन्द्र स्थापना भएको छ। जल तथा मौसमसम्बन्धी सूचना प्रवाहका लागि टि.भी. स्टुडियो तयार भएको छ।

७.५३ जल उत्पन्न प्रकोप व्यवस्थापन गर्न आर्थिक वर्ष २०७७/७८ सम्म कुल १,२०९ कि.मि. तटबन्ध निर्माण कार्य सम्पन्न भएको छ।

मलखाद व्यवस्थापन

७.५४ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म २ लाख ९७ हजार मेट्रिक टन रासायनिक मल खरिद प्रक्रियामा रहेकोमा १ लाख २२ हजार मेट्रिक टन मल आयात भएको छ। गत वर्षको मौज्दात समेत गरी चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ८३ हजार मेट्रिक टन रासायनिक मल अनुदानमा बिक्री वितरण भएको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म २ लाख ९८ हजार मे.टन मल आयात भएको थियो भने २ लाख मे.टन रासायनिक मल अनुदानमा बिक्री वितरण भएको थियो । आर्थिक वर्ष २०७७/७८ मा जम्मा ३ लाख ७६ हजार ६२३ मे.टन रासायनिक मल लागत सहभागिताको आधारमा कृषकलाई बिक्री वितरण गरिएको थियो।

७.५५ सरकार-सरकारबीच हुने खरिद विधि (G to G) बाट भारत सरकारसँग आगामी ५ वर्षका लागि वार्षिक १ लाख ५० हजार मे.टन देखि २ लाख १० हजार मे.टन सम्म मल आपूर्तिका लागि समझदारीपत्रमा हस्ताक्षर भएको छ।

चार्ट ७ (ज): पछिल्लो ५ वर्षको रासायनिक मल आयात (हजार मेट्रिक टन)



स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय,२०७८

प्रयोगशाला सेवा

७.५६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म केन्द्रीय कृषि प्रयोगशालाबाट परीक्षण विधिको एकरूपता तथा स्तरीयताको लागि बीउ बिजन प्रयोगशालमा ३७८ बीउ विश्लेषण गरी प्रादेशिक प्रयोगशालालाई प्राविधिक पृष्ठपोषण दिइएको छ। ऐन, नियम तथा प्रमाणीकरण प्रयोजनको लागि विभिन्न सरोकारवालाबाट प्राप्त ७४ बीउ नमूनाहरू परीक्षण गरिएको छ। १६० माटोको

नमूना परीक्षण र १९ रासायनिक तथा प्राङ्गारिक मल परीक्षण गरिएको छ। बीउ विजन प्रयोगशालाबाट २४८ नमूनाको छड्के परीक्षण (Cross Check) नमूना परीक्षण कार्य सम्पन्न भएको छ।

कृषि अनुसन्धान

७.५७ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म स्रोत बीउ (खाद्यान्न, दलहन र तेलहन) ४,००९ मेट्रिक टन र उन्नत बीउ १३,८०८ मेट्रिक टन उत्पादन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा स्रोत बीउ र उन्नत बीउ क्रमशः २,७७१ मेट्रिक टन र ३२,९११ मेट्रिक टन उत्पादन भएको थियो।

७.५८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म पशु नश्ल सुधारको लागि ५ लाख ८ हजार ९ सय ७० डोज साँढे र राँगोको वीर्य उत्पादन, ४ लाख ८५ हजार ८ सय ३० पशुमा कृत्रिम गर्भाधान, १ लाख ३३ हजार ४ सय लिटर तरल नाइट्रोजन खरिद गरी वितरण गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा पशु नश्ल सुधारका लागि ७ लाख १ हजार ४ सय ३० वटा गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधान, २ लाख ६६ हजार लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण साथै राँगो, साँढे र बोकाको ७ लाख ८३ हजार ४ सय ६० डोज जमेको विर्य उत्पादन तथा वितरण भएको थियो।

७.५९ माछापालनलाई व्यवसायिकरणमा सहयोग पुऱ्याउन आर्थिक वर्ष २०७८/७९ फागुनसम्मको सरकारी क्षेत्रबाट ३ करोड ९३ लाख ५१ हजार र निजी क्षेत्रबाट १५ करोड ७४ लाख ३ हजार गरी जम्मा १९ करोड ६७ लाख ५४ हजार फ्राई उत्पादन भई वितरण भएको छ। आर्थिक वर्ष २०७७/७८ मा मत्स्य बीज उत्पादनमा सरकारी क्षेत्रबाट ११ करोड ५१ लाख ७२ हजार र निजी क्षेत्रबाट ४० करोड १२ लाख ९४ हजार गरी जम्मा ५१ करोड ६४ लाख ६६ हजार फ्राई उत्पादन भएको थियो।

तालिका ७(घ): विगत १० आर्थिक वर्षको स्रोत बीऊ उत्पादन तथा बालीको जात उन्मोचन विवरण

(सङ्ख्या)

आर्थिक वर्ष	स्रोत बीऊ उत्पादन (मे.ट.)	बाली-वागवानी र घाँसको जात उन्मोचन	कैफियत
२०६८/६९	९११.८०	८	धान, मकै, गहुँ, दलहन, तेलहन, पहाडिबाली (जौ, कोदो, फापर) आलु, उखु, जुट, तरकारी, फलफूल, अदुवा, ढैंचा, घाँसबीऊ
२०६९/७०	१००९.४०	१	
२०७०/७१	१००२.८३	१२	
२०७१/७२	९७५.४०	१५	
२०७२/७३	९७०.६७	१०	
२०७३/७४	१०११.८५	११	
२०७४/७५	९०७.२९	१३	
२०७५/७६	९५०.६०	११	
२०७६/७७	९७६.८९	०	
२०७७/७८	१००३.६२	२१	
२०७८/७९*	१४५.५८	०	

स्रोतः नेपाल कृषि अनुसन्धान परिषद, २०७८ *फागुन मसान्तसम्म

खोप उत्पादन तथा राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण

७.६० आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म जम्मा ४ करोड ९७ लाख ०३ हजार डोज पशुपन्छीको सङ्क्रामक रोग विरुद्धको विभिन्न किसिमका खोप उत्पादन भएको छ। सबै प्रदेशमा खोप निःशुल्क वितरणको लागि पठाइएको छ। आर्थिक वर्ष २०७७/७८ मा जम्मा ४ करोड ४५ लाख ८४ हजार डोज पशुपन्छीको सङ्क्रामक रोग विरुद्धको विभिन्न किसिमका खोप उत्पादन भएको थियो।

कृषि कर्जा तथा साना किसानका लागि लगानी

७.६१ २०७८ फागुनसम्म कुल ७६ जिल्लाका ५३८ (७१ प्रतिशत) स्थानीय तहमा साना किसान वित्तीय संस्थाको सेवा पुगेको छ। यस अवधिमा ग्रामीण स्वावलम्बन कोष तर्फका ३०३ र साना किसान तर्फका ९७२ गरी कुल १२७५ सहकारी संस्थाहरू आबद्ध छन् । यी संस्थाहरूमा सेवा प्राप्त परिवार सङ्ख्यामा २०७८ फागुनसम्म १० लाख १० हजार ८४३ पुगेको छ। साना किसान सहकारी अनुशरणका माध्यमबाट स्थापना हुने क्रममा रहेका थप १६७ संस्था र सोमा संलग्न सदस्यहरू समेत जोड्दा झण्डै ११ लाख परिवारमा साना किसान सहकारी संस्थाको सेवा पुगेको छ। यसबाट ५० लाख जनसङ्ख्या लाभान्वित भएको अनुमान छ ।

७.६२ २०७८ को फागुनसम्म साना किसान विकास कार्यक्रम अन्तर्गत सहकारी संस्थाहरूबाट साना किसानहरूलाई गरेको कर्जा लगानी २०७७ फागुनको तुलनामा २६.० प्रतिशतले वृद्धि भई रू. ७९ अर्ब ३१ करोड १२ लाख पुगेको छ। साना किसान सदस्यहरूको शेयर, बचत र जगेडा कोषमा २०७७ फागुनको तुलनामा २०७८ फागुन मसान्तमा २४.० प्रतिशतले वृद्धि भई कुल रू. ५८ अर्ब ६३ करोड ६४ लाख पुगेको छ।

७.६३ २०७८ फागुनसम्म साना किसान वित्तीय संस्थाबाट रू. २८ अर्ब २५ करोड ५१ लाख बराबरको कृषि कर्जा प्रवाह भएको छ। आर्थिक वर्ष २०७७/७८ मा अघिल्लो आर्थिक वर्षको तुलनामा कृषि कर्जा प्रवाहमा २७.९ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०७६/७७ मा कृषि कर्जा प्रवाहमा २०.६ प्रतिशतले मात्र वृद्धि भएको थियो ।

७.६४ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ६३ जिल्लाका ६४५ वटा साना किसान कृषि सहकारी संस्था लि. का १ लाख ९३ हजार ७८६ पशुपालक साना किसानलाई रू. २६ अर्ब १३ करोड ४३ लाख मासु र दूधजन्य पशुवस्तु पालन कर्जा प्रवाह भएको छ ।

७.६५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म बैंक तथा वित्तीय संस्थाले कुल रू.२ खर्ब ९० अर्ब ७५ करोड कृषि कर्जा प्रवाह गरेका छन्। यसमध्ये पशुपालन र पशुपालनसम्बन्धी सेवामा ३६.७ प्रतिशत, खेतीपातीसम्बन्धी सेवामा १७.१ प्रतिशत र अन्य कृषि तथा कृषिजन्य सेवामा ४३.९ प्रतिशत कर्जा प्रवाह भएको छ। चिया र वन, माछापालन तथा वधशाला क्षेत्रमा भएको कर्जा प्रवाह क्रमशः १.४ प्रतिशत र १.० प्रतिशत रहेको छ।

७.६६ आर्थिक वर्ष २०७७/७८ देखी तरकारी खेतीका लागि समेत सहुलियत कर्जा उपलब्ध गराउने व्यवस्था भएकोमा २०७८ फागुनसम्ममा ६,९४७ जना साना किसानलाई २,७१३ हेक्टरमा तरकारी खेती गर्न रू. १ अर्ब १४ करोड ५६ लाख कर्जा लगानी भएको छ ।

७.६७ एशियाली विकास बैङ्कको ऋण सहयोगमा आर्थिक वर्ष २०७७/७८ देखि शुरु भएको "ग्रामीण उद्यम लगानी परियोजना" अन्तर्गत आर्थिक वर्ष २०७८/७९ फागुनसम्म २६५ परियोजनामा रू. ८४ करोड ६ लाख कर्जा लगानी भएको छ।

तालिका ७(ङ): पशुपालन र तरकारी खेती कर्जाको स्थिति

विवरण	आर्थिक वर्ष					प्रथम आठ महिनाको प्रगति	
	०७३/७४	०७४/७५	०७५/७६	०७६/७७	०७७/७८	०७७/७८	०७८/७९
कर्जा कारोबार गर्ने संस्था सङ्ख्या	४०५	४४६	४७६	४९०	५९६	५०३	६४५
कर्जा लिने किसान सङ्ख्या	८३२४२	१०२७४६	१२५०८७	१४५०३६	१७४३४९	१६३५९५	१९३७८६
स्वीकृत पशुपालन कर्जा (रु. लाखमा)	१२२३३०	१६२९३०	२१७४९०	२६५५५०	३२१३५५	३१०३६०	३५८२८०
पशुपालन कर्जा लगानी (रू. लाखमा)	७७२५०	१०३५०५	१३७२६०	१७०१५८	२२३२३९	२०३१२७	२६१३४३
पशु सङ्ख्या	४४९९३९	५५०८३३	६७७१३८	८०४४९९	९९७९६०	९२५७५८	१२९१८२४
बाखा	३०४१९३	३६७४००	४४६०३४	५२७१२७	६४९५३९	६०३४८५	७४००६१
बङ्गुर	५६६६९	६७२६३	८०४८८	९३२९८	११५२७९	१०६३५१	१३९११७
पाडापाडी	२२६०९	२५९७९	३०११६	३३८७४	४०८८४	३७८७८	४५३४८
भैंसी	५६३४६	७२१३९	९२३८४	११२४४१	१४१८०८	१३२०१५	१६१६९०
गाई	१०१२२	१८०५२	२८११६	३७७५९	५०४५०	४६०२९	५८६७६
तरकारी खेती कर्जा लगानी (रू.लाखमा)				१२२६	७०८४	४८२४	११४५५७१
क्षेत्रफल (हेक्टर)				५२२	१७४५	१०५१	२७१३
ग्रामीण कृषि उद्यम कर्जा लगानी (रू.लाखमा)					३३७१	२२७४	८४०६
उद्यमी सङ्ख्या					८४	५०	२६५

स्रोत: साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, २०७८ *फागुनसम्मको

७.६८ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग आबद्ध सहकारी संस्थाहरूबाट सञ्चालित विभिन्न कार्यक्रमबाट ५१ हजार ७ सय ७५ साना किसान परिवार लाभान्वित भएका छन्।

७.६९ २० देखि ३० वर्ष उमेर समूहका कम्तीमा १२ कक्षा पास गरेका साना किसान सदस्यका ३,१६२ जना छोराछोरीलाई इजरायलमा कृषिसम्बन्धी सैद्धान्तिक र व्यावहारिक तालिमको अवसर प्रदान गरिएको छ। जसमध्ये ३,१४५ जना तालिम लिई नेपाल फर्किएका छन्।

७.७० बागमती प्रदेश सरकारको सहकार्यमा उत्पादन तथा रोजगारी सिर्जनाका लागि रू.१ अर्ब ६० करोड बराबरीको सहुलियतपूर्ण ऋण कार्यक्रम सञ्चालनमा छ। आर्थिक वर्ष २०७७/७८ देखि शुरू भएको यो कार्यक्रममा, २०७८ फागुनसम्म रू. १ अर्ब ६ करोड ७२ लाख लगानी भएको छ।

७.७१ २०७८ असार मसान्तसम्म कोभिड-१९ बाट मृत्यु भएका साना किसान परिवारलाई वित्तीय संस्थाको ग्राहक संरक्षण कोषबाट प्रति मृतक रू. १० हजार राहत सहयोग उपलब्ध गराउने

व्यवस्था रहेको छ। यस अन्तर्गत १,०२१ सदस्यको मृत्यु भई रू. १ करोड २ लाख १० हजार राहत रकम भुक्तानी गरिएको छ।

कृषि उत्पादनको व्यापार

७.७२ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म रू.२ खर्ब ८८ अर्ब ६७ करोड बराबरको कृषि तथा पशुजन्य उत्पादन आयात भएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो आयात रू.२ खर्ब १२ अर्ब ८१ करोड रहेको थियो। त्यसैगरी चालु आर्थिक वर्षको फागुनसम्म रू.१ खर्ब ५ अर्ब १४ करोडको कृषि तथा पशुजन्य उत्पादन निर्यात भएको छ। गत आर्थिक वर्षको सोहि अवधिमा त्यस्तो निर्यात रू.४६ अर्ब ३० करोड रहेको थियो।

७.७३ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म रू.५५ अर्ब ९० करोड बराबरको खाद्यान्न आयात भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म यस्तो आयात रू.५८ अर्ब ४२ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षमा सोही अवधिमा रू. ५ करोड ५ लाख बराबरको खाद्यान्न निर्यात भएको थियो तर चालु आर्थिक वर्षको फागुनसम्मको खाद्यान्न निर्यात लगभग १ करोड रहेको छ।

७.७४ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म रू.२६ अर्ब ७४ करोड मूल्यको तरकारी तथा दलहन आयात भएको छ भने रू.६२ करोड बराबरको निर्यात भएको छ। गत आर्थिक वर्षको फागुनसम्म रू.२५ अर्ब मूल्यको तरकारी तथा दलहन आयात भएको थियो भने रू.४३ करोड मूल्यको निर्यात भएको थियो।

७.७५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म रू.१ अर्ब २६ करोड बराबरको मासु, माछा र तयारी माछामासु आयात भएको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो आयात रू.१ अर्ब २४ करोड रहेको थियो।

७.७६ चालु आर्थिक वर्षको फागुनसम्म चियाको निर्यात रू.२ अर्ब २२ करोड र कफीको निर्यात रू.४ करोड ८२ लाख रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो निर्यात क्रमशः रू.३ अर्ब र रू.५ करोड ५२ लाख रहेको थियो।

७.७७ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म रू.१ अर्ब ४७ करोड बराबरको दुग्ध पदार्थ तथा पशुजन्य खाद्य उत्पादन आयात भएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो आयात रू.१ अर्ब ३६ करोड बराबरको रहेको थियो।

वन तथा भू-संरक्षण

७.७८ विश्वको कुल भूभागको ३०.८ प्रतिशत वन क्षेत्रले ओगेटेको छ। जनसङ्ख्याको आधारमा प्रति व्यक्ति ०.६ हेक्टर वन क्षेत्र र ४२२ वटा रुखहरू पर्दछन्। छिमेकी राष्ट्र चीनको कुल भू-भागको २२.१ प्रतिशत वन क्षेत्र रहेको छ। दक्षिण एसियाली राष्ट्रहरूमध्ये सबैभन्दा बढी वन क्षेत्र भूटानको ७२.५ प्रतिशत रहेको छ भने सबैभन्दा कम पाकिस्तानको १.९ प्रतिशत

रहेको छ। नेपालमा झाडी तथा बुट्यान बाहेक ४०.४ प्रतिशत वन क्षेत्र रहेको छ भने प्रति व्यक्ति ०.२ हेक्टर वन क्षेत्र र १११ वटा रुखहरू पर्दछन्।

तालिका ७(च): छिमेकी मुलुकहरूको वन क्षेत्रको स्थिति

राष्ट्र	वन क्षेत्र (प्रतिशत)
भुटान	७२.५
नेपाल	४०.४
श्रीलङ्का	३३.०
चीन	२२.१
भारत	२१.५
बङ्गलादेश	११.०
अफगानिस्तान	२.१
पाकिस्तान	१.९

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०७८

७.७९ नेपालमा वन क्षेत्रले ५९ लाख ६२ हजार हेक्टर र अन्य झाडी तथा बुट्यान क्षेत्रले ६ लाख ४८ हजार हेक्टर भू-भाग ओगटेको छ। कुल भू-भागको ४०.४ प्रतिशत वन र ४.४ प्रतिशत झाडी तथा बुट्यान क्षेत्र गरी कुल वन क्षेत्र ४४.८ प्रतिशत रहेको छ। नेपालको भू-धरातलीय आधारमा सबैभन्दा बढी वन क्षेत्र मध्य-पहाडमा छ भने सबैभन्दा कम तराईमा रहेको छ।

७.८० हालसम्म १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ सिकार आरक्ष र ६ संरक्षण क्षेत्र समेत २० संरक्षित क्षेत्रहरू रहेका छन्। नेपालको कुल ३४ हजार ४ सय २० वर्ग कि.मि. अर्थात् २३.४ प्रतिशत भू-भाग संरक्षित क्षेत्र प्रणालीको रूपमा रहेको छ। साथै १० वन संरक्षण क्षेत्र अन्तर्गत १ लाख ९२ हजार २७.४३ हेक्टर वन क्षेत्र व्यवस्थापन गरिएको छ।

७.८१ वनस्पतिहरूको स्वस्थानीय र परस्थानीय संरक्षण गर्न मुलुकभर ११ वनस्पति उद्यानहरू स्थापना भई ६८३ हेक्टरमा १ हजार २२ वनस्पति प्रजातिहरूको परस्थानीय संरक्षण भएको छ जसमध्ये १० वनस्पति प्रजाति संकटापन्न एवं लोपोन्मुख प्रजाति रहेका छन्।

७.८२ २०७८ असारसम्ममा २२ हजार ६ सय ८२ सामुदायिक वन उपभोक्ता समूह मार्फत २४ लाख ९० हजार १ सय ९४ हेक्टर वन क्षेत्रको व्यवस्थापन भएको छ। गरिबीको रेखामुनि रहेका समुदायको जीविकोपार्जनमा सुधार र वन संरक्षणमा समेत टेवा पुऱ्याउन ७ हजार ७ सय ३१ समूहलाई ४४ हजार ३ सय ९९ हेक्टर वन कवुलियति वनको रूपमा हस्तान्तरण भएको छ।

७.८३ २०७८ फागुनसम्म १ हजार ३७ मध्यवर्ती तथा संरक्षित क्षेत्रमा सामुदायिक वन गठन गरिएको छ। सो क्षेत्रले करिब २ लाख ११ हजार २ सय १३.० हेक्टर क्षेत्रफल ओगटेको छ। त्यसैगरी, ८८ मध्यवर्ती कवुलियति वन मार्फत ४४०.७ हेक्टर वन क्षेत्र व्यवस्थापन

गरिएको छ। संरक्षित क्षेत्र व्यवस्थापनबाट मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्रमा बस्ने ११ लाख ४२ हजार ५ सय ९९ जनसङ्ख्या लाभान्वित भएका छन् ।

तालिका ७(छ): आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा वनहरूको विवरण

वन व्यवस्थापन पद्धति	कुल वन क्षेत्र		संरक्षित क्षेत्र बाहिरको वन क्षेत्र		संरक्षित क्षेत्र	
	सङ्ख्या	क्षेत्रफल (हेक्टर)	सङ्ख्या	क्षेत्रफल (हेक्टर)	सङ्ख्या	क्षेत्रफल (हेक्टर)
सामुदायिक वन	२२६८२	२४९०१९४	२२६४५	२२७८९८१	१०३७	२११२१३.०२
साझेदारी वन	३१	७५६१४	३१	७५६१४	०	०
कवुलियति वन	७९७६	४५८४१.७४	७८८८	४५४०१	८८	४४०.७४
गरिबमूखी कवुलियति वन	७७३१	४४३९८.७४	७६४३	४३९५८	८८	४४०.७४
व्यवसायिक कवुलियति वन	२४५	१४४३	२४५	१४४३	०	०
धार्मिक वन	१८६	२८९६.५७	१७९	२८०९.१४	७	८७.४३
निजी वन	५४६०	४४५१	५४६०	४४५१	०	०
वन संरक्षण क्षेत्र	१०	१९२०२७.४३	१०	१९२०२७.४३	०	०

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०७८

७.८४ फेवाताल संरक्षणको लागि १२३ वर्ग किलोमिटर क्षेत्रलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरिएको छ।

तालिका ७(ज): वन्यजन्तुको सङ्ख्याको स्थिति

वन्यजन्तु विवरण	वर्ष (सन् मा)								
	२००५	२००९	२०११	२०१२	२०१३	२०१४	२०१५	२०१६	२०१८
बाघ	-	१२१	-	-	१९८	-	-	-	२३५
अर्ना	-	-	२३७	२५९	-	३५७	-	४३२	४४१
गैंडा	४१०	-	४३४	-	-	६४५	-	-	-
कृष्णासार	-	-	-	२८५	३००	२७४	२३०	२५२	३२६

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०७८

पुनश्चः कोष्ठकमा रिक्त रहेको वर्ष सो वन्यजन्तुको गणना नभएको अवधि हो।

७.८५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल १३ वटा आयोजनालाई वन क्षेत्रको कुल ६१७ हेक्टर जग्गा उपलब्ध गराइएको छ। आर्थिक वर्ष २०७७/७८ मा ३३ वटा विकास आयोजनालाई वन क्षेत्रको १,२१५ हेक्टर जग्गा उपलब्ध गराइएको थियो। २०७८ फागुनसम्म विभिन्न विकास आयोजनालाई वन क्षेत्रको १८ हजार ५ सय २३ हेक्टर जग्गा उपलब्ध गराइएको छ।

७.८६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा १५ लाख ४० हजार श्रमदिन रोजगारी सिर्जना भएको छ। आर्थिक वर्ष २०७७/७८ मा वन क्षेत्रका विभिन्न क्रियाकलापहरूबाट ५१ लाख ९७ हजार श्रमदिन रोजगारी सिर्जना भएको थियो।

७.८७ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा चालु आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ७.८ टन सुगन्धित तेल र ३० लाख ५० हजार ९ सय ६८ थान हर्वल केयर उत्पादन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा ४६.६ टन सुगन्धित तेल र ६४ लाख ७४ हजार ६ सय १३ थान हर्वल केयर उत्पादन भएको थियो।

७.८८ चालु आर्थिक वर्षको फागुनसम्म राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशालामा ५,३०८ वनस्पति प्रजातिका १ लाख ७० हजार हर्बेरियमका नमूनाहरूको संरक्षण गरी नियमित व्यवस्थापन गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा ९३ हजार ३ सय ३७ हर्बेरियम नमूनाहरूको डिजिटाइजेशन कार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म २० हजार ५ सय ५ वटा हर्बेरियम नमूनाहरूको डिजिटाइजेशन गरिएको थियो। हाल सम्म १ लाख १५ हजार ७ सय १७ हर्बेरियम नमूनाहरूको डिजिटाइजेशन भएको छ। आर्थिक वर्ष २०७७/७८ सम्म ६३ हजार ५ सय ८८ डिजिटाइज्ड हर्बेरियम नमूना अनलाइन अपलोड गरिएको छ।

तालिका ७(झ): नमूना परीक्षणको सङ्ख्या

विवरण	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
हर्बेरियम नमूनाको डिजीटाइजेसन सङ्ख्या	५९४७	१२५७७	३००७०	३०००५	२२३८०
विश्लेषण, प्रमाणीकरण तथा सिफारिस गरिएका जडिबुटी नमूनाको सङ्ख्या	१६६७	१६१८	१५०७	१२६५	९३७

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०७८ *फागुनसम्म

७.८९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ९३७ वटा जडिबुटीजन्य नमूनाको विश्लेषण, प्रमाणीकरण तथा सिफारिस गरिएको छ। आर्थिक वर्ष २०७७/०७८ मा १,७२१ वटा जडिबुटीजन्य नमूना र सारतत्वको विश्लेषण, प्रमाणीकरण गरी निर्यातका लागि सहजीकरण गरिएको थियो।

७.९० वनस्पति स्रोतको निरन्तर अध्ययन, अनुसन्धान तथा सर्वेक्षण मार्फत प्राप्त तथ्याङ्कअनुसार २०७८ फागुनसम्म नेपालको रैथाने वनस्पतिको २९३ प्रजाति अभिलेखिकरण भएको छ। यसैगरी नेपालमा ५,३०९ प्रजाति फूलफुल्ने र ६,०८३ प्रजाति फूल नफुल्ने वनस्पति रहेको छ।

७.९१ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम अन्तर्गत ९८ वटा गल्छी/पहिरो नियन्त्रण, ३८ वटा भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोग, १४.५९ कि.मी नदी तथा खोला किनारा स्थिरीकरण/व्यवस्थापन, २० स्थानमा

तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापन र १० स्थानमा पर्यापर्यटन प्रवर्द्धनका लागि संरचना निर्माण भएको छ। आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम अन्तर्गत ३७ जिल्लाका २९ वटा मुख्य नदी प्रणालीमा १३८ वटा गल्छी पहिरो र खहरे नियन्त्रण २३.६९ कि.मि. नदी खोला किनारा व्यवस्थापन, ५६ वटा भूमिगत जल पुनर्भरण तथा सतहमुनिको पानी उपयोग र ९०.२० हेक्टर कृषि वन प्रणाली प्रवर्द्धन गरिएको थियो।

काठको आयात र उत्पादन

७.९२ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १ करोड ४३ लाख क्यूबिक फिट काठ उत्पादन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा निजी र राष्ट्रिय वन गरी कुल १ करोड ९४ लाख २४ हजार क्यूबिक फिट गोलिया काठ उत्पादन भएको थियो।

७.९३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १० हजार ६ सय ७७ चट्टा दाउरा उत्पादन उत्पादन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय वनबाट १० हजार ५ सय ८२ चट्टा दाउरा उत्पादन भएको थियो।

संरक्षित क्षेत्रबाट प्राप्त आम्दानी

७.९४ चालु आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म २ अर्ब २६ करोड ३३ लाख राजश्व सङ्कलन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा रू. ४ अर्ब ६ करोड राजश्व सङ्कलन भएको थियो। सो राजश्व संरक्षित क्षेत्रको प्रवेश शुल्क, सरकारद्वारा व्यवस्थित वनको काठ दाउरा तथा जडिबुटी एवं अन्य गैरकाष्ठ वन पैदावार बिक्रीबाट प्राप्त राजश्व, प्रदुषण नियन्त्रण शुल्क, जरिवानाबाट प्राप्त राजश्व र प्रदुषण शुल्क आदिबाट सङ्कलन भएको हो।

तालिका ७(ञ): संरक्षित क्षेत्र भ्रमण गर्ने पर्यटक सङ्ख्या र संरक्षित क्षेत्रबाट सङ्कलित राजस्व

आर्थिक वर्ष	भ्रमण गर्ने पर्यटकको सङ्ख्या (आन्तरिक/बाह्य)	संरक्षित क्षेत्रबाट सङ्कलन भएको राजस्व (रू.हजारमा)
२०७८/७९*		
२०७७/७८	१३४०५४	३२५७
२०७६/७७	५००५३७	३७८३००
२०७५/७६	७०६१११	७३९८९६
२०७४/७५	३४९१९३	३५०५४४
२०७३/७४	६०४०९१	५५२७३६
२०७२/७३	३८९२२३	३५०२०३
२०७१/७२	५१७०९५	५३८७१०
२०७०/७१	५५८५७७	५३०८५२
२०६९/७०	५१०२०५	४७१३३८
२०६८/६९	५०२०९२	१८६९७४
२०६७/६८	४५५२३७	२४८५०४
२०६६/६७	३८१७८९	१४०३८३
२०६५/६६	३४९१९५	१३५४२८
२०६४/६५	२९१०४०	११७८९८
२०६३/६४	२४५९१०	९४५५७

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०७८

भूमिसुधार

७.९५ आर्थिक वर्ष २०७८ फागुनसम्म बाँकी रहेका २२१ स्थानीय तहको भू-उपयोग नक्सा/डाटा तयार भई सबै स्थानीय तहलाई नक्सा/डाटा हस्तान्तरण गरिएको छ।

७.९६ निजी स्वामित्वको जग्गाको लिखत ७ लाख ८४ हजार पाना स्क्यानिङ्ग भएको छ। भूमि सुधार तथा सूचना व्यवस्थापन प्रणाली र नागरिक एप एकीकृत भई जग्गाधनी स्वयंले आफ्नो जग्गा र रोक्काको विवरण हेर्न सकिने प्रविधि विकास गरिएको छ। यसबाट जग्गा प्रशासनसम्बन्धी सेवा अनलाइन प्रविधिबाट सरल सहल र पारदर्शी ढंगबाट प्राप्त गर्न सकिने व्यवस्था लागू भएको छ।

७.९७ २०७८ फागुनसम्म ३५ नापी कार्यालयहरूमा "मेरो कित्ता" प्रणाली र नेपाल भू-सूचना प्रणाली लागू गरिएको छ। यसबाट सेवाग्राहीले अनलाइन प्रविधिबाट नापनक्सासम्बन्धी सेवा प्राप्त गर्न र घरमै बसी कित्ता नापी नक्सा प्राप्त गर्न सक्ने छन् ।

७.९८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विशेष नापी १० हजार ९ सय ३३ हेक्टर, गाउँब्लक नापी ३०८ हेक्टर, पुनः नापी १,१११ हेक्टर गरी जम्मा १२ हजार ३ सय ५२ हेक्टर नापनक्सा सम्पन्न भएको छ। साथै, पुर्जा वितरणतर्फ पुनः नापीबाट ६०१, गाउँ ब्लकबाट ११ हजार १ सय ४१, विशेष नापीबाट ७,९२३ गरी जम्मा १९ हजार ६ सय ६५ जग्गाधनी पूर्जा वितरण गरिएको छ।

७.९९ आर्थिक वर्ष २०७८/७९ मा भूमिसम्बन्धी समस्या समाधान आयोग विघटन भई राष्ट्रिय भूमि आयोग गठन भएको छ। सो आयोगबाट भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन गर्न ४१९ स्थानीय तहसँग सम्झौता भएको छ भने ६८ स्थानीय तहमा नापनक्साङ्कन कार्य भएको छ। साथै, सिन्धुली, चितवन र झापामा १५२ जग्गाधनी पूर्जा वितरण समेत गरिएको छ। विगतको आयोगबाट पूर्ण हुन नसकेका ५० अधुरा कार्य सम्पन्न गरी जग्गाधनी पूर्जा वितरण गरिएको छ।

८. उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति

८.१ मुलुकको उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक विकासका लागि औद्योगिक वातावरण निर्माण गर्न नीतिगत, कानुनी, संरचनागत सुधार र प्रक्रियागत सरलीकरण गर्नुका साथै एकल विन्दु सेवा शुरूवात गरिएको छ। औद्योगिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्न र आपूर्ति प्रणालीलाई थप व्यवस्थित गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

उद्योग क्षेत्र

८.२ गत आर्थिक वर्षको तुलनामा आर्थिक वर्ष २०७८/७९ मा उत्पादनशील उद्योगको कुल मूल्य अभिवृद्धि ६.१४ प्रतिशतले वृद्धि हुने अनुमान छ। चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा उत्पादनशील उद्योग क्षेत्रको योगदान ५.६५ प्रतिशत हुने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक उत्पादनको योगदान गत पाँच आर्थिक वर्षमा वार्षिक औषत ५.५३ प्रतिशत रहेको छ।

८.३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ८,६५६ उद्योग मध्ये ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः १४.७ प्रतिशत, २२.९ प्रतिशत र ६२.४ प्रतिशत रहेको छ। त्यसैगरी २०७८ फागुनसम्मको कुल लगानी रू. २२ खर्ब ८४ अर्ब मध्ये ठूला, मझौला र साना उद्योगको हिस्सा क्रमशः ८५.२ प्रतिशत, ९.६ प्रतिशत र ५.२ प्रतिशत रहेको छ।

८.४ आर्थिक वर्ष २०७८/७९ मा कोभिड-१९ सङ्क्रमण जोखिम कम हुदै गएकोले कुल लगानी प्रतिबद्धतामा वृद्धि भएको छ। आर्थिक वर्ष २०७७/७८ मा लगानी प्रतिबद्धता रू.१ खर्ब ५६ अर्ब ६४ करोड रहेकोमा आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्ममा उक्त प्रतिबद्धता ४६.० प्रतिशतले बढेर रू. २ खर्ब २८ अर्ब पुगेको छ।

८.५ आर्थिक वर्ष २०७७/७८ सम्म स्थापित ठुला, मझौला र साना उद्योगमा कुल लगानी रू. २२ खर्ब ८४ अर्ब र कुल रोजगारी ६ लाख २८ हजार ९ सय ८० रहेको थियो। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म यस्ता उद्योगमा कुल लगानी रू. २५ खर्ब १२ अर्ब र कुल रोजगारी ६ लाख ४८ हजार ३५ रहेको अनुमान छ। प्रति उद्योग औसत रोजगारी ७५ हुने अनुमान छ।

८.६ गत आर्थिक वर्षको फागुनसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिमा कुल वैदेशिक लगानी प्रतिबद्धतामा २४.८ प्रतिशतले वृद्धि भई रू. ३१ अर्ब ८३ करोड पुगेको छ। पछिल्लो दश वर्षमा रू. ३ खर्ब २० अर्ब भन्दा बढी वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको छ।

तालिका ८(क): उद्योग दर्ता विवरण (लगानी रू. करोडमा)

स्केल	उद्योगको सङ्ख्या	कुल लगानी	स्थिर पुँजी	चालु पुँजी	* प्रस्तावित रोजगारी (जना)	प्रति उद्योग रोजगारी
ठूला उद्योग	१२७२	२१४११६.७००	२००७४८.२५८	१३३६८.४४२	१७४९५३	१३८
मझौला उद्योग	१९८३	२४१४९.२४८	१६९३०.३६५	७२६७.०३३	१७७२१४	८९
साना उद्योग	५४०१	१२९४०.०६४	७४७३.०१४	५४८१.७४०	२९५८६८	५५
जम्मा	**८६५६**	**२५१२०६.०१२**	**२२५१५१.६३८**	**२६११७.२१४**	**६४८०३५**	**७५**

स्रोतः उद्योग विभाग, २०७८ * आर्थिक वर्ष २०७८/७९ फागुनसम्ममा

८.७ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म दर्ता भएका उद्योगको सङ्ख्याको आधारमा उत्पादनमूलक उद्योग ३७.४ प्रतिशत, सेवामूलक उद्योग २६.६ प्रतिशत र पर्यटन उद्योग २१.९ प्रतिशत, ऊर्जामूलक उद्योग ५.५ प्रतिशत रहेका छन् भने अन्य उद्योग ८.६ प्रतिशत रहेका छन्।

तालिका ८(ख) : उद्योग वर्गीकरणअनुसार दर्ता र लगानी (रू.करोडमा)

उद्योगको वर्गिकरण	सङ्ख्या	कुल लगानी	स्थिर पुँजी	चालु पुँजी	*रोजगारी
कृषि तथा वनजन्य	५१४	३७१६.३९	३१३९.३६	५८८.८३	३९०७१
पूर्वाधार	६२	५२३५.८५	५०८०.१३	१५५.७२	३९६३
ऊर्जामूलक	४८१	१४७७४२.४२	१४४९८३.०१	२७५९.४२	३८२९२
सूचना प्रशारण तथा सञ्चार	८८	७२६.८९	५८३.२२	१४३.६७५	५५११
उत्पादनमूलक	३२४३	५३७७३.३७	४०६३५.८०	१३१८४.६३	३४२९८९
खनिज	७०	७००.७१	५८७.८३	११३.०९	७२९६
सेवा	२२९९	१९९०९.४५	१२४७५.१४	७४३८.९१	१३३८७७
पर्यटन	१८९९	१९४००.९४	१७६६७.१६	१७३२.९६	७७०३६
जम्मा	**८६५६**	**२५१२०६.०१**	**२२५१५१.६४**	**२६११७.२१**	**६४८०३५**

स्रोतः उद्योग विभाग, २०७८ *आर्थिक वर्ष २०७८/७९ फागुनसम्म

८.८ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म ऊर्जामूलक उद्योगमा सबैभन्दा बढी ५८.८ प्रतिशत लगानी प्रतिबद्धता प्राप्त भएको छ। उत्पादनमूलक उद्योगमा यस्तो प्रतिबद्धता २१.४ प्रतिशत रहेको छ भने सूचना, प्रसारण तथा सञ्चार एवं खनिज क्षेत्र दुबैमा गरी लगानी प्रतिबद्धता ०.३ प्रतिशत मात्र रहेको छ।

८.९ पछिल्लो दश आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७४/७५ मा सबैभन्दा बढी र आर्थिक वर्ष २०७३/७४ मा सबैभन्दा कम लगानी प्रतिबद्धता प्राप्त भएको छ।

चार्ट ८(क): विगत १० वर्षमा वार्षिक रूपमा स्वीकृती प्राप्त उद्योगमा भएको लगानी प्रतिबद्धता (रू. करोडमा)



स्रोतः उद्योग विभाग, २०७८

* २०७८/७९ को फागुनसम्म

विदेशी लगानी

८.१० २०७८ फागुनसम्म लगानी बोर्ड नेपालबाट ३२ ठूला पूर्वाधार परियोजनामा रू. ११ खर्ब ७१ अर्ब बराबरको लगानी स्वीकृत भएको छ। आर्थिक वर्ष २०७७/७८ मा ५ वटा परियोजनामा कुल रू. १ खर्ब ३५ अर्ब ८१ करोड बराबरको लगानी स्वीकृति भएकोमा चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ३ वटा परियोजनाको लागि कुल ८२ अर्ब ४७ करोड ९३ लाखको लगानी स्वीकृति प्राप्त भएको छ।

८.११ २०७८/७९ फागुनसम्म उद्योग विभागमा ५ हजार ३ सय ८४ उद्योगमा रू. ३ खर्ब ९६ अर्ब ५३ करोड बराबरको विदेशी लगानी स्वीकृति भएको छ जसबाट २ लाख ७८ हजार ९ सय ७५ रोजगारी सिर्जना हुने अनुमान छ।

८.१२ आर्थिक वर्ष २०७७/७८ मा उद्योग विभागबाट १८५ उद्योगहरूमा रू. ३२ अर्ब १७ करोडको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको थियो। चालु आर्थिक वर्षको फागुनमसम्म उद्योग विभागबाट १४९ उद्योगहरूमा रू. ३१ अर्ब ८३ करोडको विदेशी लगानी प्रतिबद्धता प्राप्त भएको छ। जसबाट ९ हजार ५ रोजगारी सिर्जना हुने अनुमान रहेको छ।

चार्ट ८(ख): वार्षिक रूपमा कुल प्रस्तावित विदेशी लगानी (रू. करोडमा)



स्रोतः उद्योग विभाग, २०७८ *आर्थिक वर्ष २०७८/७९ फागुनसम्म

८.१३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म उद्योग विभागमा दर्ता भएका वैदेशिक लगानीको स्वीकृति पाएका उद्योगहरूमध्ये ऊर्जामूलक उद्योग ३२.९ प्रतिशत, सेवामूलक उद्योग २२.४ प्रतिशत, पर्यटन उद्योग २०.५ प्रतिशत र उत्पादनमूलक उद्योग १६.३ प्रतिशत रहेका छन्। निर्माण उद्योगमा एक प्रतिशत भन्दा कम लगानी स्वीकृति भएको छ। रोजगारी सिर्जनाको प्रतिबद्धता उत्पादनमूलक उद्योगमा सबैभन्दा बढी छ भने पूर्वाधार उद्योगमा सबै भन्दा कम रहेको छ।

तालिका ८(ग): वर्गीकरणका आधारमा विदेशी लगानी स्वीकृत भएका उद्योगहरूको विवरण

वर्गीकरण	सङ्ख्या	कुल विदेशी लगानी (रू.करोडमा)	प्रस्तावित रोजगारी
कृषि तथा वनजन्य	२९५	८१९	१०८४६
निर्माण	४६	२९८	३२२६
ऊर्जामूलक	९१	१३०४०	११८९०
सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित	११९	११९४	६२९९
उत्पादनमूलक	१२३९	६४७८	१०४८८५
खनिज	७२	७९८	८७८६
सेवा	१७७०	८८९२	७५६१६
पर्यटन	१७५२	८१३४	६२४२७
कुल	**५३८४**	**३९६५३**	**२८३९७५**

स्रोतः उद्योग विभाग, २०७८ *आर्थिक वर्ष २०७८/७९ फागुनसम्ममा

८.१४ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म स्वीकृत वैदेशिक लगानी मध्ये ऊर्जामूलक क्षेत्रमा ३२.९ प्रतिशत, सेवा क्षेत्रमा २२.४ प्रतिशत, पर्यटन क्षेत्रमा २०.५ प्रतिशत र उत्पादनमूलक क्षेत्रमा १६.३ प्रतिशत रहेको छ। पूर्वाधार क्षेत्रका उद्योगमा सबैभन्दा कम वैदेशिक लगानी प्राप्त भएको छ।

८.१५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विदेशी लगानीको स्वीकृति पाएका उद्योगमध्ये कुल लगानीको आधारमा सबैभन्दा बढी चीनको ४९.७ प्रतिशत र त्यसपछि भारतको २५.० प्रतिशत रहेको छ। उद्योग सङ्ख्याको आधारमा समेत सबैभन्दा बढी चीनको ३६.६ प्रतिशत र भारतको १५.१ प्रतिशत रहेको छ।

तालिका ८(घ): देशगत रूपमा विदेशी लगानी

देश	सङ्ख्या	कुल विदेशी लगानी (रू. करोडमा)	प्रस्तावित रोजगारी
चीन	१९७१	१९७०	९३६४९
भारत	८१५	९९१	७४०७५
यु.एस.ए	४३३	१५४	१९४६९
दक्षिण कोरिया	३६२	१२८	१२०९४
ब्रिटिश भर्जिन टापु	१७	१११	२३२६
यु.के.	१९१	७७	१११९३
सिंगापुर	५६	७५	३८१६
क्यानाडा	४७	३३	२४७८
जापान	२७७	३३	१०४८५
स्वीजरल्याण्ड	६१	३०	१६००
अन्य	११५५	३६४	५२९३०
जम्मा	**५३८५**	**३९६६**	**२८४११५**

स्रोतः उद्योग विभाग, २०७८ *आर्थिक वर्ष २०७८/७९ फागुनसम्म

८.१६ स्थानीयस्तरमा उद्यमशीलताको विकासको लागि सञ्चालित लघु उद्यम विकास कार्यक्रमबाट आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ५० हजार ४३ जना सम्भावित लघु उद्यमी पहिचान भएको छ। यसमध्ये ४९ हजार १ सय १३ जना सम्भावित लघु उद्यमी छनौट भई २१ हजार ७ सय ७५ जनाले उद्यमशीलता विकास तालिम प्राप्त गरेका छन्। उद्यमशीलता तालिम लिएकामध्ये १४ हजार ५ सय १८ जना लघु उद्यमी बनेका छन्। यस कार्यक्रम अन्तर्गत लघु उद्योग स्थापना तथा स्तरोन्नतिका लागि ७४६ स्थानीय तहमा १,२६८ जना उद्यम विकास सहजकर्ताहरू परिचालित भएका छन्।

८.१७ २०७८ फागुनसम्म ५ लाख ५५ हजार ७ सय ७६ लघु, घरेलु तथा साना उद्योगहरू दर्ता भई ३० लाख ८ हजार ३ सय ६९ को रोजगारी सिर्जना भएको तथा प्रति उद्योग प्रस्तावित रोजगारी करिब ५.४ जना रहेको अनुमान छ।

८.१८ २०७८ फागुनसम्म दर्ता भएका कम्पनीको सङ्ख्या २ लाख ८३ हजार ३ सय ५८ रहेको छ।

८.१९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म थप २१ हजार ९ सय २ कम्पनीहरू दर्ता भएका छन्। आर्थिक वर्ष २०७७/७८ को सोही अवधिमा १८ हजार ६ सय ३८ कम्पनीहरू दर्ता भएका थिए। आर्थिक वर्ष २०७७/७८ मा २६ हजार ५ सय ५ कम्पनीहरू दर्ता भएका थिए। कोभिड-१९ को कारण आर्थिक वर्ष २०७६/७७ मा कम्पनी दर्ता सङ्ख्यामा उल्लेख्य कमी आएकोमा आर्थिक वर्ष २०७७/७८ देखि कम्पनी दर्ता सङ्ख्या बढ्दै गएको छ।

चार्ट ८(ग) : कम्पनी दर्ताको सङ्ख्या



स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०७८ *आर्थिक वर्ष २०७८/७९ फागुनसम्म

औद्योगिक क्षेत्र

८.२० लगानीमैत्री वातावरण सिर्जना गर्न, उद्योगको विकास र विस्तार गर्न, उपलब्ध स्रोत साधनको महत्तम परिचालन गर्न, उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न र रोजगारीका अवसरहरूको सिर्जना गर्न सक्षम र सबल औद्योगिक पूर्वाधार आवश्यक छ। साथै, औद्योगिक लागत कम गर्न औद्योगिक पूर्वाधारले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

८.२१ २०७८ फागुनसम्म १० औद्योगिक क्षेत्रभित्र स्थापित ६९१ उद्योगमध्ये ६३६ उद्योग सञ्चालनमा रहेका छन् भने ३२ निर्माणाधीन र २३ बन्द अवस्थामा रहेका छन् । सञ्चालनमा रहेका उद्योगहरूबाट १९ हजार १ सय ५३ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

८.२२ २०७८ फागुनसम्म १० वटा औद्योगिक क्षेत्रमा नेपाल सरकारको तर्फबाट करिब रू.२ अर्ब ७५ करोड ९० लाख र निजी क्षेत्रको करिब रू.५७ अर्ब २३ करोड गरी रू.५९ अर्ब ९८ करोड ९० लाख लगानी भएको छ ।

८.२३ हरेक प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गर्ने नीतिअनुसार प्रदेश नं. १ को दमक-झापा, बागमती प्रदेशको मयूरधाप-हेटौंडा र शक्तिखोर-चितवन, लुम्बिनी प्रदेशको मोतिपुर-बुटवल, लक्ष्मीपुर-दाङ र नौबस्ता-बाँके तथा सुदूरपश्चिम प्रदेशको कञ्चनपुर-दैजी गरी ७ औद्योगिक क्षेत्र घोषणा भई प्रारम्भिक कार्य अगाडि बढेको छ।

औद्योगिक ग्राम

८.२४ ग्रामीण क्षेत्रमा उद्यम सिर्जनामा टेवा पुऱ्याउन औद्योगिक ग्रामलाई रुपान्तरणकारी आयोजनाको रूपमा आत्मसात गरिएको छ। सबै स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने लक्ष्य रहेकोमा २०७८ फागुनसम्म १०५ स्थानीय तहमा औद्योगिक ग्राम घोषणा भएका छन्।

८.२५ औद्योगिक ग्रामको कुल निर्माण लागतको ४० प्रतिशत वा ३ करोड मध्ये जुन रकम कम हुन्छ सो रकम नेपाल सरकारको तर्फबाट औद्योगिक ग्राम घोषणा भएका स्थानीय तहलाई अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ।

विशेष आर्थिक क्षेत्र

८.२६ निर्यातमूलक उद्योगलाई एकै स्थानबाट पूर्वाधार लगायतका सेवाहरू उपलब्ध गराउन मुलुकका ५ स्थानमा विशेष आर्थिक क्षेत्र स्थापना गर्ने लक्ष्य रहेको छ। २०७८ फागुनसम्म भैरहवा र सिमरामा विशेष आर्थिक क्षेत्र स्थापना भएका छन् भने पाँचखालमा पूर्वाधार निर्माणको कार्य अगाडि बढेको छ। भैरहवा विशेष आर्थिक क्षेत्रमा २०७८ फागुनसम्म ७ उद्योग सञ्चालनमा आएका छन्।

बौद्धिक सम्पत्ति

८.२७ २०७८ फागुनसम्ममा उद्योग विभागमा औद्योगिक बौद्धिक सम्पत्तिका रूपमा ५७ हजार ८ सय ३१ ट्रेडमार्क, ८२ पेटेन्ट र २७९ डिजाइन दर्ता भएका छन्। दर्ता भएका कुल ट्रेडमार्कको सङ्ख्या मध्ये स्वदेशी र विदेशी ट्रेडमार्कको सङ्ख्या क्रमशः ५२.७ प्रतिशत र ४७.३ प्रतिशत रहेको छ।

तालिका ८(ङ): औद्योगिक बौद्धिक सम्पत्तिको विवरण

आर्थिक वर्ष	ट्रेडमार्क सङ्ख्या			पेटेन्ट सङ्ख्या			डिजाइन सङ्ख्या		
	स्वदेशी	विदेशी	कुल	स्वदेशी	विदेशी	कुल	स्वदेशी	विदेशी	कुल
२०६५/६६ सम्म	१६६६२	१२७१५	२९३७७	३१	३९	७०	३८	४३	८१
२०६६/६७	८८९	६७५	१५६४	१	०	१	०	०	०
२०६७/६८	८५०	६५७	१५०७	१	०	१	०	०	०
२०६८/६९	४५६	१२३०	१६८६	१	०	१	४	३	७
२०६९/७०	१४७३	१०८९	२५६२	१	०	१	१३	१	१४
२०७०/७१	१०८४	९२०	२००४	०	०	०	१	०	१
२०७१/७२	१०८०	९९२	२०७२	१	०	१	६	५	११
२०७२/७३	१०३२	१३६६	२३९८	०	०	०	८	३	११
२०७३/७४	१०२०	१२६०	२२८०	०	०	०	५	१६	२१
२०७४/७५	१०४७	१२२४	२२७१	२	०	२	४	४	८
२०७५/७६	१२५६	११७५	२४३१	२	०	२	२१	७	२८
२०७६/७७	१५५२	१५११	३०६३	०	०	०	७	१५	२२
२०७७/७८	१०४२	१३६१	२४०३	३	०	३	७	४९	५६
२०७८/७९*	१०२४	११८९	२२१३	०	०	०	१३	६	१९
जम्मा	**३०४६७**	**२७३६४**	**५७८३१**	**४३**	**३९**	**८२**	**१२७**	**१५२**	**२७९**

स्रोतः उद्योग विभाग, २०७८ *आर्थिक वर्ष २०७८/७९ फागुनसम्म

खानी तथा उत्खनन

८.२८ देशभित्र रहेका खानी यकिन गर्न नक्साङ्कन, अन्वेषण र उत्खननको कार्य अगाडि बढेको छ। विगतमा गरिएको खनिजको अध्ययन र अन्वेषणबाट १४ जिल्लामा करिब ७० करोड टन प्रमाणित, २० करोड टन अर्धप्रमाणित तथा ३७ करोड टन सम्भाव्य गरी करिब १ अर्ब २७ करोड टन चुनढुङ्गा अन्वेषण भएको छ। हाल १५ लाख टन प्रति वर्ष क्षमताको २६ सिमेन्ट उद्योग सञ्चालनमा छन्। ५ सिमेन्ट उद्योगहरू निर्माणाधीन अवस्थामा रहेका छन् । हाल वार्षिक ४५ लाख टन (मागको ९० प्रतिशत) सिमेन्ट स्वदेशमै उत्पादन भई सिमेन्टमा नेपाल आत्मनिर्भर बन्दै गएको छ।

८.२९ आर्थिक वर्ष २०७८/७९ मा चुनढुङ्गा-२, मार्बल-१, साधारण निर्माणमुखी खनिज बालुवा-१, तामा-१ र काओलिन क्ले-१ गरि ६ खनिजहरूको उत्खनन् प्रस्ताव स्वीकृत भई अनुमति प्रदान गरिएको छ।

८.३० व्यवस्थित शहरी विकास र फोहर मैला व्यवस्थापनका लागि भू-इन्जिनियरिङ्ग तथा भू-वातावरणीय अनुसन्धान कार्य अन्तर्गत काठमाडौं उपत्यका, पोखरा, बुटवल, भैरहवा, हेटौंडा, धरान, विराटनगर, सुर्खेत, नेपालगञ्ज, जनकपुर, धनगढी, महेन्द्रनगर, भरतपुर, विदुर, जलेश्वर, दमक, दमौलीको सर्वेक्षण कार्य सम्पन्न भएको छ। बर्दियाको गुलरियामा १०० वर्ग कि.मी.

क्षेत्रमा व्यवस्थित शहरी विकास र फोहर मैला व्यवस्थापनका लागि भू-ईञ्जिनियरिङ्ग तथा भू-वातावरणीय अध्ययन कार्य सम्पन्न भएको छ।

८.३१ पेट्रोलियम पदार्थ अन्वेषण अन्तर्गत हाल दैलेखमा टोपो जियोलोजिकल सर्भे, जियोकेमिकल सर्भे, म्याग्नेटोटेलरिक सर्भे तथा साईस्मिक सर्भे कार्य सम्पन्न भएका छन्।

८.३२ हिमाली श्रृङ्खलाको भूकम्पीय अध्ययन गर्न सिस्मिक स्टेसन स्थापना गर्ने कार्य शुरू भएको छ। त्यसैगरी भूकम्पको अभिलेखन गरी तथ्याङ्क सङ्कलन गर्ने र सोको विश्लेषण गरी भविष्यमा आउन सक्ने भूकम्पहरूको पुनरावृत्ति समय र हिमालयको बनोटबारे ज्ञान हासिल गर्ने कार्य शुरू भएको छ। यसबाट भूकम्पीय सूचनाहरूको गुणस्तर अभिवृद्धि भई भूकम्पको स्थान, समय र गहिराइको सूचना यकीन गर्न तथा प्रभावकारी रूपमा सूचित गर्ने क्षमता हासिल भएको छ। साथै, ४ रेक्टर स्केल भन्दा माथिका भूकम्पीय तरङ्गहरूको सञ्चार माध्यमबाट नियमित रूपमा सूचना प्रेषित गर्ने गरिएको छ।

गुणस्तर तथा नापतौल

८.३३ उपभोग्य वस्तु तथा सेवाको गुणस्तरमा उपभोक्तालाई आश्वस्त पार्न तथा गुणस्तरीय वस्तु उपलब्ध गराउन विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएका छन्। हाल जी.आइ.सिट, बिजुलीको तार, ग्यास चुल्होको पाइप र सिमेन्टको लागि ग्रेडिङसम्बन्धी नेपाल गुणस्तर अनिवार्य गरिएको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १० नेपाल गुणस्तरहरू प्राविधिक समितिबाट पारित भएको छ भने ४८ वस्तुमा नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गरिएको छ। त्यसैगरी, नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त गरेका उद्योगहरूबाट ३८१ नमूनाहरू सङ्कलन गरिएको छ। २०८४ विभिन्न नमूनाहरूको रासायनिक तथा भौतिक परीक्षण तथा विश्लेक्षण गरिएको छ। ९७६ नापतौल यन्त्रहरूको क्यालिब्रेसन गरिएको छ।

८.३४ उपभोक्ता हक हित संरक्षण गर्न आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ३,२२४ पेट्रोलियम वितरण पम्प जाँच, ५,४६५ ट्याक्सीको मिटर जाँच तथा ६९९ ट्याङ्कर जाँच गरिएको छ। साथै, १५ हजार ८ सय ९४ व्यापारी/व्यवसायीको नापतौल तथा नाप्ने तौलने यन्त्र जाँच गरिएको छ भने ११ हजार ८ सय ३ लाई अनियमित नापतौल तथा नाप्ने तौलने यन्त्र प्रयोग गरे वापत् कारवाही गरिएको छ।

८.३५ वैज्ञानिक नापतौल प्रयोगशाला र भौतिक तथा रसायनिक विश्लेषण प्रयोगशालाको विस्तार भएको छ। गुणस्तर प्रयोगशाला, क्यालिब्रेसन प्रयोगशाला, प्रणाली प्रमाणीकरण तथा वस्तु प्रमाणीकरणको अन्तर्राष्ट्रिय मान्यताले निरन्तरता पाएको छ। नेपाल गुणस्तर चिन्ह अङ्कित वस्तु उत्पादन गर्न अनुमति लिएको उद्योगहरूको गुणस्तरीय वस्तु उत्पादन क्षमता अभिवृद्धि भएको छ।

वाणिज्य क्षेत्र

८.३६ काठमाडौंको चोभारमा सुक्खा बन्दरगाह निर्माणकार्य सम्पन्न भई सञ्चालनमा आएको छ। यसबाट व्यापार सहजीकरणमा थप टेवा पुग्ने अपेक्षा छ।

८.३७ भारतसँग सन् २००४ मा भएको रेल सेवा सम्झौताको सन् २०२१ जुन २९ मा लेटर अफ एक्सचेन्ज (Letter of Exchange) द्वारा नेपाल भारत रेल सम्झौतामा संशोधन गरिएको छ। यसबाट मालवस्तु ढुवानीमा नेपाललाई लाभ पुग्ने देखिन्छ।

८.३८ कोरला सुक्खा बन्दरगाह निर्माणको लागि सम्भाव्यता अध्ययन (Prefeasibility study) सम्पन्न भई विस्तृत आयोजना प्रतिवेदन (DPR) र वातावरणीय असर मूल्याङ्कन (EIA) को कार्य अगाडि बढेको छ।

८.३९ २०७८ फागुनसम्म जम्मा १८ हजार ७ सय ५१ व्यापारिक फर्म दर्ता तथा नविकरण गरिएको छ। यसमध्ये प्राइभेट फर्म १६ हजार ४ सय ६४, साझेदारी ९ सय ८, एजेन्सी ९८ र कम्पनी १२ सय ८१ रहेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा २० हजार ६ सय ३९ फर्म दर्ता तथा नवीकरण भएका थिए।

८.४० भारतको राजधानी नयाँ दिल्लीमा आयोजना भएको "भारत अन्तर्राष्ट्रिय व्यापार मेला, २०२१" २०७८ कार्तिक २७ देखि मंसिर ११ मा ६ नेपाली फर्म/कम्पनीहरूको सहभागिता रहेको थियो।

आपूर्ति तथा उपभोक्ता संरक्षण

८.४१ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म दुर्गम हिमाली तथा पहाडी २४ दुर्गम जिल्लाहरूका तोकिएका स्थानहरूमा १६ हजार ६ सय ५८ मेट्रिक टन खाद्यान्न ढुवानी गरी बिक्री वितरणको व्यवस्था गरिएको छ।

८.४२ २०७८ फागुनसम्ममा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले नेपाल सरकारले जारी गरेको निषेधाज्ञा अवधिभर खाद्यान्न बिक्रीमा २० प्रतिशत छुट दिएको र यस अवधिमा १,६१७ मेट्रिक टन खाद्यान्न बिक्रीबाट ५१ हजार ७ सय ६७ उपभोक्ता लाभान्वित भएका छन्।

८.४३ राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २०७८ फागुनसम्म २१ हजार ३ सय ३९ मेट्रिक टन र सार्क खाद्य सुरक्षा बैंङ्कमा ८ हजार मेट्रिक टन खाद्यान्न मौज्दात रहेको छ।

८.४४ दशै, तिहार र छठलाई लक्षित गरी खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका देशभरका कार्यालय र २५ विभिन्न स्थानका बिक्री केन्द्रहरूबाट सहुलियत मूल्यका पसलहरू सञ्चालन गरिएको छ।

८.४५ नेपाल सरकारको नीतिबमोजिम कर्णाली प्रदेशमा जन्म र मरणमा २० के.जी. चामल निःशुल्क वितरण हुँदै आएको छ।

८.४६ नेपाल सरकारद्वारा तोकेको २२ दुर्गम जिल्लामध्ये २०७८ फागुनसम्म १७ जिल्लाको ६१ स्थानमा आयोडिनयुक्त नुन ढुवानी गरिएको छ।

८.४७ आर्थिक वर्ष २०७७/७८ मा पेट्रोलियम पदार्थको कुल आयात मध्ये ५९ प्रतिशत डिजेल, २१ प्रतिशत पेट्रोल, १७ प्रतिशत एल.पि.जी. रहेको छ। सबैभन्दा कम मट्टितेल एक प्रतिशत र हवाई इन्धन पाँच प्रतिशत आयात भएको छ।

८.४८ नेपालगञ्जमा नेपाल आयल निगम लिमिटेडले अत्याधुनिक पेट्रोल पम्प निर्माण गरी सञ्चालनमा ल्याएको छ।

८.४९ देशभरका ६० एल.पि.ग्यास उद्योगहरूको भण्डारण क्षमता करिव ८,१२३ मेट्रिक टन रहेको छ। यसबाट मुलुकको करिव ५ दिनको खपत धान्न सक्ने अवस्था छ। सबैभन्दा बढी बागमती प्रदेशमा ४,५३९ मेट्रिक टन भण्डारण क्षमता रहेको छ।

८.५० प्रादेशिक संरचनाबमोजिम प्रत्येक प्रदेशमा कम्तीमा एक एक वटा अन्तर्राष्ट्रिय स्तरको ९० दिनको माग धान्न सक्ने भण्डारण गृह निर्माण गर्ने कार्य अगाडि बढेको छ। पोखरामा डिजलको १० हजार किलोलिटर क्षमताको भण्डारण गृह निर्माण कार्य सम्पन्न भएकोछ। भैरहवामा ३५० किलोलिटर क्षमताको हवाई इन्धन भण्डारण गृह निर्माण कार्य सम्पन्न भएको छ। यसैगरी भद्रपुर, जनकपुर र दाङ एयरपोर्टमा ६०/६० किलो लिटर क्षमताको हवाई ईन्धन भण्डारण गृह निर्माण कार्य सम्पन्न भएको छ।

तालिका ८ (च): पेट्रोलियम पदार्थको आयात एवं विक्री विवरण

आयातीत परिमाण	२०७०/७१	२०७१/७२	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९
पेट्रोल (कि.लि.)	२५३३८१	३१६१९५	२३८७५५	४०७२७०	४८८६७५	५६६८२७	५१२१२८	५९१७००	४८६०७२
डिजेल (कि.लि.)	८०८५६७	९५६७१९	७८९९२२	१३१९८७३	१५८८८६९	१७१४९०५	१४७३५३६	१६९६२०२	११३४३६०
मट्टितेल (कि.लि.)	१८४०९	२०४३९	१४२०३	२००८२	२२३३७	२५००४	१८९२४	२३५८४	१०८४८
एटिफ (कि.लि.)	१२५६७८	१४२३७३	७८६८०	१६४९७६	१९७२२०	२००१०८	१३७४२४	७२२६४	१०११७२
एलपीजी (मे.टन)	२३२६६०	२५८२९९	२१७५७९	३१२६४४	३७०५६०	४२९६०९	४४९०६३	४७७७५२	३५२०९०
बिक्री परिमाण	**२०७०/७१**	**२०७१/७२**	**२०७२/७३**	**२०७३/७४**	**२०७४/७५**	**२०७५/७६**	**२०७६/७७**	**२०७७/७८**	**२०७८/७९**
पेट्रोल (कि.लि.)	२५१४५१	३१४८५७	२३९४३४	४०२२७८	४८४७८१	५६२८६६	५०७७८६	५८७६७७	४८१६८७
डिजेल (कि.लि.)	८१११००	९४०५५८	७८४१९६	१२९७०६६	१५१७५५१	१७०२१५७	१४५३५९२	१६९८४२७	११३७३६८
मट्टितेल (कि.लि.)	१९०६४	१९४८१	१४८९१	१९८५५	२२३११	२५०८६	१९२१२	२३४२७	११२१५
एटिफ (कि.लि.)	१२३५२७	१४१६७५	८०२०७	१६२८७५	१९४३५८	२००१३७	१३८६८०	७०४००	९८०१२
एलपीजी (मे.टन)	२३२६६०	२५८२९९	२१७५७९	३१२६४४	३७०५६०	४२९६०९	४४९०६३	४७७७५२	३५२०९०

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७८

निजी क्षेत्र विकास

८.५१ मुलुकको विकासमा निजी क्षेत्रको अग्रणी भूमिका रहेको छ। सन् १९९० को शुरुदेखि अवलम्वन गरिएको उदार आर्थिक नीतिका कारण नेपालमा निजी क्षेत्रको विकासले तीव्रता पाएको हो। नेपालको संविधानले अवलम्वन गरेको तीन खम्वे अर्थ नीति तथा आवधिक

योजनाहरूले समेत निजी क्षेत्रलाई आर्थिक विकासको मूल संवाहकको रूपमा स्वीकार गरेको छ। निजी क्षेत्रका क्रियाकलाप बढ्दै गएको कारण नेपालको अर्थतन्त्र र रोजगारी क्रमिकरूपमा विस्तार हुँदै गएको छ।

८.५२ कुल स्थिर लगानीमा निजी क्षेत्रको लगानी दुई तिहाई भन्दा बढी रहेको छ। पछिल्लो १० आर्थिक वर्षमा निजी क्षेत्रको स्थिर लगानी कुल स्थिर लगानीको वार्षिक औसत ७१.६ प्रतिशत रहेको छ।

८.५३ निजी क्षेत्रबाट सञ्चालित उद्योगमध्ये संख्याको आधारमा ६२.४ प्रतिशत हिस्सा साना उद्योग, २२.९ प्रतिशत हिस्सा मझौला उद्योग र १४.७ प्रतिशत हिस्सा ठूला उद्योगले ओगटेका छन्।

८.५४ विक्रम सम्वत् २०४४ साल भन्दा अघि २८ हजार ६ सय ६० प्रतिष्ठानहरू रहेकोमा तीन दशकपछी यस्तो संख्या बढेर ९ लाख २३ हजार ३ सय ५६ पुगेको छ। सबैभन्दा बढी प्रतिष्ठान सेवा क्षेत्रमा ८५.५ प्रतिशत, द्वितीय क्षेत्रमा ११.९ प्रतिशत र प्राथमिक क्षेत्रमा २.७ प्रतिशत प्रतिष्ठान रहेका छन्।

तालिका ८(छ): क्षेत्रअनुसार प्रतिष्ठान र संलग्न जनशक्ति (सङ्ख्यामा)

क्षेत्र	प्रतिष्ठान	संलग्न जनशक्ति
प्राथमिक क्षेत्र	२४८९२	११४१३६
द्वितीयक क्षेत्र	१०९४३३	५६०७५५
सेवा क्षेत्र	७८९०३१	२५५३५६६
जम्मा	**९२३३५६**	**३२२८४५७**

स्रोतः राष्ट्रिय आर्थिक गणना-२०७५

८.५५ विक्रम सम्वत् २०४४ साल भन्दा अघि प्रतिष्ठानहरूमा ३ लाख ३८ हजार ६ सय ३९ जनशक्ति संलग्न रहेकोमा तीन दशकपछि यस्तो सङ्ख्या बढेर ३२ लाख २८ हजार ४ सय ५७ पुगेको छ। कुल रोजगारीमध्ये ७९.१ प्रतिशत सेवा क्षेत्र, १७.४ प्रतिशत द्वितीय क्षेत्र र ३.५ प्रतिशत प्राथमिक क्षेत्रले ओगटेको छ।

८.५६ कुल प्रतिष्ठानमध्ये सबैभन्दा धेरै बागमती प्रदेशमा ३०.६ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ६.६ प्रतिशत रहेका छन् ।

तालिका ८(ज): प्रदेशगतरूपमा रहेका प्रतिष्ठान (सङ्ख्यामा)

प्रदेश	प्रतिष्ठान	प्रदेशगत हिस्सा (प्रतिशतमा)
प्रदेश नं. १	१६८५१८	१८.२५
मधेश	११७६७०	१२.७४
बागमती	२८२९२०	३०.६४
गण्डकी	१००६८४	१०.९०
लुम्बिनी	१४७७८९	१६.०१
कर्णाली	४२८०७	४.६४
सुदूरपश्चिम	६२९६८	६.८२
नेपाल	**९२३३५६**	**१००.००**

स्रोतः राष्ट्रिय आर्थिक गणना-२०७५

८.५७ निजी क्षेत्रका प्रतिष्ठानमा आबद्ध जनशक्ति मध्ये पुरुषको संख्या उच्च रहेको छ। कुल रोजगारीमा ६२.३ प्रतिशत पुरूष र ३७.७ प्रतिशत महिला जनशक्ति आबद्ध रहेका छन्।

तालिका ८ (झ): प्रदेशअनुसार संलग्न जनशक्ति

प्रदेश	पुरुष	महिला	जम्मा
प्रदेश नं. १	३२४०३७	२२००४२	५४४०७९
मधेश	२६८२७९	८६७१५	३५४९९४
बागमती	७३१७८३	४८६७१४	१२१८४९७
गण्डकी	१८५४००	१४७०७२	३३२४७२
लुम्बिनी	३०६८९२	१६७३७२	४७४२६४
कर्णाली	७०८१४	४८१३७	११८९५१
सुदूरपश्चिम	१२५०३२	६०१६८	१८५२००
जम्मा	**२०१२२३७**	**१२१६२२०**	**३२२८४५७**

स्रोतः राष्ट्रिय आर्थिक गणना-२०७५

८.५८ प्रदेशगतरूपमा प्रतिष्ठानमा संलग्न जनशक्तिमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी ३७.७ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ३.७ प्रतिशत जनशक्ति रोजगारीमा आबद्ध रहेका छन्। उद्योग प्रतिष्ठानहरू बागमती प्रदेशमा अधिकेन्द्रित भएको कारणले यस्तो रोजगारी बागमती प्रदेशमा उच्च रहेको छ।

तालिका ८ (ञ): व्यवसाय शुरू गरेको वर्ष, प्रतिष्ठानहरूको सङ्ख्या र संलग्न जनशक्ति

व्यवसाय शुरू गरेको वर्ष	प्रतिष्ठान	संलग्न जनशक्ति
वर्ष नखुलेको	२५७४८	९३४६५
२०४४ साल भन्दा अगाडी	२८६६०	३३८६३९
२०४५-२०४९	१५२६९	१०५४२६
२०५०-२०५४	३१३८७	२१२८७४
२०५५-२०५९	३९८७२	२२५८६९
२०६०-२०६४	८०४८४	३४३५७७
२०६५-२०६९	१६८०२९	६२००७४
२०७०	७८४८२	२०८९१४
२०७१	६१२०६	१६९१२९
२०७२	८६४१२	२२०९८९
२०७३	१०९३६५	२६१६४७
२०७४-२०७५	१९८४४२	४२७८५४
जम्मा	**९२३३५६**	**३२२८४५७**

स्रोतः राष्ट्रिय आर्थिक गणना-२०७५

८.५९ निजीकरण तथा आर्थिक उदारीकरणको अवलम्बनसँगै निजी क्षेत्रबाट सञ्चालित प्रतिष्ठानको संङ्ख्यामा समेत उल्लेख्य वृद्धि भएको देखिन्छ। विक्रम सम्वत् २०४५ देखि २०४९ सम्मको अवधिमा १५ हजार २ सय ६९ प्रतिष्ठान स्थापना भएका थिए। २०५० सालमा निजीकरण ऐन जारी भएपछि प्रतिष्ठानहरूको सञ्चालनमा निजी क्षेत्रको सहभागिता विक्रम सम्वत् २०५० देखि २०५४ सम्मको अवधिमा १०५.५ प्रतिशतले वृद्धि भई ३१ हजार ३ सय ८७ पुगेको देखिन्छ।

पर्यटन तथा संस्कृति

पर्यटन

८.६० कोभिड-१९ महामारीको कारण अघिल्लो वर्षको तुलनामा सन् २०२० मा पर्यटक आगमन करिव ८१.० प्रतिशतले घटेर २ लाख ३० हजार ८५ मात्र रह्यो। साथै, सन् २०२१ मा यस्तो सङ्ख्या ३४.३ प्रतिशतले घटेर १ लाख ५० हजार ९ सय ६२ रहेको छ। यो सङ्ख्या सन् १९७७ पछिकै सबैभन्दा न्यून हो।

चार्ट ८(घ): पर्यटक आगमन सङ्ख्या (हजारमा) र वृद्धिदर (प्रतिशतमा)
(सन् २०२१ सम्ममा)



स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७८

८.६१ सन् २०२१ मा विदेशी पर्यटकबाट प्राप्त भएको विदेशी मुद्रा आर्जन ४६.० प्रतिशतले घटेर रू.१३ अर्ब ५० करोड ११ लाख रहेको छ। सन् २०२१ मा प्रति पर्यटकको औसत बसाइ १५.५ दिन र प्रतिदिन प्रति पर्यटक खर्च ४८ डलर रहेको छ। यस्तो खर्च सन् २०२० को तुलनामा २६.१ प्रतिशत न्यून हो।

८.६२ सन् २०२१ मा नेपाल भित्रिएका पर्यटक मध्ये ६६.८ प्रतिशत बिदा, मनोरञ्जन, यात्रा, १०.३ प्रतिशत पर्वतारोहण/साहसिक यात्रा/पदयात्रा, ७.४ प्रतिशत तीर्थयात्रा र १५.५ प्रतिशत अन्य विभिन्न उद्देश्यले नेपाल भ्रमण गरेका छन्। यात्रा उद्देश्यको आधारमा विगत १० वर्षमा बिदा, मनोरञ्जन, यात्रा, पदयात्रा, पर्वतारोहण तथा तीर्थयात्रासम्बन्धी उद्देश्यले आउने पर्यटकको अनुपात सबैभन्दा उच्च रहेको छ ।

चार्ट ८(ङ): भ्रमणको उद्देश्यअनुसार पर्यटक आगमन
(सन् २०२१)



स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७८

८.६३ कुल पर्यटक आगमनको सङ्ख्याको आधारमा सन् २०२१ मा सबैभन्दा बढी पर्यटक आउने ५ मुलुकमा क्रमशः भारत ४२.८३ प्रतिशत, संयुक्त राज्य अमेरिका अमेरिका १५.१३ प्रतिशत, बेलायत ५.७४ प्रतिशत, चीन ४.१० प्रतिशत र बङ्गलादेश ३.३४ प्रतिशत रहेका छन्। यी पाँच मुलुकबाट आएका पर्यटकको सङ्ख्या कुल पर्यटकको ७१ प्रतिशत रहेको छ। नेपाल भ्रमण गर्ने पर्यटकहरूमा भारतीय पर्यटकहरूको सङ्ख्या सबैभन्दा बढी रहेको छ।

चार्ट ८(च): देशगत रूपमा पर्यटक आगमन सङ्ख्या (सन् २०२१ मा)



स्रोतः संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २०७८

८.६४ बाह्य तथा आन्तरिक पर्यटकमध्ये अधिकांश पर्यटकको भ्रमण गन्तव्य गौतमबुद्धको जन्मस्थल लुम्बिनी हुने गरेको छ। सन् २०२१ मा लुम्बिनी भ्रमण गर्नेमा नेपाली ४ लाख ६३ हजार ९ सय ६३, भारतीय ४३ हजार ७ सय ३२ (स्थल मार्ग र हवाई मार्ग समेत गरी) र अन्य मुलुकका १ हजार १ सय ९७ जना रहेका छन्। सन् २०२० मा लुम्बिनी भ्रमण गर्नेमा नेपाली १ लाख ९७ हजार २ सय ५२, भारतीय ३७ हजार २ सय ६ र अन्य मुलुकका ४५ हजार ४ सय ६९ जना रहेका थिए। सन् २०२१ मा आन्तरिक पर्यटकहरूको लुम्बिनी भ्रमण उत्साहजनक रहेको र भारतीय पर्यटकको सङ्ख्या १७.५ प्रतिशतले वृद्धि भएको छ। तथापि, सन् २०२१ मा तेस्रो मुलुकबाट लुम्बिनी आउने पर्यटकको सङ्ख्या न्यून रहेको छ।

८.६५ चालु आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म होटल व्यवस्थापनतर्फ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानबाट २२१ जनशक्ति उत्पादन भएका छन्। २०७८ फागुनसम्म यस संस्थाबाट पर्यटन क्षेत्रसम्बन्धी तालिम प्राप्त गर्ने जनशक्ति ५७ हजार ७ सय ३९ पुगेको

छ। नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानले २०७८ फागुनसम्ममा ३ हजार ३४ जनालाई विभिन्न विधामा पर्वतीय पर्यटनसम्बन्धी तालिम दिएको छ। विक्रम सम्वत २०७४ बाट शुरु भएको शैक्षिक कोर्षतर्फ १९२ जना अध्ययनरत रहेका छन्।

८.६६ हिमाल आरोहण गर्ने पर्वतारोहण दलको सङ्ख्या सन् २०२१ मा ७६२ रहेको छ। सन् २०२० मा यस्तो सङ्ख्या १५३ रहेको थियो। त्यसैगरी पर्वतारोहीको सङ्ख्या सन् २०२० को ४४७ बाट बढेर सन् २०२१ मा ३,४४६ पुगेको छ। कोभिड-१९ को कारण पर्वतारोहीको सङ्ख्यामा भएको कमी सँगै पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी सन् २०२० मा रू.१ करोड ४९ लाख ७९ हजार मात्र संकलन भएकोमा सन् २०२१ पर्वतारोहीको उत्तसाहजनक अगमनसँगै पर्वतारोहणबाट प्राप्त हुने रोयल्टीमा ब्यापक वृद्धिसँगै भई रू.६३ करोड ५२ लाख ४९ हजार संकलन भएको छ।

८.६७ २०७७ फागुनसम्म तारेस्तरका होटल १४२ रहेकोमा २०७८ फागुनसम्म १६२ पुगेको छ। तारेस्तर बाहेकको पर्यटकस्तरीय होटल, लज तथा रिसोर्टको सङ्ख्या २०७७ फागुनसम्म १,१७१ रहेकोमा २०७८ फागुनसम्म १,१८३ पुगेको छ। यस अवधिमा तारेस्तरका होटलको शैया सङ्ख्या १,८७५ थप भई १५ हजार ७ सय ७५ पुगेको छ। त्यसैगरी, तारेहोटल बाहेक पर्यटकस्तरीय होटल, लज तथा रिसोर्टको शैया सङ्ख्या ६८७ थप भई ३२ हजार ६ सय ३७ पुगेको छ। कुल शैया सङ्ख्या २०७७ फागुनको तुलनामा ५.८ प्रतिशतले वृद्धि भई २०७८ फागुनमा ४८ हजार ४ सय १२ पुगेको छ।

८.६८ २०७८ फागुनसम्म देशभरमा २४ वटा क्यासिनो दर्ता भई सञ्चालनमा रहेका छन्। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म क्यासिनोबाट रू.९१ करोड ६० लाख रोयल्टी प्राप्त भएको छ।

८.६९ २०७८ फागुनसम्म ५८ ट्राभल एजेन्सीहरू थप भई ३,८०१ पुगेको छ। २०७७ फागुनसम्म यस्तो सङ्ख्या ३,७४३ रहेको थियो। २०७७ फागुनसम्म २,७९७ ट्रेकिङ एजेन्सी दर्ता भएकोमा २०७८ फागुनसम्म २४ थप भई २,८२१ पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्म पाँच ऱ्याफ्टिङ्ग एजेन्सी थप भई २०७८ फागुनसम्म ८७ पुगेको छ। २०७८ फागुनसम्म पर्यटक यातायात सेवा व्यवसायीको सङ्ख्या ८५ पुगेको छ।

८.७० २०७७ असारसम्म पर्यटन विभाग र प्रदेश पर्यटन कार्यालयबाट समेत गरी ४,२४१ लाई टुर गाईड अनुमतिपत्र जारी भएकोमा २०७८ फागुनसम्म यस्तो सङ्ख्या ४,५५७ पुगेको छ। २०७८ फागुनसम्म १७ हजार ७ सय ६६ ट्रेकिङ्ग गाईड अनुमितपत्र जारी भएकोमा यस्तो सङ्ख्या बढेर २०७८ फागनुसम्म १९ हजार १ सय ६६ पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा थप ४४ रिभर गाइडको अनुमतिपत्र जारी भई २०७८ फागुनसम्म ३२४ अनुमतिपत्र जारी भएको छ।

८.७१ २०७८ फागुनसम्म नेपालमा अन्तर्राष्ट्रिय उडान भर्ने वायुसेवाको सङ्ख्या २२ रहेको छ। त्यसैगरी, द्विपक्षीय हवाई सेवा सम्झौता भएका देशहरूको सङ्ख्या ४१ पुगेको छ भने दुइतर्फ हवाई सिट सङ्ख्या करिब वार्षिक ८० लाख सिट रहेको छ। आन्तरिकतर्फ उडान भर्ने वायुसेवाको सङ्ख्या २० रहेको छ। निर्माण सम्पन्न भएका विमानस्थलको सङ्ख्या ५३ रहेको छ। सबै मौसममा सञ्चालन हुन सक्ने कालोपत्रे भएका विमानस्थलको सङ्ख्या ३७ पुगेको छ। यी मध्ये ३२ विमानस्थल नियमित सञ्चालनमा रहेका छन् ।

८.७२ गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य र अन्तर्राष्ट्रिय उडान सेवा सञ्चालन गर्न क्यालिब्रेशन (Calibration) लगायतका कार्य सम्पन्न भएको छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको अधिकांश कार्य सम्पन्न भई नेपाल सरकारलाई पोखरा अन्तर्राष्ट्रिय विमानस्थल हस्तान्तरण भएको छ।

८.७३ अन्तर प्रदेश उडान अन्तर्गत पोखरा-भरतपुर, पोखरा-धनगढी, पोखरा-नेपालगञ्ज, पोखरा-भैरहवा, पोखरा-सिमरा हवाई उडान सञ्चालन भई ५ प्रदेशसँग हवाई उडान सम्पर्क विस्तार भएको छ।

८.७४ सन् २०२० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक उडानतर्फ यात्रु आवागमनको सङ्ख्या ११ लाख ५ हजार ८ सय ५८ रहेकोमा सन् २०२१ मा यस्तो सङ्ख्या ६१ प्रतिशतले बढेर १७ लाख ७९ हजार ५ सय ३९ पुगेको छ।

संस्कृति

८.७५ विक्रम सम्वत् २०७२ को विनाशकारी भूकम्पबाट उपत्यकाका ३ जिल्ला लगायत २५ जिल्लामा क्षतिग्रस्त भएका ९२० पूरातात्विक तथा सांस्कृतिक सम्पदाहरूको पुनःनिर्माण भइरहेको छ। आर्थिक वर्ष २०७७/७८ मा १३८ सम्पदाको पुनःनिर्माण सम्पन्न भएको छ भने आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म थप ५१ को पुनःनिर्माण भई हालसम्म ६४० पूरातात्विक सम्पदा पुनःनिर्माण भएको छ।

८.७६ हालसम्म उत्खनन् तथा अध्ययन कार्य तर्फ ६ उत्खनन् तथा संरक्षण कार्य मध्ये मोरङ्गको भेडियारी र रौतहटको पतौरा गरी २ वटाको उत्खनन कार्य सम्पन्न भएको छ ।

९. शहरी विकास, आवास तथा ऊर्जा

९.१ शहरी विकासतर्फ सघन शहरी विकास कार्यक्रम, नयाँ शहर आयोजना, स्मार्ट शहर, एक शहर एक पहिचान, जनता आवासका कार्यक्रम तथा भवन निर्माणका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। शहर एवं मानव बस्तीलाई समावेशी, सुरक्षित, उत्थानशील एवं दिगो बनाई विपद् जोखिम न्यूनीकरणका लागि विपद्को आर्थिक, मानवीय एवं पूर्वाधारको क्षति सारभूत रूपमा घटाउने र आधारभूत सेवा प्रवाहमा अवरोध घटाउने कार्यलाई प्राथमिकता दिइएको छ। जलविद्युत विकासमा सरकारी, सार्वजनिक, निजी साझेदारी तथा निजी लगानी प्रवर्द्धन गरिएको छ।

९.२ जलविद्युत आर्थिक विकासको महत्त्वपूर्ण साधन हो। जलविद्युत उत्पादनको उच्च सम्भाव्यता भएपनि यस क्षेत्रमा भएको न्यून लगानीको कारण विद्युत उत्पादन न्यून नै रहेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म कुल जलविद्युत जडान क्षमता २,२०५ मेगावाट पुगेको छ। विद्युत ग्रीडमा ९४.० प्रतिशत जनसङ्ख्याको पहुँच पुगेको छ। विद्युत प्रशारण लाइन (६६ के.भि.वा सो भन्दा माथि) को कुल लम्बाई ४,७९५ सर्किट कि.मि.पुगेको छ।

शहरी विकास

९.३ सघन शहरी विकास कार्यक्रम अन्तर्गत तराई-मधेशका जिल्ला सदरमुकामहरूका पूर्वाधार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ९० कि.मि. सडक स्तरोन्नति र ११५ कि.मि. ड्रेन निर्माण सम्पन्न भएको छ।

९.४ काठमाडौं उपत्यका भित्रका नदीहरूको सफाइ तथा सौन्दर्यीकरण कार्यक्रममध्ये बागमती नदीमा २.३ कि.मि. नदी नियन्त्रण कार्य सम्पन्न भएको छ। टेकु स्थित बागमती नदी किनारमा अवस्थित २८ धार्मिक, सांस्कृतिक तथा पूरातात्विक महत्त्वका धरोहरहरूको पुनःनिर्माण कार्य ६०.० प्रतिशत सम्पन्न भएको छ। बागमती नदीमा सुख्खायाममा समेत न्यूनतम बहाव कायम राख्ने उद्देश्यले निर्माण शुरू गरिएको धाप ड्याम निर्माण कार्य करिब सम्पन्न भएको छ। आगामी आर्थिक वर्ष ड्याममा पानी जम्मा गरी हिउँदमा पानी छोडिने व्यवस्था गरिएको छ।

९.५ देशभर २७ नयाँ शहर र १३ स्मार्ट शहरको पूर्वाधार निर्माण कार्य शुरू भएको छ। शहरहरूको योजनाबद्ध रूपमा एकीकृत विकास गर्न १८५ नगरपालिकाहरूको एकीकृत शहरी विकास योजना तयार गरिएको छ।

९.६ पुष्पलाल राजमार्ग र हुलाकी राजमार्गका २७ स्थानमा नयाँ शहर विकास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ३५ कि.मि. सडक ट्रयाक खोल्ने/स्तरोन्नति/ग्राभेल

गर्ने कार्य सम्पन्न भएको छ भने १८ कि.मि. सडक कालो पत्रे भएको छ। त्यसैगरी, २३ कि.मि. सतह नालाको निर्माणको कार्य सम्पन्न भएको छ।

९.७ काठमाडौं उपत्यकामा उत्सर्जन हुने फोहरमैला व्यवस्थापनसम्बन्धी समस्याको स्थायी समाधानको लागि निर्माणाधीन बञ्चरे डाडाँ ल्यान्डफिल साईटको पहिलो चरणको ८०.० प्रतिशत र दोस्रो चरणको ९०.० प्रतिशत निर्माण सम्पन्न भएको छ।

९.८ नवलपरासी पूर्व र रुकुम पूर्व जिल्ला सदरमूकामको पूर्वाधार विकास गर्ने कार्यक्रममध्ये नवलपरासी पूर्व सदरमुकामको पूर्वाधार निर्माणको कार्य ६५.० प्रतिशत सम्पन्न भएको छ। साथै, सो क्षेत्रको मास्टर प्लान तथा भवनहरूको डिजाईनको कार्य अन्तिम चरणमा रहेको छ।

९.९ काठमाडौंको साँखु मूलपानी क्षेत्र र भक्तपुरको खरिपाटी सिन्टीटार क्षेत्र (काठमाडौं इशान) को एकलाख रोपनी, भक्तपुरको कटुञ्जे गुण्डु क्षेत्र (काठमाडौं आग्नेह) मा १० हजार रोपनी र काठमाडौंको टोखा तारकेश्वर क्षेत्र (काठमाडौं उत्तर) क्षेत्रमा १० हजार रोपनीमा नयाँ उप-शहर निर्माणका लागि सम्भाव्यता अध्ययन सम्पन्न भएको छ।

९.१० शहरी सडक मापदण्ड नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई नेपाल राजपत्रमा प्रकाशन भएको छ।

९.११ सघन शहरी विकास कार्यक्रम, क्षेत्रीय शहरी विकास आयोजना, बागमती सुधार आयोजना, काठमाडौं उपत्यका विकास प्राधिकरण मार्फत चालु आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा १३० कि.मि. सडक कालो पत्रे, १.२ कि.मी. ढल निर्माण तथा १६२ कि.मि. सतह नाला निर्माण सम्पन्न भएको छ।

आवास

९.१२ जनता आवास कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ७३८ आवासहरूको निर्माण सम्पन्न भएको छ।

९.१३ शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारीका अवसरसहितको एकीकृत आधुनिक सुरक्षित बस्ती विकास कार्यक्रम अन्तर्गत मुगुमा ३५ परिवारको आवास निर्माण कार्य सम्पन्न भएको छ। डडेलधुराको परशुराम नगरपालिकाका ३२ परिवारको लागि एकीकृत बस्ती निर्माण कार्य भईरहेको छ।

९.१४ २०७८ फागुनसम्म सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत ७५३ स्थानीय तहका १ लाख ८९ हजार २ सय ३० फुसका छानालाई जस्तापाताले विस्थापन गर्न आवास सङ्ख्या निर्धारण भएको छ। यस अवधिमा १ लाख ३७ हजार १५ लाभग्राही छनौट भइसकेका छन्

भने १ लाख २६ हजार ६ सय ९८ लाभग्राहीसँग सम्झौता भएको छ। त्यसैगरी, २४ हजार ५ सय ९७ आवास इकाईहरूको निर्माण सम्पन्न भएको छ।

भवन निर्माण

९.१५ २०७८ फागुनसम्म सङ्घीय संसद भवनको ४२.० प्रतिशत, मन्त्री आवासको ७७.० प्रतिशत, प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवासको ७६.० प्रतिशत र प्रधानमन्त्री आवासको ९३.० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी, मन्त्री निवास (दोस्रो चरणको) ३.० प्रतिशत र चण्डी दल भवनको ३.० प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ।

९.१६ ललितपुरको गोदावरीमा ३ हजार र रूपन्देहीको बुटवलमा १ हजार २ सय व्यक्ति क्षमताको अन्तर्राष्ट्रिय सभाहलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। यसैगरी, विभिन्न जिल्लामा २६ सभाहल निर्माणाधीन रहेका छन्।

९.१७ शहरी विकास, भवन निर्माण र आवास अन्तर्गतका कार्यक्रमको कार्यान्वयनबाट आर्थिक वर्ष २०७८/७९ को फागुनसम्ममा ३२ हजार ६ सय थप रोजगारी सिर्जना भएको छ।

ऊर्जा

९.१८ २०७८ फागुनसम्म ९४ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। २०७८ असारसम्म ९३ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको थियो।

९.१९ २०७८ फागुनसम्म कुल जडित विद्युत क्षमता २०७८ असारको तुलनामा ३०.९ प्रतिशतले वृद्धि भई २ हजार २ सय ५ मेगावाट पुगेको छ। २०७८ असारसम्म कुल जडित विद्युत क्षमता १ हजार ६ सय ८५ मेगावट रहेको थियो।

९.२० २०७८ फागुनसम्म कुल जडित विद्युत क्षमता २ हजार २ सय ५ मेगावाटमध्ये जलविद्युतबाट २ हजार २२ मेगावाट, सौर्य प्लान्टबाट ४९.७६ मेगावाट, थर्मल प्लान्टबाट उत्पादित विद्युत ५३.४ मेगावाट, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा ७४ मेगावाट तथा चिनी मिलबाट सह-उत्पादन प्रविधि मार्फत ६ मेगावाट विद्युत उत्पादन भएको छ। त्यसैगरी, नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा सञ्चालित विद्युत परियोजनाबाट ५८१ मेगावाट र निजी क्षेत्रबाट सञ्चालित विद्युत परियोजनाबाट १ हजार ४ सय ४० मेगावाट राष्ट्रिय ग्रीडमा जडान गरिएको छ।

९.२१ २०७८ फागुनसम्म विद्युत उपयोग गर्ने ग्राहकको सङ्ख्या ५२ लाख २८ हजार (सामुदायिक संस्था बाहेक) पुगेको छ। आर्थिक वर्ष २०७७/७८ मा विद्युत उपयोग गर्ने ग्राहकको सङ्ख्या ४९ लाख ९३ हजार (सामुदायिक संस्थाबाहेक) रहेको थियो। सामुदायिक संस्था अन्तर्गत विद्युत उपयोग गर्ने ग्राहकको सङ्ख्या करिब ५ लाख ८० हजार रहेको छ।

९.२२ २०७८ फागुनसम्म राष्ट्रिय प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथि) ४ हजार ७ सय ९५ सर्किट किलोमिटर पुगेको छ भने वितरण लाइन (३३ के.भी. र सो भन्दा कम) १ लाख ६३ हजार २ सय २ किलोमिटर पुगेको छ। २०७७ फागुनसम्म प्रसारण लाइन (६६ के.भी. र सो भन्दा माथि) ४ हजार ५ सय ७३ सर्किट किलोमिटर तथा वितरण लाइन १ लाख ६७ हजार १९१ किलोमिटर रहेको थियो।

९.२३ चालु आर्थिक वर्षको फागुनसम्म भारतबाट ७५७ गिगावाटघण्टा विद्युत आयात भएको छ भने १८३ गिगावाटघण्टा बराबरको विद्युत निर्यात भएको छ। गत आर्थिक वर्षमा विद्युतको माग पूर्तिको लागि भारतबाट कुल २ हजार ८ सय २६ गिगावाटघण्टा विद्युत आयात भएको थियो। साथै, गत आर्थिक वर्ष ४४ गिगावाटघण्टा विद्युत निर्यात भएको थियो।

९.२४ २०७८ असारसम्म १ हजार ३ सय ८८ मेगावाट विद्युत उत्पादन क्षमता रहेकोमा २०७८ फागुनसम्म २ हजार २३ मेगावाट विद्युत क्षमता रहेको छ।

९.२५ २०७८ फागुनसम्ममा २६ जिल्लामा विद्युतीकरण पुगेको छ। २०७९ असारसम्ममा थप ८ जिल्ला समेत गरी ३४ जिल्लामा विद्युतीकरणको कार्य सम्पन्न हुनेछ।

९.२६ नेपाल सरकारको समृद्ध नेपाल सुखी नेपाली अभियानको प्रभावकारी कार्यान्वयन गर्न विक्रम सम्वत्२०७५-८५ को अवधिलाई ऊर्जा तथा जलस्रोत दशकको रूपमा मनाउन मार्गचित्र जारी गरी कार्यान्वयनमा ल्याइएको छ।

९.२७ आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ को फागुनसम्मको तथ्याङ्क विश्लेषण गर्दा विद्युतको माग र आपूर्तिबीच सन्तुलन कायम भएको देखिन्छ।

९.२८ चालु आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्म १८ वटा विद्युत आयोजनाहरू सम्पन्न भई कुल ८४३ मेगावाट थप जलविद्युत उत्पादन हुनेछ। आगामी आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुने ४३ वटा आयोजनाहरूबाट थप ७१३ मेगावाट जलविद्युत उत्पादन हुने अनुमान छ।

९.२९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ४०० के.भी., २२० के.भी. तथा १३२ के.भी. भोल्टेजस्तरका प्रसारण लाइन विस्तारतर्फ ९ वटा आयोजनाहरूको जम्मा ५९३ सर्किट कि.मि. मध्ये १५४.८७ सर्किट कि.मि. निर्माण कार्य सम्पन्न भएको छ।

९.३० आर्थिक वर्ष २०७८/७९ फागुनसम्म निजी क्षेत्रका जलविद्युत कम्पनीहरूलाई थप ३१८.४ मेगावाट जडित क्षमता बराबरको जम्मा १७ वटा जलविद्युत आयोजनाहरूको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको छ। २०७८ फागुनसम्म २२९ आयोजनाहरूको १ हजार २ सय ४२ मेगावाट जडित क्षमता बराबरको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको छ।

९.३१ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ५ हजार ७ सय ७२ गिगावाट घण्टा बराबर विद्युत खपत भएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो खपत ७ हजार २ सय ६८ गिगावाट घण्टा रहेको थियो।

९.३२ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म गार्हस्थ्य, औद्योगिक, व्यापारिक र अन्य क्षेत्रमा विद्युत खपत क्रमशः ४१ प्रतिशत, ३८ प्रतिशत, ७ प्रतिशत, १० प्रतिशत रहेको छ।

तालिका ९(क): क्षेत्रगत विद्युत खपत (गिगावाट घण्टामा)

क्षेत्र/आ.व.	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९ फागुनसम्म
ग्राहस्थ	२१६४	२४४२	२६६६	२८६७	३१३८	२३८३
औद्योगिक	१७१९	२०७४	२४२२	२२८६	२८१६	२१६४
व्यापारिक	३५१	४०८	४६६	४८८	५११	४०८
अन्य	५४०	६३३	७४९	७८१	८०३	६१७
कुल	**४७७४**	**५५५७**	**६३०३**	**६४२२**	**७२६८**	**५५७२**

स्रोतः ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०७८

नवीकरणीय ऊर्जा

९.३३ २०७८ फागुनसम्म नवीकरणीय ऊर्जा स्रोतबाट विद्युतको पहुँच पुगेको जनसङ्ख्या ६.९ प्रतिशत रहेको छ। २०७७ फागुनसम्म यस्तो जनसङ्ख्या ३.२ प्रतिशत रहेको थियो।

९.३४ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म वैकल्पिक ऊर्जा अन्तर्गतका लघु तथा साना जलविद्युत आयोजनाबाट ३९८ किलोवाट विद्युत उत्पादन भएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो उत्पादन ९५५ किलोवाट रहेको थियो। त्यस्तै, आर्थिक वर्ष २०७७/७८ मा सौर्य तथा वायु ऊर्जाबाट २८४ किलोवाट विद्युत उत्पादन भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म २०० किलोवाट विद्युत उत्पादन भएको छ।

९.३५ चालु आर्थिक वर्षको फागुनसम्म १ हजार ७ सय ३३ बायोग्यास प्लान्ट जडान भएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो सङ्ख्या ३ हजार ९ सय ७५ रहेको थियो। यसैगरी, चालु आर्थिक वर्षको फागुनसम्म ११ हजार ९ सय ५६ वटा सौर्य घरेलु विद्युत प्रणाली जडान भएको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो सङ्ख्या १२ हजार ५ सय ६७ रहेको थियो। साथै, उक्त आर्थिक वर्षमा १३ हजार ४ सय ५५ वटा सुधारिएको चुल्हो जडान भएको थियो।

९.३६ २०७८ फागुनसम्म नवीकरणीय ऊर्जा कार्यक्रमहरूबाट प्रत्यक्ष/अप्रत्यक्ष गरी ४० हजार रोजगारी सिर्जना भएको छ।

१०. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

१०.१ भौतिक पूर्वाधार, यातायात तथा सञ्चार अर्थतन्त्रका प्रमुख आधारशिला हुन्। यी क्षेत्रको गुणस्तर र दायराका आधारमा देशको तुलनात्मक लाभको उपयोग क्षमता निर्धारण हुन्छ। यसबाट अर्थतन्त्रको अग्र तथा पृष्ठ अन्तरआबद्धता र सह-सम्बन्ध प्रवर्द्धन भई दीर्घकालीन राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा टेवा पुग्ने देखिन्छ।

१०.२ सार्वजनिक यातायातलाई सुरक्षित, भरपर्दो र नियमित बनाउने प्रयास स्वरूप विभिन्न नीतिगत, प्रशासनिक एवं प्राविधिक पक्षमा निरन्तर सुधारको प्रयास हुँदै आएको छ। तीन तहका सरकारको समन्वय एवं सहकार्यमा राष्ट्रिय, प्रादेशिक तथा स्थानीय सडक सञ्जालबीच अन्तर-आबद्धता कायम गर्ने कार्यले क्रमिक रूपमा गति लिएको छ। पछिल्ला वर्षमा सूचना तथा प्रविधि क्षेत्रको पहुँच तथा गुणस्तरमा अभिवृद्धि भएको छ।

भौतिक पूर्वाधार र यातायात

१०.३ २०७८ फागुनसम्म १६ हजार ९ सय ३९ किलोमिटर कालोपत्रे, ८ हजार १ सय ११ किलोमिटर खण्डास्मित र ८ हजार ८ सय २१ किलोमिटर कच्ची सडक गरी सडकको लम्बाई ३३ हजार ८ सय ७१ किलोमिटर पुगेको छ। २०७८ असारसम्म १६ हजार ६ सय १४ किलोमिटर कालोपत्रे, ८ हजार १ सय ७१ किलोमिटर खण्डास्मित र ८ हजार ९ सय ३१ किलोमिटर कच्ची सडक गरी ३३ हजार ७ सय १६ किलोमिटर कच्ची सडक सडक रहेको थियो।

तालिका १०(क) : संघबाट गरिएको सडक विस्तार (किलोमिटरमा)

विवरण	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
कालोपत्रे	१२८०३	१३७०७	१४६९५	१५४२४	१६६१४	१६९३९
ग्रावेल	६८२२	७२३१	८५९४	८६२२	८१७१	८१११
कच्ची सडक	९४९२	९१५०	९५९०	९१९८	८९३१	८८२१
जम्मा	**२९११७**	**३००८८**	**३२८७९**	**३३२४४**	**३३७१६**	**३३८७१**

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०७८ *फागुनसम्म

१०.४ आर्थिक वर्ष २०७७/७८ मा ४७२ किलोमिटर माटे सडक (नयाँ सडक) निर्माण भएको छ। त्यसैगरी, यस अवधिमा ७३९ किलोमिटर खण्डास्मित स्तरमा र १ हजार १ सय ९० किलोमिटर कालोपत्रे स्तरमा सडक स्तरोन्नति भएको छ। साथै, ७ हजार १ सय ८७ किलोमिटर सडक नियमित तथा पटके मर्मत भएको छ भने ४२४ किलोमिटर आवधिक मर्मत सम्पन्न भएको छ। यस अवधिमा १९२ पुल निर्माण भएका छन्।

१०.५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १५५ किलोमिटर नयाँ सडक निर्माण भएको छ। यस अवधिमा २६५ किलोमिटर खण्डास्मित स्तरमा र ३२५ किलोमिटर कालोपत्रे स्तरमा

सडक स्तरोन्नति भएको छ। त्यसैगरी, आवधिक मर्मत ९५ किलोमिटर भएको छ। साथै, ८० पुलको निर्माण सम्पन्न भएको छ।

तालिका १०(ख) : पछिल्लो पाँच वर्षको सडक सञ्जालको स्थिति

विवरण	इकाई	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
नयाँ सडक निर्माण	कि.मी.	८०९	९७१	४४०	३६५	४७२	१५५
खण्डास्मित स्तरमा स्तरोन्नति	कि.मी.	९९२	१३१३	१३६३	७५७	७३९	२६५
कालोपत्रे स्तरमा स्तरोन्नति	कि.मी.	६३०	९०४	९८८	७२९	११९०	३२५
सडक मर्मत (नियमित) तथा पटके)	कि.मी.	९५००	९५००	१४७१९	७२००	७१८७	७८००
आवधिक मर्मत	कि.मी.	२१४	३३२	३३२	३६०	४२४	९५
पुल निर्माण	वटा	७२	८२	२३०	२१०	१९२	८०

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०७८ *फागुनसम्म

१०.६ २०७८ असारसम्म प्रादेशिक र स्थानीयस्तरका कच्ची, ग्रावेल र कालोपत्रे गरी जम्मा ६३ हजार ६ सय ९६ किलोमिटर सडक निर्माण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ९२१ किलोमिटर सडक निर्माण भई ६४ हजार ६ सय १७ किलोमिटर सडक निर्माण भएको छ। निर्मित सडकमध्ये कालोपत्रे, ग्रावेल र कच्ची सडकको अंश क्रमशः ७.० प्रतिशत, २१.० प्रतिशत र ७२.० प्रतिशत रहेको छ। गुणस्तरीय सडकको पहुँच अभिवृद्धि गर्न निर्माण भएका अधिकांश कच्ची सडकहरूलाई क्रमिक रूपमा स्तरोन्नति गर्नुपर्ने र विद्यमान सडक चौडा गर्नुपर्ने देखिन्छ।

तालिका १०(ग) : प्रादेशिक र स्थानीय सडक सञ्जालको सडक विवरण (किलोमिटरमा)

सडकको विवरण	०७३/७४	०७४/७५	०७५/७६	०७६/७७	०७७/७८	०७८/७९*
धुलो/ कच्ची	४२८४०	४३१९०	४३९५०	४५६९३	४५९५९	४६४४१
ग्रावेल	१२८३०	१३१६०	१३५६०	१३४१६	१३३९२	१३६२९
कालोपत्रे	२२६९	२७३५	३९६३	४२१२	४३४५	४५४७
जम्मा	**५७९३९**	**५९०८५**	**६१४७३**	**६३३२१**	**६३६९६**	**६४६१७**

स्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८ * फागुनसम्म

१०.७ २०७८ फागुन मसान्तसम्म प्रदेश र स्थानीय सडकको हिमाली क्षेत्रमा १६ प्रतिशत, पहाडमा ५५ प्रतिशत र तराईमा २९ प्रतिशत रहेको छ।

तालिका १०(घ) : भौगोलिक क्षेत्रअनुसार स्थानीय सडक विस्तार (किलोमिटरमा)

भौगोलिक	प्रादेशिक सडक	स्थानीय सडक	जम्मा
हिमाल	५०७०	५१४९	१०२१९
पहाड	१७९३६	१७६५४	३५५९०
तराई	९४८४	९३२४	१८८०८
जम्मा	**३२४९०**	**३२१२७**	**६४६१७**

स्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

१०.८ स्थानीय पूर्वाधार अन्तर्गत २०७८ असारसम्म ९१७३ झोलुङ्गे पुल र ६२३ सडकपुल निर्माण भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म थप २१५ झोलुङ्गेपुल र ४ सडकपुल निर्माण सम्पन्न भएको छ। २०७८ फागुनसम्म ९,३८८ झोलुङ्गे पुल र ६२७ सडकपुल निर्माण भइसकेको छ। पहिचान भएका १४३ तुईन मध्ये २०७८ फागुनसम्म १३४ तुइन झोलुङ्गे पुलद्वारा विस्थापित भएका छन्।

राष्ट्रिय गौरवका तथा अन्य सडक आयोजनाहरू

१०.९ मध्यपहाडी (पुष्पलाल) लोकमार्गको कुल लम्बाई १ हजार ८ सय ७९ किलोमिटर मध्ये २०७८ असारसम्म १ हजार १ सय १३ किलोमिटर कालोपत्रे सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ४४ किलोमिटर सडक कालोपत्रे भई १ हजार १ सय ५७ किलोमिटर पुगेको छ। लोकमार्गका १२९ पुल मध्ये २०७८ फागुनसम्म ९२ पुलको निर्माण सम्पन्न भएको छ।

१०.१० हुलाकी लोकमार्गको कुल लम्बाई १ हजार ७ सय ९२ किलोमिटर मध्ये २०७८ असारसम्म ७३७ किलोमिटर (लिङ्क सडक सहित) कालोपत्रे सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ८१ किलोमिटर सडक कालोपत्रे भई ८१८ किलोमिटर पुगेको छ। लोकमार्गका २१९ पुलमध्ये २०७८ असारसम्म १०० पुल निर्माण सम्पन्न भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ५ पुलको निर्माण सम्पन्न भएको छ।

१०.११ उत्तर दक्षिण लोकमार्ग कालीगण्डकी कोरिडोर (४४४ किलोमिटर) को गैडाकोट-रामदी-मालढुङ्गा खण्ड २४५ किलोमिटरमध्ये आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ६४ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ। २०७८ असारसम्म मालढुंगा-बेनी-जोमसोम-कोरला खण्डको १९९ किलोमिटर मध्ये १३२ किलोमिटर ग्रावेल भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १३२ किलोमिटर सडक ग्रावेल भएको र २५ किलोमिटर सडक कालोपत्रे भएको छ।

१०.१२ कर्णाली कोरिडोर (२६९ किलोमिटर) अन्तर्गत हिल्सा-सिमकोट-सरीसल्ला खण्डमा २०७८ असारसम्म १३५ किलोमिटर र खुलालु - सरीसल्ला खण्डमा १२३ किलोमिटर गरी जम्मा

२५८ किलोमिटर ट्रयाक निर्माण भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म सिमकोट-सरीसल्ला खण्डमा ३ किलोमिटर थप ट्रयाक निर्माण भई हालसम्म २६१ किलोमिटर ट्रयाक निर्माण भएको छ।

१०.१३ कोशी कोरिडोर १६२ किलोमिटरमध्ये २०७८ असारसम्म ६८ किलोमिटर ग्रावेल भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म थप ४ किलोमिटर ग्रावेल भई जम्मा ७२ किलोमिटर सडक ग्रावेल भएको छ।

१०.१४ तराई मधेशका जिल्ला सदरमुकाम हुँदै भारतीय सीमासँग जोड्ने प्रमुख व्यापारिक नाकाहरूलाई पूर्व-पश्चिम राजमार्गसँग जोड्ने सडकमध्ये चालु आर्थिक वर्षको प्रथम आठ महिनामा रानी-विराटनगर-इटहरी-धरान खण्डमा २.० किलोमिटर सडक कालोपत्रे भएको छ। त्यसैगरी, जटही-जनकपुर-ढल्केवर खण्डमा १.२ किलोमिटर, वीरगञ्ज-पथलैया खण्डमा २.२ किलोमिटर र मोहना-अत्तरिया खण्डमा ५०० मिटर सडक कालोपत्रे सम्पन्न भएको छ।

१०.१५ मदन भण्डारी राजमार्गको कुल लम्बाई १३९० किलोमिटरमा आयोजनाको कार्यक्षेत्र भित्र पर्ने ७४० किलोमिटर मध्ये २०७८ असारसम्म २३९ किलोमिटर कालोपत्रे सम्पन्न भएको छ। चालु आर्थिक वर्षको फागुनसम्म थप दुई किलोमिटर सडक कालोपत्रे भई हालसम्म २४१ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ। यस राजमार्गमा पर्ने १८५ पुलमध्ये २०७८ फागुनसम्म ७७ पुलको निर्माण सम्पन्न भएको छ।

यातायात क्षेत्र

१०.१६ सवारी साधनमा ईम्बोस्ड नम्बर प्लेट जडान गर्ने कार्य अन्तर्गत २०७८ असारसम्ममा ३८ हजार ३ सय ३ ईम्बोस्ड नम्बर प्लेट उत्पादन भई ९ हजार ५१ सवारी साधनमा जडान गरिएको छ। चालु आर्थिक वर्षको फागुनसम्म १ लाख ३५ हजार ३ सय ४१ ईम्बोस्ड नम्बर प्लेट उत्पादन भई ८ हजार ३ सय ६७ सवारी साधनमा जडान गरिएको छ। २०७८ फागुनसम्म १७ हजार ४ सय १८ सवारी साधनमा ईम्बोस्ड नम्बर प्लेट जडान भएको छ।

१०.१७ चालु आर्थिक वर्षको फागुनसम्म थप २ लाख ४६ हजार ६ सय ५२ सवारी चालक अनुमति पत्र (ईलेक्ट्रोनिक स्मार्ट कार्ड) वितरण भई हालसम्म २३ लाख ३७ हजार ५ सय २ सवारी चालक अनुमतिपत्र वितरण भएको छ। २०७८ असारसम्म २० लाख ९० हजार ८ सय ५० सवारी चालक अनुमति पत्र वितरण भएको थियो।

१०.१८ सार्वजनिक यातायातमा जिपिएस भेइकल ट्र्याकिङ्ग प्रणाली लागू गर्नका लागि यससँग सम्बन्धित प्रणाली विकास गरिएको छ। चालु आर्थिक वर्षको फागुनसम्म ३५ सार्वजनिक

सवारी साधनमा उक्त प्रणाली जडान भएको छ। साथै, सार्वजनिक यातायात सेवामा अनलाइन टिकट खरिद-विक्री शुरूवात भएको छ।

रेल यातायात

१०.१९ जयनगर-जनकपुर-कुर्था-विजलपूरा-बर्दिबास तथा बथनाहा-विराटनगर रेलमार्गको नेपाल तर्फको ७९ कि.मि. मध्ये २०७८ असारसम्म ५६ किलोमिटर रेलमार्ग निर्माण सम्पन्न भएको छ। चालु आर्थिक वर्षमा जयनगर-कुर्था खण्डमा रेल सेवा सञ्चालनमा आएको छ।

१०.२० पूर्व पश्चिम विद्युतीय रेलमार्ग अन्तर्गत बर्दिबास-निजगढ खण्डमा २०७८ असारसम्म ४९.० किलोमिटर ट्रयाक बेड निर्माण भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म १.५ किलोमिटर थप ट्रयाक बेड निर्माण भई हालसम्म ५०.५ किलोमिटर ट्रयाक बेड निर्माण भएको छ।

१०.२१ राष्ट्रिय गौरवका आयोजनाको रूपमा रहेको मेची-महाकाली विद्युतीय रेलमार्ग ९४५ किलोमिटर (लिङ्कसहित १,०५६ किलोमिटर) को विस्तृत अध्ययन प्रतिवेदन तयार भएको छ।

तालिका १०(ङ) : रेलमार्ग र ट्रयाक बेडको विवरण (किलोमिटर)

विवरण	२०७६ असार	२०७७ असार	२०७८ असार	२०७८ फागुन
रेलमार्ग निर्माण	४०	५६	५६	५६
ट्रयाकबेड निर्माण	२८	३३.५	४९	५०.५

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, २०७८

१०.२२ वीरगञ्ज-काठमाडौं रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न भारत सरकारसँग सम्झौता ज्ञापन पत्र (MOU) सम्पन्न भएको छ।

जल यातायात

१०.२३ कर्णाली नदी (खक्रौला-खिमडी, ११५ किलोमिटर), कालीगण्डकी (राम्दी-देवघाट, ९५ किलोमिटर), कोशी नदी (चतरा-तुम्लिङ्गटार, ७५ किलोमिटर), नारायणी नदी (देवघाट-गण्डक, ८५ किलोमिटर), त्रिशुली नदी (देवघाट-मुग्लिङ्ग, २२ किलोमिटर), सुनकोशी नदी (अरुण दोभानबाट माथि, २२ किलोमिटर) मा आन्तरिक जलमार्गमा जलयान सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन सम्पन्न भएको छ।

सूचना तथा सञ्चार

१०.२४ सूचना तथा सञ्चार क्षेत्रको समग्र विकासको लागि नीतिगत, कानूनी र संरचनात्मक सुधारलाई निरन्तरता दिइएको छ। राष्ट्रिय साइबर सुरक्षा रणनीति, २०७८, राष्ट्रिय प्रसारण (एघारौं संशोधन) नियमावली, २०७८, रेडियो सञ्चार (लाइसेन्स)(पाँचौं संशोधन) नियमावली, २०७८, चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (सातौं संशोधन) नियमावली, २०७८, नेपाल सरकार

मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएका छन्। यसका अतिरिक्त राष्ट्रिय सूचना प्रविधि विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०७८, सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८ स्वीकृत भएका तथा नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८, फाइभ जी लगायत नयाँ प्रविधिसम्बन्धी कार्यविधि, २०७८ जारी भई कार्यान्वयनमा आएका छन्।

१०.२५ सूचना तथा सञ्चारको पहुँचमा निरन्तर वृद्धि हुँदै गएको छ। २०७८ फागुनसम्म २५ स्थानीय तहका कार्यालय, १५० वडा कार्यालय, १२० सामुदायिक विद्यालय र २२२ स्वास्थ्य केन्द्र गरी हालसम्म ७३८ स्थानीय तहका कार्यालय, ६,१९० वडा कार्यालय, ५ हजार २ सय ९९ सामुदायिक विद्यालय र ४ हजार २ सय ३७ स्वास्थ्य केन्द्रमा ब्रोडव्याण्ड इन्टरनेट जडान कार्य सम्पन्न भएको छ।

तालिका १०(च): ब्रोडब्याण्ड ईन्टरनेट सेवा पुगेको विवरण

स्थान	ईकाइ	लक्ष्य	२०७६/७७	२०७७/७८	२०७८/७९*	जम्मा
स्थानीय तहको केन्द्र	सङ्ख्या	७५३	४३१	७१३	२५	**७३८**
वडा कार्यालय	सङ्ख्या	६७४३	३६१२	६०४०	१५०	**६१९०**
स्वास्थ्य केन्द्र	सङ्ख्या	४५०४	२५४६	४०१५	२२२	**४२३७**
सामुदायिक विद्यालय	सङ्ख्या	५८०१	२९४८	५१७९	१२०	**५२९९**

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७८ *फागुनसम्म

१०.२६ नेपाल टेलिकम मार्फत प्रारम्भ गरिएको फोरजी सेवाको पहुँच चालु आर्थिक वर्षको प्रथम आठ महिनामा ४७ स्थानीय तहमा विस्तार भएको छ। २०७८ फागुनसम्म यस्तो सेवा ७३२ स्थानीय तहमा विस्तार भई ४५.६ प्रतिशत पुगेको छ। अप्टिकल फाइबरमा आधारित फाइवर टु द होम सेवा विस्तार भई २०७८ फागुनसम्म मुलुकका २०९ मुख्य-मुख्य शहर र शहरोन्मुख स्थानमा विस्तार भएको छ।

१०.२७ मध्यपहाडी लोकमार्ग र आसपासका जिल्ला सदरमुकामहरू जोड्ने गरी अप्टिकल फाईवर विच्छ्याई सूचना महामार्ग निर्माण गर्ने कार्य भइरहेको छ। २०७८ फागुनसम्म १५५७ किलोमिटर अप्टिकल फाईवर बिच्छ्याउने कार्य सम्पन्न भई हालसम्म १२१३९ किलोमिटर अप्टिकल फाईवर बिच्छ्याइएको छ।

१०.२८ मुक्तिनाथ मन्दिर र अन्नपूर्ण सर्किट अन्तर्गतका स्थानमा सार्वजनिक वाइफाइ हटस्पटहरू सञ्चालनमा आएका छन्।

१०.२९ मोबाइल डिभाइस व्यवस्थापन प्रणाली राष्ट्रिय सूचना प्रविधि केन्द्रमा जडान गरी प्रारम्भिक रूपमा सञ्चालनमा आएको छ। यसबाट राजस्व चुहावट नियन्त्रण गर्न र मोबाइलको माध्यमबाट हुने अपराधिक क्रियाकलापहरू नियन्त्रण गर्न सघाउ पुग्नेछ।

१०.३० चालु आर्थिक वर्षको फागुनसम्म विद्यार्थी सङ्ख्याका आधारमा न्यूनतम१२ र अधिकतम३० डेक्सटप कम्प्यूटर तथा मल्टिमिडिया, ल्यापटप र स्क्रिनसहितको सूचना प्रविधि प्रयोगशाला १८५ सामुदायिक माध्यमिक विद्यालयहरूमा स्थापना गरिएको छ। सूचना प्रविधि प्रयोगशाला स्थापना भएका सामुदायिक माध्यमिक विद्यालयहरूको सङ्ख्या एक हजार पुगेको छ।

१०.३१ राष्ट्रिय फ्रिक्वेन्सी निर्धारण योजना र रणनीति तयार गरि फ्रिक्वेन्सी वितरण प्रणालीलाई पारदर्शी र व्यवस्थित गर्न राष्ट्रिय स्पेक्टर्म रणनीति तयार गरिएको छ।

१०.३२ मोवाइल वित्त सेवा (MFS) परीक्षणको रूपमा सञ्चालनमा आएको छ।

१०.३३ डिजिटल टान्सफर्मेशनको आधारशिलाको रूपमा रहेको "फाइवर टु होम" (FTTH) सेवा चालु आर्थिक वर्षको फागुनसम्म ८२ शहर/सहरोन्मुख क्षेत्रमा विस्तार भई हालसम्म ६४ जिल्लाका २०९ शहर/सहरोन्मुख क्षेत्रमा विस्तार भएको छ।

१०.३४ "स्थानीय तहहरूका लागि कमन टेम्प्लेटमा निर्मित मोबाइल एप्स" को स्तरोन्नति गरी स्थानीय तहहरूले प्रयोग गरिरहेका वेबसाइटसँग अन्तरआबद्धता गरिएको छ। साथै, सेवा प्रदायकहरूको पेमेन्ट गेटवे (Payment gate way) सँग समेत अन्तर-आबद्ध हुने गरी डिजिटल वालेट (Digital Wallet) को स्तरोन्नति गरिएको छ। यो एप्स ६६४ स्थानीय तहमा प्रयोगमा आएको छ। यसलाई हाल नागरिक एप्ससँग अन्तर-आबद्धता गर्ने कार्य समेत भइरहेको छ।

१०.३५ विद्युतीय भुक्तानीलाई महालेखा नियन्त्रकको कार्यालयको विद्युतीय कोष हस्तान्तरण (Electronic Fund Transfer; EFT) प्रणालीसँग आबद्ध गरिएको छ। यसका साथै एकीकृत एसएमएस गेटवे (SMS Gateway) सञ्चालनमा आएको छ। हाल महान्यायाधिवक्ताको कार्यालय, यातायात व्यवस्था विभाग र भौतिक पूर्वाधार विकास मन्त्रालय र बागमती प्रदेशमा यो प्रणाली प्रयोगमा रहेको छ।

१०.३६ सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई थप भरपर्दो र एक आपसमा अन्तर-आबद्ध हुने गरी निर्माण र सञ्चालनको व्यवस्थापन गर्न सरकारी उद्यम परीक्षण (GEA) को मापदण्ड, निर्देशिका र आर्टी फैक्टर रेस्पिरेटर (Arty factory Respirator) तयार भई कार्यान्वयनमा आएको छ।

१०.३७ सरकारी निकायका सूचना प्रविधि प्रणालीलाई सुरक्षित, भरपर्दो बनाउन र साइबर सुरक्षाको चुनौती न्यूनीकरण गर्न ४४ सरकारी निकायका सूचना प्रविधि प्रणालीको सूचना प्रविधि सुरक्षण परिक्षण (IT Security Audit) गरिएको छ।

१०.३८ राष्ट्रिय साइबर आपतकालीन उद्धार टोली (NCERT) सदस्य तथा साइबर सुरक्षा सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि अन्तर्गत आर्थिक वर्ष २०७७/७८ मा NCERT सदस्य तथा सूचना प्रविधिका ३० कर्मचारीलाई वेबिनार मार्फत साइवर ड्रिलको तालिम प्रदान गरिएको छ।

१०.३९ विदेशमा दर्ता भएका वायुयानहरूमा नेपालको आकाश (१०,००० फिट भन्दा माथि) मा दूरसञ्चार सेवा प्रदान गर्न इनफ्लाइट/एरोनटिकल दूरसञ्चार सेवा खुल्ला गरिएको छ। यसका साथै विकासशील देशहरूको लागि स्पेक्ट्रम व्यवस्थापन प्रणाली (SMSDC) तथा नेपाल दूरसञ्चार प्राधिकरणको जिबिटिआइएमएस (GBTIMIS) लगायतका उच्च गणना आवश्यकता भएका प्रणालीहरू सञ्चालन गर्न कार्यस्टेसन प्रयोगमा आएको छ।

१०.४० विद्युतीय सुशासनको कडिको रूपमा रहेको सरकारी विद्युतीय (अनलाइन) सेवाहरूलाई एकीकृत प्रणाली मार्फत सर्वसाधारण समक्ष पुऱ्याउन तथा सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउन नागरिक एप्सको अन्तिम संस्करण (Final Version) सञ्चालनमा आएको छ।

१०.४१ साझा पूर्वाधार मार्फत सरकारी निकायहरूलाई कम लागतमा सर्भर, मेमोरी, स्टोरेज र नेटवर्क उपलब्ध गराउँदै आइएको सरकारी क्लाउडमा हालसम्म २९५ सरकारी निकायहरूका लागि उक्त निकायका सूचना प्रविधि प्रणाली सञ्चालन गर्न स्रोत उपलब्ध गराइएको छ।

१०.४२ २०७८ फागुनसम्म ७५१ सरकारी निकायहरूलाई विद्युतीय हाजिरी यन्त्र वितरण गरिएकोमा हाल ५८७ निकायहरूमा सञ्चालनमा रहेको छ। त्यस्तै, ४८२ स्थानीय तहहरूमा सफ्टवेयर वितरण भएकोमा ३५७ स्थानीय तहहरूमा सञ्चालनमा रहेको छ।

१०.४३ विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ स्वीकृत भई विदेशी टेलिभिजन च्यानलको प्रसारणमा २०७७ कार्तिक ८ गते देखि विज्ञापनरहित नीति कार्यान्वयनमा आएको छ। विज्ञापन एजेन्सी सूचीकरणको कार्य पहिलो पटक गरिएको छ।

१०.४४ सरकारी निकायहरूमा दर्ता भएका सञ्चारमाध्यममा कार्यरत श्रमजीवी पत्रकार, सञ्जालक, व्यवस्थापकहरूले प्रेस प्रतिनिधि प्रमाणपत्र र परिचयपत्रका लागि अनलाइनबाटै लिन सक्ने व्यवस्थाको शुरूवात भएको छ। यस्तो सेवा सम्बन्धित जिल्लामा रहेको जिल्ला हुलाक कार्यालय/निर्देशनालयबाट बुझिलिने व्यवस्था मिलाईएको छ।

१०.४५ गोरखापत्रबाट विभिन्न ३८ भाषामा साप्ताहिक रूपमा समाचार/लेख रचना प्रकाशन गर्ने कार्यको शुरूवात भएको छ। गोरखापत्रको पश्चिम संस्करणको प्रकाशन बाँकेको कोहलपुरबाट शुरू भएको छ। गोरखापत्र संस्थान काठमाडौंमा अत्याधुनिक सिडफेड मेशिन जडान गरी छपाइ कार्य स्वचालित बनाइएको छ। गोरखापत्रको अनलाइन न्यूज पोर्टल सञ्चालनमा आएको छ।

१०.४६ २०७८ फागुनसम्म नेपालमा ७४५ दैनिक, ४० अर्ध साप्ताहिक, २,९७१ साप्ताहिक लगायत ७,८७९ पत्रपत्रिका दर्ता भएका छन्।

तालिका १०(छ): विभिन्न जिल्लाहरूमा दर्ता भएका पत्रपत्रिकाको विवरण

किसिम	२०७३/७४	२०७४/७५	२०७५/०७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
दैनिक	६९८	७०५	७३३	७३९	७४५	७४५
अर्ध साप्ताहिक	३६	३७	३९	३८	४०	४०
साप्ताहिक	२८७२	२८७५	२९४३	२९५१	२९६६	२९७१
पाक्षिक	४६७	४७०	४७३	४७६	४८०	४८०
मासिक	२२६०	२२७१	२३३३	२३४४	२३५०	२३५२
द्वैमासिक	३७०	३७५	३८२	३८१	३८५	३८६
त्रैमासिक	६१५	६१६	६४१	६४५	६५१	६५१
चौमासिक	३७	३८	३८	३९	४०	४०
अर्ध वार्षिक	८३	८४	८८	८७	८७	८७
वार्षिक	९०	९०	८९	९०	९८	९८
अन्य	-	-	-	-	-	२९
जम्मा	**७५२८**	**७५६१**	**७७५९**	**७७९०**	**७८४२**	**७८७९**

स्रोतः सूचना तथा प्रसारण विभाग, २०७८

१०.४७ आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म कुल ७,८७९ पत्रपत्रिका भाषागत रूपमा दर्ता भएका छन्। ती मध्ये सबैभन्दा बढी नेपाली भाषामा ५,३०७ र सबैभन्दा कम राई भाषामा २ पत्रपत्रिका दर्ता भएका छन्।

तालिका १०(ज): भाषागत रूपमा दर्ता भएका पत्रपत्रिकाको विवरण

भाषा	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
नेपाली	५०१७	५१४१	५२९०	५३०४	५३०४	५३०७
अंग्रेजी	४९५	५०८	५१४	५१६	५१६	५१५
नेपाली/अंग्रेजी	१३१०	१३५३	१३८५	१४०३	१४०३	१४०५
नेवारी	४६	४६	४७	४८	४८	४८
संस्कृत	५	५	५	५	५	५
हिन्दी	२४	२४	२४	२४	२४	२४
मैथिली	४६	४६	४६	४६	४६	४६
भोजपूरी	८	८	८	८	८	८
उर्दू	८	८	९	९	९	९
तिब्बती	३	३	३	३	३	३
थारु	१३	१४	१४	१५	१५	१५
लिम्बु	३	३	३	३	३	३
डोटेली	५	५	५	५	५	५
तामाङ्ग	१०	१०	१४	७	७	७
राई	२	२	२	२	२	२
अन्य**	३६५	३८३	३९६	४२७	४२७	४७७
कुल	**७३६०**	**७५५९**	**७७६५**	**७८२५**	**७८२५**	**७८७९**

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७८

*२०७८ फागुनसम्म

**नोटः अन्य भाषा

१०.४८ नेपाल टेलिभिजनको प्रसारणलाई डिजिटल रुपान्तरण गर्न पाल्पा, हेटौडा र बुढीतोलामा टावर निर्माण कार्य सम्पन्न भएको छ। त्यसैगरी पर्वत, रुकुम र डडेल्धुरामा टावर निर्माणको कार्य शुरू गरिएको छ।

१०.४९ रेडियो नेपालको केन्द्रीय र प्रादेशिक प्रसारण मार्फत विभिन्न २१ भाषामा नियमित समाचार र २० भाषामा कार्यक्रम प्रसारण हुँदै आएको छ। २०७८ फागुनसम्म रेडियो नेपालको प्रसारण पँहुच ९१.० प्रतिशत पुगेको छ।

चार्ट १०(क) : रेडियो नेपालको प्रशारण पहुँचको अवस्था



स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७८ *२०७८ फागुनसम्म

१०.५० २०७८ फागुनसम्म ७०१ एफ.एम. र ७१ टेलिभिजन नियमित प्रसारणमा रहेका छन्।

तालिका १०(झ): श्रव्य-दृष्यसम्बन्धी इजाजत सङ्ख्या

विवरण	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
एफ. एम. रेडियो नियमित प्रसारण	६०७	६३३	६७२	६८४	६८९	१२
टेलिभिजन लाईसेन्स	२३	८	१३६	१७०	१९३	६
टेलिभिजन नियमित प्रसारण	३०	३७	५१	५८	६२	९
केबुल टेलिभिजन	८५३	८५३	८५३	८७८	८५३	-
डि. टि. एच.	२	२	३	३	३	-
डाउनलिङ्कको इजाजत	३०	१६	१५३	१५४	१३४	४
VHF/UHF वाकीटकी	६३६	७३७	७८	१५१	१०२०	३१
रेडियो यन्त्र बिक्री वितरण	९९	१९	२३१	२४९	२७३	१४
कथानक चलचित्र जाँच पास सङ्ख्या	२१६	२००	२११	-	२९	५६
विज्ञापन चलचित्र जाँचपास सङ्ख्या	११५	८६	९७	-	१८	४५
विदेशी चलचित्र छायाङ्कन	१०३	७०	८९		३३	२८
आइ.पी. टेलिभिजन	४	४	९	१२	१४	२

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७८ * आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म

१०.५१ श्रमजीवी पत्रकारको लागि रू.७ लाखसम्मको दुर्घटना बीमा गर्ने कार्य प्रारम्भ भएको छ।

१०.५२ हवाई डाँक ढुवानीतर्फ कर्णालीका चार जिल्ला (जुम्ला, हुम्ला, मुगु र डोल्पा) मा र सङ्खुवासभा जिल्लामा हवाईजहाज मार्फत डाँक ढुवानी सेवा सञ्चालनमा आएको छ।

१०.५३ अन्तर्राष्ट्रिय हुलाक वस्तुहरूको ढुवानीको लागि नेपाल एयरलाईन्ससँग २०७८ असार १५ मा सम्झौता भई कतार, मलेशिया, युनाइटेड अरब इमिरेट्समा डाँक ढुवानी शुरू गरिएको छ। एयर इण्डिया मार्फत भारत जाने डाँकहरूको ढुवानी कार्य हुँदै आएको छ।

१०.५४ सतही डाँकअन्तर्गत गोश्वारा हुलाक कार्यालयबाट ११, हुलाक निर्देशनालय विराटनगरबाट ६, हुलाक निर्देशनालय पोखराबाट ११, हुलाक निर्देशनालय सुर्खेतबाट ११ र हुलाक निर्देशनालय दिपायलबाट १७ गरी जम्मा५६ वटा सम्झौता भई डाँक ढुवानी कार्य भइरहेको छ।

१०.५५ नेपालको पार्सलको देशगत हिसाव मिलानमा मूल्य निर्धारण गर्न UPU ले जारी गर्ने दररेटमा प्राप्त गर्न सकिने ४० प्रतिशत बोनस मध्ये पार्सल ढुवानी मापदण्ड (Parcel delivery Standard) को भ्यालिडेशन युपियु (validation UPU) लाई पेश गरिएको छ। यस मार्फत ढुवानी मापदण्डले ५ प्रतिशत वोनस सुनिश्चित भएको छ।

१०.५६ हुलाक सेवा विभागमा दर्ता चलानीको कार्यलाई कार्यालय स्वचालन प्रणाली (Office Automation System) नामक वेभ बेस्ड सफ्टवेयर (Web base Software) मा सञ्चालन गरी डिजिटल दर्ता चलानीको शुरूवात गरिएको छ।

१०.५७ २०७८ फागुनसम्म इन्टरनेट ग्राहक घनत्व प्रतिशतमा ११६.९१ प्रतिशत र रेडियोको राष्ट्रिय पहुँच वृद्धि ९१ प्रतिशत पुगेको छ।

तालिका १०(ञ): सूचना, सञ्चार तथा प्रविधिका क्षेत्रमा उल्लेख्य प्रगति

उपक्षेत्रगत कार्यक्रम	इकाई	आ.व.२०७७/७८ सम्मको अवस्था	आ.व.२०७८/७९ को लक्ष्य	आ.व.२०७८/७९*
इन्टरनेट ग्राहकको घनत्व	प्रतिशत	९०.५६	९४.००	११६.९१
रेडियोको राष्ट्रिय पहुँच वृद्धि	प्रतिशत	८७	९६	९१
मोबाइल टेलिफोनको ग्राहक सङ्ख्या	जना (लाखमा)	३८०	४००	४२२.८२
हुलाक सेवामा अनलाइन ट्र्याकिङ्ग प्रणाली	जिल्ला	७३	७५	७३
स्थानीय तहको केन्द्रमा ब्रोडब्याण्ड इन्टरनेट पहुँच	सङ्ख्या	७१३	७५३	७३८
अप्टिकल फाइवर विस्तार	कि.मी.	१०५२७	१९१७०	१२१३९
फिक्स्ड ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	२५.०९	२८.००	२९.६६
मोबाइल ब्रोडव्याण्ड सेवा विस्तार	प्रतिशत	६५.४७	७२.००	९०.९०
डिजिटल टेलिभिजन पहुँच	घरधुरी प्रतिशत	७२	९२	७२
सरकारी सेवालाई अनलाइन मार्फत प्रवाह गर्ने	निकाय	२२	४२	४२

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७८ * आर्थिक वर्ष २०७८/०७९ को फागुनसम्म

१०.५८ विविध भाषा, संस्कृति, रहनसहन, परम्परा, मानवीय र प्रविधिको रचनात्मक प्रयोगसहित राष्ट्रिय रूपमा योगदान पुऱ्याउन सक्ने नेपालको कला र संस्कृति झल्किने मौलिक र ऐतिहासिक चलचित्र छनौट गरी सवटाइटलिङसहित अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागिताका लागि पठाइएको छ। छाँयाङ्कन वेब पोर्टल निर्माण भई वेब पोर्टल मार्फत नेपालका उत्कृष्ट छाँयाकंन गन्तव्य स्थलको बारेमा प्रचार प्रसार भएको छ।

१०.५९ सातवटै प्रदेशमा चलचित्र छायाङ्कनस्थल विकास गर्ने उद्देश्यले सबै प्रदेशमा छायाङ्कनस्थल विकास गर्न उपयुक्त हुने स्थान पहिचान भएको छ। प्रदेश नं.१ मा सुनसरीको "श्रीलङ्का टापु", मधेस प्रदेशमा सर्लाहीको "बागमती ताल", बागमती प्रदेशमा मकवानपुरको "उत्तरपानी", गण्डकी प्रदेशमा कास्कीको "कास्की कोट", लुम्बिनी प्रदेशमा पाल्पाको "बतासे डाँडा", कर्णाली प्रदेशमा कालिकोट र दैलेखको सङ्गममा रहेको "महावु लेक (धाम)" तथा सुदूरपश्चिम प्रदेशमा कैलालीको "चिडिया ताल" लाई चलचित्र छाँयाङ्कनस्थलको रूपमा विकास गर्न पहिचान गरिएको छ।

१०.६० उत्कृष्ट चलचित्र निर्माणका लागि स्टोरी बैङ्कको अवधारणा कार्यान्वयन गर्न मौलिक कथाहरूको सङ्कलन गरी स्टोरी बैङ्क तयार भएको छ। चलचित्र निर्माणमा सहलगानी गर्न दुई लघु-चलचित्र तथा तीन कथानक चलचित्रको निर्माण सोहि अवधारणाअनुरूप अगाडि बढेको छ। साथै, चलचित्रसम्बन्धी पूरातात्विक सामग्रीहरू, विदेशी निर्माताले नेपालमा छाँयाङ्कन गरेका चलचित्र तथा वृत्तचित्रहरू र महत्त्वपूर्ण चलचित्रका सि.डि., भि.सि.डि., डिस्क सङ्कलन गरी अर्काइभिङ गरिएको छ।

१०.६१ देशभित्र नै सुरक्षित मुद्रण कार्य आरम्भ गर्न सुरक्षण मुद्रणका लागि आवश्यक यन्त्र/उपकरण तथा सफ्टवेयरसहितको सुरक्षण मुद्रण मेशिन खरिद गरी जडान प्रक्रिया अगाडि बढेको छ। साथै, सुरक्षण मुद्रण छापाखानाको लागि आवश्यक पर्ने ३ लाख लिटर क्षमताको फ्युल टैंक (Fuel Tank) को आपूर्ति तथा जडान कार्य सम्पन्न भएको छ।

१०.६२ नेपाल राजपत्रको सङ्ख्या ४४ को २,४०० प्रतिका दरले १ लाख ५ हजार ६०० प्रति र अतिरिक्तांक ७९ को २,४०० प्रतिका दरले १ लाख ८९ हजार ६०० गरी जम्मा २ लाख ९५ हजार २०० थान राजपत्र नियमित प्रकाशन भएको छ।

१०.६३ २०७८ फागुनसम्म ४ करोड १४ लाख ५४ हजार ७ सय ४८ मोबाइल फोन प्रयोगमा रहेका छन्। २०७८ असारसम्म यो सङ्ख्या ३ करोड ८९ लाख ५२ हजार ७० रहेको थियो। मोबाइल सेवाको विस्तारसँगै आधारभूत (फिक्स्ड) टेलिफोनको सङ्ख्या कम हुँदै गएको छ।

तालिका १०(ट): टेलिफोन सेवा विस्तार

सेवा	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
आधारभूत (फिक्स्ड)	८५९४६९	८६१२७३	७९७७१३	७८३४२९	८०८५२७	८२४९२४
मोबाइल	३४१७२०५८	३८३३९५३९	४०५९६२५९	३७०७३६६२	३८९५२०७०	४१४५४७४८
अन्य	८४७३१६	१७४२	१७४२	२९०५	२९८६	२९८६
जम्मा	**३५८७८८४३**	**३९२०२५५४**	**४१३९५७१४**	**४४९३७००**	**३९७६३५८३**	**४२२८२६५८**

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७८ * आर्थिक वर्ष २०७८/०७९ को फागुनसम्म

१०.६४ २०७८ फागुनसम्म टेलिफोन घनत्व १३९.८६ प्रतिशत र ईन्टरनेट ग्राहक घनत्व ११६.९१ प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको फागुनसम्म टेलिफोन घनत्व १३०.३ प्रतिशत र ईन्टरनेट ग्राहक घनत्व ८२.८ प्रतिशत थियो।

तालिका १०(ठ): डाटा/इन्टरनेट सेवा प्रयोगकर्ताको सङ्ख्या

सेवा प्रदायक	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	८४२०६५३	६५४०७५३	९४१२४६७	१०८२५८५४	१६७२९२२९	२०४५५३६३
एनसेल प्रा.लि.	६९५४२३६	६१०९८०८	६७६९०९६	६७१०४८८	७५०५५९४	८२२३६८२
युनाइटेड टेलिकम लिमिटेड	६३२०३	६३२०३	-	-	-	-
स्मार्ट टेलिकम प्रा.लि.	१७१०३३	४१३०१	२१३२४५	२०३१४८	१६६७४६	१६४८४८
इन्टरनेट सेवा प्रदायकहरू	२५०२४४	२२२६५१५	३०४६९०२	४४९८०७७	६६८२१०१	८०४५८४८
जम्मा	**१५८५९३६९**	**१४९८१५८०**	**१९४४१७१०**	**२२२३७५६७**	**३१०८३६७०**	३६८८९७४१

स्रोतः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, २०७८ *२०७८ फागुनसम्म।

११. सामाजिक क्षेत्र

११.१ सरकारी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयन एवं सामाजिक क्षेत्रमा निजी क्षेत्रको लगानी समेत बढ्दै गएकोले सामाजिक क्षेत्रका परिसूचकहरूमा सुधार हुँदै गएको छ। आधारभूत खानेपानीको पहुँचमा वृद्धि भएको छ। मातृमृत्युदर, शिशुमृत्युदर र बालमृत्युदरमा कमी आएको छ। साक्षरता दर र विद्यालयमा विद्यार्थी भर्ना दर वृद्धि भएको छ भने विद्यालय शिक्षामा लैङ्गिक समानता हासिल भएको छ।

तालिका ११(क): सामाजिक क्षेत्र विकासका परिसूचक

सामाजिक क्षेत्र	परिसूचक	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८
शिक्षा	अपेक्षित विद्यालय अध्ययन वर्ष*	१२.६	१२.८	१२.८	-
	औसत विद्यालय अध्ययन वर्ष*	४.७	४.९	५	-
	खुद भर्नादर (प्राथमिक तह-कक्षा १ देखि ५ सम्म)	९७.२	९६.५	९७.१	९७.४
	खुद भर्नादर (आधारभूत तह-कक्षा १ देखि ८ सम्म)	९२.३	९२.७	९३.४	९४.७
	खुद भर्नादर (माध्यमिक तह-कक्षा ९ देखि १२ सम्म)	४३.९	४६.४	४७.६	५१.२
	साक्षरता दर (१५ वर्ष माथि)	-	५८	५८	५८
स्वास्थ्य	औसत आयु (जन्मेको अवस्थामा)	७०.२	७०.५	७०.८	७१.१७
	कुल प्रजनन दर* (सङ्ख्या प्रति महिला)	२.३	२.३	२	२
	नवजात शिशु मृत्युदर* (प्रति १००० जीवित जन्ममा, जन्मेको २८ दिनभित्र	१७	२१	१६	१६
	शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको १ वर्षभित्र)	२६	२६	२५	२५
	स्वास्थ्य संस्था	४५१३	५७१७	७१५४	७५६६
	स्वास्थ्य जनशक्ति	९०८०३	९०९४६	९०९४६	९७४४९
खानेपानी तथा सरसफाइ	आधारभूत खानेपानी सेवा	८८	८९	९१	९३.२३
	आधारभूत सरसफाइ	९८.६	९९.७	१००	१००
	उच्च मध्यमस्तरको खानेपानी	१९	२१	२३	२४.६५
मानव विकास सूचकाङ्क	मानव विकास सूचकाङ्क*	०.५८८	०.५९६	०.६०२	-
लैङ्गिक विकास सूचकाङ्क	लैङ्गिक विकास सूचकाङ्क*	०.९२५	०.८९७	०.८८६	-
लैङ्गिक असमानता सूचकाङ्क	लैङ्गिक असमानता सूचकाङ्क*	०.४८	०.४७६	०.४७९	-

स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी तथा सरसफाइ मन्त्रालय, २०७८

११.२ संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमद्वारा प्रकाशित मानव विकास प्रतिवेदन, २०२० का अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ। मानव विकास सूचकाङ्कका आधारमा नेपाल संसारका १८९ मुलुकहरूमध्ये १४२ औँ स्थानमा रहेको छ, जुन मध्यम मानव विकास समूहको औसत ०.६३१ र सार्क मुलुकको औसत ०.६४१ भन्दा कम रहेको छ। सन् १९९० मा नेपालको मानव विकास सूचकाङ्क ०.३८७ रहेकोमा सन् २०१९ मा यस्तो सूचकाङ्क ०.६०२ पुगेको छ। सामाजिक क्षेत्रमा गरिएको लगानीको प्रतिफलस्वरूप नेपालको मानव विकासको अवस्थामा क्रमिक सुधार हुँदै गएको छ। तथापि, आगामी दिनमा यस क्षेत्रमा थप लगानी गर्नुपर्ने देखिन्छ।

तालिका ११(ख): नेपालको पछिल्लो ३ दशकको मानव विकासको अवस्था

वर्ष	औसत आयु (जन्मेको अवस्थामा)	अपेक्षित विद्यालय अध्ययन वर्ष	औसत विद्यालय अध्ययन वर्ष	प्रति व्यक्ति कुल राष्ट्रिय आय ($-PPP)	मानव विकास सूचकाङ्क
१९९०	५४.४	७.५	२.०	१३७२	०.३८७
१९९५	५८.६	८.१	२.२	१५५३	०.४१९
२०००	६२.३	९.०	२.४	१७९३	०.४५३
२००५	६५.३	९.५	२.८	१९९३	०.४८२
२०१०	६७.६	११.९	३.३	२३७२	०.५३७
२०१५	६९.५	१२.७	४.७	२९५७	०.५८३
२०१६	६९.८	१२.६	४.९	२९४६	०.५८६
२०१७	७०.२	१२.६	४.७	३१३५	०.५८८
२०१८	७०.५	१२.८	४.९	३२७६	०.५९६
२०१९	७०.८	१२.८	५.०	३४५७	०.६०२

स्रोतः संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, २०२०

शिक्षा

११.३ चालु आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादनमा शिक्षा क्षेत्रको ८.१ प्रतिशत योगदान रहने प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा कुल मूल्य अभिवृद्धि ४.०८ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। आर्थिक वर्ष २०७७/७८ को कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान ८.१ प्रतिशत र कुल मूल्य अभिवृद्धिको वृद्धिदर ३.९२ प्रतिशत रहेको थियो।

चार्ट ११(क): पछिल्लो दशकको शिक्षा क्षेत्रको वृद्धिदर र योगदान



स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७८ *प्रारम्भिक अनुमान

११.४ शैक्षिक सत्र २०७८ मा प्राथमिक तह (कक्षा १-५), आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) भर्नादर क्रमशः ९६.९ प्रतिशत, ९५.१ प्रतिशत र ५४.३ प्रतिशत पुगेको छ। यस शैक्षिक सत्रमा आधारभूत तह (१-५) को खुद भर्नादरमा ०.५ प्रतिशतले कमी आए पनि अन्य तहहरूको खुद भर्ना दर वृद्धि भएको छ।

११.५ शैक्षिक सत्र २०७८ मा कक्षा १ मा खुद भर्ना दर (भर्ना हुने उमेर ५ वर्ष पूरा भएका) ९६.३ प्रतिशत रहेको छ भने कक्षा ८ सम्मको टिकाउ दर ८५.१ प्रतिशत, कक्षा १० सम्मको टिकाउ दर ६६.१ प्रतिशत र कक्षा १२ सम्मको टिकाउ दर ३३.१ प्रतिशत रहेको छ । कोभिड-१९ ले शिक्षा क्षेत्रमा नकरात्मक असर पारे पनि कक्षा १० र १२ को टिकाउ दरमा सन्तोषजनक वृद्धि भएको देखिन्छ ।

११.६ शैक्षिक सत्र २०७८ मा कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता ४३.७१ प्रतिशत पुगेको छ। गत शैक्षिक सत्रमा विद्यार्थीको पठन सक्षमता १४.६ प्रतिशत रहेको थियो।

११.७ पछिल्ला वर्षहरूमा कुल शिक्षकमा महिला शिक्षकको अनुपात बढ्दै गएको भए पनि माध्यमिक तहमा यस्तो अनुपात तुलनात्मक रूपमा न्यून रहेको छ। आधारभूत तहमा कुल शिक्षकमध्ये महिला शिक्षकको अनुपात शैक्षिक सत्र २०७७ मा ४६.६ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०७८ मा ०.१ प्रतिशतले कमी आई ४६.५ प्रतिशत रहेको छ । माध्यमिक तहमा यस्तो

अनुपात शैक्षिक सत्र २०७७ मा २०.७ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०७८ मा ०.३ प्रतिशतले कमी आई २०.४ प्रतिशत रहेको छ ।

तालिका ११(ग): शैक्षिक सूचकमा आधारित उपलब्धिहरू

	सूचकहरू	२०७०	२०७१	२०७२	२०७३	२०७४	२०७५	२०७६	२०७७	२०७८
१. आधारभूत शिक्षा (प्रारम्भिक बालविकास/पूर्वप्राथमिक शिक्षा समेत)										
१.१	पूर्वप्राथमिक शिक्षामा कुल भर्नादर	७६.७	७७.७	८१	८२.९	८४.१	८४.७	८६.२	८७.६	८९.६
१.२	पूर्वप्राथमिक शिक्षामा अनुभव भई कक्षा १ मा नवप्रवेशीको प्रतिशत	५६.९	५९.६	६२.४	६४.७	६६.३	६६.९	६८.६	७०.२	७४.९
१.३	कक्षा १ मा कुल प्रवेशदर	१४१.८	१३७	१३६.७	१३३.५	१२८.६	१२३.९	१२१.९	१२०.७	१२७.०
१.४	कक्षा १ मा खुद प्रवेशदर	९१.६	९३	९३.९	९५.२	९५.९	९६.३	९६.९	९७.३	९६.३
१.५	कुल भर्नादर (कक्षा १-५)			१३५.४	१३४	१३२.३	११८.८	११९.२	११८.२	१२२.०
१.६	खुद भर्नादर (कक्षा १-५)	९५.६	९६.२	९६.६	९६.९	९७.२	९६.५	९७.१	९७.४	९६.९
१.७	कुल भर्नादर (कक्षा १-८)	११५.७	११७.१	१२०.१	१२२	१२०.२	१०९.३	११०.४	११३.२	११८.०
१.८	खुद भर्नादर (कक्षा १-८)	८६.३	८७.६	८९.४	९१.	९२.३	९२.७	९३.४	९४.७	९५.१
१.९	कक्षा १-८ को खुद भर्नादरमा लैंगिक समता सूचकांक			१.००	१.००	१.००	०.९८	०.९८	०.९९	०.९९
१.१०	कक्षा ८ मा टिकाउ दर			७६.६	७५.९	७७.४	७७.९	७९.३	८२.२	८५.१
१.११	आधारभूत शिक्षाको तह पूरा गर्नेको दर			६९.६	६८.४	७०.७	७१.३	७२.७	७५.३	७६.२
१.१२	५-१२ वर्ष उमेरका विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत			१०.६	९.०	८.७	७.३	६.७	५.४	४.९
१.१३	कक्षा ३ मा विद्यार्थीको पठन सक्षमता प्रतिशत			१२.८	-	-	-	१४.६	१४.६	४३.७१
२. माध्यमिक शिक्षा (कक्षा ९-१२)										
२.१	कक्षा ९-१० को खुद भर्नादर	५०.४	५१.६	५७.७	५९.६	६०.६	६६.२	७१.४	७५.७	७६.१
२.२	कक्षा ९-१२ को खुद भर्नादर	३३.२	३४.७	३७.७	३८.९	४३.९	४६.४	४७.६	५१.२	५४.३
२.३	कक्षा १० सम्मको टिकाउ दर			३७.९	४५.२	५७.१	५८.५	६०.३	६४.६	६६.१
२.४	कक्षा १२ सम्मको टिकाउ दर			११.५	-	१७.२	२२.२	२४.०	२९.२	३३.१
२.५	कक्षा ९-१२ मा लैंगिक समता सूचकांकका आधारमा खुद भर्नादर			०.९९	०.९८	०.९९	१.०१	१.०१	१.०१	१.०१
३. साक्षरता दर										
३.१	साक्षरता दर ६+वर्ष	६५.९	६५.९	६५.९	७८	७८	७८	७८	७८	७८
३.२	साक्षरता दर १५-२४ वर्ष	८४.७	८४.७	८४.७	८८.६	८८.६	८८.६	८८.६	८८.६	८८.६
३.३	साक्षरता दर १५+ वर्ष	५६.५	५६.५	५७	५७	५७	५७	५८	५८	५८
४. शिक्षक व्यवस्थापन										
४.१	आधारभूत तहमा महिला शिक्षक प्रतिशत			३८.८	४०.७	४१.२	४३.१	४३.७	४६.६	४६.५
४.२	माध्यमिक तहमा महिला शिक्षक प्रतिशत			१४.१	१४.८	१६.१३	१७.४	१९.८	२०.७	२०.४

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

विद्यालय, विद्यार्थी र शिक्षकको विवरण र अनुपात

११.८ शैक्षिक सत्र २०७७ को कुल विद्यालय सङ्ख्या ३५ हजार ६ सय ७४ रहेकोमा १ हजार ३ सय ६ विद्यालय घट्न गई शैक्षिक सत्र २०७८ मा कुल विद्यालयको सङ्ख्या ३४ हजार ३ सय ६८ पुगेको छ। विद्यालय बन्द तथा समायोजन भई यो सङ्ख्या घट्न गएको हो।

११.९ जसमध्ये आधारभूत (१-५) सञ्चालित विद्यालय ३४ हजार १ सय ३८, आधारभूत (६-८) सञ्चालित विद्यालय १७ हजार २ सय २८ र आधारभूत (१-८) सञ्चालित विद्यालय ३४ हजार ३ सय ६ रहेका छन्। यसैगरी माध्यमिक तह (९-१२) सञ्चालित १० हजार ९ सय ६२ विद्यालय मध्ये ४ हजार ३ सय १० विद्यालयमा कक्षा ११-१२ सञ्चालन भएको छ ।

११.१० शैक्षिक सत्र २०७८ मा विद्यमान ३४ हजार ३ सय ६८ विद्यालयमध्ये सामुदायिक विद्यालय २६ हजार ४ सय ५४, संस्थागत विद्यालय ६ हजार ७ सय ६० र धार्मिक विद्यालय १ हजार १ सय ५४ रहेका छन्।

तालिका ११(घ): विद्यालय प्रकार अनुसारका विद्यालयको विवरण

तह र प्रकार अनुसारका विद्यालय	सामुदायिक	संस्थागत	धार्मिक	जम्मा
आधारभूत तह (कक्षा १-५)	२६३३५	६६८४	९६७	३४१३८
आधारभूत तह (कक्षा ६-८)	११६५२	५३८८	१३३	१७२२८
आधारभूत तह (कक्षा १-८)	२६४२९	६७२४	११००	३४३०६
माध्यमिक तह (कक्षा ९-१०)	६८६२	३९८५	४३	१०९०२
माध्यमिक तह (कक्षा ११-१२)	३४१२	८७७	२१	४३१०
माध्यमिक तह (कक्षा ९-१२)	६८८५	४०२०	५४	१०९६२
जम्मा	**२६४५४**	**६७६०**	**११५४**	**३४३६८**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

शिक्षक विवरण र अनुपात

११.११ शैक्षिक सत्र २०७७ मा सामुदायिक र संस्थागत विद्यालयमा गरी कुल ३ लाख २० हजार ५ सय ७६ शिक्षक रहेकोमा शैक्षिक सत्र २०७८ मा यस्तो सङ्ख्या २ लाख ८० हजार ७ सय ६५ रहेको छ। सो मध्ये पुरुष र महिला शिक्षकको अनुपात क्रमशः ६१.०२ प्रतिशत र ३८.९८ प्रतिशत रहेको छ। शैक्षिक सत्र २०७७ मा यस्तो अनुपात क्रमशः ६०.५ प्रतिशत र ३९.५ प्रतिशत रहेको थियो।

तालिका ११(ङ): सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक विवरण २०७८

तह	सामुदायिक विद्यालय		संस्थागत विद्यालय		कुल		
	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	जम्मा
आधारभूत (कक्षा १-५)	५२९०४	६३२४४	२६२२५	१९४२०	७९१२९	८२६६४	१६१७९३
आधारभूत (कक्षा ६-८)	१००६४	२६४६९	९५२५	११३०२	१९५८९	३७७७१	५७३६०
माध्यमिक (कक्षा ९-१०)	४६६८	२३०९४	४३२९	१७४८०	८,९९७	४०५७४	४९५७१
माध्यमिक (कक्षा ११-१२)	९०३	६०८०	८३१	४२२७	१७३४	१०३०७	१२०४१
जम्मा	**६८५३९**	**११८८८७**	**४०९१०**	**५२४२९**	**१०९४४९**	**१७१३१६**	**२८०७६५**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

११.१२ शैक्षिक सत्र, २०७८ मा प्रति तह विद्यालय-विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (कक्षा ११-१२) मा क्रमशः १०४, १०३, ९९ र १६० रहेको छ भने शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (९-१०) र माध्यमिक तह (कक्षा ११-१२) मा क्रमशः २१, ३१, २२ र ५७ रहेको छ।

११.१३ माध्यमिक तह (९-१२) मा सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षकमध्ये महिला शिक्षक अनुपात १७.४ प्रतिशत रहेको छ। उक्त अनुपात सामुदायिक र संस्थागत विद्यालयमा क्रमशः १६.० र १९.२ प्रतिशत रहेको छ। त्यसैगरी, आधारभूत तह (१-८) मा सबै प्रकारका विद्यालयमा कार्यरत कुल शिक्षकमध्ये महिला शिक्षक ४५.० प्रतिशत रहेको छ। यस्तो अनुपात सामुदायिक र संस्थागत विद्यालयमा क्रमशः ४१.२ र ५३.८ प्रतिशत रहेको छ।

तालिका ११(च): विद्यालयगत र तहगत शिक्षकको लैङ्गिक विवरण

विद्यालय तह	सामुदायिक विद्यालयमा शिक्षक लैङ्गिक समता सूचकाङ्क			संस्थागत विद्यालयमा शिक्षक लैङ्गिक समता सूचकाङ्क			विद्यालयमा शिक्षक लैङ्गिक समता सूचकाङ्क		
	महिला प्रतिशत	पुरूष प्रतिशत	लैङ्गिक समता सूचकाङ्क	महिला प्रतिशत	पुरूष प्रतिशत	लैङ्गिक समता सूचकाङ्क	महिला प्रतिशत	पुरूष प्रतिशत	लैङ्गिक समता सूचकाङ्क
आधारभूत तह (१–५)	४५.५	५४.५	०.८४	५७.४	४२.५	१.३५	४८.९	५१.१	०.९५
आधारभूत तह (६–८)	२७.५	७२.५	०.३८	४५.७	५४.३	०.८४	३४.२	६५.८	०.५२
आधारभूत तह (१–८)	४१.२	५८.८	०.७०	५३.८	४६.२	१.१६	४५.०	५५.०	०.८२
माध्यमिक तह (९–१०)	१६.८	८३.२	०.२०	१९.८	८०.२	०.२५	१८.१	८१.९	०.२२
माध्यमिक तह (११–१२)	१२.९	८७.१	०.१५	१६.४	८३.६	०.२०	१४.४	८५.६	०.१७
माध्यमिक तह (९–१२)	१६.०	८४.०	०.१९	१९.२	८०.८	०.२४	१७.४	८२.६	०.२१

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

विद्यार्थी विवरण

११.१४ शैक्षिक सत्र २०७८ मा विद्यालय तहमा अध्ययनरत कुल ७० लाख ९२ हजार ९ सय ५९ विद्यार्थीमध्ये आधारभूत तह (कक्षा १-८) मा ५३ लाख २५ हजार ९ सय ८० र माध्यमिक तह (कक्षा ९-१२) मा १७ लाख ६६ हजार ९ सय ७९ विद्यार्थी रहेका छन्। आधारभूत तह र माध्यमिक तहमा कुल विद्यार्थी सङ्ख्याको क्रमशः ७५.०९ र २४.९१ प्रतिशत रहेको छ।

तालिका ११(छ): विद्यालय तहमा विद्यार्थी भर्नाको अवस्था

तह\शैक्षिक सत्र	२०७१	२०७२	२०७३	२०७४	२०७५	२०७६	२०७७	२०७८
आधारभूत (१-५)	४३३५३५५	४२६४९४२	४१३५२५३	३९७००१६	३७३०६०२	३५४३८६२	३५२०९२२	३५४८६३६
आधारभूत (६-८)	१८३५३१३	१८६२८७३	१८५९३५९	१८६६७१६	१८२४७७७	१७७५१४२	१८१६७७२	१७७७३४४
आधारभूत (१-८)	६१७०६६८	६१२७८१५	५९९४६१२	५८३६७३२	५५५५३७९	५३१९००४	५३३७६९४	५३२५९८०
माध्यमिक (९-१०)	९००५८५	९३८८९७	९५८५०२	९७०७२०	१०२७५१२	१०४०९७६	१०६४७४४	१०७९३६३
माध्यमिक (११-१२)	४१६९९५	४५०७५३	४९२९८४	५८४०७२	६३१६३४	६६१६४२	६७९९४१	६८७६१६
माध्यमिक (९-१२)	१३१७५८०	१३८९६५०	१४५१४८६	१५५४७९२	१६५९१४६	१७०२६१८	१७४४६८५	१७६६९७९
कक्षा (१-१२)	७४८८२४८	७५१७४६५	७४४६०९८	७३९१५२४	७२१४५२५	७०२१६२२	७०८२३७९	७०९२९५९

स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

११.१५ शैक्षिक वर्ष २०७७ को तुलनामा चालु शैक्षिक वर्षमा आधारभूत तहमा विद्यार्थी सङ्ख्या वृद्धि भएको छ। शैक्षिक वर्ष २०७७ मा कोभिड-१९ को प्रभावले विद्यार्थी सङ्ख्यामा कमी आएको थियो।

चार्ट ११(ख): पछिल्लो ५ वर्षको कुल विद्यार्थी सङ्ख्या र वृद्धिदर



स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

११.१६ शैक्षिक सत्र २०७८ मा सामुदायिक तथा संस्थागत विद्यालयको कक्षा (१-१२) मा अध्ययनरत कुल विद्यार्थी सङ्ख्या ७० लाख ९२ हजार ९ सय ५९ रहेको छ। अघिल्लो शैक्षिक सत्रमा यस्तो सङ्ख्या ७० लाख ८२ हजार ३ सय ७९ थियो।

तालिका ११(ज): शैक्षिक वर्ष २०७८ मा तहगत विद्यार्थी भर्नाको अवस्था

तह	छात्रा	छात्र	जम्मा
आधारभूत (१—५)	१७१६९७१	१८३१६६५	३५४८६३६
आधारभूत (६—८)	८६७६९१	९०९६५३	१७७७३४४
आधारभूत (१—८)	२५८४६६२	२७४१३१८	५३२५९८०
माध्यमिक (९—१०)	५३३०६१	५४६३०२	१०७९३६३
माध्यमिक (११—१२)	३५५३६६	३३२२५०	६८७६१६
माध्यमिक (९—१२)	८८८४२७	८७८५५२	१७६६९७९
कक्षा १-१२ सम्मको जम्मा	**३४७३०८९**	**३६१९८७०**	**७०९२९५९**

स्रोत:शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

११.१७ शैक्षिक सत्र २०७८ मा आधारभूत तह कक्षा १ देखि ५ (५-९वर्ष) को खुद भर्नादर ९६.९ प्रतिशत, आधारभूत तह कक्षा १ देखि ८(५-१२वर्ष) को ९५.१ प्रतिशत र माध्यमिक तह (कक्षा ९-१०) र (कक्षा९-१२)को खुद भर्ना दर क्रमशः ७६.१ र ५६.० प्रतिशत रहेको छ।

तालिका ११(झ): तहगत विद्यार्थी भर्नादरसम्बन्धी विवरण (शैक्षिक वर्ष २०७८)

विद्यालय तह	कुल भर्ना दर			खुद भर्ना दर		
	छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा
आधारभूत (कक्षा १-५)	१२०.८	१२३.१	१२२.०	९६.५	९७.२	९६.९
आधारभूत(कक्षा ६-८)	११०.४	१११.०	११०.७	९३.०	९३.६	९३.३
आधारभूत (कक्षा १-८)	११७.१	११८.८	११८.०	९४.४	९५.७	९५.१
माध्यमिक (कक्षा ९-१०)	९८.५	९७.२	९७.९	७६.५	७५.६	७६.१
माध्यमिक (कक्षा ११-१२)	६९.४	५९.३	६४.१	३४.६	३७.१	३५.८
माध्यमिक (कक्षा ९-१२)	८४.०	७८.३	८१.०	५५.६	५६.४	५६.०

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

माध्यमिक शिक्षा परीक्षा (SEE)

११.१८ शैक्षिक सत्र २०७७ को माध्यमिक शिक्षा परीक्षामा कुल ४ लाख ८४ हजार २ सय ७८ जना विद्यार्थीहरू सहभागी भएका थिए।

तालिका ११(ञ): SEE (सांविक एस.एल.सी.) २०७७ परीक्षाको विवरण

प्रदेश	१	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
Appeared STD	८६४३२	७९१२०	१०६४६८	४७८३२	८७३०६	३८४०६	६००६९	५०५६३३
Grade Change STD	८२७६०	७५८३६	१०५६२९	४६२४३	८२१७०	३६३४२	५५२९८	४८४२७८
Grade Group	जम्मा	जम्मा	जम्मा	जम्मा	जम्मा	जम्मा	जम्मा	जम्मा
GPA 0.80 T0 < 1.20	२	०	१	०	०	०	०	३
GPA 1.20 To < 1.60	१	०	६	२	२	०	२	१३
GPA 1.60 To < 2.00	२०४	२	९९	७६	१०७	१३	११९	६२०
GPA 2.00 To < 2.40	४३२८	१५८४	२९८१	१९२९	३६५७	१२२९	३६७५	१९३८३
GPA 2.40 To < 2.80	२२१३२	१२१७०	१७५८२	१०७२९	२२४९३	९२९४	१८६१७	११३०१७
GPA 2.80 To < 3.20	२६५३१	२८४२४	२८८८४	१३८८७	२८०८५	१५४१७	१८४२०	१५९६४८
GPA 3.20 To < 3.60	१७९२३	२१७७५	२७७८६	१०९१६	१६२९०	७००५	७८९५	१०९५९०
GPA 3.60 To <= 4.00	१०७८८	१०३०८	२७३९१	८२७६	१०२५०	२१४१	३७१८	७२८७२
NA	८५१	१५७३	८९९	४२८	१२८६	१२४३	२८५२	९१३२
जम्मा	८२७६०	७५८३६	१०५६२९	४६२४३	८२१७०	३६३४२	५५२९८	४८४२७८

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

११.१९ शैक्षिक सत्र २०७८ मा कक्षा १२ को परीक्षामा १ लाख ६५ हजार ७ सय ३५ छात्र र १ लाख ७२ हजार ९ सय ५३ छात्रा गरी कुल ३ लाख ३८ हजार ६ सय ८८ विद्यार्थी सहभागी भएका थिए।

तालिका ११(ट) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२), २०७८

औसत स्तरीकृत अङ्क (GPA)	जम्मा
० देखि ०.८० सम्म	१००७४
०.८१ देखि १.२० सम्म	२९६
१.२१ देखि १.६० सम्म	३८७५
१.६१ देखि २.०० सम्म	२४५१५
२.०१ देखि २.४० सम्म	७५०८८
२.४१ देखि २.८० सम्म	९९५३७
२.८१ देखि ३.२० सम्म	७०००१
३.२१ देखि ३.६० सम्म	४८२३९
३.६१ देखि ४.०० सम्म	७०६३
जम्मा	३३८६८८

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

उच्च शिक्षा

११.२० आर्थिक वर्ष २०७७/७८ मा मुलुकभित्र सञ्चालनमा रहेका विभिन्न विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्ययन गरिरहेका विद्यार्थीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको

तुलनामा १.८ प्रतिशतले बढेर ५ लाख ५६ हजार ७ सय ९७ पुगेको छ। आर्थिक वर्ष २०७६/७७ मा यो सङ्ख्या ५ लाख ४७ हजार थियो।

११.२१ मुलुक भित्र सञ्चालित विभिन्न ११ वटा विश्वविद्यालय र अन्तरगतका क्याम्पसहरूमा अध्ययनरत कुल ५ लाख ५६ हजार ७ सय ९७ विद्यार्थीहरू मध्ये त्रिभुवन विश्वविद्यालयमा ४ लाख २२ हजार ६५३, काठमाडौं विश्वविद्यालयमा १६ हजार ८ सय ४७, पूर्वाञ्चल विश्विविद्यालयमा ४८ हजार ८ साय ५८, पोखरा विश्वविद्यालयमा ३२ हजार ४ सय ८४, मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा ८ हजार ६ सय ५६, नेपाल संस्कृत विश्वविद्यालयमा ३ हजार ४९, सुदुर पश्चिमाञ्चल विश्वविद्यालयमा १३ हजार ८ सय ७३, कृषि तथा वन विज्ञान विश्वविद्यालयमा ४ हजार ४ सय २७, खुल्ला विश्वविद्यालय ९ सय ६९, राजर्षि जनक विश्वविद्यालयमा ३ सय ९९ र लुम्बिनी बौद्ध विश्वविद्यालयमा १ हजार ११ विद्यार्थी अध्ययनरत छन्। यसैगरी ५ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ३ हजार ५ सय ७१ जना विद्यार्थी अध्ययनरत छन् । उच्च शिक्षामा अध्ययनरत विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या क्रमशः ७६.९ प्रतिशत र २३.१ प्रतिशत रहेको छ।

११.२२ विश्वविद्यालय अनुदान आयोगबाट २०७८ फागुनसम्म ६४ उच्च शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको छ।

प्रारम्भिक बालविकास शिक्षा

११.२३ शैक्षिक सत्र २०७८ मा ३० हजार ७ सय १८ सामुदायिक र ५ हजार ८ सय १३ संस्थागत गरी जम्मा ३६ हजार ५ सय ३१ बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरू सञ्चालनमा रहेका छन् । चालु शैक्षिक सत्रमा ६ सय ७९ बालविकास केन्द्र थप भएका छन्। संस्थागत रूपमा सञ्चालित बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको सङ्ख्या भने ५ सय ९८ ले घटेको छ।

११.२४ सरकारी एवं निजीस्तरबाट गरिएका प्रयासको फलस्वरूप प्रारम्भिक बालविकासको कुल भर्नादर ८९.६ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०७७ मा कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये बालविकास केन्द्रको अनुभव लिएका बालबालिकाको सङ्ख्या ७०.२ प्रतिशत रहेकोमा शैक्षिक सत्र २०७८ मा ७४.९ प्रतिशत पुगेको छ।

चार्ट ११ (ग): कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये बालविकास केन्द्रको अनुभव लिई आएका बालबालिकाको विवरण (प्रतिशतमा)



*स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय २०७८

विद्यालय क्षेत्र विकास कार्यक्रम

११.२५ शैक्षिक सत्र २०७८ को फागुनसम्म विद्यालय क्षेत्र विकास कार्यक्रम र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट ६ हजार ९ सय ७६ नयाँ कक्षाकोठा निर्माण भएको छ। त्यसैगरी, ४२२ नमूना विद्यालयको भौतिक पूर्वाधार विकास कार्यक्रम र शिक्षण सहयोग अनुदान कार्यक्रमबाट ६२ हजार ५ सय ६२ रोजगारी सिर्जना भएको छ ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम

११.२६ शैक्षिक सत्र २०७८ मा विद्यालयहरूको भौतिक सुविधा विस्तार, आइसिटी प्रयोगशाला व्यवस्थापन तथा प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरूको प्रयोगशाला सुदृढीकरणका लागि ४ हजार १ सय ७२ सामुदायिक विद्यालयले अनुदान प्राप्त गरेका छन्।

पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री उत्पादन र प्रसारणसम्बन्धी

११.२७ शैक्षिक सत्र २०७८ सम्म कक्षा १ देखि कक्षा ८ सम्मका सबै बालबालिकाका लागि रंगिन पाठ्यपुस्तकको व्यवस्था गरिएको छ।

११.२८ श्रव्यदृश्य पाठ उत्पादनका लागि विषयहरूको नक्साङ्कन गर्ने कार्य सम्पन्न भएको छ। श्रव्यपाठको लागि स्क्रिप्ट विकास गरिएको छ। कक्षा १-१० सम्मका ५९० ओटा श्रव्यदृश्य पाठ उत्पादन भएको छ।

११.२९ श्रव्यदृष्य पाठ NTV+, Dishhome, Max TV, Mero TV, NET TV र Clear TV को School Education च्यानलबाट नियमित रूपमा प्रसारण भइरहेको छ।

प्राविधिक तथा व्यवसायिक शिक्षा

११.३० शैक्षिक सत्र २०७८ सम्म उद्यमी युवाहरूलाई लक्षित गरी ८ आङ्गिक शिक्षालयहरू मार्फत उद्यमशीलता र व्यावसायिक विकासका लागि इन्कुवेसन सेन्टर सञ्चालनमा ल्याइएको छ।

११.३१ प्रयोगात्मक अभ्यासलाई उत्पादनमा आबद्ध गर्ने कार्यक्रम अन्तर्गत ८० जना प्रशिक्षार्थीहरू इन्टर्नको रूपमा आङ्गिक शिक्षालयहरूका उत्पादन इकाईमा कार्यरत रहेका छन् ।

११.३२ प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ १ हजार ६ सय ८८ प्रशिक्षकहरूको पेशागत र व्यावसायिक क्षमता विकास गरिएको छ। विभिन्न पेशासँग सम्बन्धित १७ हजार ८ सय ६३ जनाको सीप परीक्षण कार्य सम्पन्न भएको छ। साथै, १९ हजार जनालाई छोटो अवधिको सीपमूलक तालिम प्रदान गरिएको छ।

११.३३ सात नमूना पोलिटेक्निक इन्स्टिच्यूटहरू मध्ये ५ वटामा शैक्षिक भवन र २ वटामा कर्मचारी आवास भवन निर्माण कार्य सम्पन्न भएको छ ।

११.३४ प्रि डिप्लोमा तहका ३ ओटा र छोटो अवधिका १ ओटा पाठ्यक्रम निर्माण तथा डिप्लोमा तहका १४ वटा र प्रि डिप्लोमा तहका ५ वटा पाठ्यक्रमहरू परिमार्जन भएका छन्। National Competence Standard (NCS) ५ वटा र National Occupation Skill Standard (NOSS) १ वटा निर्माण भएको छ ।

साक्षरता तथा निरन्तर शिक्षा

११.३५ २०७८ असार मसान्तसम्म ५३ जिल्ला साक्षर घोषणा भएकोमा चालु आर्थिक वर्षको फागुनसम्म अछाम, काठमाण्डौ र ताप्लेजुङ जिल्ला थप भई ५६ जिल्ला साक्षर घोषणा भएका छन्। हालसम्म गण्डकी र बागमती प्रदेश साक्षर प्रदेश घोषणा भएका छन्।

विद्यालय दिवा खाजा कार्यक्रम

११.३६ चालु शैक्षिक सत्रमा विद्यालय दिवा खाजा कार्यक्रमबाट देशभरका २९ लाख ९३ हजार ९ सय ३३ विद्यार्थी प्रत्यक्षरूपमा लाभान्वित भएका छन्। यस्तो कार्यक्रमबाट गत शैक्षिक सत्रमा २९ लाख ९ हजार ५ सय ३७ हजार विद्यार्थी लाभन्वित भएका थिए।

११.३७ विश्व खाद्य कार्यक्रमको सहयोगमा वस्तुगत सहायतामा आधारित दिवा खाजा कार्यक्रमबाट जाजरकोट, दैलेख, डोटी, अछाम, बझाङ र दार्चुलाका गरी २ लाख ४६ हजार ७ सय ५५ विद्यार्थीहरू लाभान्वित भएका छन् ।

"पढ्दै कमाउँदै" कार्यक्रम

११.३८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म "पढ्दै कमाउँदै" भन्ने उद्देश्यका साथ प्राविधिक

शिक्षालयहरूको साझेदारीमा ३८ शिक्षालयसँग सम्झौता सम्पन्न भई ९८८ विद्यार्थीहरू लाभान्वित भएका छन्। आर्थिक वर्ष २०७७/७८ मा सोही कार्यक्रममा ८० प्राविधिक शिक्षालयहरू सहभागी भई २,०८० विद्यार्थीहरू कार्यक्रमबाट लाभान्वित भएका थिए। हालसम्म परियोजना अन्तर्गत "पढ्दै कमाउँदै" कार्यक्रममा ११८ प्रविधिक शिक्षालयहरू सहभागी भई ३,०६८ विद्यार्थीहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन्।

विज्ञान तथा सूचना प्रविधि

११.३९ मुलुकभर सञ्चालित २६ हजार ४ सय ५४ सामुदायिक विद्यालय मध्ये २०७८ फागुनसम्म १३ हजार ५ सय ५९ अर्थात ५१.३ प्रतिशत विद्यालयहरूमा कम्प्युटर सुविधा पुगेको छ। उक्त विद्यालयमध्ये ८,६७६ विद्यालयहरूले शिक्षण सिकाइ क्रियाकलापमा सूचना प्रविधिको प्रयोग गर्दै आएका छन्।

११.४० आर्थिक वर्ष २०७८/७९ मा विद्यालय क्षेत्र विकास कार्यक्रम र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ३ हजार १ सय ९३ माध्यमिक विद्यालयमा सूचना प्रविधि प्रयोगशाला (ICT Lab) स्थापना तथा स्तरोन्नति गरिएको छ।

स्वास्थ्य क्षेत्र

११.४१ चालु आर्थिक वर्ष २०७८/७९ को कुल गार्हस्थ्य उत्पादनमा स्वास्थ्य तथा सामाजिक क्षेत्रको योगदान १.७९ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ । आर्थिक वर्ष २०७७/७८ को तुलनामा चालु वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा ६.९१ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०७७/७८ को कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान १.७८ प्रतिशत र कुल मूल्य अभिवृद्धिको वृद्धिदर ६.६० प्रतिशत रहेको थियो।

चार्ट ११(घ): पछिल्लो दशकको स्वास्थ्य तथा सामाजिक क्षेत्रको वृद्धिदर र योगदान



स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८ *प्रारम्भिक अनुमान

११.४२ स्वास्थ्य क्षेत्रका सूचकमा उल्लेख्य सुधार हुँदै गएको छ। दिगो विकासको लक्ष्यअनुसार सन् २०३० सम्म कुल प्रजनन् दर २.१ पुऱ्याउने लक्ष्य रहेकोमा हाल २ रहेको छ। त्यस्तै ५ वर्ष मुनिको बाल मृत्युदर र नवजात शिशु मृत्यु दर पनि दिगो विकास लक्ष्यअनुसार घटाउन सफल भएको देखिन्छ। मातृ स्वास्थ्यसम्बन्धी अन्य सूचकहरूको चालु आर्थिक वर्षको फागुनसम्मको उपलब्धिको अनुपातले आर्थिक वर्षको अन्त्यसम्म दिगो विकास लक्ष्यले तोकेको लक्ष्य पूरा हुने प्रारम्भिक अनुमान छ।

तालिका ११(ठ): स्वास्थ्यसम्बन्धी सूचकहरू (२०७८ फागुन)

सूचक	मान
कुल प्रजनन दर (सङ्ख्या प्रति महिला)	२.०
परिवार नियोजनका साधन प्रयोगकर्ता दर (मोर्डन तरिका, प्रतिशत)	४४.२
नवजात शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको २८ दिनभित्र)	१६.०
शिशु मृत्युदर (प्रति १००० जीवित जन्ममा, जन्मेको १ वर्षभित्र)	२५.०
५ वर्षमुनिको बाल मृत्युदर (प्रति १००० जीवित जन्ममा)	२८.०
कम्तीमा ४ पटक गर्भ जाँच गराउने गर्भवती महिलाको प्रतिशत	५०.४
दक्ष प्रसुतीकर्मीबाट प्रसूति गराउने गर्भवती महिलाको प्रतिशत	४९.५
स्वास्थ्य संस्थामा प्रसूती गराउने गर्भवती महिलाको प्रतिशत	५२.२
पूर्ण रूपमा सबै प्रकारका खोप लगाउने बालबालिकाको प्रतिशत	५९.७

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७८

कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार

११.४३ आर्थिक वर्ष २०७७/७८ मा पि.सि.आर. र एन्टीजेन गरी ३६ लाख ९८ हजार ६ सय ४० व्यक्तिको कोभिड परीक्षण गरिएकोमा ७ लाख ९ हजार ४ सय ४६ जना कोभिड-१९ बाट सङ्क्रमित भई ९ हजार ४ सय ६३ जनाको मृत्यु भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म कुल ६५ लाख ८३ हजार ८ सय ४७ जनाको कोभिड परीक्षण गरिएकोमा ११ लाख १७ हजार ९ सय ३७ जना सङ्क्रमित भई ११ हजार ९ सय ५० जनाको मृत्यु भएको छ।

तालिका ११(ड): कोभिड-१९ को परीक्षण संक्रमण र मृत्युसम्बन्धी विवरण

सुचक	२०७६/७७	२०७७/७८	२०७८/७९*
जम्मा परीक्षण	२९८८३०	३६९८६४०	६५८३८४७
पि.सि.आर.	२९८८३०	३४४६५८६	५४८७२८५
एन्टीजेन	-	२५२०५४	१०९६५६२
पि.सि.आर. सङ्क्रमित	१७१७७	६६२५७०	९७७९८७
एन्टीजेन सङ्क्रमित		४६८७६	१३९९५०
कुल सङ्क्रमित	१७१७७	७०९४४६	१११७९३७
कुल मृत्यु	३९	९४६३	११९५०

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७८ *फागुनसम्म

११.४४ कोभिड-१९ बाट सङ्क्रमित व्यक्तिको परीक्षण, उपचार तथा व्यवस्थापनको लागि २०७८ फागुनसम्म देशभर ८ हजार २ सय २ वटा आइसोलेशन बेड, ३ हजार ८ सय ४६ वटा हाई डिपेन्डेन्सी युनिट बेड, २ हजार ७ सय ९७ वटा आई.सि.यु.बेड, १ हजार ८ वटा भेन्टीलेटर, ६९३ वटा अक्सिजन कन्सनट्रेटर र ९८ वटा अक्सिजन प्लान्ट रहेका छन्। हाल कुल ९८ वटा अस्पतालहरूले कोभिड १९ केयर युनिट सञ्चालन गरिरहेका छन् ।

११.४५ २०७८/७९ को फागुन मसान्तसम्म कोभिड-१९ को व्यवस्थापनको लागि Essential critical care training for doctors and nurses -१८१ जनालाई, ICU/ CCU for nurses- ५१ जनालाई र COVID-19 psychosocial counseling- ४१ जनालाई प्रदान गरिएको छ।

११.४६ कोभिड-१९ महामारी व्यवस्थापनको लागि आर्थिक वर्ष २०७७/७८ मा रू.१० अर्ब ७३ करोड १७ लाख ७३ हजार खर्च भएकोमा आर्थिक वर्ष २०७८/७९ मा फागुनसम्म यस्तो खर्च रू.१५ अर्ब ६८ करोड १२ लाख ६२ हजार रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो खर्च रू.२ अर्ब १७ करोड ९५ लाख ७ हजार रहेको थियो।

११.४७ आर्थिक वर्ष २०७७/७८ देखि प्राथमिकताको आधारमा देशभरि नै कोभिड-१९ विरूद्धको खोप लगाउन शुरू भएको थियो। आर्थिक वर्ष २०७७/७८ मा पहिलो मात्रा खोप लगाउनेको सङ्ख्या २६ लाख २१ हजार ४ सय ७६ रहेकोमा २०७८ फागुनसम्म पहिलो मात्रा खोप लगाउनेको सङ्ख्या १ करोड ८६ लाख २४ हजार १ सय ४६, दोस्रोमात्रा/पूर्ण मात्रा खोप लगाउनेको सङ्ख्या १ करोड ८५ लाख २ हजार १ सय १९ र अतिरिक्त खोप लगाउनेको सङ्ख्या १७ लाख ५ सय ८० पुगेको छ।

स्वास्थ्य सेवा

११.४८ २०७८ असारसम्म १२५ अस्पताल, २०५ प्राथमिक स्वास्थ्य केन्द्र, ३ हजार ८ सय ७० स्वास्थ्य चौकी, ३९५ आयुर्वेदिक अस्पताल र २ हजार ९ सय ७१ आधारभूत स्वास्थ्य केन्द्र गरी ७ हजार ५ सय ६६ स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेकोमा २०७८ फागुनसम्म यस्तो सङ्ख्या ७ हजार ५ सय ९८ पुगेको छ।

तालिका ११(ढ): स्वास्थ्य संस्था, शैय्या र जनशक्तिको विवरण

विवरण	२०७१ असार	२०७२ असार	२०७३ असार	२०७४ असार	२०७५ असार	२०७६ असार	२०७७ असार	२०७८ असार	२०७८ फागुन
१. जम्मा स्वास्थ्य संस्था	४४८५	४५०५	४५९९	४५०३	४५१३	५७१७	७१५४	७५६६	७५९८
क) अस्पताल	१०७	११६	११६	११६	१२३	१२५	१२५	१२५	१५४*
ख) प्राथमिक स्वास्थ्य	२१५	२१५	२१६	२००	२०३	२०३	२०३	२०५	१९६
ग) स्वास्थ्य चौकी	२१७५	३७९०	३८८३	३८०३	३८०३	३८०५	३८०५	३८७०	३८५३
घ) आयुर्वेदिक औषधालय	२९३	३८४	३८४	३८४	३८४	३८४	३९५	३९५	४२४
ङ) उपस्वास्थ्य चौकी/ आधारभूत स्वास्थ्य सेवा केन्द्र	१६९५	-	-	-	-	१२००	२६२६	२९७१**	२९७१**
२. अस्पताल शैय्या	७५५०	७६४०	७७४८	८१७२	८१७२	८१७२	८१७२	११६४०	१५७९०
३. जम्मा जनशक्ति	८७३२०	७६८९४	७७२५८	८८८८२	९०८०	९०९४६	९०९४	९०३६९	९७४४९
क) डाक्टर	२१५४	२४५७	२५५०	२५५०	२६४०	२६४०	२६४०	२६४०	४६६०
ख) नर्स/अ.न.मी.	९५३५	२०३४६	२०४२		२०५१	२०६५३	२०६५	२०६५३	२४६९३
ग) कविराज	३९४	४८५	५७०	५७०	६१३	६१३	६१३	६१३	६१३
घ) वैद्य	३६०	४५१	४५१	६९३	६९३	६९३	६९३	६९३	६९३
ङ) स्वास्थ्य सहायक (हे.अ., अ.हे.ब.)	११५५१	११५५	१२६४	१२६४६	१४३४७	१४३४७	१४३४	१४३४७	१५३६७
च) महिला स्वास्थ्य स्वयंसेविका	६३३२६	५२०००	५२०००	५२०००	५२००	५२०००	५२००	५१४२३	५१४२३

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७८

*अन्य मन्त्रालय अन्तर्गत सञ्चालित अस्पताल समेत

** गत विगत आर्थिक वर्षमा आधारभूत स्वास्थ्य केन्द्रको मात्र तथ्याङ्क समावेश गरिएकोमा चालु आर्थिक वर्षमा नगर स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाइसमेत थप गरिएको।

११.४९ २०७८ फागुनसम्म डाक्टर, नर्स/अ.न.मी., कविराज, वैद्य, स्वास्थ्य सहायक र महिला स्वास्थ्य स्वयंसेविका गरी जम्मा स्वास्थ्य जनशक्ति ९७ हजार ४ सय ४९ रहेको छ। यस्तो सङ्ख्या २०७७ फागुनसम्म ९० हजार ३ सय ६९ रहेको थियो।

राष्ट्रिय खोप कार्यक्रम

११.५० राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत बि.सि.जि., डी.पी.टि., हेपाटाईटिस बि., पोलियो, दादुरा र गर्भवती महिलाहरूको लागि टिटानस डिप्थेरिया विरूद्धको खोप लगायत १३ प्रकारका रोग विरुद्ध खोपहरू उपलब्ध गराइएको छ।

तालिका ११(ण): विस्तारित खोप एवं राष्ट्रिय पोलियो खोप (सङ्ख्यामा)

सुचकाङ्क	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
वि.सि.जि. भ्याक्सिन	५६९७५१	५७३७९६	५६५०२९	५३३६७३	५६२६९८	४७६२९०
डि.पि.टी, हेपाटाइटिस बि (तेस्रो मात्रा)	५३९६९८	५०९९७९	५३७१६८	४८३३३७	५४१६१२	४४००९९
पोलियो (तेस्रो मात्रा)	५३६१९१	४९७१२६	५१९२४७	४७७३०१	५०६२४३	४३१७४६
दादुरा रूबेला (दोस्रो मात्रा)	५२४३३२	४०९७७१	४४५२२१	४२६८३८	४८२१४७	४२३०३२
रोटा दोस्रो मात्रा					३४३०१०	४११३०४
पि.सि.भि. तेस्रो मात्रा		७९.७	८१.१	-	४९७६८६	३३१२४३
टिटानस	४८६२२७	४७२०६९	४८६२२९	४४७४९९	४५२१२९	१९४७६५
दादुरा, रुवेला खोप अभियान				२५६३८१०		

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७८ *फागुनसम्म

११.५१ चालु आर्थिक वर्षको फागुनसम्म परिवार नियोजनका अस्थायी साधनको नयाँ प्रयोगकर्ताको सङ्ख्या ५ लाख १४ हजार ६३ रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा यस्तो सङ्ख्या ७ लाख ३८ हजार ८ सय ४९ रहेको थियो।

११.५२ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म २३ हजार २ सय ५७ क्षयरोगका बिरामीले स्वास्थ्य संस्थाबाट सेवा लिएका छन्। आर्थिक वर्ष २०७७/७८ मा यस्तो सङ्ख्या २८ हजार १ सय ८६ रहेको थियो।

११.५३ नेपालमा औलो रोग क्रमशः नियन्त्रण हुँदै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म कुल नमूना परीक्षण सङ्ख्या १ लाख ८ हजार ३ सय ८८ भएको देखिन्छ जसमध्ये ३५६ औलोका केसहरू देखिएकोमा प्लाज्मोडियम भाईभ्याक्सका २४२ र फ्याल्सिप्यारमका ११४ केस रहेका छन्। अघिल्ला वर्षहरूको तुलनामा औलोका बिरामीहरू केही घटेको देखिन्छ।

११.५४ चालु आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १० जिल्लामा हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने अभियान सञ्चालन गरिएको छ। सो अभियानमा ४४ लाख २ हजार जनालाई हात्तीपाइले रोग विरुद्धको औषधी खुवाइएको छ। गत आर्थिक वर्षमा यस्तो अभियान १२ जिल्लामा सञ्चालन गरी ५३ लाख ५७ हजार ४५ जनालाई औषधी खुवाइएको थियो।

११.५५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म आमाबाट बच्चामा सर्ने एच.आई.भी. को रोकथाम (PMTCT) कार्यक्रममा आबद्ध ४२ गर्भवती महिला सहित १९ हजार ५ सय ६५ एच.आई.भी. सङ्क्रमितलाई एन्टी रेट्रो भाइरल (ARV) औषधी वितरण गरिएको छ। आर्थिक वर्ष

२०७७/७८ मा १३७ गर्भवती महिला सहित १८ हजार ८ सय ९२ एच.आई.भी. सङ्क्रमितलाई एन्टी रेट्रो भाइरल औषधी वितरण गरिएको थियो।

११.५६ शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा आर्थिक वर्ष २०७७/७८ सम्म ७४० बिरामीको मृगौला र ६ बिरामीको कलेजो प्रत्यारोपण गरिएको थियो। चालु आर्थिक वर्ष २०७८/७९ फागुनसम्म थप ८२ बिरामीको मृगौला प्रत्यारोपण गरिएको छ।

११.५७ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म ३७३ बिरामीको मुटुको भल्भको निःशुल्क शल्यक्रिया र ८८५ बिरामीको विभिन्न प्रकारको मुटुको शल्यक्रिया गरिएको छ। साथै, ६ हजार ३ सय ५९ बिरामीले क्याथल्याब सेवा प्राप्त गरेका छन्। आर्थिक वर्ष २०७७/७८ मा यस्तो सङ्ख्या क्रमशः ३७२, ८६२ र ६९९३ रहेको थियो।

११.५८ २०७८ सालको पुष मसान्तसम्म २६ हजार ५२ मेडिकल चिकित्सक, ४ हजार ८१ दन्त चिकित्सक र ८ हजार ८ सय ६२ जना विशेषज्ञ चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका छन् । त्यसैगरी, नेपाल नर्सिङ काउन्सिल अन्तर्गत ५९८ नर्स विशेषज्ञ, ६८ हजार ३ सय १६ नर्स र ३६ हजार ४ सय ४६ अ.न.मी. दर्ता भएका छन् ।

११.५९ २०७८ असारसम्म ७५ जिल्लाका ७३६ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार भएकोमा २०७८ फागुनसम्म यस्तो कार्यक्रम ७७ जिल्लाका ७४२ स्थानीय तहमा विस्तार भएको छ। यस कार्यक्रमबाट २०७८ फागुनसम्म ५२ लाख ६४ हजार ९ सय ५१ बीमित लाभान्वित भएका छन्। आर्थिक वर्ष २०७७/७८ मा यस कार्यक्रमबाट लाभन्वित बीमितको सङ्ख्या ४२ लाख १४ हजार ७ सय ७३ थियो ।

विपन्न नागरिक औषधी उपचार

११.६० आर्थिक वर्ष २०७८/७९ को फाल्गुनसम्म १३ हजार ८ सय २० ले क्यान्सर, ३ हजार ९ सय ४७ ले मुटु, ४ हजार ९ सय ८४ ले हेमोडायलासिस, १७२ ले पेरिटोनियल डायलासिस र ४०० ले मृगौला प्रत्यारोपण लगायतका ठूला रोगहरूमा २६ हजार ३ सय ३१ विपन्न नागरिकले औषधी उपचार सेवा प्राप्त गरेका छन्।

तालिका ११(त): विपन्न नागरिक औषधी उपचार (सङ्ख्यामा)

विवरण	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
क्यान्सर	८६४३	१०६०८	३७१२१	३४६६७	१५१८७	१३८२०
मुटु	३३४२	४२७६	६८२८	५७६१	४४१८	३९४७
मृगौलाको उपचार						
हेमोडायलासिस	२१९७	४११०	४५७४	५६५७	५७९७	४९८४
पेरिटोनियल डायलासिस	८८	१८८	२२१	१९१	१९८	१७२
प्रत्यारोपण	१४२	२५२	७६	१०३१	१२१	४००*
औषधी उपचार	१९८	९३६	१२९३	५५०	७३६	६०३
सेरो पोजेटिभ				४९	१३७	११९
पार्किन्सन्स	१७	७७	३७७	३६४	९३	४३
अल्जाईमर	९	२४	१२१	११७	३२	५
हेड इन्जुरी	६७	५२१	७६१	८४०	६०६	३५६
स्पाइनल इन्जुरी	१८२	५३९	१५४७	१८५६	८८१	७५८
सिकलसेल एनिमिया	५००	१११४	१०२६	३८०३	११४०	११२४
जम्मा	**१५३८५**	**२२६७५**	**५३९४५**	**५४८८६**	**२९३४६**	**२६३३१**

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७८ *फागुनसम्म

खानेपानी तथा सरसफाइ

११.६१ २०७८ असारसम्म आधारभूत खानेपानीको पहुँच पुगेको जनसङ्ख्या ९३.२१ प्रतिशत रहेकोमा २०७८ फागुनसम्म यस्तो जनसङ्ख्या ९३.३५ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म थप ४२ हजार ८ सय ५७ जनसङ्ख्या आधारभूत खानेपानीको सुविधाबाट लाभान्वित भएका छन्।

तालिका ११(थ): आधारभूत खानेपानी तथा सरसफाइको स्थिति
(कुल लाभान्वित जनसङ्ख्याको प्रतिशत)

सूचकहरू	२०७८ असारसम्म	२०७७ फागुनसम्म	२०७८ फागुनसम्म
आधारभूत खानेपानी सेवा	९३.२१	९१.५२	९३.३५
आधारभूत सरसफाइ	१००.००	१००.००	१००.००
उच्च मध्यमस्तरको खानेपानी	२४.६५	२३.८२	२४.८२
प्रशोधनसहितको ढल प्रणाली	२.१०	२.१०	२.१०

स्रोतः खानेपानी मन्त्रालय, २०७८

११.६२ २०७८ असारसम्म २४.६५ प्रतिशत जनसङ्ख्यामा उच्च तथा मध्यमस्तरको गुणस्तरीय खानेपानी सेवाको पहुँच पुगेकोमा २०७८ फागुनसम्म यस्तो जनसङ्ख्या २४.८२ प्रतिशत पुगेको छ।

११.६३ "एक घर एक शौचालय" को अवधारणा बमोजिम शत प्रतिशत जनसङ्ख्यामा आधारभूतस्तरको सरसफाइको पहुँच पुगेको छ।

११.६४ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विभिन्न खानेपानी तथा सरसफाइ कार्यक्रम/आयोजना अन्तर्गत थप ९२ हजार ५ सय ५ व्यक्ति खानेपानी तथा सरसफाइ सेवाबाट लाभान्वित भएका छन्। आर्थिक वर्ष २०७७/७८ मा थप २ लाख ४७ हजार ३ सय २५ व्यक्ति यस्तो सेवाबाट लाभान्वित भएका थिए।

तालिका ११(द): खानेपानी तथा सरसफाइबाट लाभान्वित व्यक्ति (सङ्ख्यामा)

आयोजना/कार्यक्रम	२०७७/७८	२०७८/७९*
शहरी खानेपानी आयोजना	३१३३९	१००४७
सहलगानी खानेपानी तथा सरसफाइ कार्यक्रम	८८४८१	१३६१२
खानेपानी गुणस्तर सुधार कार्यक्रम	२०३९०	-
जलवायु अनुकूलित बृहत खानेपानी आयोजना	७११५	२५९८९
मेलम्ची खानेपानी आयोजना	१०००००	-
प्रदेश सरकार तर्फ सशर्त अनुदानमा सञ्चालित आयोजनाहरू	-	४२८५७
जम्मा लाभान्वित जनसङ्ख्या	**२४७३२५**	**९२५०५**

स्रोतः खानेपानी मन्त्रालय, २०७८ *फागुनसम्म

११.६५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म ३८२ नगरपालिका/गाउँपालिकाका ११ हजार ४ सय २५ खानेपानी प्रणालीहरूको तथ्याङ्क सङ्कलन भएको छ। तथ्याङ्कमा प्रणालीको संरचनागत अवस्था, खानेपानी पहुँचमा नपुगेको समुदाय, सरसफाइको अवस्था, विद्यालयको खानेपानी तथा सरसफाइको अवस्था जस्ता (Cluster) हरूको पहिचान भएको छ।

११.६६ खानेपानीसम्बन्धी विकास आयोजनाहरू अन्तर्गत आर्थिक, सामाजिक तथा प्राविधिक क्षेत्रहरूमा दक्ष र अदक्ष गरी करिब २० हजार जनशक्तिले रोजगारी पाएका छन्।

११.६७ मेलम्ची नदीमा आएको बाढीको कारण अवरूद्ध मेलम्ची खानेपानी आयोजनाको क्षतिग्रस्त संरचनाको मर्मत गर्ने कार्य भइरहेको छ।

११.६८ जलवायु अनुकूलित बृहत् खानेपानी आयोजना अन्तर्गत आर्थिक वर्ष २०७८/७९ फागुनसम्म गोर्खा-दरौदी, हर्रे-टुनिबोटे डुँडेखोला बृहत पम्पिङ तथा आङ्ना मौवा सम्पन्न भई थप २५ हजार ९ सय ८९ जनसङ्ख्या मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित भएका छन्।

११.६९ खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत नारायणी सहलगानी खानेपानी आयोजना, नवलपुर तथा भरतपुर सहलगानी खानेपानी आयोजना, दाङ आयोजना सम्पन्न भई थप १३ हजार ६ सय १२ जना लाभान्वित जनसङ्ख्यालाई उच्चस्तरको गुणस्तरीय पानी उपलब्ध भएको छ।

११.७० २०७८ असारसम्म काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत १० मध्ये ९ पानीपोखरी (SRT) निर्माण सम्पन्न भएकोमा २०७८ फागुनसम्म बाँकी एक पानीपोखरीको निर्माण सम्पन्न भएको छ।

११.७१ २०७८ फागुनसम्म काठमाडौं उपत्यका खानेपानी सुधार आयोजना अन्तर्गत ७७ कि.मि. को थोक वितरण प्रणाली पूर्णरूपमा सम्पन्न भएको तथा वितरण सञ्जाल सुधार १ हजार १० कि.मि. मध्ये १ हजार कि.मि. सम्पन्न भएको छ।

११.७२ गुह्येश्वरी ढल प्रशोधन केन्द्र (३२.४० मिलियन लिटर प्रतिदिन) निर्माण सम्पन्न भई प्रशोधित पानी बागमतीमा प्रवाह गरिएको छ।

११.७३ वर्षातको पानी सङ्कलनसम्बन्धी कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको फागुनसम्म काठमाडौं उपत्यका भित्रका १६ स्थानमा वर्षातको पानी सङ्कलन प्रविधि जडानबाट थप ४ हजार ८ सय जनसङ्ख्या लाभान्वित भएका छन्।

११.७४ २०७८ असारसम्म काठमाडौं उपत्यकाका विभिन्न १६ स्थानमा वाटर एटिएम जडान कार्य सम्पन्न भएकोमा २०७८ फागुनसम्म थप ६ स्थानमा वाटर एटिएम जडान गरिएको छ।

युवा तथा खेलकुद

११.७५ युवा तथा साना व्यवसायी स्वरोजगार कोष अन्तर्गत भएको कर्जा लगानीबाट आर्थिक वर्ष २०७७/७८ मा ५ हजार ७ सय ६६ जना स्वरोजगार भएकोमा आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म थप ४ हजार ८ सय ३३ जना स्वरोजगार भएका छन्। उक्त कार्यक्रमबाट हालसम्म ८४ हजार २ सय ३७ व्यक्ति स्वरोजगार भएका छन्।

११.७६ युवा तथा साना व्यवसायी स्वरोजगार कोष मार्फत कर्जा लिई सञ्चालित व्यवसायमध्ये आर्थिक वर्ष २०७७/७८ मा २ हजार ३ सय १४ बीमित भएकोमा आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म बीमितको सङ्ख्या ३ हजार ७ सय ९० पुगेको छ।

११.७७ आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रियस्तरका विभिन्न १९ प्रतियोगिता र अन्तर्राष्ट्रियस्तरको २ प्रतियोगिता आयोजना गरिएकोमा आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म राष्ट्रियस्तरका ३६ प्रतियोगिता र अन्तर्राष्ट्रियस्तरको ४ प्रतियोगिता आयोजना गरिएको छ। यस अवधिमा २३ वटा अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा नेपालले सहभागिता जनाएको छ।

११.७८ आर्थिक वर्ष २०७७/७८ मा बङ्गलादेशमा आयोजित बङ्गबन्धु अन्तर्राष्ट्रिय म्याराथन प्रतियोगितामा नेपालले १ स्वर्ण पदक प्राप्त गरेको थियो। चालु आर्थिक वर्षको फागुनसम्म नेपालले भाग लिएका विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा ९ स्वर्ण, ५ रजत र १० काँस्य पदक हासिल भएको छ।

११.७९ आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहसँगको सह-लगानीमा सबै पालिकामा खेलग्राम निर्माण गर्ने नीतिअनुरूप १४० खेलग्राम निर्माण शुरू गरिएको थियो। आर्थिक वर्ष २०७८/७९ फागुनसम्म ५९ पूराना खेलग्राम निर्माणलाई निरन्तरता दिँदै थप ९५ वटा खेलग्राम निर्माण शुरू भएको छ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

११.८० आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्म राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत विभिन्न प्रदेशका दुर्गम तथा पहाडी क्षेत्रका २१६ गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरिएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो सङ्ख्या ११९ रहेको छ।

११.८१ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म १० जिल्लामा सञ्चालित अल्पकालीन पुनर्स्थापना केन्द्रबाट मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाका ५५७ विपन्न र हिंसामा परेका महिला तथा किशोरीलाई उद्धार गरिएको छ। गत आर्थिक वर्षमा यस्तो सङ्ख्या ५७३ रहेको थियो।

तालिका ११(घ): पुनर्स्थापना केन्द्रबाट सेवा लिनेको विवरण

जिल्ला	०७३/७४	०७४/७५	०७५/७६	०७६/७७	०७७/७८	०७८/७९*
चितवन	३६	२१२	१६५	२४९	२७	-
रूपन्देही	१५७	३३२	३०३	१४८	१३५	२१४
सिन्धुपाल्चोक	६१	३१	३३	३९	४३	१९
कैलाली	२७	२६७	२९	-	-	-
पर्सा	१२१	२६४	१७२	२१७	९४	२००
बाँके	६७	४२	१२३	९४	३०	०६
काठमाडौं	४६	२२०	२५	२५	१७	-
झापा	२९०	३२	२३७	१५५	५८	५६
कास्की	-	३५१९९	६०	५५	३३	२२
सुर्खेत	-	-	३२८	२६७	५८	४०
मन्त्रालय	-	-	२०२	११६	७८	-
जम्मा	**८०५**	**१६३४**	**१६७७**	**१३६५**	**५७३**	**५५७**

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०७८ *फागुनसम्म

जोखिममा परेका बालबालिका र किशोर किशोरी

११.८२ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म बाल हेल्पलाइन सेवा (१०९८) लाई १७ जिल्लामा विस्तार गरिएको छ।

चार्ट ११(ङ): बाल हेल्पलाइन (१०९८) बाट लाभान्वित बालबालिका (सङ्ख्यामा)



स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्, २०७८

११.८३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ बाट हालसम्म हराएर दर्ता भएका कुल २ हजार ७ सय ७ बालबालिकामध्ये २ हजार १ सय ९७ बालबालिकाको खोजी गरी परिवारमा पुनर्मिलन गरिएको छ। त्यसैगरी, बेवारिसे फेला परेका २१२ बालबालिकामध्ये ११५ लाई परिवारमा पुनर्मिलन गरिएको छ। साथै, ९४ बालबालिकालाई अस्थायी संरक्षण सेवामा राखिएको छ।

तालिका ११(न): हराएका बालबालिकाको सङ्ख्या

विवरण		२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
हराएका	बालक	९२३	१०५१	८३१	८४९	६८८
	बालिका	१४०७	२३७१	१८९८	२८०९	२०१९
जम्मा		**२३३०**	**३४२२**	**२७२९**	**३६५८**	**२७०७**
हराएकामध्ये फेला परेका	बालक	४०७	८२५	६९०	७१२	५७१
	बालिका	६१०	१७१५	१५२९	२२९७	१६२६
जम्मा		**१०१७**	**२५४०**	**२२१९**	**३००९**	**२१९७**
बेवारिस फेला परेका	बालक	२८६	३४०	२४२	१०६	१३५
	बालिका	१५६	१७१	९५	९१	७७
जम्मा		**४४२**	**५११**	**३३७**	**१९७**	**२१२**

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०७८ *फागुनसम्म

११.८४ सडक बालबालिका मुक्त राष्ट्र अभियान अन्तर्गत २०७८ फागुनसम्म १ हजार ९ सय ३७ सडक बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ। यसमध्ये १ हजार ९ बालबालिकालाई पारिवारिक पुनर्मिलन गराइएको छ र २२४ बालबालिकालाई विभिन्न सीपमूलक तालिममा पठाइएको छ। ७७ बालबालिकाले तालिम पूरा गरी सीपमूलक कार्यमा संलग्न रहेका छन् र अन्यलाई अस्थायी संरक्षण केन्द्र तथा दीर्घकालीन संरक्षण केन्द्रमा संरक्षण व्यवस्थापन गरिएको छ ।

११.८५ चालु आर्थिक वर्षको फागुनसम्म सडक बालबालिका उद्धार अभियान सञ्चालन गरी १०६ सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएको छ। उद्धार गरिएकामध्ये ७४ लाई पारिवारिक पुनर्मिलन गरिएको छ भने बाँकी ८३ लाई अस्थायी संरक्षणमा राखिएको छ।

तालिका ११(प): सडक बालबालिका उद्धार संरक्षण तथा व्यवस्थापनसम्बन्धी विवरण

आ.व.	उद्धार गरिएका कुल बालबालिका	पारिवारिक पुनर्मिलन गरिएका	तालिममा पठाइएका	सीपमूलक कार्यमा संलग्न	अस्थायी संरक्षणमा रहेका
२०७२/०७३ देखि २०७६/०७७ सम्म	१४३३	८१०	१८४	५९	३८०
२०७७/०७८	३५५	११	०	०	१७७
२०७८/०७९ को फागुन मसान्तसम्म	१०६	७४	४०	१८	८३

स्रोतः राष्ट्रिय बाल परिषद्, २०७८

११.८६ आर्थिक वर्षको फागुनसम्म ९ बालगृहबाट ३४ बालक र ३५ बालिका गरी जम्मा ६६ जना बालबालिकाको उद्धार गरिएको छ।

तालिका ११(फ): बालगृहबाट उद्धार गरिएका बालबालिकाको विवरण

आ.व.	बालगृहको सङ्ख्या	बालक	बालिका	जम्मा
२०७३/७४	१२	५४	६०	११४
२०७४/७५	९	८१	६६	१४७
२०७५/७६	५	११६	७६	१९२
२०७६/७७	६	३६	१९	५५
२०७७/७८	६	३५	३८	७३
२०७८/७९*	९	३४	३२	६६

स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्,२०७८ *फागुनसम्म

नेपालमा लैङ्गिक उत्तरदायी बजेट

११.८७ आर्थिक वर्ष २०६४/६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरूले लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अवलम्बन गर्दै आएका छन्। आर्थिक वर्ष २०६४/६५ मा कुल बजेटमा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको हिस्सा ११.३४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो हिस्सा ३९.४९ प्रतिशत पुगेको छ।

तालिका ११(ब): प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट

आ.व.	प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेटको प्रतिशत
२०६४/६५	११.३०
२०६५/६६	१३.९४
२०६६/६७	१७.३०
२०६७/६८	१७.९४
२०६८/६९	१९.०५
२०६९/७०	२१.५१
२०७०/७१	२१.७५
२०७१/७२	२१.९३
२०७२/७३	२२.२७
२०७३/७४	२३.१०
२०७४/७५	३७.४२
२०७५/७६	३८.६५
२०७६/७७	३८.१७
२०७७/७८	३८.१६
२०७८/७९	३९.४९

स्रोतः अर्थ मन्त्रालय, २०७८

११.८८ २०७८ फागुनसम्म नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सङ्ख्या २३६ रहेको छ। साथै, समाज कल्याण परिषद्मा आबद्ध भई अस्तित्वमा रहेका राष्ट्रिय गैरसरकारी संस्थाको सङ्ख्या ५३ हजार ७ सय ४३ रहेको छ।

११.८९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म समाज कल्याण परिषदबाट स्वीकृति प्राप्त गरेका अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाका ८१ वटा परियोजना मार्फत रू.३३ अर्ब ९४ करोड र

राष्ट्रिय गैरसरकारी संस्थाका १ हजार १४ वटा परियोजना मार्फत रू. २४ अर्ब ४१ करोड परिचालन गरी कार्यक्रम सञ्चालन गरिएको छ।

व्यक्तिगत घटना दर्ता

११.९० २०७८ फागुनसम्म अनलाईन सूचना प्रणाली मार्फत स्थानीय तहका ५ हजार ८ सय ९४ वडाबाट ३१ लाख ७१ हजार १ सय ५५ व्यक्तिगत घटना दर्ता भएको छ।

११.९१ २०७८ फागुनसम्म विद्युतीय प्रणाली मार्फत १२ लाख ४८ हजार ९ सय १५ व्यक्तिगत घटना दर्ता भएको छ।

तालिका ११(भ): व्यक्तिगत घटना दर्ता गर्ने सङ्ख्या (गत वर्षहरूको तथ्याङ्क अफलाइन सहित कुल सङ्ख्या र यस वर्षको फागुन मसान्तको अनलाईन दर्ता भएको मात्र)

व्यक्तिगत घटना विवरण	२०७३	२०७४	२०७५	२०७६	२०७७	२०७८* (विद्युतीय प्रणाली मार्फत अनलाईन दर्ता)
जन्म दर्ता	७२१३२६	६६५९०९	४०९३५४	९२५३२२	९७७३१९	६५६५०८
मृत्यु दर्ता	११८०६०	६५८३५	९४६२०	१७०६४३	२०४२७४	१८२१२७
विवाह दर्ता	१८४३२३	२२०६६९	१७९९५७	२७३९६३	२६३३९३	२६९४९४
सम्बन्ध विच्छेद दर्ता	२२८३	२७७६	३९३५	५८४६	६६४४	९३०७
बसाइसराइ दर्ता	६८८६३	७५०९८	९४१५९	९२२९३	१४७०५९	१३१४७९
कुल जम्मा दर्ता	**१०९४८५५**	**१०३०२८७**	**७८२०२५**	**१४६८०६७**	**१५९८६८९**	**१२४८९१५**

स्रोतः राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग, २०७८ *फागुनसम्म

राष्ट्रिय परिचयपत्र कार्यक्रम

११.९२ २०७८ फागुनसम्म ६२ लाख ८५ हजार ५ सय ४३ नागरिकको विवरण सङ्कलनको कार्य सम्पन्न भएको छ। २०७८ फागुनसम्म १ लाख १७ हजार थान राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ।

सामाजिक सुरक्षा

११.९३ २०७८ फागुन मसान्तसम्म २८ लाखभन्दा बढी लाभग्राहीहरू सामाजिक सुरक्षाको अनलाइन प्रणालीमा आबद्ध भएका छन्। चालु आर्थिक वर्षको फागुनसम्म ३४ लाख ५० हजार ८ सय ९ लाभग्राहीलाई रू. ४६ अर्ब ४२ करोड ३५ लाख ४० हजार ३ सय १० सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

तालिका ११(म): सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण

लक्षित समूह	आ.व. २०७८/७९ मा कायम रहेको मासिक दर (रू.)	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
जेष्ठ नागरिक (७० वर्ष माथि)	४०००	९९०३०७	९९३५२४	१०५७३७६	१३१४२०१	१२५७१०८
जेष्ठ नागरिक (दलित)/क्षेत्र तोकिएका)	२६६०	२४१२७९	२८७६०३	३००३९४	२०६३०९	२१२२२८
एकल महिला	२६६०	१०५४८०	११४९५६	९४८८०	२८०६४८	२७५९३३
विधवा	२६६०	५६९००५	६०५२३१	६५८७३६	३५०४३६	३५८२८६
पूर्ण अशक्त अपाङ्गता	३९९०	३९५०८	४३५४०	४८३८७	५५०५९	६०९२७
अति अशक्त अपाङ्गता	२१२८	६५२९२	७४२९९	८३७५५	१०५०५१	१२११७९
लोपोन्मूख आदिवासी/जनजाति	३९९०	२४७६१	२४२०७	२४४७८	२२५४४	२२१३८
बालबालिका (दलित)/क्षेत्र तोकिएका र लोपोन्मुख)	५३२	५२४५०७	६८४१५८	७९४२२१	११२११९८	११४३०१०
कुल जम्मा		**२५६०१३९**	**२८२७५१८**	**३०६२२२७**	**३४५५४४६**	**३४५०८०९**

स्रोतः राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग, २०७८ *फागुनसम्म

११.९४ बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणका लागि ७२८ स्थानीय तहले बैङ्कसँग सम्झौता गरी बैङ्क खातामा रकम भुक्तानी शुरूवात गरिएको छ।

१२. भूकम्पपछिको पुनःनिर्माण

१२.१ २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प तथा तत्पश्चातका पराकम्पका कारण पूर्वी तथा मध्य नेपालका १४ जिल्ला गम्भीर र १८ जिल्ला आंशिक रूपमा प्रभावित भई ठूलो परिमाणमा धनजनको क्षति हुन पुगेको थियो। उक्त भूकम्पका क्षतिग्रस्त भौतिक संरचनाको पुनःनिर्माण गर्न गराउन राष्ट्रिय पुनःनिर्माण प्राधिकरण गठन भएको थियो। भूकम्प पछिको पुनःनिर्माण योजना (PDRF) तयार गरी सोही आधारमा क्षतिग्रस्त सरकारी संरचना, निजी आवास, सामुदायिक विद्यालय र ऐतिहासिक एवं पूरातात्विक सम्पदाको पुनःनिर्माण, जोखियुक्त वस्ती स्थानान्तरण, एकीकृत बस्ती विकास र आर्थिक सामाजिक पुनर्स्थापनासम्बन्धी कार्य सञ्चालन गरिएको छ। राष्ट्रिय पुनःनिर्माण प्राधिकरण खारेज भई पुनःनिर्माणको बाँकी रहेका कार्य मन्त्रालयहरूबाट सम्पादन हुने गरी जिम्मेवारी प्रदान गरिएको छ।

निजी आवास अनुदान वितरण

१२.२ २०७८ फागुनसम्म ८ लाख ६८ हजार १ सय ४० भूकम्प पीडित लाभग्राहीको पहिचान भई निजी आवास पुनःनिर्माण अनुदान वितरणको लागि ९५.४ प्रतिशतसँग अनुदान सम्झौता भएको छ।

तालिका १२(क): निजी आवास पुनःनिर्माणको अवस्था (सङ्ख्यामा)

विवरण		२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*	जम्मा	प्रतिशत
जम्मा लाभग्राही		५३१९६४	२१५५२०	६०००२	१८६३४	८२४३	२०८०३	१२९७४	८६८१४०	
अनुदान सम्झौता		२७८८८०	३५०७३३	९२४०६	४६४५०	२१९८१	१९९७७	१७९८६	८२८४१३	९५.४
प्रथम किस्ता भुक्तानी		३५१४५	५६२४३२	११६३१६	४९८६२	२१०६७	२२८४५	५०६४	८०५६२६	९७.२
निर्माण कार्य शुरु भएका घर संख्या			९६७२२	४१७७२४	१२६०६०	७०१९६	४०६६४	२८१६०	७७९५२६	९४.१
दोस्रो किस्ता	माग		७८३८०	४०८५५७	१२०७९८	५९९७७	५१३८९	५०१८०	७६९२८१	९२.९
	प्रमाणीकरण		६५९८१	४०९९८९	१२९४०३	५८८६३	४५८३७	४५३३०	७५५४०३	९१.२
	भुक्तानी		५५०५५	४०९३३६	१२७०४७	७९५३६	२५२४९	३७८८७	७३४११०	८८.६
तेस्रो किस्ता	माग		७०३१	२४९८०९	२२३५८१	११२१९२	६३१२३	६९९२०	७२५६५६	८७.४
	प्रमाणीकरण		४४७४	२४०६२४	२३३९३३	१०९०४६	६०९१७	७५२४६	७२४२४०	८७.४
	भुक्तानी		२७३४	२१९०४२	२३४४९६	१४५१२९	३४४६३	६८४६०	७०४३६४	८५.०
पुनःनिर्माण सम्पन्न भएका निजी आवास संख्या			४४९२७	२०४१६६	१६९६७१	८९३७७	८४४४५	६७२००	६५९७८६	७९.६
प्रवलीकरण	लाभग्राही			५२०५४	१९३७९	६५६६			४७८६३	
	सम्झौता			८८३३	१३४१७	३२७१७			३५५०४	७४.२
	प्रथम किस्ता भुक्तानी			७४३१	१४३६९	३२६०९			३३२०७	९३.५
	दोस्रो किस्ता भुक्तानी			०	४५	२५७	११३	१८११	२२२६	६.३

नोटः प्रथम किस्ताको भुक्तानीको हकमा ७१०५ जना लाभग्राहीको रकम फिर्ता भएको (dummy account) जसले गर्दा अघिल्लो आ.व भन्दा कम लाभग्राहीले पहिलो किस्ता प्राप्त गरेको भनि तथ्यांकमा देखिएको।

स्रोतः शहरी विकास तथा भवन निर्माण विभाग, २०७८ *२०७८ फाल्गुनसम्म

१२.३ अनुदान सम्झौता भएका मध्ये ९७.२ प्रतिशतले पहिलो किस्ता, ८८.६ प्रतिशतले दोस्रो किस्ता र ८५ प्रतिशतले तेस्रो किस्ताको रकम प्राप्त गरेका छन्। अनुदान सम्झौता गरेका भूकम्प पीडित मध्ये ७९.६ प्रतिशतको घर निर्माण सम्पन्न भएको छ।

१२.४ निजी आवास प्रबलीकरणको लागि रू.१ लाख अनुदान २ किस्तामा उपलब्ध गराउने व्यवस्थाअनुसार पहिलो र दोस्रो किस्तामा रू. ५०/५० हजारका दरले अनुदान वितरण कार्य

सम्पन्न भएको छ। २०७८ फागुनसम्म ३२ हजार २ सय ९३ प्रबलीकरण लाभग्राही पुनःनिर्माण लाभग्राहीमा रूपान्तरण भएका छन्।

१२.५ कुल ७७ हजार ९ सय ९९ प्रबलीकरण लाभग्राही मध्ये २०७८ फागुनसम्म ६५ हजार २ सय ३१ ले पहिलो किस्ता वापतको रू. ५० हजार अनुदान प्राप्त गरेका छन्। प्रबलीकरण सम्पन्न गरी दोस्रो किस्ता प्राप्त गर्ने प्रबलीकरण लाभग्राही जम्मा २ हजार २ सय २६ रहेका छन्।

१२.६ जोखिमयुक्त बस्ती स्थानान्तरण गरी एकीकृत बस्ती विकासका लागि स्वीकृत भएका ६४ मध्ये ४६ एकीकृत बस्तीको निर्माण कार्य सम्पन्न भएको छ। जोखिमयुक्त १९ बस्तीको बस्ती सुधार, संरक्षण एवं बस्ती विकास कार्य सम्पन्न भएको छ।

क्षतिग्रस्त सार्वजनिक संरचनाको पुनःनिर्माण

१२.७ २०७८ फागुनसम्म भूकम्पबाट क्षति भएका कुल ७ हजार ५ सय ८३ सार्वजनिक विद्यालयमध्ये ७ हजार ५२ विद्यालयको पुनःनिर्माण सम्पन्न भएको छ । त्यसैगरी ९२० पूरातात्विक सम्पदामध्ये ६४० सम्पदा, १ हजार १ सय ६४ स्वास्थ्य संस्थामध्ये १०५ संस्थाको पुनःनिर्माण सम्पन्न भएको छ। क्षतिग्रस्त ४१५ सरकारी भवनमध्ये ४०८ र सुरक्षा निकायका २१६ भवनहरूको निर्माण सम्पन्न भएको छ।

तालिका १२(ख): क्षति भएका सार्वजनिक संरचना पुनःनिर्माणको अवस्था (सङ्ख्यामा)

विवरण	पुनःनिर्माण गर्नुपर्ने संख्या	२०७२/७३	२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*	जम्मा सम्पन्न	निर्माणाधीन
सरकारी भवन	४१५	०	१८२	६६	५५	५०	३५	२०	४०८	७
विद्यालय भवन	७५८३	०	२४५६	१३६०	१२४७	९९५	५५६	४३८	७०५२	५३१
स्वास्थ्य संस्था भवन	११६४	८३	२९६	२६४	२२	३३	५३	३५४	११०५	५९
पूरातात्विक सम्पदा	९२०	३	३२	११४	१९५	१०७	१३८	५१	६४०	२८०
सुरक्षा निकायका भवन	२१६	०	१८	७५	९०	२४	०	९	२१६	

स्रोतः शहरी विकास तथा भवन निर्माण विभाग, शिक्षा मन्त्रालय तथा पर्यटन संस्कृति मन्त्रालय, २०७८ *२०७८ फागुनसम्म

चार्ट १२(क): सार्वजनिक संरचना पुनःनिर्माणको अवस्था*



स्रोतः शहरी विकास तथा भवन निर्माण विभाग, शिक्षा मन्त्रालय र पर्यटन तथा संस्कृति मन्त्रालय *२०७८ फागुनसम्म

१२.८ २०७८ फागुनसम्म भूकम्पबाट क्षति भएका निजी आवास लगायत अन्य संरचनाको पुनःनिर्माणको लागि आवश्यक निर्माण सामाग्री ढुवानी गर्ने उद्देश्यले निर्माण तथा स्तरोन्नति गरिने ६६२ कि.मी. सडक मध्ये ६३० कि.मी. सडकको निर्माण तथा स्तरोन्नति सम्पन्न भएको छ। ती सडकमा पर्ने १५ सडक पुलमध्ये १४ पुलको निर्माण कार्य सम्पन्न भएको छ।

१३. सुशासन र प्रशासन

१३.१ सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज र छरितो बनाउन आवश्यक कानून निर्माण, संस्थागत संरचनाको व्यवस्था, कार्यसंस्कृतिमा सुधार र सूचना प्रवधिको अधिकतम उपयोग हुँदै आएको छ। आधुनिक प्रविधिको प्रयोगबाट शान्ति, सुरक्षा र अपराधजन्य क्रियाकलाप नियन्त्रणमा सघाउ पुगी शान्ति सुरक्षामा क्रमिक सुधार भएको छ। सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप नियन्त्रणका लागि लिइएका रणनीति तथा कार्ययोजना कार्यान्वयनले तीव्रता पाएको छ।

सुशासन

१३.२ सार्वजनिक कोषको परिपालना एवं उपयोगमा पारदर्शिता, मितव्ययिता एवं प्रभावकारिताका लागि सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ कार्यान्वयनमा ल्याइएको छ।

१३.३ कोरोना सङ्क्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७८ जारी भई कार्यान्वयनमा आएको छ।

१३.४ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म हेलो सरकार कक्षमा दर्ता भएका ७ हजार ७ सय ७० गुनासो मध्ये ५०.० प्रतिशत गुनासो फछ्यौंट भएको छ।

१३.५ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म राष्ट्रिय गौरवका आयोजना तथा प्राथमिकता प्राप्त ४८ वटा आयोजनाको प्राविधिक परीक्षण कार्य भइरहेको छ। आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय प्राथमिकता प्राप्त २४ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरिएको थियो।

१३.६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त उजुरीका सङ्ख्या १८ हजार ७ सय ५९ (अघिल्लो आर्थिक वर्षबाट सरेर आएका ८ हजार ९३ उजुरी समेत गरी) रहेको छ। यस मध्ये ५४.३२ प्रतिशत उजुरी फछ्यौंट भएका छन्। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो उजुरी सङ्ख्या १८ हजार ६० र उजुरीको फछ्यौंट ४६.४७ प्रतिशत रहेको थियो।

१३.७ सार्वजनिक निकायबाट हुने अनियमितता, ढिलासुस्ती र भ्रष्टाचार सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रमा परेका आर्थिक वर्ष २०७७/७८ को २५० र आर्थिक वर्ष २०७८/७९ को फागुनसम्मका ४४६ गरी जम्मा ६९६ उजुरी मध्ये ३८३ उजुरी फछ्यौंट भएको छ।

१३.८ सरकार वादी मुद्दाको कारबाही प्रक्रिया एवं विद्यमान कानूनी व्यवस्थाको प्रचारप्रसार गर्नुका साथै कानून कार्यान्वयन र अपराधको रोकथाममा समुदायको भूमिकाको बारेमा जानकारी दिन "समुदायमा सरकारी वकील" कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिएको छ।

प्रशासन

१३.९ आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म १० वटा निकायको व्यवस्थापन परीक्षण सम्पन्न गरिएको छ। गत आर्थिक वर्ष २०७७/७८ मा जम्मा ६ वटा निकायमा व्यवस्थापन परीक्षण गरिएको थियो।

१३.१० चालु आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म नुवाकोट, धादिङ, रूपन्देही र नवलपरासी जिल्लाका जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय लगायतका १२ वटा निकायमा सेवाग्राही सन्तुष्टि सर्वेक्षण सम्पन्न गरिएको छ।

१३.११ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म संघका विभिन्न निकायमा विभिन्न सेवा समूह र श्रेणीका ३ हजार ८ सय ४ दरवन्दी थप भई ५२ हजार ९ सय २६ कायम भएको छ।

तालिका १३(क): हालसम्मको सेवागत सङ्घीय दरवन्दी विवरण

क्र. सं.	सेवा	२०७८ असारसम्म	२०७८ फागुनसम्म	थप/घट दरवन्दी
क	**निजामती सेवा तर्फ**			
१	नेपाल आर्थिक योजना तथा तथ्यांक	३५४	३२८	-२६
२	नेपाल इन्जिनियरिङ्ग	८११०	९५२५	१४१५
३	नेपाल कृषि	११८७	११९७	१०
४	नेपाल न्याय	५३१६	५३१४	-२
५	नेपाल परराष्ट्र	२९५	३५८	६३
६	नेपाल प्रशासन	२५६०५	२६९११	१३०६
७	नेपाल लेखापरीक्षण	५०१	५३४	३३
८	नेपाल वन	१८५५	१९५०	९५
९	नेपाल विविध	२३३९	२७४८	४०९
१०	नेपाल शिक्षा	९७३	१०२४	५१
११	नेपाल व्यवस्थापिका संसद	३३५	३८२	४७
	निजामती तर्फको जम्मा	**४६८७०**	**५०२७१**	**३४०१**
ख	**नेपाल स्वास्थ्य सेवा**	२२५२	२६५५	४०३
कुल जम्मा		**४९१२२**	**५२९२६**	**३८०४**

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

१३.१२ सरकारी सेवामा महिला कर्मचारीको सङ्ख्या वृद्धि हुँदै गएको छ। २०६५ असारसम्म निजामती सेवामा महिलाको सहभागिता १२.० प्रतिशत रहेकोमा २०७८ फागुनसम्म २७.२ प्रतिशत पुगेको छ। संवैधानिक पदाधिकारीतर्फ महिलाको सहभागिता ७.८ प्रतिशत रहेको छ।

तालिका १३(ख): सेवाको आधारमा महिला/पुरुष निजामती कर्मचारी* विवरण

सेवा	सङ्ख्यामा			प्रतिशतमा		सेवागत प्रतिशत
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	
नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा	३२७	४९	३७६	८६.९७	१३.०३	०.४३
नेपाल कृषि सेवा	३१८२	७१४	३८९६	८१.६७	१८.३३	४.५०
नेपाल प्रशासन सेवा	२५५५७	५०६३	३०६२०	८३.४७	१६.५३	३५.३७
नेपाल वन सेवा	४४०४	६१२	५०१६	८७.८०	१२.२०	५.७९
नेपाल शिक्षा सेवा	१५३९	४४८	१९८७	७७.४५	२२.५५	२.२९
नेपाल स्वास्थ्य सेवा	१३२४१	१२५८९	२५८३०	५१.२६	४८.७४	२९.८३
नेपाल विविध सेवा	२०७५	१५५८	३६३३	५७.१२	४२.८८	४.२०
नेपाल ईन्जिनियरिङ्ग सेवा	८८३८	१५७१	१०४०९	८४.९१	१५.०९	१२.०२
नेपाल न्याय सेवा	३१०८	८०६	३९१४	७९.४१	२०.५९	४.५२
नेपाल परराष्ट्र सेवा	२१९	६४	२८३	७७.३९	२२.६१	०.३३
नेपाल लेखा परीक्षण सेवा	३१७	६५	३८२	८२.९८	१७.०२	०.४४
व्यवस्थापिका-संसद सेवा	१९३	४३	२३६	८१.७८	१८.२२	०.२७
जम्मा	**६३०००**	**२३५८२**	**८६५८२**	**७२.७६**	**२७.२४**	**१००**
संवैधानिक पदाधिकारी	**३२१**	**२७**	**३४८**	**९२.२४**	**७.७६**	
कुल सङ्ख्या	**६३३२१**	**२३६०९**	**८६९३०**	**७२.८४**	**२७.१६**	

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,२०७८ *सङ्घमा र समायोजन भई प्रदेश तथा स्थानीय तहमा कार्यरत समेत

१३.१३ आर्थिक वर्ष २०७७/७८ मा समावेशी समूहबाट २० व्यक्तिले निजामती सेवा प्रवेश गरेका छन्।

तालिका १३(ग): समावेशी तथा खुला विज्ञापनबाट सिफारिस भएका उम्मेदवारको अनुपात

आर्थिक वर्ष	समावेशी विज्ञापनबाट सिफारिस							खुला विज्ञापनबाट सिफारिस*	खुला: समावेशी अनुपात
	महिला	आ.ज.	मधेसी	दलित	अपाङ्ग	पि.क्षे.	जम्मा		
२०७७/०७८	९	६	२	१	२	०	२०	२८	१:०.७१
२०७६/०७७	३९	२६	२४	७	३	४	१०३	१३०	१:०.७९
२०७५/०७६	६२५	५०९	४०९	१६८	९५	७७	१८८३	२३९४	१:०.७९
२०७४/०७५	१०८८	८५८	७११	२९२	१६३	१३२	३२४४	४००७	१:०.८१
२०७३/०७४	१३८३	१०२६	९०१	३८५	१८९	१४२	४०२६	५२७३	१:०.७६
२०७२/०७३	७९७	६२९	५०३	२१३	१०१	९५	२३३८	३३००	१:०.७१
२०७१/०७२	६३९	५४७	४५४	१६८	९५	७६	१९७९	२७८३	१:०.७१
२०७०/०७१	६२६	५०९	३८४	१७३	९१	७१	१८५४	२७६७	१:०.६७
२०६९/०७०	३७२	३१८	२५४	१०६	५१	३५	११३६	१७०७	१:०.६७
२०६८/०६९	३५२	२८०	२१२	९९	४०	३०	१०१३	१८०५	१:०.५६
२०६७/०६८	४७१	३७१	३००	१०५	५९	४३	१३४९	२४८७	१:०.५४
२०६६/०६७	४९५	३६८	३१९	१४२	६४	४३	१४३१	२०८०	१:०.६९
२०६५/०६६	११७	९४	९१	३६	१५	१२	३६५	८४०	१:०.४३
२०६४/०६५	३६६	२४५	१८३	८४	३३	१७	९२८	२२२८	१:०.४२
कुल जम्मा	**७३७९**	**५७८६**	**४७४७**	**१९७९**	**१००१**	**७७७**	**२१६६९**	**३१८२९**	

* *आन्तरिक प्रतियोगितात्मक विज्ञापन तर्फको सिफारिस सङ्ख्या समावेश नभएको*

स्रोतः लोक सेवा आयोग, २०७७

शान्ति, सुरक्षा र विपद् व्यवस्थापन

१३.१४ समुदाय प्रहरी साझेदारी कार्यक्रम ३२ हजार ४ सय ८० स्थानमा सञ्चालन भई यसबाट ३० लाख ३८ हजार ३ सय ९५ जना लाभान्वित भएका छन्।

१३.१५ २०७८ असारसम्म सवारी दुर्घटना न्यूनीकरण तथा सुरक्षित यात्राको लागि ट्राफिक सञ्चार एप्स निर्माण गरी १९ ट्राफिक प्रहरी चेकप्वाईन्ट प्रयोगमा ल्याइएको छ।

१३.१६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सीमा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन भारततर्फ थप ३ वटा सीमा सुरक्षा पोष्ट (BOP) स्थापना भएका छन्। हालसम्म नेपाल-भारततर्फ २२० र नेपाल-चीन सीमा इलाकामा ८ गरी जम्मा २२८ सीमा सुरक्षा पोष्ट स्थापना भएको छ।

१३.१७ नेपाल भित्रिने र बाहिरिने सबै विदेशीको जैविक सूचना सहितको (Biometric) विवरण राख्न नेपाली पोर्ट नामक अध्यागमन सूचना प्रणाली कार्यान्वयनमा ल्याइएको छ। विदेशस्थित सबै कूटनीतिक नेपाली नियोगबाट समेत नेपाली पोर्ट मार्फत भिसा जारी गर्न शुरू गरिएको छ।

१३.१८ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म २,००४ जनाले व्यवसायिक भिसा लिएका छन्। आर्थिक वर्ष २०७७/७८ मा यस्तो सङ्ख्या १,९२३ रहेको थियो।

१३.१९ विपद् पूर्व तयारी तथा प्रतिकार्यको सुदृढीकरणका लागि आर्थिक वर्ष २०७७/७८ मा थप १७ स्थानमा स्थापना गरी ७० आपतकालीन कार्य सञ्चालन केन्द्र सञ्चालनमा ल्याइएको छ।

सम्पत्ति शुद्धीकरण निवारण

१३.२० सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) र पूरक कार्ययोजना, २०७७ को कार्यान्वयनमा निकायगत सक्रियता बढेको छ। कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागको सङ्गठन संरचना पारित भई स्थापना भएको छ।

१३.२१ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म वित्तीय जानकारी इकाईमा १,५५६ वटा शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदन प्राप्त भएकोमा ४६४ वटा प्रतिवेदन उपर विश्लेषण भएको छ। यसमध्ये २ सय ६५ वटा अभिलेखीकरण गरेको र १ सय ९९ वटा विश्लेषण प्रतिवेदन अनुसन्धानका लागि विभिन्न अनुसन्धानकारी निकायमा सम्प्रेषण भएको छ।

१३.२२ वित्तीय जानकारी इकाईमा रहेका सूचनालाई सम्भावित जोखिमबाट बचाउन डाटा रिकभरी प्रणालीलाई सरकारी एकीकृत तथ्याङ्क केन्द्र (GIDC) मा आबद्ध गरिएको छ। goAML Production Environment मा थप १२ जीवन बीमा कम्पनीलाई आबद्ध गरिएको छ। साथै, goAML Test Environment मा बीमा कम्पनी, धितोपत्र व्यवसायी, विप्रेषण कम्पनी, सहकारी, लघुवित्त कम्पनीलाई आबद्ध गरिएको छ।

१३.२३ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा ९५ उजुरी दर्ता भएकोमा १२ जना प्रतिवादी उपर रू.२५ करोड ८३ लाख बिगो दाबी र रू.५१ करोड ६६ लाख ६ हजार ६ सय जरिवाना मागदावी बिगो कायम गरी विशेष अदालतमा २ वटा मुद्दा दायर गरिएको छ।

राजस्व चुहावट नियन्त्रण

१३.२४ राजस्व अनुसन्धान विभागबाट आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म राजस्व चुहावटसम्बन्धी १,००९ उजुरी दर्ता भएकोमा २०२ वटा उजुरी उपर विस्तृत अनुसन्धान भई ८ अर्ब ८४ करोड ७ लाख बिगो कायम गरी मुद्दा दायर गरिएको छ।

१३.२५ आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म विदेशी मुद्रा अपचलनतर्फ ६० उजुरी दर्ता भएकोमा ३९ उजुरी उपर विस्तृत अनुसन्धान भई ३१ उजुरी उपर रू. ३२ करोड ३७ लाख बिगो कायम गरी मुद्दा दायर गरिएको छ।

१४. कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रको पुनरूत्थानका प्रयासहरू

१४.१ कोभिड-१९ को कारण पछिल्ला २ वर्षमा अर्थतन्त्र प्रभावित बन्न पुगेकोमा कोभिड-१९ को प्रभाव क्रमशः घट्दै गएसँगै चालु आर्थिक वर्षमा भने आर्थिक गतिविधि विस्तार हुँदै गएका छन्। फलस्वरूप, चालु आर्थिक वर्षमा नेपालको अर्थतन्त्र ५.८४ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। कोभिड-१९ को प्रभाव घटेसँगै जनजीवन सहज बनेको छ। उद्योग व्यवसायहरू पूर्ण रूपमा सञ्चालनमा आएका छन्। शैक्षिक संस्थामा पठनपाठन पूर्णरूपमा सञ्चालनमा आएको छ। यातायात क्षेत्रमा रहेको अवरोध हटेको छ भने पर्यटक आगमनमा समेत वृद्धि हुँदै गएको छ। वैदेशिक रोजगारमा जाने नेपाली कामदारको सङ्ख्यामा वृद्धि भएको छ। वस्तु तथा सेवाको मागमा वृद्धि भएको छ। समष्टिगत माग बढेसँगै वस्तु आयातमा निरन्तर वृद्धि हुँदै गएको छ। आयातमा भएको उच्च वृद्धिको कारण चालु खाता घाटा हालसम्मकै उच्च रहेको छ भने शोधनान्तर स्थिति समेत उच्च घाटामा रहेको छ। विदेशी विनिमय सञ्चिति घटेको छ। फलस्वरूप, बाह्य क्षेत्रमा थप दबाब सिर्जना हुँदै गएको छ।

कर छुट

१४.२ बीस लाख रूपैयाँसम्मको कारोबार वा दुई लाख रूपैयाँसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा नब्बे प्रतिशत छुट प्रदान गरिएको।

१४.३ आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने बीस लाख रूपैयाँदेखि पचास लाख रूपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७७/७८ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट दिइएको।

१४.४ एक करोड रूपैयाँसम्मको व्यावसायिक कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पचास प्रतिशतले छुट प्रदान गरिएको।

१४.५ होटल, ट्राभल, ट्रेकिङ्ग, चलचित्र व्यवसाय (निर्माण, वितरण तथा प्रदर्शन), पार्टी प्यालेस, सञ्चार गृह (मिडिया हाउस), यातायात वा हवाई सेवाको एक करोड रूपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७७/७८ मा आयकर ऐन, २०५८ बमोजिमको करयोग्य आयमा एक प्रतिशत मात्र कर लाग्ने व्यवस्था गरिएको।

१४.६ उपदफा (४) बमोजिमको व्यवसायमा आय वर्ष २०७६/७७ र २०७७/७८ मा नोक्सानी भएको रहेछ भने आयकर ऐन, २०५८ को दफा २० को उपदफा (१) बमोजिम त्यस्तो नोक्सानी कट्टी गर्न पाउने अवधिमा तीन वर्ष थप हुने व्यवस्था गरिएको।

१४.७ औषधी उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थको पैठारीमा मूल्य अभिवृद्धि कर छुट दिई त्यस्तो वस्तु स्वदेशी उद्योगवाट खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था गरिएको।

१४.८ सेनिटाइजरको कच्चा पदार्थको रूपमा प्रयोग हुने आन्तरिक उत्पादनको इथानोलमा छुट दिइएको।

१४.९ व्यावसायिक कारोबारमा लाग्ने आयकरमा कर छुट उपलब्ध गराइएको।

१४.१० नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोभिड-१९ सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम कर योग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था गरिएको।

भन्सार छुट

१४.११ कोभिड-१९ को रोकथाम तथा नियन्त्रण र उपचारको लागि स्वीकृत मापदण्ड अनुसार सूचीकृत औषधी, स्वास्थ्य सामग्री र स्वास्थ्य उपकरण पैठारी गर्दा लाग्ने सम्पूर्ण महसुल छुट दिइएको।

१४.१२ लघु, घरेलु तथा साना उद्योग, कृषि, पशुपन्छी पालन, पशु उपचार र मास्क बनाउने उद्योगले पैठारी गर्ने मेशिनरी तथा कच्चा पदार्थ एवं कृषि फर्म तथा कम्पनीले पैठारी गर्ने कृषि यन्त्र उपकरण तथा धान, मकै, गहुँ र तरकारीको बीउ पैठारी गर्दा लाग्ने भन्सार महसुल छुट दिइएको।

शुल्क मिनाहा तथा छुट

१४.१३ सार्वजनिक संस्थानबाट विभिन्न सेवाको शुल्कमा छुट तथा मिनाहा जस्तै, गार्हस्थ उपभोक्तालाई वितरण हुने मासिक २० हजार लिटरसम्मको खानेपानी महसुल छुट, निषेधाज्ञा अवधिभर खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ्ग कम्पनीबाट बिक्री हुने चामल, पिठो, दाल, नुन, खाने तेल, चिनी तथा खाना पकाउने ग्याँसको बिक्री मूल्यमा २० प्रतिशत छुट दिइएको।

१४.१४ निषेधाज्ञा अवधिभर घरायसी तथा साना विद्युत उपभोक्ताहरूलाई विद्युत उपभोगको आधारमा छुट दिइएको।

१४.१५ उत्पादनमूलक उद्योग, होटल तथा चलचित्र उद्योगलाई निषेधाज्ञा अवधिभरको विद्युत डिमाण्ड शुल्क छुट दिइएको।

१४.१६ कोभिड-१९ वाट प्रभावित विभिन्न व्यवसायले तिर्नुपर्ने इजाजत तथा नवीकरण दस्तुर छुट दिई स्वतः नवीकरण हुने व्यवस्था गरिएको छ।

कर्जा सुविधा

१४.१७ कोभिड-१९ प्रभावित व्यवसायीलाई नेपाल राष्ट्र बैङ्क मार्फत पाँच प्रतिशत ब्याजदरमा पुनर्कर्जा सुविधा प्रदान गरिएको छ जसका लागि नेपाल सरकारले ब्याज अनुदान उपलब्ध गराएको र यो कार्यक्रमलाई निरन्तरता दिइएको।

१४.१८ कोभिड-१९ बाट प्रभावित घरेलु तथा साना मझौला एवं पर्यटन व्यवसायका श्रमिक र कर्मचारीको पारिश्रमिक भुक्तानी तथा व्यवसाय सञ्चालनमा निरन्तरताको लागि नेपाल राष्ट्र बैङ्क मार्फत प्रवाह गरिएको व्यावसायिक निरन्तरता कर्जामा नेपाल सरकारले ब्याज अनुदान प्रदान गरेको र यो कार्यक्रमलाई निरन्तरता दिइएको।

भत्ता सुविधा

१४.१९ कोभिड-१९ को पहिचान, निदान र उपचार, एम्बुलेन्स सेवा सञ्चालन, शव व्यवस्थापनमा प्रत्यक्ष रूपमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, सरसफाइकर्मी र सुरक्षाकर्मीलाई ६ महिनासम्म शुरू तलबस्केलको ५० प्रतिशत जोखिम भत्ता प्रदान गरिएको।

१४.२० कोभिड-१९ को उपचार, रोकथाम र नियन्त्रणका लागि खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र अन्य व्यक्तिहरूको कोरोना बीमाको दायित्व शुल्क (premium) सरकारले व्यहोरेको।

कर्जा पुनर्तालिकीकरण र पुनसँरचना

१४.२१ कोभिड-१९ महामारीबाट अति प्रभावित क्षेत्रमा प्रवाह गरिएको कर्जाको हकमा ऋणीको परियोजना वा व्यवसायमा परेको प्रभाव तथा वित्तीय अवस्थाको मूल्याङ्कन गरी कर्जाको पुनर्तालिकीकरण र पुनसंरचना गर्न सकिने व्यवस्था गरिएको।

१४.२२ कोभिड-१९ बाट अति प्रभावित उद्योग व्यवसायलाई सुचारू गर्न ऋणीको आवश्यकता र उद्योग व्यवसायको सम्भाव्यताको विश्लेषणको आधारमा थप चालु पुँजी कर्जा प्रवाह गर्न सकिने व्यवस्था गरिएको।

१४.२३ निषेधाज्ञा अवधिको २०७८ असारसम्म भुक्तानी गर्नुपर्ने EMI/EQI वा अन्य साँवा ब्याज भुक्तानी गर्न नसकेका ग्राहकहरूको वित्तीय स्थिति मूल्याङ्कन गरी २०७८ पुष मसान्तसम्म भुक्तानी म्याद थप गर्न सक्ने व्यवस्था गरिएको।

१४.२४ कोभिड-१९ को बाट अति प्रभावितमध्ये होटल, ट्राभल, ट्रेकिङ र हवाई सेवा लगायत बाह्य पर्यटकमा निर्भर रहनुपर्ने व्यवसायी ऋणीको हकमा २०७९ असार मसान्तसम्म पाक्ने ब्याज छुट्टै हिसाबमा राख्ने व्यवस्था र यस्तो रकममा थप हर्जाना र पेनाल ब्याज नलाग्ने व्यवस्था गरिएको।

१४.२५ बैङ्क तथा वित्तीय संस्थाहरूले कर्जा प्रदान गरेको ऋणी फर्म कम्पनी वा संस्था लगातार २ वर्षसम्म खुद नोक्सानीमा रहेमा सुक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्नुपर्ने व्यवस्थालाई परिवर्तन गरी लगातार ३ वर्षसम्म खुद नोक्सानीमा रहेमा मात्र सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्नुपर्ने व्यवस्था गरिएको।

१४.२६ बैङ्क तथा वित्तीय संस्थाहरूले कर्जा प्रवाह गरेका ऋणीहरूमध्ये कोभिड-१९ को कारण वित्तीय अवस्था तथा नगद प्रवाहमा नकारात्मक असर परेका ऋणीहरूलाई बैङ्क तथा वित्तीय संस्था स्वयंले विश्लेषण गरी किस्ता रकम घटाई भुक्तानी अवधि थप गर्न सकिने व्यवस्था गरिएको।

विपन्न वर्ग कर्जा गणनामा लचकता

१४.२७ कोभिड-१९ को कारण पर्यटन क्षेत्रमा रोजगारी गुमाएका व्यक्ति स्वरोजगार हुनेगरी व्यवसाय सञ्चालन गर्न प्रवाह हुने रू.१५ लाखसम्मको कर्जा दिने व्यवस्था गरिएको।

१४.२८ ऋणी स्वयं रोजगार हुने उद्देश्यले सवारी साधन खरिद गर्न प्रवाह हुने रू.२५ लाखसम्मको कर्जा दिने व्यवस्था गरिएको।

१४.२९ महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाहरूको धितोमा प्रवाह हुने रू.२० लाखसम्मको कर्जा दिने व्यवस्था गरिएको।

१४.३० कृषि व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा वास्तविक कृषि व्यवसायीलाई प्रवाह हुने रू.२० लाखसम्मको कर्जा दिने व्यवस्था गरिएको।

अन्य सुविधा

१४.३१ कुनै व्यक्तिले आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले स्थापना गरेको कोरोना सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था गरिएको।

१४.३२ होटल तथा पर्यटन क्षेत्रलाई उद्योग सरहको सुविधा पाउने व्यवस्था गरिएको।

१४.३३ सामाजिक सुरक्षा कोषमा आबद्ध श्रमिक तथा रोजगारदाताले जम्मा गर्नुपर्ने रकममध्ये निषेधाज्ञा अवधिको रकम नेपाल सरकारबाट भुक्तानी गर्ने व्यवस्था गरिएको।

१४.३४ सार्वजनिक खरिद सम्झौताको हर्जाना नलाग्ने गरी म्याद थप गरिएको र बैङ्क ग्यारेन्टीको अवधि बढाउँदा थप दस्तुर नलाग्ने व्यवस्था गरिएको।

१४.३५ पाँच लाख अति विपन्न परिवारलाई रू. १० हजारका दरले नगद अनुदान वितरण गरिएको।

१५. प्रादेशिक आर्थिक तथा सामाजिक स्थिति

१५.१ चालु आर्थिक वर्ष कोभिड-१९ को प्रभाव क्रमशः घट्दै गएकोले प्रदेश र स्थानीय तहका आर्थिक सामाजिक गतिविधि विस्तार हुँदै गएका छन्। फलस्वरूप, चालु आर्थिक वर्ष सबै प्रदेशको आर्थिक वृद्धिदर गत आर्थिक वर्षको तुलनामा बढ्ने अनुमान रहेको छ।

आर्थिक वृद्धि

१५.२ आर्थिक वर्ष २०७७/७८ को अनुमानित कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू. ४८ खर्ब ५१ अर्ब ६२ करोड मध्ये बागमती प्रदेशको अंश सबैभन्दा बढी ३६.९ प्रतिशत र कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान छ।

चार्ट १५(क): राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रतिशतमा)



स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८ * अनुमानित

१५.३ चालु आर्थिक वर्ष प्रायः आर्थिक गतिविधिहरू कोभिड-१९ पूर्वकै अवस्थामा सञ्चालन भएकोले सबै प्रदेशको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०७७/७८ को तुलनामा बढ्ने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ५.८४ प्रतिशत हुँदा प्रदेशगत रूपमा आर्थिक वृद्धिदर सबैभन्दा बढी बागमती प्रदेशको ६.७४ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशको ४.८२ प्रतिशत रहने अनुमान छ।

चार्ट १५(ख): उपभोक्ताको मूल्यमा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशतमा)



	प्रदेश नं. १	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	नेपाल
२०७५/७६	७.१०	८.००	५.५९	६.९३	६.८९	८.४२	६.७३	६.६६
२०७६/७७	०.०३	-२.०३	-५.६९	-०.७१	-०.८४	१.३९	२.००	-२.३७
२०७७/७८	४.३४	३.७७	४.५८	३.७३	४.०६	४.३४	४.२४	४.२५
२०७८/७९*	५.४१	४.८२	६.७४	६.१७	५.३६	५.४७	४.९३	५.८४

स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८ * अनुमानित

१५.४ आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत कुल मूल्य अभिवृद्धिमा कृषि क्षेत्रको योगदान सबैभन्दा बढी मधेश प्रदेशमा ३४.३ प्रतिशत रहेको छ भने सबैभन्दा कम बागमती प्रदेशमा ११.१ प्रतिशत रहेको छ। त्यसैगरी प्रदेशगत मूल्य अभिवृद्धिमा उद्योग तथा सेवा क्षेत्रको योगदान सबैभन्दा बढी बागमती प्रदेशमा ७६.७ प्रतिशत र सबैभन्दा कम ४९.१ प्रतिशत प्रदेश नं.१ मा रहेको छ।

चार्ट १५(ग): आर्थिक वर्ष २०७८/७९ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना



स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, २०७८

१५.५ कृषि क्षेत्रको उत्पादनमा प्रदेश नं.१ को योगदान सबैभन्दा बढी र कर्णाली प्रदेशको सबैभन्दा कम रहेको छ। त्यसैगरी, उत्पादनमूलक उद्योगको उत्पादन बागमती प्रदेशको अंश सबैभन्दा बढी र कर्णाली प्रदेशको अंश सबैभन्दा कम रहेको छ।

चार्ट १५(घ): कृषि र उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत अंश (प्रतिशतमा)





स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०७८

१५.६ चालु आर्थिक वर्षमा बागमती प्रदेशको प्रतिव्यक्ति आय (प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन) सबैभन्दा बढी २४३० अमेरिकी डलर र मधेश प्रदेशको प्रतिव्यक्ति आय सबैभन्दा न्यून ८६८ अमेरिकी डलर रहने अनुमान छ। बागमती र गण्डकी प्रदेशको प्रतिव्यक्ति आय राष्ट्रिय

औसत १३७२ अमेरिकी डलर भन्दा माथि रहेकोमा अन्य सबै प्रदेशको प्रतिव्यक्ति आय राष्ट्रिय औसत भन्दा न्यून रहने अनुमान छ।

चार्ट १५(ङ) : चालु आर्थिक वर्षको प्रदेशगत प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलरमा)



स्रोतः केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क प्रयोग गरी गणना गरिएको।

तालिका १५(क) : प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक

परिसूचक	नेपाल	प्रदेश नं. १	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
प्रशासनिक र जनसाँख्यिक स्थिति[१]								
स्थानीय तहको सङ्ख्या	७५३	१३७	१३६	११९	८५	१०९	७९	८८
जनसङ्ख्या (प्रतिशतमा)	१००	१७.०३	२०.९९	२०.८४	८.४९	१७.५५	५.८१	९.२९
क्षेत्रफल (प्रतिशतमा)	१००	१७.६	६.६	१३.८	१५.३	११.८	२१.६	१३.३
आर्थिक तथा सामाजिक क्षेत्र								
आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) प्रतिशतमा[१]	५.८४	५.४१	४.८२	६.७४	६.१७	५.३६	५.४७	४.९३
गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा) [१]	१००	१५.७	१३.३	३६.९	८.९	१४.१	४.१	७.०
प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा)[१]	१३७२	१२६७	८६८	२४३०	१४३७	११०३	९६४	१०३१
उद्योगको दर्ता सङ्ख्या[२]	८६५६	८०७	५७२	५६१४	७९८	६५६	७९	१३०
लघु, घरेलु तथा साना[२] उद्योगको संख्या	५५५७७६	७६०५९	७८२०४	१७६६८९	५९९८०	९४१३८	२९२४८	४१४५८
उद्योगमा लगानी (रू.अर्बमा)[२]	२५१२.१	५५५.६	१४१.७	९१२.७	५४८.७	१७१.१	१३५.२	४७.२
कम्पनी दर्ता संख्या[३]	२८३३५८	२०८३७	१७५६२	२००२६२	१५७२४	१८७१३	३५२६	५६७७
जलविद्युत उत्पादन (मेगावाट)[४]	२०२३	३२७	२१	१०१६	५६५	३१	११	५२
वन क्षेत्र (प्रतिशतमा)[५]	१००	१७.१६	३.९९	१६.५०	१२.३६	१४.७४	१७.९०	१७.३४
स्थानीय सडक सञ्जाल (कि.मी.)[६]	६४६१७	१३१२९	६००२	१६००१	११५७०	९१३९	३३०१	५४७५
विद्यालय सङ्ख्या[७]	३४३६८	६७५९	४२५८	६५६९	३९८७	५६२२	३११२	४०६१
वित्तीय क्षेत्रः[८]								
बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या	११३४९	१८२८	१७२५	२९२६	१४०५	२१८६	४५१	८२८
प्रतिशाखा जनसङ्ख्या	२५७२	२७२०	३५५१	२०७९	१७६५	२३४४	३७५८	३२७४
बीमकको शाखा संख्या[९]	२९०५	५०६	३८४	८०७	३२१	४२१	१८७	२७९
प्रदेशगत खर्च (रू.करोडमा)[१०]	१८८८३	२७९५	२२५५	३५५९	२५६२	३२१०	२२०४	२२९७
प्रदेशगत राजस्व (रू.करोडमा)[१०]	८७९४	१२४१	१२२६	२५६३	९७३	१२१२	७६७	८१२

स्रोतः १.केन्द्रीय तथ्याङ्क विभाग, २०७९ २.उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७८ ३.कम्पनी रजिष्ट्रारको कार्यालय, २०७८(स्रोत नखुलेको १०५७ कम्पनीलाई कुल संख्यामा समावेश गरिए पनि प्रदेशगत कम्पनी संख्यामा समावेश गरिएको छैन) ४.ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, २०७८ ५.वन तथा वातावरण मन्त्रालय, २०७८ ६.सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८ ७.शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालय, २०७८ ८.नेपाल राष्ट्र बैङ्क, २०७८, ९.बीमा समिति, २०७८ १०.महालेखा नियन्त्रक कार्यलय, २०७८ (खर्च र राजस्वको तथ्याङ्क आर्थिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्कमा आधारित)

प्रदेशगत सार्वजनिक वित्तको आकार

१५.७ आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशले गरेको खर्चको अनुपात सबैभन्दा बढी १२.५६ प्रतिशत र बागमती प्रदेशले गरेको खर्चको अनुपात सबैभन्दा न्यून २.२७ प्रतिशत रहेको छ। कुल गार्हस्थ्य उत्पादनमध्ये कर्णाली प्रदेशको योगदान सबैभन्दा न्यून रहेको र उक्त प्रदेशले गरेको खर्च तुलनात्मकरूपमा उच्च रहेकोले कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा खर्चको अनुपात सबैभन्दा उच्च रहेको हो।

१५.८ आर्थिक वर्ष २०७७/७८ मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको राजस्वको अनुपात सबैभन्दा बढी ४.३७ प्रतिशत र बागमती प्रदेशको राजस्वको अनुपात सबैभन्दा न्यून १.६३ प्रतिशत रहेको छ।

चार्ट १५ (च) : प्रदेशगत राजस्व र खर्चको आकार (सम्बन्धित प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय/केन्द्रीय तथ्याङ्क विभाग, २०७८

प्रदेश र स्थानीय तहमा वित्तीय स्रोतको उपयोग

१५.९ आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल खर्च २१.० प्रतिशतले वृद्धि भई रू.१ खर्ब ८८ अर्ब ८३ करोड पुगेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो खर्च रू.१ खर्ब ५६ अर्ब ११ करोड रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको कुल खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः ३९.९ प्रतिशत, ५९.३ प्रतिशत र ०.७ प्रतिशत रहेको छ।

१५.१० प्रदेश सरकारको पुँजीगत खर्च क्रमशः बढ्दै गएको छ। त्यसैगरी, प्रदेशगत खर्चमा पुँजीगत खर्चको अंश समेत बढ्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल प्रदेशगत खर्च मध्ये

पुँजीगत खर्चको औसत अंश ५९.३४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो अंश ५७.२१ प्रतिशत रहेको थियो।

तालिका १५(ख): प्रदेश सरकारको पुँजीगत खर्चको प्रवृत्ति

विवरण	२०७५/७६			२०७६/७७			२०७७/७८		
	कुल खर्च	खर्च भार	पुँजीगत खर्चको अंश	कुल खर्च	खर्च भार	पुँजीगत खर्चको अंश	कुल खर्च	खर्च भार	पुँजीगत खर्चको अंश
प्रदेश नं. १	२१२०.२९	०.१९	५३.९५	२९८३.३२	०.१९	५९.८९	२७९५.१३	०.१५	५६.७६
मधेश	१५०९.२४	०.१३	५६.०९	१८०१.७२	०.१२	४५.७१	२२५४.५८	०.१२	६१.६७
बागमती	२०६५.२७	०.१८	४६.२६	२७९५.०९	०.१८	५६.११	३५५९.४८	०.१९	५६.२१
गण्डकी	१३९२.८०	०.१२	६२.५९	२०४१.३६	०.१३	६८.५२	२५६२.३४	०.१४	६८.६७
लुम्बिनी	१७०३.४१	०.१५	५९.७२	२५४०.७१	०.१६	५७.९४	३२१०.३०	०.१७	५७.६४
कर्णाली	१००१.६३	०.०९	५४.०६	१६८८.०२	०.११	५६.४९	२२०४.२०	०.१२	६१.५७
सुदूरपश्चिम	१४१६.३४	०.१३	५१.०७	१७६१.२०	०.११	५२.७४	२२९६.८३	०.१२	५४.८७
जम्मा	**११२०८.९९**	**१.००**	**५४.४२**	**१५६११.४०**	**१.००**	**५७.२१**	**१८८८२.८६**	**१.००**	**५९.३४**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

१५.११ पछिल्ला ३ आर्थिक वर्षमा आ-आफ्नो प्रदेशको कुल खर्चमध्ये गण्डकी प्रदेशको पुँजीगत खर्चको अंश सबैभन्दा बढी रहेको छ। आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ मा पुँजीगत खर्च सबैभन्दा कम क्रमशः बागमती प्रदेश र मधेश प्रदेशको रहेको छ भने आर्थिक वर्ष २०७७/७८ मा पुँजीगत खर्चको अंश सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा रहेको छ।

१५.१२ आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको सञ्चित कोष रू.७६ अर्ब ४१ करोडले वचतमा रहेको छ। यस अवधिमा सबै प्रदेशको सञ्चित कोष बचतमा रहेको छ। गण्डकी प्रदेशको सञ्चितकोषको बचत तुलनात्मकरूपमा सबैभन्दा न्यून र बागमती प्रदेशको सबैभन्दा उच्च रहेको छ।

तालिका १५(ग) : आर्थिक वर्ष २०७७/७८ मा प्रदेश सञ्चित कोषको अवस्था (रू. करोडमा)

विवरण	प्रदेश नं.१	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
प्रादेशिक खर्च	**२७९५.१३**	**२२५४.५८**	**३५५९.४८**	**२५६२.३४**	**३२१०.३०**	**२२०४.२०**	**२२९६.८३**	**१८८८२.८६**
राजस्व	१२४१.११	१२२६.०६	२५६३.१८	९७३.३०	१२११.८४	७६६.६९	८१२.२२	८७९४.४०
कर	११२२.४४	११३९.३६	२०७८.१८	८४१.९८	९८४.१९	७५३.८४	७८०.८७	७७००.८५
अन्य	११८.६७	८६.७०	४८५.००	१३१.३३	२२७.६४	१२.८५	३१.३६	१०९३.५५
बेरुजु लगायत अन्य प्राप्ति	२०३.६०	१०९३.४८	१८६१.१०	६२५.९१	९६६.३०	१०९६.२७	७९४.३५	६६४१.०१
अनुदान प्राप्ति	१७६१.०३	१४४३.२८	१६९१.४६	१३९६.८५	१७३७.६६	१४६४.१४	१५४०.३९	११०३४.८१
ऋण लगानी फिर्ता	२७.०६	०.००	२७.०६	०.००	०.००	०.००	०.००	५४.१३
जम्मा प्राप्ति	**३२३२.८०**	**३७६२.८२**	**६१४२.८१**	**२९९६.०६**	**३९१५.७९**	**३३२७.०९**	**३१४६.९६**	**२६५२४.३४**
प्रदेश सञ्चित कोष न्यून(-)बचत/(+)	-४३७.६७	-१५०८.२४	-२५८३.३३	-४३३.७२	-७०५.४९	-११२२.९०	-८५०.१४	-७६४१.४८

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

१५.१३ आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहको खर्च २२.३ प्रतिशतले वृद्धि भई रू.३ खर्ब ९१ अर्ब ४४ करोड पुगेको छ। आर्थिक वर्ष २०७६/७७ मा यस्तो खर्च रू.३ खर्ब २० अर्ब ६ करोड रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहको कुल खर्च मध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च क्रमशः ६० प्रतिशत, ३९.९ प्रतिशत र ०.१ प्रतिशत रहेको छ।

चार्ट १५(छ): स्थानीय तहको खर्च संरचना (स्थानीय तहको खर्चको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

नोटः वित्तीय व्यवस्थातर्फको खर्च अत्याधिक न्यून भएकोले चालु खर्चमा समावेश गरिएको छ।

१५.१४ कुल गार्हस्थ्य उत्पादनमा स्थानीय तहले गरेको खर्चको अनुपात क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०७५/७६ मा ७.९४ प्रतिशत रहेको यस्तो अनुपात २०७७/७८ मा ९.१५ प्रतिशत पुगेको छ।

चार्ट १५ (ज): स्थानीय तहको खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)



स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

१५.१५ आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तहको आन्तरिक राजस्व रू.३५ अर्ब ६२ करोड ७३ लाख र राजस्व बाँडफाँटबाट प्राप्त राजस्व रू.७३ अर्ब ४० करोड गरी कुल राजस्व परिचालन रू.१ खर्ब ९ अर्ब ३ करोड रहेको छ। यस अवधिमा स्थानीय तहमा गत आर्थिक वर्षको नगद मौज्दात र बेरुजु रू. ७५ अर्ब ६२ करोड ५३ लाख रहेको छ।

१५.१६ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म प्रदेश सरकारको कुल खर्च रू.६५ अर्ब ४ करोड रहेको छ। कुल खर्चमध्ये चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्चको अनुपात क्रमशः ५५.५ प्रतिशत, ४४.० प्रतिशत र १.५ प्रतिशत रहेको छ।

१५.१७ चालु आर्थिक वर्षको फागुनसम्म प्रदेशको कुल खर्चमध्ये सबैभन्दा बढी खर्चभार (कुल खर्च १ मान्दा) बागमती प्रदेशको ०.२२७ र सबैभन्दा कम खर्चभार कर्णाली प्रदेशको ०.०९१ रहेको छ।

तालिका १५ (घ): प्रदेश सरकारको खर्च अवस्था * (रू.करोडमा)

प्रदेश	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्था	कुल खर्च	खर्च भार
प्रदेश नं. १	७३०.५७	५२७.७०	०.००	१२५८.२७	०.१९३
मधेश	३९४.०४	२१९.८५	०.००	६१३.९०	०.०९४
बागमती	८१६.९१	५५९.३४	१००.००	१४७६.२५	०.२२७
गण्डकी	३४७.०९	४२९.८३	०.००	७७६.९२	०.११९
लुम्बिनी	५४२.६६	५३९.५३	०.००	१०८२.१९	०.१६६
कर्णाली	३२१.८१	२७०.९३	०.००	५९२.७४	०.०९१
सुदूरपश्चिम	३९१.८६	३११.९३	०.००	७०३.७९	०.१०८
जम्मा	**३५४४.९४**	**२८५९.११**	**१००.००**	**६५०४.०५**	**१.०००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८ *फागुनसम्म

१५.१८ चालु आर्थिक वर्षको फागुनसम्म स्थानीय तहको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २१.५ प्रतिशतले बढेर रू.१ खर्ब ८९ अर्ब ३७ करोड पुगेको छ। कुल खर्चमध्ये

चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको अंश क्रमशः ६९.६ प्रतिशत, ३०.३ प्रतिशत र ०.१ प्रतिशत रहेको छ।

तालिका १५(ङ): स्थानीय तहको खर्च अवस्था (रू. करोडमा)

स्थानीय तह	चालु खर्च	पुँजीगत खर्च	वित्तीय व्यवस्था	कुल खर्च	खर्च भार
प्रदेश नं. १	२३३०.४२	१०३१.८८	२.७५	३३६५.०५	०.१७८
मधेश प्रदेश	२२७५.३२	९९८.४०	२.०४	३२७५.७७	०.१७३
बागमती प्रदेश	२६३३.५०	१७३२.३८	९.४९	४३७५.३७	०.२३१
गण्डकी प्रदेश	१४३६.६१	४७३.५१	०.३५	१९१०.४६	०.१०१
लुम्बिनी प्रदेश	१९६७.६२	७७५.०६	२.३७	२७४५.०५	०.१४५
कर्णाली प्रदेश	१११२.९७	३०७.७८	०.२४	१४२०.९९	०.०७५
सुदूरपश्चिम प्रदेश	१४३३.४८	४१०.१५	०.६६	१८४४.२९	०.०९७
जम्मा	१३१८९.९२	५७२९.१६	१७.९०	१८९३६.९८	१.०००

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७८

१५.१९ कुल खर्चमध्ये बागमती प्रदेशमा रहेका स्थानीय तहको खर्चभार सबैभन्दा बढी ०.२३१ (कुल खर्च १ मान्दा) रहेको छ भने सबैभन्दा कम खर्चभार कर्णाली प्रदेशमा रहेका स्थानीय तहको ०.०७५ रहेको छ।

वित्तीय पहुँच

१५.२० बैङ्क तथा वित्तीय संस्थाको शाखा (लघुवित्त वित्तीय संस्था समेत) ११ हजार ३ सय ४९ मध्ये सबैभन्दा बढी बागमती प्रदेशमा २ हजार ९ सय २६ र सबैभन्दा कम कर्णाली प्रदेशमा ४५१ रहेका छन्। प्रदेशगत रूपमा प्रति शाखा जनसङ्ख्या कर्णाली प्रदेशमा सबैभन्दा बढी र गण्डकीमा सबैभन्दा कम रहेको छ।

तालिका १५(च) : प्रदेशगत रूपमा बैङ्क तथा वित्तीय संस्थाका शाखा (२०७८ फागुन मसान्त)

प्रदेश	वाणिज्य बैङ्क	विकास बैङ्क	वित्त कम्पनी	लघुवित्त	जम्मा	अंश (प्रतिशत)	जनसङ्ख्या** (प्रतिशाखा)
प्रदेश नं १	७५२	१८८	३१	८५७	१८२८	१६.१	२७२०
मधेश	५६४	८४	३६	१०४१	१७२५	१५.२	३५५१
बागमती	१७६७	३०९	१०३	७४७	२९२६	२५.८	२०७९
गण्डकी	५९३	१८६	३५	५९१	१४०५	१२.४	१७६५
लुम्बिनी	७३०	२५०	४३	११६३	२१८६	१९.३	२३४४
कर्णाली	१९७	२१	३	२३०	४५१	४.०	३७५८
सुदूरपश्चिम	३२७	४८	६	४४७	८२८	७.३	३२७४
जम्मा	**४९३०**	**१०८६**	**२५७**	**५०७६**	**११३४९**	**१००.०**	**२५७२**

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०७८ **केन्द्रीय तथ्याङ्क विभाग।

बीमा

१५.२१ बीमकको कुल शाखामध्ये २०७८ फागुनसम्म बागमती प्रदेशमा सबैभन्दा बढी ९१० र कर्णाली प्रदेशमा सबैभन्दा कम १९१ रहेको छ।

तालिका १५(छ) : जीवन तथा निर्जीवन बीमकको शाखा संख्या

प्रदेश	जीवन बीमा	निर्जीवन बीमा	जम्मा
प्रदेश नं. १	३७६	१६५	५४१
मधेश	३२१	१२७	४४८
बागमती	५९७	३१३	९१०
गण्डकी	२३१	१३७	३६८
लुम्बिनी	३६५	१७६	५४१
कर्णाली	१४५	४६	१९१
सुदूरपश्चिम	२५७	७३	३३०
जम्मा	**२२९२**	**१०३७**	**३३२९**

स्रोतः बीमा समिति, २०७८

रोजगारी

१५.२२ प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २०७८ फागुनसम्म १ लाख ८१ हजार ५ सय ७७ जनाले रोजगार पाएका छन्। यसमध्ये सबैभन्दा बढी रोजगारी पाउनेको संख्या सुदूरपश्चिम प्रदेशमा रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको छ ।

तालिका १५(ज): प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण

प्रदेश	स्थानीय तह	कार्यक्रम सञ्चालन गरेका स्थानीय तह	सञ्चालन नगरेका स्थानीय तह	आयोजना सङ्ख्या	रोजगारीमा संलग्न व्यक्तिको सङ्ख्या	रोजगार औसत दिन	जम्मा रोजगार दिन
प्रदेश नं. १	१३७	१३५	२	२९४८	२९१५२	७५	२१९०६०६
मधेश	१३६	१११	२५	१४९८	१६७९३	६२	१०४९०९७
बागमती	११९	११२	७	२६५८	२६१९९	७२	१८९०१९१
गण्डकी	८५	८१	४	१६१४	१४२७४	७३	१०४५०७५
लुम्बिनी	१०९	१०७	२	२७७२	२७८६४	७४	२०६३१९६
कर्णाली	७९	७६	३	२०७९	२९४८२	८८	२५९३८८५
सुदूरपश्चिम	८८	८६	२	२६५०	३७८१३	७७	२९२२३४१
जम्मा	**७५३**	**७०८**	**४५**	**१६२१९**	**१८१५७७**	**७६**	**१३७५४३९१**

स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७८

कृषि र वन

खाद्यान्न बालीको प्रदेशगत उत्पादन स्थिति

१५.२३ आर्थिक वर्ष २०७८/७९ मा धान बालीको कुल उत्पादन ५१ लाख ३० हजार ६ सय २५ मेट्रिक टनमध्ये सबैभन्दा बढी मधेस प्रदेशमा २७.०२ प्रतिशत हुने अनुमान छ। प्रदेश नं. १ र लुम्बिनी प्रदेशमा क्रमशः २४.६३ प्रतिशत र १९.४८ प्रतिशत हुने अनुमान रहेको छ। कर्णाली प्रदेशमा सबैभन्दा कम (कुल उत्पादनको २.४४ प्रतिशत) धान उत्पादन हुने देखिन्छ।

तालिका १५(झ): चालु आर्थिक वर्षमा प्रमुख खाद्यान्न बालीको प्रदेशगत उत्पादन अनुपात

बाली/प्रदेश	धान	मकै	गहुँ	कोदो	जौ	फापर
प्रदेश नं.१	२४.६३	२९.६३	६.८७	२७.८१	५.९२	१९.२२
मधेस	२७.०२	५.८२	२९.१४	०.४९	०.५३	०.०
बागमती	९.९०	२२.४२	८.०९	२०.८१	७.९७	२५.३२
गण्डकी	७.९२	१४.९५	४.६२	३२.४५	९.८५	१५.२०
लुम्बिनी	१९.४८	१४.७६	२४.८६	४.०४	११.१७	२४.७२
कर्णाली	२.४४	८.०५	९.११	७.६२	४१.५७	१४.५९
सुदूरपश्चिम	८.६१	४.३८	१७.३२	६.७८	२२.९८	०.९५
कुल उत्पादन#	**५१३०६२५**	**३१०६३९७**	**२१४४५६८**	**३३९४६२**	**३२१५६**	**१९२९०**

स्रोतः कृषि तथा पशुपन्छी विकास मन्त्रालय, २०७८ # मेट्रिक टनमा

१५.२४ आर्थिक वर्ष २०७८/७९ मा मकै सबैभन्दा बढी प्रदेश नं. १ मा २९.६३ प्रतिशत उत्पादन हुने अनुमान छ। त्यसैगरी गहुँको उत्पादन सबैभन्दा बढी मधेश प्रदेशमा २९.१४ प्रतिशत र कोदोको उत्पादन सबैभन्दा बढी गण्डकी प्रदेशमा ३२.४५ प्रतिशत हुने अनुमान रहेको छ। कर्णाली प्रदेशमा जौको उत्पादन सबैभन्दा बढी (कुल उत्पादनको ४१.५७ प्रतिशत) हुने देखिएको छ।

१५.२५ प्रदेशगत रूपमा नेपालको सबैभन्दा बढी वन क्षेत्र कर्णाली प्रदेशमा १७.९ प्रतिशत रहेको छ भने सबैभन्दा कम मधेश प्रदेशमा ४.० प्रतिशत रहेको छ। प्रदेशको कुल भू-भागको तुलनामा सबैभन्दा बढी वन क्षेत्र सुदूरपश्चिम प्रदेशमा छ भने सबैभन्दा कम मधेश प्रदेशमा रहेको छ।

तालिका १५(ञ) : प्रदेशगत वन क्षेत्रको स्थिति

प्रदेश	प्रदेशको क्षेत्रफल (हेक्टर)	वन क्षेत्र (हेक्टर)	नेपालको कुल वन क्षेत्रको हिस्सा (प्रतिशत)	प्रदेशको कुल भूभागको तुलनामा वनको क्षेत्रफल (प्रतिशत)
प्रदेश नं. १	२५९०५००	११३४२५०	१७.१६	४३.७८
मधेश	९६६१००	२६३६३०	३.९९	२७.२९
बागमती	२०३००००	१०९०८८०	१६.५०	५३.७४
गण्डकी	२१५०४००	८१७२९०	१२.३६	३८.०१
लुम्बिनी	२२२८८००	९७४३८०	१४.७४	४३.७२
कर्णाली	२७९८४००	११८३४००	१७.९०	४२.२९
सुदूरपश्चिम	१९८७४००	११४६११०	१७.३४	५८.६६
नेपाल	**१४७५१६००**	**६६०९९४०**	**१००.००**	**४४.७४**

स्रोतः वन तथा वातावरण मन्त्रालय, २०७८

१५.२६ मधेश प्रदेशमा ८४, प्रदेश नं. १ मा १३ र प्रदेश नं ५ मा ९ गरी कुल १०६ स्थानीय तहमा वन क्षेत्र रहेको छैन। स्थानीय तहहरूमा गाँउपालिकाको तुलनामा समग्रमा नगरपालिकाहरूमा वन क्षेत्र बढी रहेको छ। प्रदेशगत रूपमा कर्णाली प्रदेशको गाउँपालिकाहरूमा वन क्षेत्र सबभन्दा बढी र मधेश प्रदेशमा सबैभन्दा कम रहेको छ।

उद्योग क्षेत्र

१५.२७ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म उद्योगमा भएको लगानीको आधारमा सबैभन्दा बढी लगानी बागमती र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा रहेको छ।

चार्ट १५(झ) : प्रदेशगत रूपमा उद्योगमा लगानीको अवस्था (रू. करोडमा)
(आर्थिक वर्ष २०७८/७९ फागुनसम्म)



स्रोतः उद्योग विभाग, २०७८

१५.२८ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म दर्ता भएका थप उद्योग मध्ये बागमती प्रदेशमा मात्र करिब दुई तिहाई उद्योग रहेका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम उद्योग रहेका छन्। यस अवधिमा बागमती प्रदेशमा ५ हजार ६ सय १४ र कर्णाली प्रदेशमा ७९ उद्योग दर्ता भएका छन्।

१५.२९ आर्थिक वर्ष २०७८/७९ को फागुनसम्म विदेशी लगानी स्वीकृति पाएका उद्योग सबैभन्दा बढी बागमती प्रदेशमा ८२.० प्रतिशत र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा ०.९ प्रतिशत रहेको छ।

तालिका १५(ट): विदेशी लगानी स्वीकृति पाएका उद्योगहरूको प्रदेशगत विवरण (संख्या)

प्रदेश	साना	मझौला	ठूला	*जम्मा
प्रदेश नं. १	६६	४३	२५	१३४
मधेश	८७	३७	४२	१६६
बागमती	३८१२	४२६	१७९	४४१७
गण्डकी	३७७	२९	४६	४५२
लुम्बिनी	४०	१८	१९	७७
कर्णाली	७३	१२	४	८९
सुदूरपश्चिम	४४	१	५	५०
जम्मा	**४४९९**	**५६६**	**३२०**	**५३८५**

स्रोतः उद्योग विभाग, २०७८ *शुरु देखि आर्थिक वर्ष २०७८/७९ फागुनसम्म

१५.३० लघु, घरेलु तथा साना उद्योग सबैभन्दा बढी बागमती प्रदेशमा ३२.० प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ५.० प्रतिशत दर्ता भएको छ। उल्लेखित उद्योगबाट सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रोजगारी सिर्जना भएको अनुमान छ।

तालिका १५(ठ): लघु, घरेलु तथा साना उद्योगहरूको प्रदेशगत विवरण

प्रदेश	उद्योगहरू दर्ताको संख्या (लघु, घरेलु तथा साना)	प्रस्तावित रोजगारी (संख्या)	उद्योग संख्या (प्रतिशतमा)	रोजगारी (प्रतिशतमा)
प्रदेश नं. १	७६०५९	४२३७७९	१४	१४
मधेश	७८२०४	४१३३२५	१४	१४
बागमती	१७६६८९	१०५२६८७	३२	३५
गण्डकी	५९९८०	२९५६१०	११	१०
लुम्बिनी	९४१३८	४९३६८६	१७	१६
कर्णाली	२९२४८	१३३९६५	५	४
सुदूरपश्चिम	४१४५८	१९५३१७	७	६
जम्मा	**५५५७७६**	**३००८३६९**		

स्रोतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, २०७८ *आर्थिक वर्ष २०७८/७९ फागुनसम्म

१५.३१ प्रदेशगत रूपमा बागमती प्रदेशमा सबैभन्दा बढी ७१.१ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा १.२ प्रतिशत कम्पनी दर्ता भएका छन्।

तालिका १५(ङ): प्रदेशगतरूपमा दर्ता भएका कम्पनीहरूको विवरण

प्रदेश	कम्पनी संख्या	अंश (प्रतिशत)
प्रदेश नं. १	२०८३७	७.४
मधेश	१७५६२	६.२
बागमती	२०१३१९	७१.१
गण्डकी	१५७२४	५.५
लुम्बिनी	१८७१३	६.६
कर्णाली	३५२६	१.२
सुदूरपश्चिम	५६७७	२.०
जम्मा	**२८३३५८**	**१००.०**

स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय, २०७८

१५.३२ घोषणा भएका १०५ औद्योगिक ग्राममध्ये २०७८ फागुनसम्म प्रदेश नं. १ मा ११, मधेश प्रदेशमा ९, बागमती प्रदेशमा १६, गण्डकी प्रदेशमा २८, लुम्बिनी प्रदेशमा २०, कर्णाली प्रदेशमा ६ र सुदूरपश्चिम प्रदेशमा १५ रहेका छन्। बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा ८० औद्योगिक ग्रामको सम्भाव्यता अध्ययनको पूर्व तयारी सम्पन्न भएको छ ।

ऊर्जामा पहुँच

१५.३३ २०७८ फागुनसम्म कर्णाली र सुदूरपश्चिम प्रदेश वाहेक अन्य सबै प्रदेशका ९० प्रतिशत भन्दा बढी जनसख्यामा विद्युतको पहुँच पुगेको छ। यो अवधिसम्म मधेश प्रदेशका ९९.६६ प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। यसैगरी कर्णाली प्रदेशमा केवल ४३.८७ प्रतिशत जनसङ्ख्यामा मात्र विद्युत पहुँच पुगेको छ।

तालिका १५ (ढ): राष्ट्रिय प्रशारण ग्रिडबाट विद्युत पहुँच प्राप्त प्रदेशगत जनसङ्ख्या (प्रतिशतमा)

प्रदेश	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
प्रदेश नं. १	७५.९	८६.३	८२.४३	९६.९५
मधेश	७९.७७	८७.२५	९९.०५	९९.६६
बागमती	९०.३	९५.८३	९४.४४	९५.९१
गण्डकी	८७.३९	८७.४८	९२.७९	९५.६८
लुम्बिनी	८१.०३	८९.०७	९१	९४.९१
कर्णाली	२७.०३	२७.७४	३४.७५	४३.८७
सुदूरपश्चिम	५८.९	६७.३३	६४.६९	७१.०७
नेपाल (वैकल्पिक ऊर्जासहित)	**८८.०**	**९०.०**	**९३.०**	**९४.०**

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०७८ *फागुनसम्म

१५.३४ प्रदेशगत रूपमा २०७८ फागुनसम्म बागमती प्रदेशमा सबैभन्दा बढि १,०१६ मेगावाट क्षमताका आयोजनाहरू र कर्णाली प्रदेशमा सबैभन्दा कम ११ मेगावाट क्षमताका आयोजनाहरू सञ्चालनमा रहेका छन्।

तालिका १५(ण): प्रदेशगत विद्युत उत्पादन क्षमता
(वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट उत्पादित विद्युत बाहेक)

प्रदेश	आर्थिक वर्ष २०७५/७६ सम्म	आर्थिक वर्ष २०७६/७७ सम्म	आर्थिक वर्ष २०७७/७८ सम्म	आर्थिक वर्ष २०७८/७९ फागुनसम्म
प्रदेश नं. १	१३६.२	२३७.५९	२८०	३२७
मधेश	०	०	१३	२१
बागमती	४००.९	४५६	४७२	१०१६
गण्डकी	५१९.८	५११	५२९	५६५
लुम्बिनी	२२.१	२२	३१	३१
कर्णाली	६.३	११	११	११
सुदूरपश्चिम	४३.४	५२	५२	५२
जम्मा	**११२८.७**	**१२८९.५९**	**१३८८**	**२०२३**

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०७८ *फागुनसम्म

१५.३५ २०७८ फागुनसम्म २६ जिल्लामा विद्युतिकरण भएको छ। २०७९ असारसम्ममा थप ८ जिल्ला समेत गरी ३४ जिल्लामा विद्युतिकरणको कार्य सम्पन्न हुनेछ।

तालिका १५(त): विद्युतीकरणको अवस्था

प्रदेश	विद्युतीकरण भइसकेको	चालु आ.व. मा विद्युतीकरण हुने	आगामी आ.व.मा विद्युतीकरण हुने
प्रदेश नं.१	४	१	९
मधेश	८	०	०
बागमती	५	३	५
गण्डकी	४	२	५
लुम्बिनी	५	१	६
कर्णाली	०	०	१०
सुदूरपश्चिम	०	१	८

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०७८ *फागुनसम्म

सडक पहुँच

१५.३६ २०७८ फागुनसम्म प्रादेशिक तथा स्थानीयस्तरमा कच्ची, खण्डस्मित र कालोपत्रे गरी ६४ हजार ६ सय १७ किलोमिटर सडक पुगेको छ। निर्मित सडकमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २४.७६ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम ५.११ प्रतिशत रहेको

छ। सडक घनत्व बागमती प्रदेशमा सबैभन्दा बढी (०.७९ कि.मि. प्रति वर्ग कि.मि) र कर्णाली प्रदेशमा सबैभन्दा कम (०.१२ कि.मि. प्रति वर्ग कि.मि) रहेको छ।

तालिका १५(थ) : प्रादेशिक र स्थानीय सडक सञ्जालको प्रदेशगत सडकको विवरण (किलोमिटर)

प्रदेश	धुलो/कच्ची	ग्रावेल	कालोपत्रे	जम्मा सडक	प्रदेशको अंश (प्रतिशत)	सडक घनत्व (कि.मी. प्रति वर्ग कि.मी)
प्रदेश नं. १	९६९५	२५८८	८४६	१३१२९	२०.३२	०.५१
मधेश	२७४२	२८७४	३८६	६००२	९.२९	०.६२
बागमती	११८४५	२७६५	१३९१	१६००१	२४.७६	०.७९
गण्डकी	९६३२	१२५८	६८०	११५७०	१७.९१	०.५४
लुम्बिनी	५४६८	२७३९	९३२	९१३९	१४.१४	०.४१
कर्णाली	३००२	२०९	९०	३३०१	५.११	०.१२
सुदूरपश्चिम	४०५७	११९६	२२२	५४७५	८.४७	०.२७
जम्मा	**४६४४१**	**१३६२९**	**४५४७**	**६४६१७**	**१००.००**	**०.४४**

स्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

१५.३७ २०७८ फागुनसम्म बागमती प्रदेशमा १ हजार ३ सय ९१ किलोमिटर सडक कालोपत्रे रहेको छ। कर्णाली प्रदेशमा निर्माण भएको सडक मध्ये ९० किलोमिटर मात्र कालोपत्रे रहेको छ। धुलो/कच्ची सडक बागमती प्रदेशमा बढी छ भने मधेश प्रदेशमा कम रहेको छ।

चार्ट १५(ञ) : प्रदेशगत सडकको स्थिति (किलोमिटरमा)



स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

१५.३८ निर्माण भएका सडकमध्ये प्रादेशिक र स्थानीय सडकको अंश करिव वरावर रहेको छ। प्रदेशगत हिसावले लुम्विनी, सुदूरपश्चिम र मधेश प्रदेशमा स्थानीय सडक भन्दा प्रादेशिक

सडक बढी छ भने बागमती, गण्डकी, कर्णाली र प्रदेश १ मा स्थानीय सडकको अंश बढी रहेको छ।

तालिका १५(द): प्रादेशिक र स्थानीय सडक विवरण (किलोमिटर)

सडक/प्रदेश	प्रदेश नं. १	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
प्रादेशिक	६३५०	३३५४	६५२०	४३८३	६२९६	११६३	४१६३	३२२२९
स्थानीय	६७७९	२६४८	९४८१	७१८७	२८४३	२१३८	१३१२	३२३८८
जम्मा	१३१२९	६००२	१६००१	११५७०	९१३९	३३०१	५४७५	६४६१७

स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

१५.३९ २०७८ फागुनसम्म ७३२ स्थानीय तह राष्ट्रिय सडक सञ्जालसँग जोडिएको छ। २१ स्थानीय तह अझैपनि राष्ट्रिय सडक सञ्जालसँग जोडिन सकेका छैनन्।

तालिका १५(ध) : स्थानीय तहको केन्द्रसम्म सडक पहुँच अवस्था

प्रदेश	स्थानीय तह	सडकको पहुँच नपुगेको		सडक पुगेको तर पक्की हुन बाँकी		जम्मा सडक (कि.मि)
		स्थानीय तह	सडकको लम्बाई (कि.मि)	स्थानीय तह	सडकको लम्बाई (कि.मि)	
प्रदेश न. १	१३७	२	४०	५४	१०७९	१११९
मधेश	१३६	०	०	२५	१३९	१३९
बागमती	११९	१	१३	३२	५०९	५२२
गण्डकी	८५	२	६१	११	१८७	२४८
लुम्बिनी	१०९	०	०	३०	२५३	२५३
कर्णाली	७९	१०	२४७	२२	२९७	५४४
सुदूरपश्चिम	८८	६	८६	२६	४७२	५५८
जम्मा	**७५३**	**२१**	**४४७**	**२००**	**२९३६**	**३३८३**

स्रोत : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८

सामाजिक क्षेत्र

शिक्षा

१५.४० प्रदेशगत रूपमा सबैभन्दा बढी विद्यालय प्रदेश नं १ मा १९.७ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ९.१ प्रतिशत रहेको छ। यसैगरी मधेश, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा क्रमशः १२.४ प्रतिशत, १९.१ प्रतिशत, ११.६ प्रतिशत, १६.४ प्रतिशत र ११.८ प्रतिशत विद्यालय रहेका छन्।

तालिका १५(न): प्रदेशअनुसार विभिन्न तहका विद्यालयको विवरण

प्रदेश	जम्मा विद्यालय (एकाई)	सञ्चालित तहअनुसार विद्यालय विवरण					
		आधारभूत (१-५)	आधारभूत (६-८)	आधारभूत (१-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	माध्यमिक (९-१२)
प्रदेश १	६७५९	६७३६	३३८१	६७५०	२०५७	७७८	२०६६
मधेश	४२५८	४२४४	१९५१	४२५६	११०९	४३६	११११
बागमती	६५६९	६४९९	३८७९	६५३४	२८८६	१०२३	२९१५
गण्डकी	३९८७	३९४८	१९१३	३९८१	१२९९	६०६	१३०७
लुम्बिनी	५६२२	५५९७	२७९८	५६१६	१७१९	७०३	१७२९
कर्णाली	३११२	३०७३	१२८५	३१०८	७१४	३१२	७१६
सुदूरपश्चिम	४०६१	४०४१	२०२१	४०६१	१११८	४५२	१११८
जम्मा	**३४३६८**	**३४१३८**	**१७२२८**	**३४३०६**	**१०९०२**	**४३१०**	**१०९६२**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

१५.४१ आधारभूत तह (१-५) मा विद्यालय विद्यार्थी अनुपात सबैभन्दा बढी मधेश प्रदेशमा रहेको छ भने यस्तो अनुपात सबैभन्दा कम प्रदेश नं. १ मा रहेको छ। यसैगरी माध्यामिक तह (९-१०) मा यस्तो अनुपात पनि मधेश प्रदेशमा सबैभन्दा बढी छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको छ।

तालिका १५(प): सामुदायिक विद्यालयमा तहगत विद्यालय, विद्यार्थी र शिक्षक अनुपात
(शैक्षिक वर्ष २०७८)

प्रदेश	विद्यालय विद्यार्थी अनुपात				शिक्षक विद्यार्थी अनुपात			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
प्रदेश नं.१	८२	८४	८८	१५८	१९	२७	२१	६७
मधेश	१९५	१७५	१६९	१७२	४९	६७	४४	८५
बागमती	९२	८८	७६	१६६	१८	२४	१४	५०
गण्डकी	६३	७६	७३	११७	१३	२१	१५	३९
लुम्बिनी	११८	११४	१११	१७६	२४	३३	२४	७३
कर्णाली	८८	१०७	११८	१६७	२६	३५	३३	७५
सुदूरपश्चिम	९६	१०२	१११	१६२	२४	३१	२७	५६
जम्मा	**१०४**	**१०३**	**९९**	**१६०**	**२१**	**३१**	**२२**	**५७**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

१५.४२ सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये सबैभन्दा बढी प्रदेश नं. १ मा १९.७५ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ८.०६ प्रतिशत रहेको छ।

तालिका १५(फ): सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण

तह/प्रदेश		प्रदेश नं १	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
आधारभूत (कक्षा १-५)	स्थायी	१४१५३	८३२०	१३२००	१०६६२	१०४६४	५०३३	६०३९	६७८७१
	अस्थायी	२३५१	१४२७	२५०८	२०३५	१७२७	११३६	११२१	१२३०५
	राहत	३४२९	३६६३	३९९७	१६१५	३६१०	२२४४	३३१३	२१८७१
आधारभूत (कक्षा ६-८)	स्थायी	३३१०	१७५३	१९४७	२४४१	२१२४	९७३	१३३२	१३८८१
	अस्थायी	५००	३०२	४०१	३८१	३१०	२००	२५०	२३४४
	राहत	१७५७	७५०	२२१६	१०७३	१४७८	९८९	१३४६	९६०९
माध्यमिक (कक्षा ९-१०)	स्थायी	२५२८	१६५७	२७८५	२२०९	१९९१	७५८	१०७९	१३००७
	अस्थायी	३४८	२५८	३१५	१९६	३५३	८९	१६८	१७२७
	राहत	१२९९	५६६	१४७३	८७९	१००३	५५१	९८७	६७५८
माध्यमिक (कक्षा११-१२)	स्थायी	०	०	०	०		०	०	०
	अस्थायी	२५५	२२९	४२३	२५७	३३४	१९८	३०४	२०००
	राहत	९२१	५५१	८६७	६३७	७६४	४१९	६४५	४८०४
कुल	**स्थायी**	**१९९९१**	**११७३०**	**१७९३२**	**१५३१२**	**१४५७९**	**६७६४**	**८४५०**	**९४७५८**
	अस्थायी	**३४५४**	**२२१६**	**३६४७**	**२८६९**	**२७२४**	**१६२३**	**१८४३**	**१८३७६**
	राहत	**७४०६**	**५५३०**	**८५५३**	**४२०४**	**६८५५**	**४२०३**	**६२९१**	**४३०४२**
	जम्मा	**३०८५१**	**१९४७६**	**३०१३२**	**२२३८५**	**२४१५८**	**१२५९०**	**१६५८४**	**१५६१७६**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

नोटः माध्यमिक तहको अस्थायी शिक्षक दरबन्दीमा प्राविधिक धार तर्फका प्रशिक्षकहरूको सङ्ख्या समेत गणना गरिएको। नेपाल सरकारबाट तलब भत्ता उपलब्ध गराइएका शिक्षकहरूको सङ्ख्या मात्र समावेश गरिएको।

१५.४३ शैक्षिक सत्र २०७८ मा सबैभन्दा बढी विद्यार्थी मधेश प्रदेशमा र सबै भन्दा कम विद्यार्थी कर्णाली प्रदेशमा रहेका छन्। विद्यालय तहमा अध्ययनरत छात्रा संख्या सबैभन्दा बढी मधेश प्रदेशमा र सबभन्दा कम गण्डकी प्रदेशमा रहेको छ।

तालिका १५(ब): प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण

तह\प्रदेश		प्रदेश नं १	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
आधारभूत	छात्रा	२६५७०२	४११८५२	२८१२६१	११६५३९	३१४४५०	१३५२३०	१९१९३७	१७१६९७१
तह (कक्षा १-५)	छात्र	२८४२९७	४१६१९५	३१९२८५	१३२४०३	३४६४०४	१३५९६२	१९७११९	१८३१६६५
आधारभूत	छात्रा	१३९९०६	१६८२६०	१६३९१४	६९६१२	१५३९०५	६९०९९	१०२९९५	८६७६९१
तह (कक्षा ६-८)	छात्र	१४५२०८	१७२२१५	१७८८३८	७४९७४	१६६०००	६९०२४	१०३३९४	९०९६५३
आधारभूत	छात्रा	४०५६०८	५८०११२	४४५१७५	१८६१५१	४६८३५५	२०४३२९	२९४९३२	२५८४६६२
तह (कक्षा १-८)	छात्र	४२९५०५	५८८४१०	४९८१२३	२०७३७७	५१२४०४	२०४९८६	३००५१३	२७४१३१८
माध्यमिक	छात्रा	९००२७	८८३८२	१०७५८०	४७०३०	९४५४५	४२५६३	६२९३४	५३३०६१
तह (कक्षा ९-१०)	छात्र	९०२२२	९९०६१	१११११६	४७६२९	९५८७२	४१६८८	६०६३४	५४६३०२
माध्यमिक	छात्रा	६५९७४	३९५२०	७८४८३	३७६८१	६५११७	२७२३८	४१३५३	३५५३६६
तह कक्षा (११-१२)	छात्र	५९५६६	३८५३९	७६५०५	३६४८३	६१५६९	२४७७८	३४८१०	३३२२५०
माध्यमिक	छात्रा	१५६००१	१२७९०२	१८६०६३	८४७११	१५९६६२	६९८०१	१०४२८७	८८८४२७
तह (कक्षा ९-१२)	छात्र	१४९७८८	१३७६००	१८७७०१	८४११२	१५७४४१	६६४६६	९५४४४	८७८५५२
	छात्रा	**५६१६०९**	**७०८०१४**	**६३१२३८**	**२७०८६२**	**६२८०१७**	**२७४१३०**	**३९९२१९**	**३४७३०८९**
कुल	**छात्र**	**५७९२९३**	**७२६०१०**	**६८५८२४**	**२९१४८९**	**६६९८४५**	**२७१४५२**	**३९५९५७**	**३६१९८७०**
	जम्मा	**११४०९०२**	**१४३४०२४**	**१३१७०६२**	**५६२३५१**	**१२९७८६२**	**५४५५८२**	**७९५१७६**	**७०९२९५९**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

१५.४४ प्रदेशगत रूपमा आधारभूत तह (कक्षा १-५) को खुद भर्ना दर सबैभन्दा बढी कर्णाली प्रदेश र सबैभन्दा कम मधेश प्रदेशमा रहेको छ। आधारभूत तह (कक्षा ६-८) को खुद भर्ना दर सबैभन्दा बढी सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा रहेकोमा सबैभन्दा कम प्रदेश नं. १ मा रहेको छ। माध्यमिक तह कक्षा (कक्षा ९-१२) को खुद भर्ना दर सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम मधेश प्रदेशमा रहेको छ।

तालिका १५(भ): प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर (शैक्षिक सत्र २०७८)

तह\प्रदेश		प्रदेश नं १	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम	जम्मा
आधारभूत (कक्षा १-५)	छात्रा	९६.४७	९६.४३	९६.४१	९६.४२	९६.४१	९६.३८	९६.५०	९६.५
	छात्र	९७.३४	९७.२८	९७.३३	९७.४६	९७.३५	९७.५८	९७.२४	९७.२
	जम्मा	**९६.९०**	**९६.८५**	**९६.८८**	**९६.९४**	**९६.८८**	**९६.९८**	**९६.८७**	**९६.९**
आधारभूत (कक्षा ६-८)	छात्रा	८१.८४	८९.३४	९४.९६	९७.१८	९८.२०	९८.३८	९८.२२	९३.०
	छात्र	८४.०५	९१.३२	९६.४४	९६.९५	९७.३५	९७.२३	९७.३८	९३.६
	जम्मा	**८२.९५**	**९०.३३**	**९५.७०**	**९७.०७**	**९७.७७**	**९७.८०**	**९७.८०**	**९५.१**
आधारभूत (कक्षा १-८)	छात्रा	८९.१५	९२.८९	९५.७०	९६.८०	९७.३१	९७.३८	९७.३६	९४.४
	छात्र	९०.७०	९४.३०	९६.८९	९७.२१	९७.३५	९७.४०	९७.३१	९५.७
	जम्मा	**८९.९२**	**९३.५९**	**९६.२९**	**९७.००**	**९७.३३**	**९७.३९**	**९७.३४**	**९५.१**
माध्यमिक (कक्षा ९-१०)	छात्रा	८२.४६	६६.०२	८२.२३	७९.७२	७४.४३	७३.५२	७७.५९	७६.५
	छात्र	७९.७९	७१.१५	७८.४९	७९.६१	७१.६६	७०.७५	७७.६४	७५.६
	जम्मा	**८१.१३**	**६८.५८**	**८०.३६**	**७९.६६**	**७३.०५**	**७२.१३**	**७७.६१**	**७६.१**
माध्यमिक (कक्षा ११-१२)	छात्रा	३५.८५	३३.०८	३७.९७	३४.५९	३२.६४	३२.६३	३४.८८	३४.६
	छात्र	३७.२९	३५.२३	३७.४४	३५.७२	३५.२८	३८.७५	४०.९७	३७.१
	जम्मा	**३६.५७**	**३४.१५**	**३७.७०**	**३५.१६**	**३३.९६**	**३५.६९**	**३७.९३**	**३५.८**
माध्यमिक (कक्षा ९-१२)	छात्रा	५९.२	४९.६	६०.१	५७.२	५३.५	५३.१	५६.२	५५.६
	छात्र	५८.५	५३.२	५८.०	५७.७	५३.५	५४.८	५९.३	५६.४
	जम्मा	**५८.९**	**५१.४**	**५९.०**	**५७.४**	**५३.५**	**५३.९**	**५७.८**	**५६.०**

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७८

स्वास्थ्य क्षेत्र

१५.४५ आर्थिक वर्ष २०७८/७९ फागुनसम्म अन्तरङ्ग सेवा लिनेको संख्या १० लाख ९२ हजार ९ सय ६९ मध्ये बागमती प्रदेशमा सबेभन्दा बढी ३ लाख ६६ हजार ३ सय ५५ रहेको छ। यसैगरी यस्तो सेवा लिनेको संख्या कर्णाली प्रदेशमा सबैभन्दा कम ४५ हजार ५ सय २० रहेको छ ।वहिरङ्ग र आकस्मिक सेवा लिनेको संख्या पनि बागमती प्रदेशमा सबैभन्दा बढी रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रहेको छ।

तालिका १५(म) : अस्पताल सुविधा लिएको प्रदेशगत विवरण

प्रदेश/	२०७६/७७			२०७७/७८			२०७८/७९ (फागुनसम्म)		
आ.व.	अन्तरङ्ग	बहिरङ्ग	आकस्मिक	अन्तरङ्ग	बहिरङ्ग	आकस्मिक	अन्तरङ्ग	बहिरङ्ग	आकस्मिक
प्रदेश नं.१	२८४४६८	४९०५९१०	३७०७४६	२८४५१९	४५५९६४४	३४७६०३	३१४२४७	५८२१०८२	५०११८७
मधेश	१५२९८८	४५९१२९८	२१६२०६	८३१२८	४१३०६२६	१८७४२७	७५३१३	३९५९१६६	१९७१९०
बागमती	४८०२४३	७३०६४२०	९९५३८२	३४४५४८	६०००३०९	८१४२५९	३६६३५५	६८८८३५६	१०४१३३४
गण्डकी	११५४१७	२६६५६५९	२४८२४६	९७४८८	२४४००२४	२०२७४६	८८३७५	२५७२११८	२३६४५२
लुम्बिनी	२४३७६३	५३६६९५६	३४९४६५	१७४००२	४९८८०५७	३२६८४४	१५६६१९	५१००९५६	३२१२५७
कर्णाली	४२३४३	१९५०६२८	५६९३२	४२९७७	१९९८४७३	५७६९९	४५५२०	१८६६४६१	६९४६९
सुदूरपश्चिम	२९९८०	२४६३६४९	१४०५९९	४९८४२	२७२६२३३	१५०३८१	४६५४०	२७६६६९६	१६२६७१
कुल	**१३४९२०२**	**२९२५०५१९**	**२३७७५७६**	**१०७६५०४**	**२६८४३३६६**	**२०८६९५९**	**१०९२९६९**	**१९२४०७२२**	**२२९७४२०**

स्रोतः स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७८

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक

१५.४६ आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ सम्म राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत समेटिएका विभिन्न प्रदेशका दुर्गम तथा पहाडी क्षेत्रका २१६ गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरिएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म यस्तो संख्या ११९ रहेको छ।

तालिका १५(य): उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको विवरण

प्रदेश	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९*
प्रदेश नं.१	५	१०	२८	३९
बागमती	३	१२	२७	२०
गण्डकी	३	५	५	६
लुम्बिनी	१	२	२	२
कर्णाली	१३	३६	२८	३८
सुदूरपश्चिम	१	२२	१३	१४
जम्मा	२६	८७	१०३	११९

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०७८ *फागुनसम्म

१५.४७ सबै प्रदेशमा गरी आर्थिक वर्ष २०७८/७९ को फागुन मसान्तसम्म ९३ वृद्धाश्रम सञ्चालनमा रहेका छन्। ती वृद्धाश्रममा महिला १ हजार ३ सय ९८ र पुरुष १ हजार १ सय ६३ गरी जम्मा २ हजार ५ सय ६१ ज्येष्ठ नागरिकले आश्रय लिएका छन्।

तालिका १५(र): ज्येष्ठ नागरिक आश्रम र आश्रितको प्रदेशगत विवरण

प्रदेश	ज्येष्ठ नागरिक आश्रमको संख्या	आश्रित जनसङ्ख्या		
		महिला	पुरुष	जम्मा
प्रदेश नं. १	११	११३	७४	१८७
मधेश	६	८१	१२८	२०९
बागमती	४०	६५७	६३८	१२९५
गण्डकी	१६	३०६	१५१	४५७
लुम्बिनी	११	१५४	११२	२६६
कर्णाली	५	३३	२८	६१
सुदूरपश्चिम	४	५४	३२	८६
जम्मा	**९३**	**१३९८**	**११६३**	**२५६१**

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०७८ *फागुनसम्म

लैङ्गिक उत्तरदायी बजेट

१५.४८ आर्थिक वर्ष २०६४/६५ देखि नेपाल सरकारका सबै मन्त्रालयहरूले लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास गर्दै आएका छन्। पन्ध्रौं योजनाले राज्यका तीनै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने रणनीति लिएबमोजिम प्रदेशमा पनि यो प्रणाली अवलम्बन गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन गर्दा गण्डकी प्रदेशले सबैभन्दा बढि ५४.२७ प्रतिशत तथा सबैभन्दा कम प्रदेश नं.१ ले १४.७२ प्रतिशत विनियोजन गरेको छ। यसैगरी आर्थिक वर्ष २०७८/७९ मा सबैभन्दा बढि गण्डकी प्रदेशले ५८.२२ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशले २७.८५ प्रतिशत विनियोजन गरेको छ।

तालिका १५(ल): प्रदेशगत बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश (प्रतिशत)

प्रदेश	प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट	
	आर्थिक वर्ष २०७७/७८	आर्थिक वर्ष २०७८/७९
प्रदेश नं.१	१४.७२	२९.६२
मधेश	४०.०६	५१.४०
बागमती	२३.७४	२७.८५
गण्डकी	५४.२७	५८.२२
लुम्बिनी	२१.४६	३८.६०
कर्णाली	३६.९०	४२.४१
सुदूरपश्चिम	४७.४३	५१.५८

स्रोतः प्रदेश सरकारको बजेट वक्तव्य

१६. जलवायु परिवर्तन

१६.१ जलवायु परिवर्तन मानव समुदायका लागि ठूलो चुनौतिका रूपमा रहेको छ। जलवायु परिर्वतनबाट विकसित साथै विकाशील मुलुकहरू समेत प्रभावित भएका छन्। जलवायु परिवर्तन अन्तरसम्बन्धित मुद्धा भएकोले यसका लागि विश्वव्यापी साझेदारी र सहकार्य अपरिहार्य रहेको छ।

१६.२ सन् १९९२ मा रियो दि जेनिरियोमा सम्पन्न भएको पृथ्वी सम्मेलनदेखि सन् २०२२ मा संयुक्त अधिराज्यको ग्लास्गोमा भएको पक्ष राष्ट्रहरूको सम्मेलन (कोप-२६) को अवधिसम्म जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकुलनका क्षेत्रहरूमा धेरै काम भएका छन्। जलवायु परिवर्तनका लागि गरिएका अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार हरेक मुलुकले आफ्नो नीति, कानून, योजना तथा बजेटमा जलवायु परिवर्तन न्यूनीकरण र अनुकुलनका कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गर्दै आएका छन्।

१६.३ विश्वको हरित गृह ग्यास उत्सर्जन सन् १९९० मा ३२ अर्ब ६४ करोड ५९ लाख मेट्रिक टन रहेकोमा सन् २०१८ मा यस्तो उत्सर्जन ४८ अर्ब ९३ करोड ९७ लाख मेट्रिक टन पुगेको छ। सन् १९९० देखि २०१८ सम्मको अवधिमा विश्वको हरित गृह ग्यास उत्सर्जन औषत १.६६४४ प्रतिशतले वृद्धि भएको छ ।

चार्ट १६(क): विश्वको हरित गृह ग्यास उत्सर्जनको प्रवृत्ति (सन् १९९० देखि २०१८)



स्रोतः जलवायु परिवर्तन तथ्याङ्क एक्सप्लोर,२०२२

१६.४ क्लाइमेट वाच (Climate Watch) को तथ्याङ्कअनुसार विश्वमा सबैभन्दा बढी हरित गृह ग्यास उत्सर्जन गर्ने देशहरूमा चीन, अमेरिका, भारत, यूरोपियन यूनियन, रसिया, इन्डोनिसिया, ब्राजिल, जापान, इरान, जर्मनी र क्यानाडा पर्दछन् । विश्व कुल हरित गृह ग्यास उत्सर्जनमा चीनको अंश २३.९२ प्रतिशत रहेको छ भने संयुक्त राज्य अमेरिकाको अंश ११.८४ प्रतिशत रहेको छ। सन् २०१३ देखि २०१८ सम्म यी देशहरूको वार्षिक हरित गृह ग्यास उत्सर्जनमा

उतार चढाव देखिएको छ। क्यानाडाको वार्षिक हरित गृह ग्यास उत्सर्जन विगत केही वर्षदेखि न्यून हुँदै आएको छ।

तालिक १६(क): विश्वमा सबैभन्दा बढी हरित गृह ग्यास उत्सर्जन गर्ने देशहरू (वार्षिक ग्यास उत्सर्जन दश लाख मेट्रिक टनमा)

देश/वर्ष	२०१३	२०१४	२०१५	२०१६	२०१७	२०१८
चीन	१११४४.७६	१११५५.७६	१११४९.६८	११२०७.६६	११४०८.२६	११७०५.८१
अमेरिका	५६९०.७९	५७११.१५	५५८६.६९	५६७६.९२	५६१३.६४	५७९४.३५
भारत	२८१६.४९	२९८८.३४	३००२.१७	३०७३.२४	३२०२.८२	३३४६.६३
यूरोपियन यूनियन	३१३६.३४	२९९०.४९	३०४६.३८	३३८७.९७	३४०१.९५	३३३३.१६
रसिया	१८४४.४८	१८४१.२६	१७९१.२१	१९१८.२६	१९३९.२६	१९९२.०८
इन्डोनिसिया	१६३६.१७	२०१६.२८	२०७०.२४	१४५३.२३	१४६६.०५	१७०३.८६
ब्राजिल	१३३५.०२	१३७२.७९	१३५४.२८	१४४३.९८	१४६१.४३	१४२०.५८
जापान	१२८९	१२५१.३२	१२१५.३३	१२२५.६७	१२०३.३२	११५४.७२
इरान	७८१.९५	७९४.१९	७८६.५	७९६.०३	८१४.७९	८२८.३४
जर्मनी	८५४.७	८१४.४३	८१८.२२	८२०.७	८०३.१८	७७६.६१
क्यानाडा	८४१.२१	८४८.१२	८४४.६७	७३१.११	७४५.७४	७६३.४४

स्रोतः जलवायु परिवर्तन तथ्याङ्क एक्सप्लोर,२०२२

१६.५ भूबनोट तथा भौर्गिक विशिष्टताका कारण जलवायु परिवर्तनको दृष्टिकोणबाट नेपाल अत्यन्त जोखिम अवस्थामा रहेको छ। विगत २० वर्षको विषम मौसम घटनाका आधारमा नेपाल विश्वका अति जोखिमयुक्त दश देशहरूमा पर्दछ। विश्वको औषत तापक्रमका तुलनामा नेपालको औषत तापक्रमको वृद्धि उच्च छ। तथापि, विश्वको कुल कार्वन उत्सर्जनमा नेपालले उत्सर्जन गर्ने कार्वनको अंश अत्यन्त न्यून रहेको छ।

१६.६ बाढी पहिरो, हावाहुरी, असिना पानी लगायतका जलवायुजन्य प्राकृतिक प्रकोपजन्य घटनाहरू विगतको तुलनामा बढ्दै गएका छन्। सन् २०११ मा यस्ता २५५ घटना घटेकोमा सन् २०२१ को जुनसम्म यस्तोको संख्या १,०२५ पुगेको छ।

१६.७ जलवायु परिवर्तन तथा वातावरण संरक्षणका लागि नेपाल सरकारले नीतिगत, कानूनी, संरचनागत एवं प्रक्रियागत व्यवस्था गर्दै आएको छ। वातावरण संरक्षण ऐन तथा नियामवली, राष्ट्रिय जलवायु परिवर्तन नीति, राष्ट्रिय वातावरण नीति र १५ औँ राष्ट्रिय योजनाका साथै पेरीस सम्झौतामा उल्लिखित अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू बमोजिम राष्ट्रिय नीति, रणनीति र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

१६.८ साथै, राष्ट्रिय हानी र नोक्सानीको ढाँचा, तेस्रो राष्ट्रिय सञ्चार, खुद-शून्य हरित गृह ग्यास उत्सर्जनको लागि दीर्घकालीन रणनीति, राष्ट्रिय निर्धारित योगदानको कार्यान्वयन योजना, राष्ट्रिय अनुकुलन योजना र जलवायु वित्तीय रणनीति तथा कार्य योजना हाल कार्यान्वयनमा रहेका छन् ।

१६.९ जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकुलनका लागि विभिन्न संस्थागत व्यवस्था गरिएको छ। क्षमता विकास तथा जनचेतना अभिवृद्धि गर्न र विभिन्न निकायहरूसँग उचित समन्वय तथा सहकार्य गर्नका लागि सङ्घीय स्तरमा अन्तर-मन्त्रालय जलवायु परिवर्तन समन्वय समिति र प्रदेशस्तरमा प्रादेशिक जलवायु परिवर्तन समन्वय समिति स्थापना भएको छ। साथै, नौ वटा महत्त्वपूर्ण क्षेत्रहरूमा जलवायु परिवर्तनसम्बन्धी प्राविधिक कार्यहरूको मूल्याङ्कन गर्न, नीति र योजना तर्जुमा गर्न विषयगत कार्य समूहहरू गठन भएका छन्।

१६.१० आर्थिक वर्ष २०६९/७० देखि जलवायु परिवर्तन क्षेत्रमा भएको खर्चको लेखाजोखा गर्न जलवायु परिवर्तन बजेट कोड शुरु भएको छ। वार्षिक बजेट विनियोजनमा जलवायु परिवर्तन सम्बद्ध बजेटको अंश क्रमशः बढ्दै गएको छ। आर्थिक वर्ष २०६९/७० को बजेटमा जलवायु परिवर्तनलाई प्रत्यक्ष लाभ पुग्ने क्षेत्रमा गरिएको विनियोजन ४.४५ प्रतिशत रहेकोमा यस्तो विनियोजन आर्थिक वर्ष २०७८/७९ मा ३९.७८ प्रतिशत पुगेको छ ।

चार्ट १६ (ख) : वार्षिक बजेटमा जलवायु परिवर्तन बजेटको अनुपात (प्रतिशतमा)



स्रोतः अर्थ मन्त्रालय, २०७८

१६.११ आर्थिक वर्ष २०७८/७९ मा उल्लेख्य मात्रामा अन्तर्राष्ट्रिय जलवायु वित्त प्राप्त भएको छ। हरित जलवायु कोषले समकालीन, प्रभावकारी र जलवायुमैत्री सफा खाना पकाउने समाधान (CCS) मार्फत हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने उद्देश्यले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई ४९.२ मिलियन डलर अनुदान स्वीकृत गरेको छ। त्यसैगरी, सरकारले नेपालको गण्डकी नदी जलाधार क्षेत्रमा रहेका संकटासन्न समुदाय र पारिस्थितिकीय प्रणालीको जलवायु उत्थानशीलता सुधार गर्न अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघबाट ३२.७ मिलियन डलर सहयोग प्राप्त भएको छ।

१६.१२ उत्सर्जन घटाउन मद्दत गर्न २०२५ सम्ममा ४५ मिलियन डलरसम्म उपलब्ध हुने गरी नेपाल सरकारले विश्व बैंकको वन कार्बन साझेदारी सुविधासँग सम्झौता गरेको छ। द्विपक्षीय दाताहरूले हरित, उत्थानशील र समावेशी विकासलाई प्रवर्द्धन गर्न ४.३ बिलियन डलरको

प्रतिबद्धता गरेका छन्। साथै, हरित जलवायु कोष मान्यता प्राप्त १०३ संस्थाहरूको सूचीमा राष्ट्रिय प्रकृति संरक्षण कोष थप भएको छ।

१६.१३ संयुक्त अधिराज्यको ग्लास्गोमा भएको पक्ष राष्ट्रहरू (कोप) को २६औँ सम्मेलनमा नेपाल प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सम्माननीय प्रधानमन्त्री सहभागी हुनु भएको छ। साथै, कोप-२६ मा नेपालले सन् २०४५ सम्म कार्बन-नेगेटिभ हुने, सन् २०३० सम्ममा वन फँडानी शुन्यमा राख्ने, कुल क्षेत्रफलको ४५.० प्रतिशतमा वन क्षेत्र विस्तार गर्ने र सन् २०३० सम्ममा संकटासन्नतामा रहेका सबै मानिसहरूलाई जलवायु परिवर्तनबाट सुरक्षित गर्ने प्रतिबद्धता गरेको छ।

१६.१४ उक्त सम्मेलनमा आयोजना भएका अनुकुलन कार्य गठबन्धन, Lowering Emission by Accelerating Forest Finance (LEAF) लिफ गठबन्धन, वन साझेदारी गठबन्धन र उच्च महत्त्वाकांक्षा गठबन्धन लगायतका धेरै जलवायुसम्बन्धी गठबन्धनहरूमा नेपालको सहभागिता रहेको थियो। नेपाल अनुकुलन कार्य गठबन्धनको सचिवालयमा सदस्यका रूपमा रहेको छ।

१६.१५ कोप-२६ सम्मेलनमा अन्तर्राष्ट्रिय विकास साझेदारहरूले नेपाललाई जलवायु परिवर्तनका लागि सहयोग गर्न आर्थिक प्रतिबद्धता समेत गरेका छन्। Nationally Appropriate Mitigation Actions (NAMA) नामा सुविधाले विद्युतीय गतिशीलताका लागि Global Green Growth Initiatives (GGGI) मार्फत १९ मिलियन डलरको सहयोग गर्न प्रतिबद्धता गरेको छ। जलवायू अनुकूलित कृषि क्षेत्र कार्यक्रमका लागि International Fund for Agriculture Development (IFAD) इफाडले कृषि क्षेत्रमा रू.१ करोड ७० लाख अनुदान दिने सहमति गरेको छ।

१६.१६ नेपाल सरकार, विकास साझेदार, निजी क्षेत्र, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू र नागरिक समाजको सहयोगमा अनुकुलन र न्यूनीकरण परियोजनाहरू कार्यान्वयन गरिएका छन्। भौगोलिक सन्तुलन र संकटासन्नताको अवस्थाका आधारमा थप नौ नगरपालिकालाई जलवायु नमूना गाउँको रूपमा छनौट गरिएको छ ।

१६.१७ आर्थिक वर्ष २०७८/७९ मा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमले मुलुकभरका २६ स्थानीय तहमा जलवायु संकटासन्नतामा रहेका नौ लाख मानिसहरूलाई सहयोग गरेको छ।

१६.१८ सबै नगरपालिकाहरूले सात-चरणको स्थानीय विकास योजनाको संयोजनमा स्थानिय अनुकुलन कार्य योजना ढाँचा प्रयोग गरी कार्यान्वयन गर्न १७२ जलवायु उथानशील गतिविधिहरू पहिचान गरेका छन्।

१६.१९ कर्णाली प्रदेशका तीन जिल्लाका सात नगरपालिकामा कार्यान्वयन भइरहेको Climate Change Adaptation for Food Security in Karnali Region (CAFS) कर्णाली परियोजनाको जलवायु अनुकुलन कार्यक्रमहरूका विभिन्न गतिविधिहरू मार्फत जलवायु संकटासन्नतामा रहेका करिब १० हजार

८ सय ५० गरीब घरपरिवारका अनुमानित ६५ हजार ८ सय व्यक्ति लाभान्वित भएका छन्।

१६.२० उक्त परियोजना अन्तर्गतका सिँचाइ योजनाहरूबाट जुम्ला र मुगु जिल्लाका ६०५ घरधुरीले लाभ प्राप्त गरेका छन् भने खानेपानी सहयोगबाट कालिकोट जिल्लाका १२० घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्। त्यसैगरी, कालिकोट र जुम्ला जिल्लामा ६० हजार स्याउको बिरुवा रोपिएको छ।

१६.२१ अनुकुलन कोषबाट सञ्चालित पहाडी क्षेत्रका साना किसानका लागि अनुकुलन परियोजना जलवायु परिवर्तनको संकटासन्नतामा रहेका दैलेख, कालिकोट, सल्यान, पूर्वी रुकुम, पश्चिम रुकुम, जाजरकोट र रोल्पा जिल्लामा सञ्चालनमा रहेको छ। यस कार्यक्रमबाट करिब एक लाख घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन्। यो कार्यक्रमको कार्यन्वयनबाट ५ लाख ६० हजार टन कार्बन डाइअक्साइड उत्सर्जन कमी भएको छ ।

१६.२२ पर्वतीय पारिस्थितिकीय-क्षेत्रमा जलाधारहरूको जलवायु उत्थानशीलता निर्माण गर्ने परियोजनाको कार्यान्वयनबाट ५१ हजार २ सय ७८ मानिसहरू प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । आर्थिक वर्ष २०७८/७९ मा यस आयोजनाले १९ स्थानीय अनुकुलन योजना र आठ एकीकृत उप-जलाधार व्यवस्थापन योजना मार्फत २३ हजार ९ सय ३४ परिवार लाभान्वित भएका छन्। आयोजना अन्तर्गत एक हजार ४६ थप खानेपानीको धारा, ६१९ वटा जलाशययुक्त ट्याङ्की र ४ सय ६३ सिँचाइ पोखरी निर्माण भएका छन्।

१६.२३ एकीकृत जलाधार व्यवस्थापन कार्यान्वयनबाट ८४४ वर्ग किलोमिटर जलाधार विस्तार भएको छ भने १ लाख २१ हजार ६०६ संकटासन्न मानिसहरू लाभान्वित भएका छन्।

१६.२४ मध्य र उच्च पहाडी क्षेत्रहरूमा वन र चरण क्षेत्रहरू बढाउन जलवायु परिवर्तन अनुकूलित कार्यक्रम सञ्चालन गर्न सरकार र स्थानीय समुदायको क्षमतामा सुधार परियोजना शुरू भएको छ। अछाम, सल्यान र दोलखामा लागू भएको यस परियोजनाबाट २ हजार ६ सय २५ परिवारका ५ हजार २ सय ४० महिला तथा संकटासन्नतामा परेका समूह लाभान्वित भएका छन्। रेड कार्यान्वयन केन्द्र मार्फत जलवायु परिवर्तनको जोखिम र संकटासन्नता न्यून गर्न अनुकुलन र विपद् जोखिम न्यूनीकरणमा केन्द्रित २० भूउपयोग योजना तर्जुमा गरिएको छ।

१६.२५ पारिस्थितिक र सामुदायिक उत्थानशीलतालाई बढावा दिन चितवन अन्नपूर्ण ल्याण्डस्केप अन्तर्गत मुस्ताङ, कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, चितवन र नवलपरासीमा तथा तराई आर्क ल्यान्डस्केपमा अन्तर्गत डडेल्धुरा, कञ्चनपुर, कैलाली, बर्दिया, सल्यान, सुर्खेत, बाँके, दाङ, अर्घाखाँची, कपिलवस्तु, रूपन्देही, पाल्पा, नवलपरासी, चितवन, मकवानपुर, बारा, पर्सा र रौतहटमा कार्यक्रम सञ्चालन भएका छन्।

१७. दीर्घकालीन विकास लक्ष्य

अतिकम विकसित मुलुकबाट स्तरोन्नति

१७.१ नेपाल सन् १९७१ देखि अतिकम विकसित राष्ट्रको सूचीमा रहदैं आएकोमा उक्त सूचीबाट स्तरोन्नतिका लागि तेस्रौं योजना अवधिदेखि नै प्रयास हुँदै आएको थियो। अतिकम विकसित मुलुकको श्रेणीबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन आवश्यक तीन मापदण्डमध्ये सन् २०१५, सन् २०१८ र सन् २०२१ मा भएका त्रिवर्षीय समीक्षामा दुईवटा मापदण्ड पूरा गरी स्तरोन्नतिका लागि नेपाल योग्य भएको थियो।

१७.२ संयुक्त राष्ट्रसंघको सन् २०२१ नोभेम्वर २४ को निर्णयअनुसार पाँच वर्षको तयारी अवधि (ग्रेस पिरियड) सहित सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकको श्रेणीबाट विकासशील मुलुकमा स्तरोन्नति हुनेछ।

१७.३ स्तरोन्नतिका लागि निर्धारित तीन मापदण्ड मध्ये नेपालले मानव सम्पत्ति सूचकाङ्क र आर्थिक जोखिम सूचकाङ्कको मापदण्ड पूरा गरेको छ। पूरा भएका मापदण्डमा दिगोपन कायम गर्दै प्रतिव्यक्ति आय मापदण्ड पूरा गर्न थप प्रयास आवश्यक छ।

१७.४ मुलुक निर्धारित अवधिमा स्तरोन्नति हुने भएपछि अतिकम विकसित राष्ट्रको हैसियतले हाल पाइरहेको सुविधा अन्त्य हुँदा सोबाट पर्ने असर न्यूनीकरणका लागि व्यापार विविधिकरण र आन्तरिक क्षमता अभिवृद्धिका रणनीति तथा कार्यक्रम तयार गर्नुपर्नेछ। साथै, निजी क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता र उत्पादकत्व वृद्धि हुने कार्यक्रमहरूमा जोड दिनुका साथै लगानीमैत्री वातावरण सिर्जना गर्न थप प्रयास गर्नुपर्नेछ।

तालिका १७(क): विकासशील मुलुकमा स्तरोन्नतिको मापदण्ड र नेपालको अवस्था

सूचक	सीमा (थ्रेसहोल्ड)	नेपालको अवस्था
प्रतिव्यक्ति आय (अमेरिकी डलर)	१२२२	१०२७
मानव सम्पत्ति सूचकाङ्क	६६ भन्दा वढी	७४.९
आर्थिक जोखिम सूचकाङ्क	३२ भन्दा कम	२४.७

स्रोतः संयुक्त राष्ट्र संघ, २०२१

नोटः आर्थिक वर्ष २०७८/७९ मा नेपालको प्रतिव्यक्ति आय १३७२ अमेरिकी डलर पुगेको अनुमान छ। यद्यपि, संयुक्त राष्ट्रसंघले प्रतिव्यक्ति आय गणना गर्ने विधि फरक भएकोले माथिको तालिकामा राखिएको प्रतिव्यक्ति आयमा केही फरक पर्न सक्नेछ।

दिगो विकास लक्ष्य

१७.५ संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३० सम्म सदस्य राष्ट्रहरूको रूपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछोड्ने प्रतिबद्धताका साथ सन् २०१५

सेप्टेम्बरमा दिगो विकास लक्ष्य घोषणा गरेको थियो। उक्त घोषणा बमोजिम दिगो विकासका १७ लक्ष्य, १६९ परिमाणात्मक लक्ष्य र २३२ विश्वव्यापी सूचक निर्धारण गरिएका छन्।

१७.६ दिगो विकास लक्ष्यमा विश्वका सबै राष्ट्रमा सहभागितामूलक र समतामूलक विकास गरी गरिबी र भोकमरी अन्त्य गर्ने, सबैलाई स्वास्थ्य र शिक्षा पुऱ्याउने लगायतका विषय समेटिएका छन्। यसैगरी, लैङ्गिक समानता, सबैका लागि स्वच्छ पानी, सबैमा स्वच्छ ऊर्जाको पहुँच, रोजगारी प्रवर्द्धन, आर्थिक वृद्धि, औद्योगिक विकास, पूर्वाधार विकास र दिगो शहरीकरण, सुशासन तथा साझेदारी जस्ता विषय समेत समावेश छन्। समग्रमा दिगो विकास लक्ष्यभित्र सामाजिक, आर्थिक र पर्यावरणीय गरी मुख्यतः तीन आयाम रहेका छन्।

१७.७ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रम तथा आयोजनालाई दिगो विकास लक्ष्यअनुसार बजेट साङ्केतीकरण गर्ने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७४/७५ देखि मध्यमकालीन खर्च संरचनामा समेत दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने आयोजनालाई उच्च प्राथमिकता दिइएको छ।

१७.८ दिगो विकास लक्ष्य सम्बन्धमा विभिन्न रणनीति तथा प्रतिवेदन तयार भएका छन्। वि.सं २०७२ सालमा दिगो विकास लक्ष्यको प्रारम्भिक राष्ट्रिय प्रतिवेदन प्रकाशन गरिएको थियो। उक्त प्रतिवेदनलाई अद्यावधिक गरी २०७४ सालमा "नेपालमा दिगो विकास लक्ष्यको वर्तमान अवस्था र भावी कार्ययोजनाः २०१६-२०३०" प्रकाशन गरिएको थियो। यस दस्तावेजले नेपालसँग सम्बन्धित १६ लक्ष्यअन्तर्गत ४७९ सूचक निर्धारण गरी उक्त लक्ष्य हासिल गर्ने मार्ग चित्र प्रस्तुत गरेको छ।

१७.९ दिगो विकास लक्ष्य कार्यान्वयनको आवधिक समीक्षा गर्ने कार्य हुँदै आएको छ। सन् २०१७ मा पहिलो र सन् २०२० मा दोस्रो ऐच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसङ्घीय उच्चस्तरीय राजनीतिक मञ्चमा प्रस्तुत गरिएको थियो। सन् २०१९ सम्मको उपलब्धि समेटिएको दिगो विकास लक्ष्यको पहिलो प्रगति प्रतिवेदन सन् २०२० मा प्रकाशन गरिएको थियो।

१७.१० नेपालमा दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति तयार गरी दिगो विकास लक्ष्य कार्यान्वयन गर्न नेपाललाई चाहिने वित्तीय स्रोतको आँकलन र स्रोतका सम्भाव्य क्षेत्र पहिचान गरिएको छ। यस अनुसार दिगो विकास लक्ष्य कार्यान्वयन गर्न वार्षिक औसत रू.२० खर्ब २५ अर्ब रकम आवश्यक पर्ने अनुमान रहेको छ। उक्त वार्षिक औसत रकममध्ये रू.११ खर्ब ११ अर्ब सरकारी क्षेत्रबाट, रू.७ खर्ब ३९ अर्ब निजी क्षेत्रबाट, रू.८७ अर्ब सहकारी तथा गैरसरकारी क्षेत्रबाट र रू.८८ अर्ब घर-परिवार क्षेत्रबाट लगानी हुनुपर्ने अनुमान छ। सरकारी र निजी क्षेत्रबाट हुने लगानीमा क्रमशः रू.२ खर्ब १८ अर्ब र रू.३ खर्ब ६७ अर्ब गरी वार्षिक औसत रू.५ खर्ब ८५ अर्ब नपुग हुने देखिएको छ।

१७.११ दिगो विकास लक्ष्य कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन नीतिगत, कानूनी तथा संस्थागत संरचना तयार गरिएका छन्। विश्वसनीय र सुदृढ तथ्याङ्क प्रणालीको विकास गर्न तथ्याङ्क ऐनको मस्यौदा तयार भएको र तथ्याङ्क प्रणालीसम्बन्धी राष्ट्रिय रणनीति तयार भई कार्यान्वयनमा आएको छ। त्यस्तै, राष्ट्रिय तथा प्रादेशिक अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन र प्रादेशिक तहका दिगो विकास लक्ष्य सूचकको पहिचान गरी कार्यान्वयनमा ल्याइएको छ।

१७.१२ दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमनको लागि प्रधानमन्त्रीको अध्यक्षतामा उच्चस्तरीय केन्द्रीय निर्देशक समिति, राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा दिगो विकास लक्ष्य कार्यान्वयन तथा अनुगमन समिति तथा राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा विषयगत कार्य समिति गठन भएका छन्। कार्यान्वयन र अनुगमन प्रभावकारी बनाउने उद्देश्यले गरिने सहजीकरण र नियमनका लागि आवश्यक ऐन कानूनको निर्माण र सुधार गर्न सङ्घीय संसदमा दिगो विकास तथा सुशासन समिति क्रियाशील रहेको छ।

तालिका १७ (ख) : दिगो विकास लक्ष्य सूचक

लक्ष्य	दिगो विकास लक्ष्य	सूचक संख्या			
		लक्ष्य	विश्वव्यापी	नेपालका थप	कुल
१	हरेक क्षेत्रमा रहेको सबै स्वरूपहरूको गरिबीको अन्त्य गर्ने	७	१३	१७	३०
२	भोखमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने	८	१४	१८	३२
३	सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने	१३	२८	३२	६०
४	समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने	१०	१२	३२	४४
५	लैङ्गिक समानता कायम गर्ने र सबै महिला र किशोरीलाई सशक्त बनाउने	९	१४	२२	३६
६	सबैको निम्ति खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने	८	११	१४	२५
७	धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने	५	६	९	१५
८	स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने	१२	१६	१४	३०
९	समानुकूलित/उत्थानशील पूर्वाधारहरू निर्माण गर्ने, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन गर्ने र नवप्रवर्तनलाई प्रेरित गर्ने	८	१२	८	२०
१०	देशभित्र तथा देशहरूबीचको असमानता हटाउने	१०	१४	१३	२७
११	शहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, समानुकूलित/उत्थानशील र दिगो बनाउने	१०	१४	१६	३०
१२	दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने	११	१३	१४	२७

लक्ष्य	दिगो विकास लक्ष्य	सूचक संख्या			
		लक्ष्य	विश्वव्यापी	नेपालका थप	कुल
१३	जलवायु परिवर्तन र यसका असरहरूसँग जुझ्न कार्य अघि बढाउने	५	६	१६	२४
१४	दिगो विकासको निम्ति महासागरहरू, समुन्द्रहरू र सामुन्द्रिक स्रोतहरू संरक्षण गर्ने र दिगो रूपमा प्रयोग गर्ने	१०	१०	०	१०
१५	पृथ्वीको भूपरिधिस्तरीय परिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनजङ्गलको दिगो रूपमा व्यवस्थापन गर्ने, वनजङ्गलको विनासलाई रोक्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने	१२	१४	१७	३१
१६	दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच स्थापित गर्ने र सबै तहहरूमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरू निर्माण गर्ने	१२	२४	७	३१
१७	दिगो विकासका लागि कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने र अन्तर्राष्ट्रिय साझेदारीलाई पुनःजीवन्त तुल्याउने	१९	२४	८	३२

स्रोतः राष्ट्रिय योजना आयोग, २०७८

दिगो विकास लक्ष्यको उपलब्धि समीक्षा

१७.१३ दिगो विकासका लक्ष्यका अधिकांश सूचक हासिल हुने मार्गतर्फ नेपाल उन्मुख रहेको देखिन्छ। कतिपय लक्ष्यहरू हासिल गर्न थप प्रयास गर्नुपर्ने र केही लक्ष्य हासिल गर्न निकै कठीन हुने अवस्था समेत देखिएको छ। साथै, कोभिड-१९ को कारण पछिल्ला २ वर्षमा गरिबी, बेरोजगारी लगायतका पक्षहरूमा थप दबाब सिर्जना भएकोले दिगो विकास लक्ष्य हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ।

१७.१४ दिगो विकास लक्ष्य १ अन्तर्गतको गरिबी न्यूनीकरणमा नेपालले गरेको उपलब्धि उल्लेखनीय रहेको छ। प्रतिदिन १.९ अमेरिकी डलर भन्दा कम आम्दानीमा जीवन निर्वाह गर्ने जनसङ्ख्या १५.० प्रतिशत रहेको छ। प्रतिव्यक्ति कुल राष्ट्रिय उपभोग्य आय (GNDI) अपेक्षा गरेभन्दा माथि छ। हाल बहुआयामिक गरिबी सूचकाङ्क १७.४ प्रतिशतमा झरेको छ र राष्ट्रिय गरिबीको रेखामुनी रहेको जनसङ्ख्याको अनुपात १८.६ प्रतिशत छ। सामाजिक सुरक्षाको दायरा भित्र समेटिने जनसङ्ख्या बढेको छ।

१७.१५ लक्ष्य २ अन्तर्गत शून्य भोकमरीको क्षेत्रमा मुलुकले उच्च प्राथमिकता दिएको भए तापनि उपलब्धि न्यून छ। प्रतिव्यक्ति खाद्यान्न उत्पादन सन्तोषजनक भए पनि खाद्य सुरक्षा सूचकाङ्कको अङ्क ४६ छ। विश्वव्यापी भोकमरी सूचकाङ्कले नेपालमा गम्भीर तहको भोकमरीको सङ्केत गर्दछ। पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपन, ख्याउटेपन, कम तौल, रक्तअल्पताको स्थिति खतरापूर्ण रहेकाले कुपोषणको स्थितिमा पनि अपेक्षित सुधार हुन सकेको

छैन। खाद्यान्न उत्पादनको लागि आवश्यक पूर्वाधारमा अपेक्षित उपलब्धि हासिल भएको देखिदैन।

१७.१६ लक्ष्य ३ को स्वस्थ जीवन र समृद्ध जीवनस्तर सम्बन्धमा नगन्य उपलब्धि हासिल भएको छ। दक्ष प्रसुतीकर्मीहरूको सहयोगमा भएको जन्मको अनुपात सन्तोषजनक छ। शिशु तथा नवजात शिशु मृत्युदर क्रमिकरूपमा घट्दै गई प्रति हजार जीवित जन्ममा क्रमशः २५ र १६ मा सीमित भएको छ। बाल मृत्युदर प्रति हजार जीवित जन्ममा २८ रहेको छ। नयाँ एचआईभी सङ्क्रमणको सङ्ख्या पनि घटेको छ। यद्यपि, यस लक्ष्य अन्तर्गतका धेरै सूचकमा सुधार गर्न थप प्रयास गर्नुपर्ने देखिएको छ। क्षयरोग, औलो, कालाजार, डेंगू तथा ट्रकोमाको प्रकोप अझै उच्च रहेको छ। समग्रमा प्रोटोकलअनुसार शिशुको जन्मपूर्व र जन्म पछाडि लिनुपर्ने प्रसुति सेवा, सुत्केरी सेवा, खोप, र स्क्रीनिङ्ग लगायतका आवश्यक स्वास्थ्य सेवाहरूको दायरा जति हुनुपर्ने हो, त्यो दरमा विस्तार भएको छैन। नसर्ने रोगहरूबाट हुने मृत्यु र आत्महत्या दर तुलनात्मकरूपमा उच्च नै छ।

१७.१७ लक्ष्य ४ को समावेशी गुणस्तरीय शिक्षामा दिगो विकासको लक्ष्यमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। प्राथमिक तहको खुद भर्ना दर करिब ९७.० प्रतिशत रहेको छ। कक्षा निरन्तरता दिने दरमा सुधार भएको छ। फलस्वरूप, कक्षा ८ सम्मको टिकाउ दर ८५.१ प्रतिशत र कक्षा १० सम्मको टिकाउ दर ६६.१ प्रतिशत पुगेको छ। यद्यपि, यो सुधार अपेक्षा गरेभन्दा कम छ। छात्राहरूको भर्ना अनुपात र प्राविधिक, व्यावसायिक र उच्च शिक्षामा पनि सुधार भएको छ। यद्यपि, व्यावसायिक शिक्षाको दायरा अत्यन्त सीमित रहेको छ। रोजगारीसँग सम्बन्धित सीप भएका काम गर्ने उमेरको जनसङ्ख्याको अनुपात बढिरहेको भए पनि अझै न्यून अर्थात करिब ३१ प्रतिशत रहेको छ। विद्यालयमा सिकाइ उपलब्धिको अवस्था गणितः ३५; नेपालीः ३४; अङ्ग्रेजीः ४१ रहेकोले यसमा थप सुधारको आवश्यकता छ। प्रारम्भिक बाल शिक्षाको कुल भर्नादरमा सुधार भएपनि अपेक्षाकृत न्यून छ। समग्रमा, दिगो विकास लक्ष्य ४ मा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ।

१७.१८ लक्ष्य ५ अन्तर्गत लैङ्गिक समानतामा उल्लेख्य उपलब्धि हासिल भएता पनि कतिपय लक्ष्य हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ। निजी क्षेत्रको निर्णायक तहमा समेत महिलाहरूको प्रतिनिधित्वमा सुधार भएको छ। महिला उद्यमीहरू बढिरहेका छन् र एक तिहाई महिलाहरूले सम्पत्ति माथिको स्वामित्व प्राप्त गरेका छन्। निर्वाचित पदहरूमा सङ्घीय संसददेखि स्थानीय तहसम्म र सार्वजनिक सेवाका नीति निर्माण तहमा महिलाहरूको प्रतिनिधित्वमा उल्लेखनीय उपलब्धि हासिल भएको छ। सशक्तीकरणका उपायहरूमा सुधार देखिएता पनि ज्याला दरमा असमानता कायमै छ। महिला र बालबालिकाविरुद्ध हुने हिंसा कम गर्ने सम्बन्धमा न्यून सुधार भएको छ। बाल विवाहका घटनामा कमी आएको छ। श्रमशक्तिमा महिलाको

सहभागिता पुरुषको तुलनामा धेरै कम छ। लैङ्गिक समानतामा कानुनी ढाँचा महिलाको पक्षमा छ। यद्यपि, घरभित्र र कार्यस्थलमा यसको अवस्था कमजोर देखिएको छ।

१७.१९ लक्ष्य ६ अन्तर्गतको स्वच्छ पानी र सरसफाइको पहुँचमा सामान्य उपलब्धि हासिल भएको छ। २०७८ फागुनसम्म आधारभूत खानेपानीको पहुँच पुगेको जनसङ्ख्या ९३.३५ प्रतिशत पुगेको छ भने उच्च मध्यमस्तरको खानेपानीको पहुँच पुगेको जनसङ्ख्या २४.८२ प्रतिशत पुगेको छ। कुल ८५ प्रतिशत जनसङ्ख्याले शौचालय प्रयोग गरिरहेका छन्।

१७.२० लक्ष्य ७ अन्तर्गत सस्तो र स्वच्छ ऊर्जाका सूचकको उपलब्धि सामान्य रहेको छ। विद्युतमा पहुँच पुगेको जनसङ्ख्या ९४.० प्रतिशत रहेको छ भने जडित विद्युत् क्षमता २२०५ मे.वा. पुगेको छ। अर्कोतर्फ प्राथमिक ठोस इन्धन र तरल पेट्रोलियम ग्याँसको प्रयोग अझ पनि उच्च छ। वैकल्पिक/नवीकरणीय ऊर्जाको पहुँच पुगेको जनसङ्ख्या ६.९ प्रतिशत रहेको छ। स्वच्छ ऊर्जाको उत्पादन र प्रयोगमा सुधार भइरहेको छ।

१७.२१ लक्ष्य ८ अन्तर्गत मर्यादित काम र आर्थिक वृद्धिका सूचकले लक्ष्य प्राप्तिमा थप प्रयास आवश्यक भएको देखाएको छ। पछिल्लो १० वर्षको प्रतिव्यक्ति वास्तविक कुल गार्हस्थ्य उत्पादनको वार्षिक औसत वृद्धिदर ३.५२ प्रतिशत रहेको छ। कृषि क्षेत्रमा अनौपचारिक रोजगारी ८१ प्रतिशतभन्दा माथि छ। युवा अल्पबेरोजगारी दर २१.० प्रतिशतको हाराहारीमा झरेको देखिन्छ। बालश्रमको स्थितिमा न्यून मात्र सुधार भएको छ। पर्यटक आगमन, राजश्व, कुल गार्हस्थ्य उत्पादन र रोजगारीमा योगदानका हिसाबले पर्यटन क्षेत्रको वृद्धि निकै सुस्त छ। वित्तीय संस्थानहरूको क्षमता भने उल्लेखनीय रूपले बढेको छ।

१७.२२ लक्ष्य ९ को उद्योग, नवप्रवर्तन, पूर्वाधारअन्तर्गत सडक घनत्व बढिरहेको भएतापनि अन्य देशहरूको तुलनामा अझै कम छ। औद्योगिक क्षेत्रको वृद्धि मन्द रहेको छ। कुल गार्हस्थ्य उत्पादनमा उद्योगको हिस्सा र निर्माण क्षेत्रको मूल्य अभिवृद्धिमा उल्लेखनीय सुधार हुन सकेको छैन। कुल गार्हस्थ्य उत्पादनमा अनुसन्धान र विकासको हिस्सा १.० प्रतिशत भन्दा न्यून रहेको र नवप्रवर्तनको स्तर अत्यन्त कमजोर छ। विज्ञान र प्रविधि विषयमा भर्ना हुने दर भने बढेको छ।

१७.२३ लक्ष्य १० अन्तर्गतका असमानता कम गर्ने सूचकले औसत उपलब्धि हासिल भएको देखिन्छ। उपभोगमा आधारित जिनी गुणक ०.३२ रहेको छ। उपभोग र आम्दानीमा तल्लो ४० प्रतिशत र माथिल्लो १० प्रतिशतको हिस्सा बढेको छ। प्राथमिक शिक्षामा क्षितिजीय (lateral) असमानता पनि कम भएको छ। विश्व प्रतिष्पर्धी सूचकाङ्क र व्यवसाय सहजीकरण सूचकाङ्कको मापनका सूचकमा पनि सुधार भएको छ। असमानता कम गर्ने लक्ष्यको उपलब्धि स्थिर रहेको छ।

१७.२४ लक्ष्य ११ अन्तर्गत दिगो शहर र समुदायका लक्ष्य हासिल गर्न थप प्रयास गर्नुपर्ने देखिएको छ। सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्ने जनसङ्ख्याको हिस्सा उल्लेखनीय रहेको छ। सुरक्षित आवासमा बस्ने घरपरिवारको सङ्ख्या बढेको छ र फुसको छानामुनी बस्नेको सङ्ख्या घटेको छ। शहरी वायु प्रदूषण न्यूनीकरणमा भने खासै सुधार हुन सकेको छैन।

१७.२५ लक्ष्य १२ को जिम्मेवारीपूर्ण उपभोग र उत्पादन प्रगति मिश्रित रहेको देखिन्छ। घरायसी इन्धनको उपभोगमा जीवाश्म इन्धन (Fossil Fuel) को उपयोग बढेर कुल ऊर्जा खपतको १५.० प्रतिशतमा पुगेको छ। प्रतिव्यक्ति काठको खपतमा पनि वृद्धि भएको छ। उपभोग गरिएका वस्तुहरूको पुनःप्रशोधन र पुनःप्रयोगमा अत्यन्त कम उपलब्धि हासिल भएको छ।

१७.२६ लक्ष्य १३ अन्तर्गत जलवायुसम्बन्धी कार्यसँग सम्बन्धित तथ्याङ्कीय आधार कमजोर रहेकाले यसको उपलब्धि मापनमा धेरै सूचक समावेश हुन सकेको छैन। अनुकुलन योजना (राष्ट्रिय, स्थानीय र समुदाय स्तरमा) को तयारी र कार्यान्वयनमा सुधार भएको छ। समग्रमा, आवश्यक जागरुकताको अभावले गर्दा जलवायु परिवर्तनलाई सबै विकास नीति र कार्यक्रमहरूमा एकीकृत गर्ने कार्यको उपलब्धि न्यून छ। जलवायु परिवर्तनका प्रभावसम्बन्धी तथ्याङ्क आधारलाई सुदृढ गर्नुपर्नेछ।

१७.२७ लक्ष्य १४ मा उल्लेखित सामुन्द्रिक जीवनका विषय नेपालसँग प्रत्यक्ष सम्बन्धित नभएकोले यसका सूचक तयार गरिएको छैन।

१७.२८ लक्ष्य १५ को जमिनमाथिको जीवनसम्बन्धी सूचकको उपलब्धि सन्तोषजनक देखिएको छ। मुलुकको कुल भूभागको ४४.७ प्रतिशत वनले ढाकेको छ र संरक्षित क्षेत्र २३.४ प्रतिशत भूभागमा फैलिएको छ। झन्डै ४३.० प्रतिशत वन सामुदायिक व्यवस्थापन अन्तर्गत रहेको छ। पारिस्थितिकीय प्रणाली र वन व्यवस्थापनमा भएको प्रगति उत्साहवर्द्धक छ। मूख्य प्रजातिहरूको प्राकृतिक वासस्थानमा सुधार भएको छ, जुन बाघ र गैंडाको बढ्दो सङ्ख्याले सङ्केत गर्छ। मरुभूमिकरण विरुद्ध लड्ने र क्षयीकृत जमिनको पुनर्स्थापना गर्ने सम्बन्धमा न्यून मात्र उपलब्धि हासिल भएको छ। अतिक्रमण र क्षयीकरणका कारण चुरे जस्ता क्षेत्रको परिस्थितिकीय प्रणालीहरू असुरक्षित बन्दै गएका छन्।

